# बजेट वक्तव्य संगालो

(आ.व. २०७४/७५-२०७७/७८)

कर्णाली प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

# बजेट वक्तव्य संगालो

## (आ.व. २०७४/७५-२०७७/७८)

कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

प्रदेश सरकार
कर्णाली प्रदेश

फोन नं.: ०८३-५२२५७०
फ्याक्स नं.: ०८३-५२५६३६

मा. प्रकाश ज्वाला
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-संख्या :
चलानी नम्बर :

# शुभ-कामना

संविधानसभाबाट संविधान निर्माण भएपछि यतिबेला हामी संविधान र संघीयता कार्यान्वयनको यात्रामा अघि बढिरहेका छौं । नयाँ संघीय राज्य संरचना अन्तर्गत सातौं प्रदेशको रुपमा प्रदेश नं. ६ को स्थापना भयो । प्रदेश सरकारको निर्णय र प्रस्ताव अनुसार प्रदेश सभाबाट सर्वसम्मतिले देशमै सर्वप्रथम प्रदेशको नामाकरण र राजधानीको निर्णय गर्ने काम भयो । भौगोलिकता, ऐतिहासिकता र जनताको एकता, अपनत्व एवं स्वामित्व झल्कने गरी प्रदेशको नाम 'कर्णाली' र प्रदेश राजधानी 'सुर्खेत' राख्ने फैसला भयो । आज हामी कर्णालीबासीको रुपमा गौरववोधका साथ प्रदेशको विकास र समृद्धिको अभियानमा अघि बढिरहेका छौं ।

कर्णाली प्रदेश सरकार गठन भएको तीन वर्ष पूरा भएको छ । यो पहिलो प्रदेश सरकार हो । सरकार गठनको प्रारम्भिक समय भनेको सबै कुराको जग बसाल्ने समय थियो । भौतिक पूर्वाधार, कानूनी संरचना, कर्मचारी र बजेटको अभावका कारण शुरुवाति कालमा काम गर्न धेरै कठिनाई व्यहोर्नु पऱ्यो । अनेकौं चुनौतीहरु खासगरी साधनश्रोतको सीमितता र जनशक्तिको अभावका बावजुद प्रदेश सरकार आफ्नो लक्ष्य प्राप्तिको लागि क्रियाशील रह्यो । अत्यावश्यक भौतिक पूर्वाधार, बजेट कार्यान्वयन संरचना तथा प्रदेश र स्थानीय तहका लागि आवश्यक ऐन, कानूनहरु बनाउने काम भयो । यस बीच लोक सेवा आयोग, योजना आयोग लगायत आवश्यक संस्थागत संरचनाहरु समेत स्थापना भएका छन् ।

कर्णाली प्रदेशलाई यतिबेला गरिब र अभावग्रस्त प्रदेशको रुपमा चित्रण गरिएको छ । तर साधन, श्रोत, सम्पदा र संभावनाको दृष्टिले यो प्रदेश अत्यन्त धनी छ । कर्णालीको भू-सतह र भू-गर्भमा अपार श्रोत र सम्पदा रहेका छन् । जलश्रोत, जडीबुटी, जंगल र अर्गानिक उत्पादनको लागि अनुकूल जमिनका साथै जमिनमुनी रहेका प्रशस्त धातुहरु, ग्याँस एवं खनिज वस्तुहरु हाम्रो प्रदेशको बहुमूल्य सम्पत्ति हो । यी सम्भावनाहरुको सदुपयोग गरेर प्रदेशलाई माथि उठाउन सकिन्छ । कृषि, ऊर्जा, पर्यटन, उद्योग लगायतका क्षेत्रमा विकास गरेर प्रदेशलाई सम्पन्न बनाउन सकिन्छ ।

यस अवधिमा बजेटको अभावका बिच पनि केही प्रदेश गौरवका योजनाहरु, प्रदेश राजधानी वीरेन्द्रनगरको विकास, शिक्षा, स्वास्थ्य, कृषि, सडक, विद्युत, खानेपानी, सिचाई, पर्यटन, उद्योग, सामाजिक सुरक्षा, शान्ति सुव्यवस्था, सुशासन लगायतका क्षेत्रमा प्रदेश सरकारले उल्लेखनीय कार्य गरेको छ । प्रदेश सरकारले पञ्चवर्षीय आवधिक योजना लगायत महत्वपूर्ण दस्तावेजहरु निर्माण गरेको छ । जनताको साथ सहयोगमा कर्णाली प्रदेशको साधन श्रोत र संभावनालाई अत्यधिक उपयोग गर्दै 'समृद्ध कर्णाली, सुखारी कर्णालीबासी'को 'दूरदृष्टि' (Vission) र 'ध्येय' (Mission)मा प्रतिबद्ध रहँदै आफ्नो लक्ष्य (Goal) प्राप्तिको अभियानमा प्रदेश सरकार अविचलित हिंडिरहेको छ । सहअस्तित्व, समन्वय र सहकार्यको मूल मर्म अनुसार कर्णाली प्रदेशको विकासका लागि संघीय र स्थानीय सरकार, विकास साझेदार निकाय र निजी क्षेत्रसँग हातेमालो गर्दै प्रदेश सरकारले काम गरिरहेको कुरा सबैमा जगजाहेर नै छ ।

हामी आजको 'सुन्दर' कर्णालीलाई भोलिको 'समृद्ध कर्णाली' (Prosperous Karnali) को रुपमा यसको नयाँ परिभाषा स्थापित गर्न चाहन्छौं । हामी सबैको सामूहिक प्रयत्न, सहकार्य र साझा संकल्पबाट समृद्ध कर्णाली र सुखी एवं खुशी कर्णालीबासीको

E-mail: jwala.mail@gmail.com

प्रदेश सरकार
कर्णाली प्रदेश

फोन नं.: ०८३-५२२५७०
फ्याक्स नं.: ०८३-५२५६३६

मा. प्रकाश ज्वाला
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-संख्या :
चलानी नम्बर :

मूल लक्ष्य पूरा गर्न पूर्ण प्रतिवद्ध छौं । यिनै उद्देश्य र भावनाहरुलाई प्रदेश सरकारले आफ्ना नीति, कार्यक्रम, बजेट र योजनाहरुमा संवोधन गर्दै आएको छ । मन्त्रालयको तर्फबाट प्रदेश सरकारले निर्माण गरेर प्रदेश सभाबाट पारित भएका हालसम्मका बजेट वक्तव्य र बजेटसँग सम्बन्धित दस्तावेजहरुको संगालो प्रकाशन गर्ने प्रयत्न गरिएको छ ।

बजेट भनेको आय-व्ययको विवरण अर्थात रकमको बाँडफाँड मात्र होइन । बजेटसँग जनताका भावना र सपना गाँसिएका हुन्छन् । बजेटले जनताका समस्या, सवाल र एजेण्डा बोक्नु पर्दछ । बजेट वित्तीय संघीयता कार्यान्वयनको मूल दस्तावेज पनि हो । हाम्रो बजेट कर्णाली र कर्णालीबासीका आशा, अपेक्षा र लक्ष्यहरु को 'दर्पण' हो । कर्णाली सरकारको बजेट प्रदेशको विकास र समृद्धि एवं जनताको सेवा सुविधालाई संवोधन गर्ने मार्गचित्र (Road Map) हो ।

आर्थिक मामिला तथा योजना मन्त्रालय कर्णाली प्रदेश, सुर्खेतले आ.ब. २०७४/०७५ देखि आ.ब. २०७७/०७८ सम्म, तीन वर्षका बजेट वक्तव्य, विनियोजन विधेयकमा समावेश गरिने सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु, बजेट वक्तव्यमाथि प्रदेश सभामा भएको छलफलमा उठेका प्रश्नहरुको जवाफ समेटेर बजेट पुस्तिका प्रकाशन गर्न लागेको हुँदा मलाई ज्यादै खुशी लागेको छ । प्रदेश सरकारको बजेट सम्बन्धी सरोकार राख्ने आम नागरिक, पाठक, अध्येता, अर्थशास्त्रका विद्यार्थीका लागि यो पुस्तिका एक ऐतिहासिक दस्तावेज बन्ने आशा लिएको छु । साथै आगामी वर्षहरुमा बजेट तर्जुमा गर्दा आवश्यक मार्गदर्शनका लागि समेत सहयोग पुग्ने विश्वास लिएको छु । बजेट संगालोको प्रकाशन गर्न सहयोग गर्नु भएकोमा यस मन्त्रालयका सचिव घनश्याम उपाध्याय लगायत सम्पूर्ण कर्मचारीहरुलाई आभार एवं धन्यवाद दिनुका साथै बजेट पुस्तिका प्रकाशनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रकाश ज्वाला
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश, सुर्खेत

मन्त्री

E-mail: jwala.mail@gmail.com

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल

पत्र-संख्या :
चलानी नम्बर :

# भूमिका

एउटै भूगोलमा वहुतहका सरकारको संवैधानिक सूनिश्चितता संघीयता हो । संघीयताको सफलता वित्तीय संघीयतावाट हेर्ने गरिन्छ । बजेट केवल आम्दानी र खर्चको फेहरिस्त मात्र होइन, यो नागरिकको आशा, आवश्यकतालाई प्रतिविम्वित गर्ने र सरकारको प्रतिवद्धता कार्यान्वयन गर्ने प्रमुख माध्यम हो ।

कर्णाली प्रदेशको विकासको लागि प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यजिम्मेवारीहरुमा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, वार्षिक विकास कार्यक्रमको तर्जुमा, प्रदेश राजश्व सम्वन्धी नीति तथा कानूनको तर्जुमा, प्रदेश सार्वजनिक खर्च सम्वन्धी नीति तथा कानुनको तर्जुमा, प्रदेश विनियोजन ऐन तथा प्रदेशको वजेट तर्जुमा र यसका कार्यान्वयन, नियमन, अनुगमन, मुल्याङ्कन जस्ता रहेका छन् । यही कार्यजिम्मेवारीको अधिनमा रही यस मन्त्रालयले आर्थिक वर्ष २०७४/७५ देखि आर्थिक वर्ष २०७७/७८ सम्म ४ वटा बजेट कर्णाली प्रदेशसभा समक्ष पेश गरिसकेको छ ।

ऐतिहासिक राजनैतिक परिवर्तन पश्चात गठन भएको कर्णाली प्रदेश सरकारले प्रदेश सभामा पेश गरेको वजेटका सिद्धान्तहरु र वजेट वक्तव्यको संग्रह गरी आम नागरिक, जिज्ञासु, पाठक र अध्ययनमा रुचि राख्ने एवं सुझाव दिन चाहने सवैलाई उपयोगी हुने अपेक्षा रहेको छ ।

यस पुस्तक प्रकाशन गर्न उत्प्रेरणा तथा सल्लाह प्रदान गर्नुहुने माननीय मन्त्री प्रकाश ज्वालाप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यो पुस्तक प्रकाशन गर्ने कार्यमा संलग्न यस मन्त्रालयका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन्छु ।

धन्यवाद !

२०७७, फागुन

घनश्याम उपाध्याय
सचिव
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

टेलिफोन नम्बरः ०८३-५२१३७१, ५२२५४०, ५२५६३६ फ्याक्स नम्बरः ०८३-५२५६३६ इमेलः moeap6@gmail.com

# विषय-सूची


| | विषय | पृष्ठ |
|---|---|---|
| १. | आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्य | १ |
| २. | आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७४/७५ को बजेटका सन्दर्भमा उठेका प्रश्नहरुको जवाफ | २८ |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०७५ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु | ३२ |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्य | ३७ |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७५/७६ को बजेटका सन्दर्भमा उठेका प्रश्नहरुको जवाफ | ६५ |
| ६. | आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नु भएको विनियोजन विधेयक, २०७६ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु | ७० |
| ७. | आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य | ७७ |
| ८. | आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७६/७७ को बजेटका सन्दर्भमा उठेका प्रश्नहरुको जवाफ | १०३ |
| ९. | आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु | ११० |
| १०. | आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्य | ११६ |
| ११. | आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७/७८ को बजेटका सन्दर्भमा उठेका प्रश्नहरुको जवाफ | १४१ |

# आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७४/७५ को बजेट वक्तव्य

**माननीय सभामुख महोदय,**

१. आज म प्रदेश सभाको यस गरिमामय सदनमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको गौरवशाली इतिहास बोकेको कर्णाली प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले आर्थिक वर्ष २०७४/०७५ को बजेट पेश गर्न उभिएको छु । प्रदेश सभा र प्रदेश सरकार गठन भएपछि कर्णाली प्रदेश सरकारको पहिलो बजेट यो सम्मानित प्रदेश सभा र यो सदन मार्फत कर्णाली प्रदेशवासी आदरणीय जनसमुदाय समक्ष पेश गर्न पाउँदा हर्ष र गौरवको अनुभूति गरेको छु । यस ऐतिहासिक क्षणमा जनआन्दोलन, जनक्रान्ति, प्रदेश प्राप्तिको आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै, घाइते र वेपत्ता नागरिकहरुप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । राजनीतिक, आर्थिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सबै अग्रजहरुप्रति हार्दिक आदर सम्मान प्रकट गर्न चाहन्छु । महान शहीदहरु, श्रध्येय अग्रजहरु, विद्वान वर्ग, न्यायप्रेमी जनसमुदायले आफ्नो ठाउँबाट योगदान नगरेको भए आज हामी हाम्रो मातृभूमिमा यस प्रकारले उपस्थित हुन पाउने थिएनौं । उहाँहरु सबै प्रति हार्दिक नमन व्यक्त गर्न चाहन्छु ।

२. समतामूलक समाज निर्माणको खातिर नेपाली जनताको बलिदानीपूर्ण संघर्ष, जनक्रान्ति र जनआन्दोलनबाट मुलुकमा प्राप्त संघीयता कार्यान्वयनको गौरवमय चरणमा हामी रहेका छौं ।

३. विशेषगरी संघीयता कार्यान्वयनको क्रममा यस भूमिमा गरिएको न्यायप्रेमी जनताको कठोर संघर्ष तथा महान शहीदहरुको आहुती समेतबाट जन्मिन पुगेको यस प्रदेशको रुपान्तरणका लागि सम्भावित क्षमताको आंकलन गरी उपलब्ध श्रोतसाधनको भरपूर उपयोग गर्न एकताबद्ध भएर अगाडि बढ्नुको अरु कुनै विकल्प छैन ।

४. मुलुक निर्माणका खातिर बेला-बेलामा उत्पन्न हुने वाद, प्रतिवाद र संवादको तर्कपूर्ण निष्कर्ष सहित सहमति र सहकार्यको गन्तव्यमा एकाकार हुने संस्कृति बोकेको हाम्रो प्रदेश यसै असल संस्कृतिका कारण यथासमयमा प्रदेशको नामकरण र राजधानी तोक्न सफल भएको विषय मुलुकमै उदाहरणीय हुन पुगेको कुरा यस सम्मानित सदन समक्ष स्मरण गर्न चाहन्छु । हामीले सबभन्दा पहिले सर्वसम्मतिले प्रदेशको नाम कर्णाली र प्रदेशको राजधानी सुर्खेतको बीरेन्द्रनगर फैसला गर्न सकेका छौं,यो हाम्रो गौरवको विषय हो ।

**विद्यमान अवस्थाः**

**माननीय सभामुख महोदय,**

अब म यस सम्मानित सदन समक्ष प्रदेशको समग्र अवस्था बारेमा संक्षिप्तमा अवगत गराउन चाहन्छु ।

**भौगोलिक तथा जनसांख्यिक अवस्थाः**

५. अनेकौं चुनौतीका बावजुद् कर्णाली प्रदेश विकासको दृष्टिले **जल, जंगल, जमिन, जडीबुटीका** क्षेत्रमा प्रचुर सम्भावना बोकेको प्रदेश हो । दशवटा जिल्ला मिलेर बनेको कर्णाली प्रदेश आज गरिबीको परिभाषाले चिनिन्छ । तर श्रोत साधनको दृष्टिले यो प्रदेश धनी छ । एकातिर यो प्रदेश मुलुकको करिब २१ प्रतिशत भू-भाग ओगटेको सबैभन्दा ठूलो प्रदेश हो भने अर्कोतिर जनसंख्याको दृष्टिले सबैभन्दा सानो अर्थात मुलुकको कूल जनसंख्याको करिब ६ प्रतिशत हिस्सा ओगटेको उच्च प्राकृतिक सम्पदाले भरिपूर्ण प्रदेश हो । जनगणना २०६८ को तथ्याङ्क अनुसार यस प्रदेशमा १५ लाख ७० हजार जनसंख्याको बसोबास छ । संघीयता कार्यान्वयनका सन्दर्भमा ठूलो भूभाग ओगटेर पनि सबै प्रदेश भन्दा थोरै स्थानीय तह रहेको यस प्रदेशमा जम्मा ५४ वटा गाउँपालिका र २५ वटा नगरपालिका गरी ७९ वटा स्थानीय तहहरु रहेका छन् ।

**आर्थिक अवस्थाः**

६. प्रचुर सम्भावना हुँदाहुँदै पनि यस प्रदेशका समग्र आर्थिक, सामाजिक परिसूचकहरु राष्ट्रिय औषतभन्दा पनि न्यून रहेका छन् । देशको कूल ग्राहस्थ उत्पादनमा यस प्रदेशको योगदान ३.९% रहेको छ ।

७. देशको औषत साक्षरता दर ६५.९% रहेकोमा यस प्रदेशको साक्षरता दर ५८.२% मात्र रहेको छ ।

८. मुलुकको प्रतिव्यक्ति औषत आय अत्यन्तै कम अर्थात ११६० अमेरिकी डलर रहेको अवस्थामा यस प्रदेशको प्रतिव्यक्ति आय सो भन्दा पनि ज्यादै कम अर्थात ८०६ अमेरिकी डलर रहेको छ । यस सन्दर्भमा मुलुकको औषत प्रतिव्यक्ति आय ११६० अमेरिकी डलरसम्म पुर्याउन पनि धेरै प्रयास गर्नुपर्ने चुनौती हाम्रा सामू खडा छन् ।

९. मुलुकको समग्र गरिबी २५% को हाराहारीमा रहेकोमा यस प्रदेशको गरिबी ५२% को हाराहारीमा रहेको तथ्याङ्कले मुलुकको तुलनामा यस प्रदेशका जनताबढी गरिबीको पीडामा बाँचिरहनु परेको यथार्थता हाम्रा सामू छ ।

१०. मुलुकको मानव विकास सूचकाङ्क ०.४९० रहेकोमा यस प्रदेशको मानव विकास सूचकाङ्क ०.४११ मात्र रहेको छ । कूल ग्राहस्थ उत्पादनमा यस प्रदेशको योगदान अत्यन्तै न्यून अर्थात ४ प्रतिशतको हाराहारीमा मात्र रहेको अवस्था छ ।

**सम्भावित क्षमता उपयोगको अवस्थाः**

११. यो प्रदेश प्रचुर सम्भावना र उच्च स्तरको सम्भावित क्षमता बोकेर बसेको भए तापनि **सुनलाई सिरानी हालेर नुनको खोजीमा भौंतारी रहेको** उखानलाई प्रमाणित गर्ने ढंगले चुनौतीका चाङमा रहेको अवस्थामा छ ।

१२. भूगोलको तुलनामा जनसंख्या असाध्यै कम रहेको भए तापनि आर्थिक रुपले सक्रिय उमेरको जनसंख्या ४० प्रतिशत रहनु सुखद् पक्ष हो । जनसांख्यिक संरचनाका दृष्टिले युगमै विरलै प्राप्त गरिने **जनसांख्यिक लाभ (Population Bonus)** लिएर बसेको यस प्रदेशको सक्रिय जनशक्तिलाई उपयुक्त रोजगारी दिन नसक्दा बेरोजगार, अर्ध-बेरोजगार तथा लुकेर रहेको बेरोजगारका रुपमा चिनिनु परेको

कारण कर्मठ युवाहरु भारतको कालापहाड, मुम्बई तथा सिमला एवं खाडी मुलुक र मलेसियामा जोखिमपूर्ण काममा न्यून स्तरको पारिश्रमिकमा आफ्नो श्रम बेच्न बाध्य छन् ।

१३. उर्जाशील जनशक्तिको पलायन हुँदा एकातिर हाम्रा कृषि तथा खेतीयोग्य उर्बर भूमि उजाड बनेको छ भने अर्कोतर्फ गाउँघर बालबालिका, वृद्ध तथा अशक्तहरुको थलो बन्न पुगेको छ । यसबाट एकातिर आवश्यक उत्पादनशील जनसंख्याको अभाव हुन गएको छ भने अर्कोतिर सामाजिक सांस्कृतिक सन्तुलन खल्बलिने, खाडीमुलुक तथा कालापहाडमा पसिना बगाई आर्जन गरेको रकम अनुत्पादक क्षेत्रमा प्रयोग हुने र यहाँको मौलिक सांस्कृतिक सम्पदाहरुको संरक्षण सम्वर्द्धन हुन नसक्ने परिस्थितिबनेको छ ।

१४. प्रदेशको जनशक्तिलाई सीपयुक्त र दक्ष बनाई विकासका सम्भावनाहरुमा उपयोग गर्न सके प्रदेशमा रोजगारी स्वरोजगारीको अवस्था सिर्जना भई आत्मनिर्भर र उन्नतशील प्रदेशको नाममा चिनाउन सफल हुन सक्ने देखिन्छ ।

**माननीय सभामुख महोदय,**

**प्रदेश पूर्वाधारः**

१५. कर्णाली प्रदेश अपार सम्भावनाले भरिपूर्ण हुँदाहुँदै पनि सडक पूर्वाधारका दृष्टिले निकै पछाडि परेको छ । हुम्ला र डोल्पा जिल्ला अझै पनि नियमित तथा व्यवस्थित रुपमा यातायात आवागमन हुने गरी राष्ट्रिय सडक सञ्जालसँग जोडिन सकेका छैनन्। यस प्रदेशमा सवारी साधन चल्न सक्ने बाँकी आठ जिल्लाहरुमा समेत सडकको अवस्था तथा गुणस्तर ज्यादै कमजोर रहेको छ ।

१६. यस प्रदेशका विभिन्न जिल्लाहरुबाट सुर्खेतको वीरेन्द्रनगर सम्म आइपुग्ने सवारी रुट कमजोर रहेको, हवाई यातायात भरपर्दो, पहुँचयोग्य र नियमित नभएको, हवाई मैदानहरु छोटा, साना र जोखिमयुक्त रहेका तथा क्षण-क्षणमा हुने मौसमको फेरबदलले हवाई यात्रा अनियमित र जोखिमपूर्ण हुने गरेको, प्रदेशको राजधानीमा रहेको सुर्खेत विमानस्थल पनि आवश्यक पूर्वाधारको कमीले गर्दा अन्य राष्ट्रिय स्तरका विमानस्थल सरह नियमित उडान हुन नसकेको जस्ता कारणले हवाई तथा सडक पूर्वाधारका क्षेत्रमा धेरै काम गर्न बाँकी रहेको छ । भर्खरै मात्र बुद्ध एयर र नेपाल एयरलाइनले संघीय राजधानीबाट यस प्रदेशको राजधानी वीरेन्द्रनगरमा नियमित हवाई यातायात सञ्चालन गरी हवाई यातायात विस्तारमा मार्ग प्रशस्त गरेकोछ ।

**शिक्षा तथा स्वास्थ्यः**

१७. अन्य प्रदेशहरुको तुलनामा यस प्रदेशमा शिक्षा र स्वास्थ्यको अवस्था अझै दयनीय छ । छरिएर रहेका बस्ती तथा भौगोलिक विकटताले गर्दा बालबालिकाहरु विद्यालयसम्मको पहुँच र बिरामीको अस्पतालसम्मको पहुँच सहज हुन सकेको छैन । विद्यालयहरुमा शिक्षक र अस्पतालमा डाक्टर र औषधि नपाइने कुरा बेलाबेलामा आउनु यस प्रदेशको नियति जस्तै बनेको छ । अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी भए पनि आवश्यक स्वास्थ्यकर्मी, औषधि र साधन स्रोतको अभावले गर्दा जनताले उचित सेवा पाउन सकेका छैनन् । प्राप्त सेवा पनि गुणस्तरीय, अपेक्षित र नागरिकमैत्री छैन ।

**पर्यटन प्रबर्द्धनः**

१८. कर्णाली प्रदेश अथाह सम्भावना र विविधतायुक्त विशेषता बोकेको प्रदेश हो । प्राकृतिक स्रोत, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भाषिक दृष्टिले सम्पन्न यस प्रदेशको गौरवशाली इतिहास छ । नेपाली भाषा र सभ्यताको उद्‌गम सिंजा पनि यही प्रदेशमा पर्दछ । यस प्रदेशमा रहेको ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय स्थान र अवस्थालाई प्रचार प्रसार गर्न नसक्दा पर्यटन प्रवर्द्धन हुन सकिरहेको छैन । जवकि पर्यटन यस प्रदेशको आर्थिक विकासको मुख्य मेरुदण्ड हो भन्दा अत्युक्ति हुँदैन ।

१९. हिन्दुहरुको पवित्र तीर्थस्थल कैलाश मानसरोवर जानका लागि सबैभन्दा छोटो र सहज मार्गको रुपमा कर्णाली कोरीडोरलाई स्तरोन्नति गरी अन्तर्राष्ट्रिय स्तरको बनाउन सकिएमा हजारौं स्वदेशी तथा विदेशी पर्यटकहरुलाई यसै प्रदेश मार्फत भित्र्याउन सकिने अवस्था छ ।

२०. स्वर्गकै अप्सराको रुपमा रहेको मुगुको रारा, डोल्पाको फोक्सुण्डो, रुकुमको स्यार्पु ताल, सल्यानको कुपिण्डे ताल, सुर्खेतको बुलबुले ताल, कालीकोटको पचाल झरना, जाजरकोटको भेरी नदी लगायतका प्राकृतिक पर्यटकीय स्थलहरु नेपालकै अनुपम पर्यटकीय गन्तव्यका रुपमा चर्चित छन् ।

२१. धार्मिक पर्यटकीय स्थलको सन्दर्भमा मुगुको छायाँनाथ, हुम्लाको खार्पुनाथ, जुम्लाको चन्दननाथ, डोल्पाको त्रिपुरासुन्दरी, दैलेखको पञ्चकोशी, रुकुमको डिग्रे भगवती, सल्यानको खैरावाङ र छत्रेश्वरी, सुर्खेतको देउती बज्यै जस्ता क्षेत्रहरुको प्रचार-प्रसार गरी प्रवर्द्धन गर्न सकिने अवस्था छ ।

२२. खस, मगर र अन्य विभिन्न जनजातिहरुको संस्कृति, खस राज्यको राजधानी दैलेखको दुल्लु, सुर्खेतको काँक्रेविहार, सल्यानको फलावाङ लगायतका थुप्रै सांस्कृतिक तथा ऐतिहासिक धरोहरहरुले यहाँको पर्यटन प्रवर्द्धनमा पर्याप्त सघाउ पुर्याउन सक्ने सम्भावना छ ।

**माननीय सभामुख महोदय,**

**कृषि तथा जडीबुटी खेतीको व्यवसायीकरण र विविधीकरणः**

२३. सरकारको प्रथम प्रतिबद्धता प्राङ्गारिक प्रदेश रहेको हुँदा विषादीरहित प्राङ्गारिक खेतीका लागि आवश्यक प्राङ्गारिक मलको उत्पादन, प्राङ्गारिक फलफूल तथा तरकारी उत्पादनको व्यवसायीकरण र विविधीकरण गरी कृषि पेशालाई आत्मनिर्भर र व्यवसायिक बनाउन सकिने अवस्था छ ।

२४. यस प्रदेशमा पाइने **यार्सागुम्बा, पाँचऔंले, कटुके, शिलाजीत, ताराक्चुक, गदाल्लो, भूईंकस्तुरी, सतुवा** जस्ता बहुमूल्य जडीबुटीहरुको उत्पादन र प्रशोधनले आयात निर्यात शोधनान्तर सन्तुलनमा ठूलो भूमिका खेल्न सक्ने सम्भावना देखिन्छ ।

२५. जुम्लामा स्याउ, सल्यानमा सुन्तला लगायत विभिन्न जिल्लाका विशेष उत्पादनलाई वैज्ञानिक, व्यवस्थित र आधुनिक तरिकाले उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण गरी आयातमा भइरहेको परनिर्भरतालाई घटाउँदै आत्मनिर्भर हुन सकिने सम्भावना छ ।

२६. यस प्रदेशमा एकातिर जग्गाको खण्डीकरण, घडेरीकरण र जग्गा बाँझो राख्ने प्रवृत्ति निरन्तर बढिरहेको अवस्था छ भने अर्कोतर्फ परम्परागत रैथाने बालीनालीको संरक्षण र सम्वर्द्धन हुन नसक्दा खाद्य असुरक्षा बढ्दो रुपमा रहेको छ ।

**जलविद्युत, जलस्रोत तथा जलउपयोगको अवस्था:**

२७. जलविद्युत प्रदेशको प्रमुख सम्भावना बोकेको क्षेत्र हो । एक अनुमान अनुसार यस प्रदेशमा ३६ हजार मेगावाट जलविद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको अवस्था छ ।

२८. सम्भाव्यता पहिचान भइसकेको अपर कर्णाली जलविद्युत आयोजना देशकै एक प्रमुख आयोजना यसै प्रदेशमा रहेको छ । त्यस्तै तिला, फुकोट कर्णाली, जगदुल्ला, बेतन कर्णाली, नलसिंगाड, शारदा लगायत सम्भाव्यता अध्ययन भइसकेका आयोजनाहरु झण्डै चार हजार मेगावाट विद्युत उत्पादन हुन सक्ने अवस्थाका छन्।

२९. दक्षिणतर्फ सीमाना नजोडिएको र उत्तरी सीमानामा रहेका हुम्लाको हिल्सा, मुगुको नाक्चेलाग्ना, डोल्पाको धो मोरिम्ला नाकाहरु अद्यापि खुल्न नसक्दा कर्णाली प्रदेश एक किसिमले नाकाबन्दी जस्तै अवस्थामा छ ।

३०. यसै प्रदेश अन्तर्गत ४८ मेगावाट क्षमता भएको भेरी बबई डाइभर्सन परियोजनाले विद्युत मात्र नभई ५ नं. प्रदेशको बाँके र बर्दियाको हजारौं हेक्टर भूमिलाई सिंचाई सुविधा उपलब्ध गराउने हुँदा यस प्रदेशको आम्दानीका लागि एउटा प्रमुख स्रोतको रुपमा पहिचान स्थापित गर्न सक्ने अवस्था छ ।

३१. कर्णाली नदी मानसरोवर तिब्बत हुँदै हुम्लाको हिल्साबाट सुरु भएर कर्णाली चिसापानीसम्म निरन्तर रुपमा तीव्र गतिमा जल प्रवाह भइरहने हुँदा यस नदीमा र्‍याफ्टिङ सेवा (जलयात्रा) सञ्चालन गरी प्रशस्त पर्यटक भित्र्याई रोजगारी र आम्दानी वृद्धि गर्न सकिने अवस्था छ ।त्यस्तै डोल्पा हुँदै सुर्खेतसम्म आउने भेरी नदीमा समेत पर्याप्त जलविद्युत र जलयात्राको प्रचुर सम्भावना छ ।

**वन, वनजन्य एवं खानी र खनिज:**

३२. लेकाली तथा हिमाली वन्यजन्तु तथा बहुउपयोगी वन सम्पदाको संरक्षण सम्वर्द्धनमा सरकारी निकायका रुपमा शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, रारा राष्ट्रिय निकुञ्ज, विभिन्न वन कार्यालयहरु समेतको नियमन र सहजीकरणमा वन सम्पदा तथा वन्यजन्तु संरक्षण सम्वर्द्धन भइरहेको हुँदा प्रदेश समेतको अभिभावकत्वमा आय आर्जन तथा रोजगारका क्रियाकलापहरु वृद्धि गर्न सकिने अवस्था छ ।

३३. दैलेखमा अखण्ड ज्वालाको रुपमा अपार पेट्रोलियम पदार्थ निरन्तर बलिरहेको छ । यसको उत्खनन र उपयोग गर्न सके प्रदेश समृद्धिमा ठूलो टेवा पुग्न सक्छ । जाजरकोट लगायत जिल्लाहरुको बहुमूल्य पत्थरका रुपमा चिनिने काइनाइटका साथै फलाम, तामा, सुन, कोइला जस्ता खानीजन्य पदार्थहरु यस प्रदेशमा छन् । जसको उत्खनन् गर्न सकेमा ठूलो मात्रामा अर्थोपार्जन हुन सक्ने सम्भावना छ ।

**माननीय सभामुख महोदय,**

अब म यस बजेटबाट **भावी सोचका** लागि मार्गनिर्देश गर्न खोजिएका कुराहरु प्रस्तुत गर्न चाहन्छु ।

३४. माथि नै चर्चा गरि सकियो कि अंकगणितीय जोड घटाउबाट धनी र गरिबको सघनता नहेर्ने हो भने यो प्रदेश प्राकृतिक सौन्दर्यता **जल, जमिन, जंगल, जडीबुटीका साथमा मेहनती र स्वाभिमानी जनता रहेको उर्वर भूमि** हो । यसर्थ मुलुककै कायापलट गर्न सक्ने क्षमता यस प्रदेशले राख्दछ । युगान्तकारी

रुपान्तरण गराउन सक्ने सम्भावित हैसियत बोकेको यस प्रदेशका लागि दिगो विकासको सोचलाई ध्यान दिई आवधिक योजना तथा दीर्घकालीन योजना मार्फत विकासको अभियान अगाडि बढाउनु पर्नेछ ।

३५. राजनीतिक रुपमा हामीले ऐतिहासिक फड्को मारेका छौं । मुलुक संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न गरी जनताकै स्वशासन र आर्थिक, सामाजिक विकासमा प्रत्यक्ष सहभागिताको मोडेलबाट आम नागरिकको भरोसालाई पुनःस्थापित गर्न कम्मर कसेर लागेका छौं ।

३६. जनताको सबैभन्दा नजिकको सरकार प्रदेश सरकार हो । जनताले सजिलोसँग देख्न र भेट्न सक्ने प्रदेश सरकार जनअपनत्वपूर्ण ढंगले जनताप्रति पूर्णउत्तरदायी भई अगाडि बढ्न जरुरी छ ।

३७. एकातर्फ प्रदेश सरकारको विधिवत स्थापना भई सरकारको गठन र कार्यसञ्चालन पश्चात प्रदेशका नागरिकहरुमा प्रदेशप्रति आशा, भरोसा र विश्वासको अपेक्षा सहित उत्साह र विकासप्रतिको अपनत्वको भाव जागृत भइरहेको अवस्था छ भने अर्कोतर्फ प्रदेश सरकार गठन भएपश्चात आफ्नै समिपमा रहेको सरकारको क्रियाकलापप्रति आम नागरिकमा सुक्ष्म चासो र जनखबरदारी जागृत भएको अवस्थामा सरकार पनि जनभावना अनुसार अगाडि बढ्न जरुरी छ ।

३८. प्रदेशप्रति रहेको जनताको आशा र भरोसालाई आर्थिक, सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने अबको हाम्रो बाटो भनेको तीव्र आर्थिक विकास नै हो । यसर्थ **आत्मनिर्भर, स्वतन्त्र, समृद्ध, स्वाधीन र समाजवाद उन्मूख अर्थतन्त्रका लागि सार्वजनिक, निजी, सहकारी क्षेत्रको उपयुक्त अभ्यास** गरी अगाडि बढ्न सरकार दृढ संकल्पित छ ।

३९. लोकतन्त्रको आधारस्तम्भको रुपमा रहेको प्रदेश सरकारले संघीयता कार्यान्वयन गर्न **"आफ्नो गाउँ, आफै बनाऔं"** मोडेल अनुसार आफ्नो गाउँ ठाउँको विकासमा जनताको प्रत्यक्ष र सघन सहभागिता चाहेको हुँदा सो अनुरुप आर्थिक विकासको प्रारुप तय गरी शासकीय प्रणालीमा नीतिगत मार्गदर्शन गर्न सरकार कटिबद्ध छ ।

४०. सार्वजनिक खर्च अन्तर्गत चालु खर्चमा मितव्ययिता कायम गर्ने तथा पूँजीगत खर्च अन्तर्गत पूँजी निर्माण र आर्थिक वृद्धि हासिल गर्नेतर्फ केन्द्रित भई वित्तीय सुशासनलाई ध्यान दिई खर्च परिचालन प्रकृयालाई प्रणालीबद्ध गर्नेगरी योजना तथा कार्यक्रम तयार गर्ने सरकारको प्रतिबद्धता रहेको छ ।

**बजेटका उद्देश्यहरुः**

**माननीय सभामुख महोदय,**

अब म यस बजेटका मुख्य मुख्य उद्देश्यहरुका बारेमा प्रस्तुत गर्न चाहन्छु ।

४१. प्रदेश सरकारको आधारभूत अङ्गका रुपमा रहेको संस्थापक प्रथम प्रदेश सभा तथा प्रदेश सरकार समक्ष विविध खालका समस्या, अवरोध तथा चुनौतीसँगै जोडिएर आएका विविध खालका सम्भावित क्षमता र अवसरहरुको भरपूर उपयोग गर्न **बजेटका उद्देश्यहरु** देहाय अनुसार प्रस्तुत गरेको छु ।

४२. मुलभूत रुपमा संघीयता कार्यान्वयनका लागि नेपालको संविधान तथा नेपालको संविधानको **अनुसूची ६, ७ र ९** मा उल्लिखित प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार तथा कार्य विस्तृतीकरणमा उल्लिखित अधिकार तथा कार्यक्षेत्रको प्रभावकारी कार्यान्वयन गर्न सहयोग गर्ने ।

४३. दिगो, समावेशी तथा गरिबी निवारण उन्मूख कार्यक्रममार्फत प्रदेश नागरिकको जीवनस्तर सुधार गरी व्यवसायमुखी बनाउने ।

४४. आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन तथा तुलनात्मक लाभका उद्योग स्थापना गरी समृद्ध कर्णाली प्रदेश निर्माणका लागि आवश्यक पूर्वाधार तयार गर्ने ।

४५. प्रदेशको समग्र विकास र समृद्धिका लागि उपयुक्त, सुरक्षित र लगानीमैत्री वातावरण तयार गर्ने ।

४६. प्रदेशद्वारा प्रदान गरिने सेवामा नागरिकको स्वामित्व भाव तथा पहुँच वृद्धि गर्ने ।

४७. कृषि, सहकारी, पर्यटन, वन, जडीबुटी क्षेत्रको विकास मार्फत आर्थिक वृद्धि र रोजगारीका अवसरहरु सृजना गर्ने ।

४८. भ्रष्टाचारमुक्त, चुस्त प्रशासन, प्रभावकारी अनुगमन एवं उत्प्रेरित कर्मचारी मार्फत प्रभावकारी सेवा प्रदान गरी सुशासन प्रवर्द्धन गर्ने ।

**बजेटका प्राथमिकताहरुः**

**माननीय सभामुख महोदय,**

४९. **"जग बलियो भए घर बलियो हुन्छ"** भन्ने मान्यताका साथ समृद्ध प्रदेश निर्माणका लागि कार्यान्वयन योग्य बजेट निर्माण गरी प्रदेशका मन्त्रालय तथा निकाय मार्फत कार्यान्वयनमा लैजाने गरी बजेट विनियोजनका प्राथमिकता क्षेत्र निर्धारण गरेको छु ।

५०. **बिहानीले दिनको संकेत गर्छ** भने जस्तै प्रदेश समृद्धिको पहिलो पाईलाको रुपमा यो बजेट प्रस्तुत गरिएको छ । हामीसँग चुनौतीका चाङसँग जुध्नका लागि उपलब्ध स्रोत साधन तथा क्षमता न्यून छ । यी सबै कुराहरुलाई मध्यनजर गरी बजेटका प्राथमिकता देहाय बमोजिम निर्धारण गरेको छु ।

- संविधान अनुरुप संघीयताको सवल कार्यान्वयन,
- सडक, विद्युत, खानेपानी, सिंचाई, सूचना प्रविधिजस्ता भौतिक पूर्वाधार विकास,
- प्रदेश संगठन संरचना लगायत आवश्यक भौतिक पूर्वाधारको निर्माण,
- आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन,
- कृषि पेशाको व्यवसायीकरण, विविधीकरण र बजारीकरण,
- व्यवसायमैत्री उद्योग, कलकारखाना तथा वाणिज्य क्षेत्र प्रवर्द्धन,
- जनमुखी व्यवसायिक शिक्षाको विकास,
- सर्वसुलभ सुविधायुक्त स्वास्थ्य सेवाको व्यवस्था,
- दक्ष, सीपयुक्त जनशक्तिको उत्पादन र मानव स्रोतको उचित व्यवस्थापन,
- जडीबुटी व्यवसाय प्रवर्द्धन,
- अर्गानिक प्रदेशको आधारशिला निर्माण,
- सहकारी व्यवसाय प्रवर्द्धन,
- भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन,
- एकता, सामाजिक सद्भाव र समावेशितामा जोड।

**बजेट विनियोजनका आधार तथा स्रोतको व्यवस्थाः**

**माननीय सभामुख महोदय,**

अब म बजेट विनियोजनका आधार तथा स्रोत व्यवस्था सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५१. प्रदेश स्थापनाको प्रारम्भिक चरणमा रहेको हुँदा यस आर्थिक वर्षका लागि नेपाल सरकारको विषयगत मन्त्रालयका योजनाहरु तथा साविक स्थानीय निकायले तर्जुमा गरेका आवधिक योजनाहरुनै योजना छनौटका उपयुक्त आधार भएको हुँदा तदनुसारका योजनामा सीमाबद्ध भई आयोजना छनौट तथा पूर्व सम्भाव्यता अध्ययन क्षेत्रका लागि रकम विनियोजन गरेको छु । बजेट निर्माणमा माननीय प्रदेश सभा सदस्य लगायत जनप्रतिनिधिहरुका सुझाव, सल्लाहलाई मार्गदर्शनको रुपमा लिएको छु ।

५२. प्रदेश सरकारको सवलीकरणका लागि आवश्यक कानूनहरु निर्माण, प्रशासनिक संरचना, पूर्वाधारको आवश्यक बन्दोबस्त गर्ने कुरालाई मध्यनजर गरी बजेट विनियोजन गरेको छु ।

५३. पूर्वाधारतर्फ चालु आर्थिक वर्षको बाँकी अवधिमा कार्यान्वयन गर्न सकिने पूर्व सम्भाव्यता अध्ययन, आयोजना पहिचान, क्षमता विकास, प्रदेश सरकारको जनतासँग सम्पर्क सम्बन्ध र प्रदेशको उपस्थिति जनाउने कार्यक्रम समेतका लागि बजेट विनियोजन गरेको छु ।

५४. प्रदेशको सन्तुलित विकासको लागि सम्भव भएसम्म सवै क्षेत्रलाई सम्वोधन गर्ने गरी उपयुक्त आयोजना पहिचान गर्न रकम विनियोजन गरेको छु ।

५५. बजेट विनियोजन गर्न नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान तथा सम्मानित कर्णाली प्रदेश सभाबाट पारित नीति तथा कार्यक्रम एवं कर्णाली प्रदेश सरकारले अवलम्बन गर्नुपर्ने प्रचलित ऐन कानूनलाई बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु ।

५६. यस आर्थिक वर्षमा प्रदेश राजस्व असुली सम्बन्धी अलग्गै कानून तर्जुमा भइनसकेको र राजस्व संकलन तथा असुली कार्य संघीय आर्थिक ऐन अनुसार भइरहेको हुँदा अलग्गै प्रदेश आर्थिक ऐन बमोजिम करका दरहरु प्रस्ताव नगरिएकोले संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान स्वरुप प्राप्त रकमलाई शीर्षकगत बाँडफाँट तथा विनियोजन गरेको छु ।

५७. चालु आर्थिक वर्षको बजेट ढिलो गरी प्रस्तुत भएको र बाँकी अवधि केही महिना मात्र बाँकी भएकोले यस आर्थिक बर्षको लागि आन्तरिक राजस्व, ऋण र सहायता रकम प्रस्ताव गरिएको छैन । प्रदेश सरकारबाट स्थानीय तहलाई जाने अनुदानको मोडालिटी तय नभएकोले यस बजेटमा सो अनुदान पनि प्रस्ताव गरिएको छैन ।

५८. नेपालको संविधानको अनुसूचीमा उल्लिखित प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रहरुको कार्यान्वयन गर्न चालू आर्थिक वर्षमा प्रदेश मन्त्रालय तथा निकायहरुलाई प्राप्त अख्तियारी अनुसार खर्च भएको रकम र कर्णाली प्रदेश सरकारको संचित कोषमा उपलब्ध हुने रकम मिलान गरी **रु. १ अर्ब २ करोड ५ लाख** बजेट विनियोजन गरेको छु ।

५९. नेपाल सरकार अर्थ मन्त्रालयले प्रदेश सभा सचिवालय तथा कर्णाली प्रदेश मन्त्रालयहरुलाई विनियोजन गरेको **रु. ४५ करोड**मा हाल सम्म खर्च भएको रकम **रु. ३ करोड** ४० **लाख ३८ हजार ६६ र पैसा ५१** मात्र यसैमा समावेश गरी कूल बजेट **रु. १ अर्ब** २ **करोड ५ लाख** मध्ये चालु खर्चतर्फ **रु.**

**४३ करोड ८४ लाख ३ हजार** अर्थात कूल विनियोजनको ४२.९५ प्रतिशत तथा पुँजीगततर्फ **रु. ५८ करोड २० लाख ९७ हजार** अर्थात कूल विनियोजनको ५७.०५ प्रतिशत विनियोजन गरेको छु ।

६०. प्रस्तुत बजेट एका तर्फ पहिलो बजेट भएको र अर्कोतर्फ आर्थिक बर्षको अन्त्यतिर प्रस्तुत हुन लागेको तथा प्रदेश अन्तर्गत रहने संरचना तयार भइनसकेको हुँदा गत बर्षको यथार्थ अवस्था तथा आगामी आर्थिक वर्षको प्रक्षेपण खुल्ने मध्यमकालीन खर्च संरचना ***(Medium Term Expenditure Framework)*** समावेश गरिएको छैन ।

**नीति तथा कार्यक्रमहरुः**

**माननीय सभामुख महोदय,**

अब म यस बजेटका नीति तथा कार्यक्रमहरुका बारेमा प्रस्तुत गर्न गईरहेको छु ।

**भौतिक पूर्वाधारः**

६१. विकासमा पछि परेका स्थानीय तहलाई लक्षित गरी योजना र कार्यक्रम सहित **मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम** सञ्चालन गरिनेछ ।

६२. प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न नेपाल सरकारसँग अनुरोध गरी संघीय तथा प्रदेश आयोजनाहरुको कार्यक्षेत्र छुट्याई प्रदेश आयोजना पहिचान गर्न मद्दत पुग्ने क्षेत्रमा बजेट विनियोजन गरेको छु ।

६३. जटिल भौगोलिक अवस्थालाई विचार गरी सबै स्थानीय तहमा सडक पुग्ने अवधारणाका साथ प्रदेश-स्थानीय साझेदारीमा सडक विस्तार गर्न सम्भाव्यता अध्ययनका लागि बजेट विनियोजन गरेको छु ।

६४. संघीय सरकारसँगको समन्वयमा हुम्ला र डोल्पा जिल्लालाई यथाशीघ्र सडक संजालमा जोडिनेछ ।

६५. **जमुनाहा-कोहलपुर-सुर्खेत-हिल्सा** सडकलाई **"प्रधानमन्त्री द्रुत लोकमार्ग"**को रुपमा विकास गर्न राष्ट्रिय गौरवको आयोजनाका रुपमा अघि बढाउन नेपाल सरकारसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गरी निर्माण र स्तरोन्नति कार्य अघि बढाइनेछ ।

६६. संघीय सरकारसँग समन्वय गरी राजापुर बर्दिया सुर्खेत रानीघाट फलाटे दैलेख महाबु कालिकोट चिलखाया नाग्म गमगढी नाक्चेलाग्ना सडकलाई राष्ट्रिय गौरवका आयोजनाको रुपमा सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाइनेछ । सो सडकको गमगढी नाक्चेलाग्ना खण्डलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

६७. हाल निर्माणाधिन सुर्खेत हिल्सा कर्णाली करिडोर सम्पन्न गर्न प्राथमिकताका साथ कार्य अगाडि बढाइनेछ ।

६८. छिन्चु-सल्यान-जाजरकोट-रुकुम-डोल्पा-धो मोरिम्ला नाका जोड्ने भेरी करिडोर सडकलाई राष्ट्रिय गौरवका आयोजनाको रुपमा अघि बढाउन नेपाल सरकारसँगको सहकार्यमा निर्माण र स्तरोन्नति कार्य अघि बढाइनेछ । सो सडकलाई रामघाट-मोटी-रानीघाट-हरिहरपुर-तातोपानी हुँदै प्रदेश नं. ७ को कर्णाली चिसापानी जोड्नका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

६९. सुर्खेत कोहलपुर सुरुङ मार्गलाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा अघि बढाउन नेपाल सरकारसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाइनेछ ।

७०. नेपाल सरकारको समन्वयमा लुम्बिनी हुँदै दाङ-सल्यान-जाजरकोट-जुम्ला-मुगु-रारा जोड्ने लुम्बिनी रारा पर्यटन सर्किटलाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाईनेछ ।

७१. कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट पाँच नम्बर प्रदेशमा जोडिने फास्टट्र्याक सडकमार्फत सुर्खेतदेखि बर्दिया सुरूङ मार्ग निर्माण गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्न नेपाल सरकारसँग रणनीतिक कार्ययोजना सहित सम्बाद गर्ने व्यवस्था मिलाइनेछ ।

७२. नेपाल सरकारसँगको सहकार्यमा राष्ट्रिय गौरवको आयोजनाको रुपमा **रुकुम-सल्यान-कालिमाटी-घुइयाबारी हुँदै प्रदेश नं. ५ को खर्कवार-कोहलपुर** जोड्नेअन्तर प्रदेश सडक आयोजनाको डीपीआर तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

७३. दैलेख जिल्लाको भैरवी गाउँपालिका ५ स्याङता खोलादेखि खारपानी दोसल्ले तथा नारायण नगरपालिका ६ गणेशचोक प्युसे हुँदै कालीमाटी जाने सडकको सम्भाव्यता अध्ययन गरी सडक निर्माण तथा स्तरोन्नति कार्य अघि बढाइनेछ ।

७४. पर्यटकीय रुपमा रहेको नाग्मा-रारा पर्यटन लोकमार्ग स्तरोन्नति गरी कालोपत्रे गरिनेछ ।

७५. नेपाल सरकारसँगको सहकार्यमा राष्ट्रिय गौरवको आयोजनाको रुपमा **दाङ्ग सल्यान कालीमाटि सुर्खेत वोटेचौर भेडावारी सुर्खेत धुलियाविट बड्डीचौर गुटु हुदै प्रदेश नं. ७ को दिपायल** जोड्ने अन्तर प्रदेश सडक आयोजनाको निर्माण तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ ।

७६. छिन्चु रामघाट दशरथपुर नेटा गोगने रजेना मटेला थाला जाजरकोट ताम्ती तातापानी जुम्ला चन्दननाथ मन्दिरसम्म पर्यटकीय राजमार्गको सर्वेक्षण तथा सम्भाव्यता अध्ययन गरी निर्माण गरिनेछ ।

७७. प्रदेशभित्रका सडक तथा प्रदेश गौरवका आयोजनाहरुलाई सूचीबद्ध गरी निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

७८. स्थानीय तह मुकामदेखि जिल्ला सदरमुकामसम्म सडक विस्तार गर्न पूर्व सम्भाव्यता अध्ययन गरिनेछ ।

७९. नगरपालिकासँग साझेदारीमा प्रदेश राजधानी वीरेन्द्रनगर स्थित सडकको स्तरोन्नति गरी व्यवस्थित गर्ने तथा वीरेन्द्रनगर चक्रपथ सडकको निर्माण कार्य अगाडि बढाइनेछ।

८०. प्रदेश सार्वजनिक बस सेवा संचालनको लागि कार्य मोडालिटी तथा कार्यविधि सम्बन्धमा सम्भाव्यता अध्ययन गरिनेछ ।

८१. सल्यानबाट प्रदेश राजधानी सुर्खेत जोड्ने खलंगा-कुपिण्डे-बालुवासंग्रही तथा त्रिवेणी लुहाम काभ्रा रामपुर सडकर रुकुम-मुसिकोट-चौरजहारी सडक स्तरोन्नति गरी कालोपत्रे गर्ने कार्यका लागि लागत अनुमान तयार गरी निर्माण कार्य अघि बढाइनेछ ।

८२. रत्न राजमार्गको कोहलपुर-सुर्खेत-दैलेख-जुम्ला कर्णाली लोक मार्गलाई प्राथमिकतामा राखेर दुई लेन बनाउने र स्तरोन्नति गरी सुरक्षित मार्गको रुपमा संचालन गर्न लागत अनुमान तथा सम्भाव्यता अध्ययन गरिनेछ ।

८३. कल्याण स्याउले बजार डाँडागाउँ दह राक्सी जितेजुवा काफलकोट जाजरकोट हुँदै मध्यपहाडी राजमार्ग जोड्ने सडकको लागत अनुमान तयार गरी निर्माण कार्य अघि बढाइनेछ ।

८४. छिन्चु घारीवन काल्चे सल्यान जोड्ने सडकको स्तरोन्नति गरिनेछ ।

८५. रुकुमको राडी सुन्दरपानी घर्तीगाउँ सृजना प्रा.वि. स्कुल गारछरी हुँदै चुत्रिपाखा दाजे जोड्ने सडकको स्तरोन्नति गरिनेछ ।

८६. राप्ती राजमार्गलाई प्राथमिकतामा राखेर दुई लेन बनाई कालोपत्रे गर्ने कार्यक्रम अघि बढाउन लागत अनुमान गरी निर्माण कार्य अघि बढाइनेछ ।

८७. गंगटे हुँदै आरनटोला मटेला ठाँटी सुर्खेत सडक तथा रातानाङला धरमपोखरा गुँरासे चिउदुवा जाजरकोटसम्मको सडक सम्भाव्यता अध्ययन गरी ट्र्याक खोल्ने कार्य अगाडि बढाइनेछ ।

८८. संघीय सरकारबाट हस्तान्तरण भई आउने, डीपीआर तयार भएका तथा कार्यान्वयन भइरहेका आयोजनाहरुलाई प्रदेश सरकारले आफ्नो स्वामित्वमा लिई कार्यान्वयनमा ल्याउने व्यवस्था गरिनेछ ।

८९. प्रदेशको विकासमा प्रत्यक्ष प्रभाव पार्ने विकासका भौतिक पूर्वाधार जस्तैः नदी नियन्त्रण तथा तटबन्धन, मोटर पुल, झोलुङ्गे पुल आदिको पहिचान र पूर्वसम्भाव्यता अध्ययन गरी उपयुक्त ठहरिएका योजनाहरुको प्राथमिकता अनुसार कार्यान्वयनमा लगिने व्यवस्था मिलाइनेछ ।

९०. **सुर्खेत-जुम्ला** केबुलकार सम्भाव्यता अध्ययन गरिनेछ ।

९१. सुरक्षित, व्यवस्थित र वातावरणमैत्री भवनहरु निर्माण गर्नका लागि **भवनसँग सम्बन्धित ऐन, नियम, भवनसंहिता,** मापदण्ड **र निर्देशिका**हरु तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

९२. **नमुना प्रादेशिक स्मार्ट सिटी** को अवधारणाका साथ व्यवस्थित शहरको विकास गर्न प्राविधिक दृष्टिकोणले उपयुक्त स्थानहरुको खोजी गरी रणनीतिक कार्यविधि र डिजाइन तयार गरिनेछ ।

९३. छरिएर रहेका बस्तीलाई **एकीकृत बस्ती विकास**का माध्यमबाट व्यवस्थित गरिनेछ। प्रदेश राजधानी वीरेन्द्रनगर लगायतका शहरहरुको व्यवस्थित शहरी विकासका लागि गुरुयोजना तयार गरिनेछ ।

प्रदेशभित्रका भौतिक पूर्वाधार अन्तर्गत पर्ने सम्पूर्ण सडक पुल निर्माणका लागि एकमुष्ट **रु. १३ करोड**, विद्युत विकास सम्बन्धी कार्यको लागि **रु. ५० लाख**, भवन निर्माण एवं व्यवस्थित शहरीकरणको लागि **रु. ६० लाख**, तटबन्ध तथा बाँध निर्माण गर्नको लागि **रु. २० लाख,** सिंचाई सम्बन्धी संरचनाहरुको निर्माण मर्मत सम्भारका लागि **रु. ७५ लाख**, सरसफाई संरचना निर्माणका लागि **रु. ५ लाख** र प्रदेशभित्र रहेको खानेपानीको समस्यालाई हल गर्न **रु. १ करोड** २० लाख रकम विनियोजन गरेको छु ।

**हवाई सेवाः**

९४. नागरिक उड्डयन प्राधिकरण र हवाई कम्पनीसँग समन्वय गरी संघीय राजधानी काठमाण्डौंबाट प्रदेश राजधानी सुर्खेतमा थप नियमित हवाई सेवा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

९५. राजधानी वीरेन्द्रनगरबाट प्रदेशका विभिन्न जिल्लाहरुमा हवाई सेवा प्रदायक कम्पनीहरुको समन्वयमा हवाई सेवा संचालन गरिनेछ ।

९६. सुर्खेतको उपयुक्त स्थानमा अन्तर्राष्ट्रिय मापदण्डको प्रदेश हवाई मैदान निर्माणका लागि संघीय सरकारसँग समन्वय गरी सम्भाव्यता अध्ययन तथा निर्माण कार्य अघि बढाइनेछ ।

९७. विमानस्थल नभएका सल्यान लगायत जिल्लाहरुमा विमानस्थल निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

**विद्युतः**

९८. विद्यमान ऊर्जा संकट कायमै रहिरहे प्रदेशको समग्र विकास हुन नसक्ने हुँदा नेपाल सरकारबाट सम्पन्न गर्नुपर्ने आयोजनाका लागि नेपाल सरकारसँग समन्वय गरी प्रदेशस्तरमै संचालन हुन सक्ने आयोजनाहरु पहिचान गर्ने कामका लागि बजेट व्यवस्था गरेको छु ।

९९. कर्णाली प्रदेशको सम्भावित जलविद्युतको पर्याप्त उपयोग गर्ने प्रभावकारी व्यवस्था मिलाउन कार्यविधि तथा कार्ययोजना तयार गरी **कर्णाली जलविद्युत कम्पनी** खडा गर्ने व्यवस्था मिलाइनेछ ।

१००. जनतालाई विद्युत सेवा सहज रुपमा उपलब्ध गराउन **जलविद्युत, वैकल्पिक उर्जा (सोलार ग्याँस, बायोग्याँस, बायो उर्जा)**, विद्युत लाइन विस्तार आदिको सम्भाव्यता अध्ययन गरी **कर्णाली उज्यालो अभियान**लाई अगाडि बढाइनेछ ।

१०१. संघीय सरकारसँग समन्वय गरी भेरी बबई डाइभर्सनबाट प्राप्त लाभको न्यायोचित प्रतिफल यस प्रदेशले प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

१०२. जम्बुकाँध ठाँटीकाँध स्याउलेकाँध सिंहासैन पिपलकोट विद्युत प्रशासन लाइन निर्माणका लागि सम्भाव्यता अध्ययन तथा लागत अनुमान तयार गरी कार्यान्वयनमा ल्याइने व्यवस्था मिलाइनेछ ।

**खानेपानी तथा सिचाईः**

**माननीय सभामुख महोदय,**

१०३. यस प्रदेश अन्तर्गतका दशवटै जिल्लाहरुमा स्वच्छ खानेपानी तथा आधारभूत सरसफाइको भरपर्दो व्यवस्था मिलाउन उपयुक्त आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।

१०४. भेरी, कर्णाली र बबई नदीको पानीलाई लिफ्ट प्रविधि प्रयोग गरी स्वच्छ खानेपानी तथा सिंचाईको लागि प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१०५. प्रदेश राजधानी सुर्खेत उपत्यकाको खानेपानी समस्या समाधान गर्न भेरी नदीको पानी लिफ्ट प्रणाली बाट उपयोगमा ल्याउन निर्माण कार्य अगाडि बढाइनेछ ।

**उद्योग, वाणिज्य, पर्यटन, वन तथा वातावरणः**

१०६. **"कर्णाली समृद्धिका आधार, पर्यटन विकास र पूर्वाधार"** भन्ने नाराका साथ कर्णाली रारा पर्यटन वर्ष आरम्भ भइसकेको सन्दर्भमा पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने गरी पर्यटन गुरुयोजना निर्माण गरिनेछ ।

१०७. **कर्णाली रारा पर्यटन वर्ष २०७५** लाई अभियानको रुपमा सञ्चालन गरी यस वर्ष ५ लाख पर्यटक भित्र्याउन मद्दत पुग्ने ध्येयका साथ पर्यटन भ्रमण तथा प्रचार प्रसार गर्ने कार्यक्रममा **रु. ७० लाख** विनियोजन गरेको छु ।

१०८. **सहकारी, पर्यटन र पूर्वाधार : कर्णाली प्रदेशको दरिलो आधार** भन्ने नाराका साथ तीनै क्षेत्रमा विकासका आधारशीलाहरु तयार गरिनेछ ।

१०९. प्रदेशको समग्र पर्यटकीय विकासका लागि संरक्षण, संम्वर्द्धन, प्रवर्द्धन गर्न एक जिम्मेवार प्रादेशिक कर्णाली पर्यटन विकास प्राधिकरण स्थापना गरी कार्यान्वयनमा ल्याउन नीतिगत तथा संस्थागत व्यवस्था गरिनेछ ।

११०. पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिने रारा छायाँनाथ शे-फोक्सुण्डो पर्यटन पदमार्गको सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।

१११. यस प्रदेशका विभिन्न स्थानहरुमा साहसिक पर्यटनको सम्भाव्यता अध्ययन गरी ***Rafting***, बन्जी जम्पिङ, प्याराग्लाइडिङ, पर्वतारोहण, रक क्लाइम्बिङ ***(Rock Climbing)*** सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११२. संघीय सरकारसँग समन्वय गरी **कर्णाली प्रदेशलाई विशेष आर्थिक क्षेत्र** घोषणा गर्ने सम्बन्धमा अध्ययन गरी रणनीति तयार गरिनेछ ।

११३. **एक स्थानीय तह एक उद्योग** भन्ने अवधारणा कार्यान्वयन गर्न स्थानीय सीप, स्रोत, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने नीति तयार गरी लागू गरिनेछ ।

११४. स्वदेशी तथा वैदेशिक लगानी उद्योगहरु स्थापना गर्न, लगानीको उपयुक्त वातावरण तयार गर्न, उद्योग व्यवसाय सञ्चालनमा एकद्वार नीति अवलम्बन गरी कर्णालीमा लगानीमैत्री वातावरण तयार गर्न, उद्योग श्रमिक सम्बन्ध सुमधुर बनाउन सघाउ पुग्ने गरी संघीय कानूनसँग तादाम्यता राख्दै **उद्योग व्यवसाय सञ्चालन सम्बन्धी मार्गदर्शन तथा संहिता** तयार गरी लागू गरिनेछ ।

११५. सम्भाव्यता अध्ययन भइसकेको सुर्खेतको साटाखानीमा **प्रादेशिक औद्योगिक क्षेत्र** स्थापना गर्ने र सल्यान, जुम्ला लगायत जिल्लामा औद्योगिक क्षेत्र स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

११६. प्रदेश स्तरमा खाद्यान्न, औषधी, पेट्रोलियम पदार्थ लगायतका अत्यावश्यकीय वस्तुको आपूर्ति नियमित गर्न **संकटकालीन भण्डारण**को लागि नीतिगत तथा संरचनागत व्यवस्था मिलाइनेछ ।

११७. खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

११८. सम्भाव्यता अध्ययन भई सञ्चालनमा आउनुपर्ने सुर्खेतको चौकुने सिमेन्ट तथा सल्यानको कजेरी सिमेन्ट उद्योगका विद्यमान समस्याको उचित समाधान खोजी स्थानीय रोजगारीसँग आवद्ध गरी उद्योग सुचारु गर्ने व्यवस्था मिलाइनेछ ।

११९. प्रदुषणमूक्त प्रदेशको पहिचान स्थापित गर्न घर-घर, विद्यालय-विद्यालयमा सचेतनाको अभियान चलाई प्लाष्टिक झोला प्रयोगमा निरुत्साहन गरिनेछ ।

१२०. ढुँगा, गिटी, बालुवाको उत्खनन् गरी प्राकृतिक सम्पदाको अत्याधिक दोहनबाट वातावरणमा परेको असरलाई जोगाउन वातावरण प्रभाव अध्ययन गरी रणनीतिक कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

१२१. संघीय वन ऐनसँग सामिप्यता राखी प्रादेशिक वन ऐन मस्यौदा तयारी गर्ने कार्य शिघ्रताका साथ अगाडि बढाइनेछ ।

१२२. "**वातावरणमैत्री हरित अर्थतन्त्र, समृद्धिको मूलमन्त्र**" भन्ने मूल नाराका साथ "**एक व्यक्ति दश विरुवा**" रोप्ने नीतिलाई प्रोत्साहन दिन जन्म, मृत्यु जस्ता सामाजिक सांस्कृतिक कार्यहरुका नाममा वृक्षारोपण गरी वन र वातावरण सम्वर्द्धन गर्न चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१२३. **स्वच्छ वातावरणको लागि हरियाली** नाराका साथ नियमित सरसफाई र सार्वजनिक स्थलमा वृक्षारोपण गर्ने व्यवस्था मिलाइनेछ ।

१२४. **"गरिब जनताको धन, जडीबुटी बन्यजन्तु र वन"** भन्ने नाराका साथ क्षेत्रगत विशेष कार्यक्रमहरु संचालन गर्ने रणनीति तयार गरिनेछ ।

१२५. प्रादेशिक वन क्षेत्रको तथ्याङ्क अध्यावधिक गरी रणनीतिक कार्ययोजना मार्फत कार्बन ब्यापारबाट प्राप्त लाभ उपयोग गर्न दीर्घकालीन गुरुयोजना तयार गरी लागू गरिनेछ ।

१२६. वन तथा वनजन्य उत्पादनको उपयोग सम्बन्धी नीति तथा रणनीति तयार गरी लागू गरिनेछ ।

१२७. दैलेखको दुल्लुमा रहेको अखण्ड रुपमा प्रज्वलित ज्वाला अर्थात पेट्रोलियम पदार्थ तथा जाजरकोट, कालिकोट, दैलेख लगायत जिल्लाहरुमा पाइने काइनाइट, रत्नपत्थर, युरेनियम जस्ता बहुमूल्य पत्थर तथा फलाम, तामा, सुन, कोइला जस्ता खानीजन्य पदार्थको व्यवसायिक प्रयोग गर्न अध्ययन, अन्वेषण र उत्खननको व्यवस्था मिलाइनेछ ।

१२८. ताल तथा झरना संरक्षण सम्वर्द्धन गर्न वन, भूसंरक्षण तथा जलाधरको संरक्षण सम्वर्द्धन गर्न **रु. १ करोड २८ लाख ९८ हजार** विनियोजन गरेको छु ।

१२९. कर्णाली प्रदेशका सबै जिल्लाको पर्यटकीय स्थानहरुमा भ्यू टावर पार्क, पदमार्ग तथा स्मृति भवन निर्माण लगायतका कार्यहरुका लागि **रु. १ करोड ४७ लाख** विनियोजन गरेको छु ।

१३०. घरेलु तथा साना उद्योगहरुको विकास र पूर्वाधारको निर्माण तथा संरक्षण र गुम्बा तथा मन्दिर निर्माण तथा मर्मत सम्भार गरी व्यवस्थापन गर्न यस वर्ष **रु. १ करोड ४७ लाख** विनियोजन गरेको छु ।

**कृषि तथा सहकारी एवं भूमि व्यवस्थाः**

**माननीय सभामुख महोदय,**

१३१. अर्गानिक खेती, कृषि प्रणाली, सहकारी व्यवसाय तथा भूमि व्यवस्थाका क्षेत्रमा विषयगत क्षेत्र अनुसार अलग अलग कार्यक्रम तयार गरी रकम विनियोजन गरेको छु ।

१३२. निरन्तर रुपमा कृषि पेशा अँगालेका व्यवसायिक कृषकहरुलाई प्रोत्साहन गर्न पेन्सनको व्यवस्था गरिनेछ ।

१३३. मापदण्ड तथा कार्यविधिका आधारमा प्रदेशभित्रका सबै जिल्लाहरुलाई समेट्ने गरी कृषि, पशु, फलफूल, जडीबुटी, महिला सहकारी संस्थाहरुद्वारा उत्पादन र व्यवसायका लागि उनीहरुको स्वामित्वमा कार्यक्रम संचालन गर्न**रु. १ करोड ८० लाख** विनियोजन गरेको छु ।

१३४. **अर्गानिक प्रदेशको आधारशिला तयार** गर्न पूर्वसम्भाव्यता अध्ययन गरी रणनीतिक कार्ययोजना बनाई लागू गरिनेछ ।

१३५. आफूलाई अर्गानिक स्थानीय तहको रुपमा घोषणा गरी कार्यान्वयन गर्ने प्रतिवद्धता सहित कार्ययोजना पत्र प्रस्तुत गर्ने स्थानीय तहलाई प्रदेश सरकारले विशेष सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१३६. **"कर्णाली प्रदेशलाई अर्गानिक प्रदेश बनाउने अभियान"** लाई टेवा पुग्ने दृष्टिकोणले एक उपयुक्त जिल्लामा जैविक मल उत्पादन र जैविक किटनाशक प्रशोधन केन्द्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

१३७. **"एक स्थानीय तह एक अर्गानिक उत्पादन"** को अवधारणालाई कार्यान्वयनमा ल्याउन स्थानीय तह विशेष उत्पादनलाई बढावा दिने गरी रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

१३८. भौगोलिक क्षेत्र विशेष तरकारी तथा फलफूलको उत्पादन व्यवसायीकरण गर्न प्रत्येक जिल्लामा एक पकेट क्षेत्र छुट्याई तरकारी तथा फलफूल बेर्ना वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१३९. पहिचानयुक्त परम्परागत र पोषणयुक्त रैथाने बालीहरु जस्तैः जुम्ली मार्सी धान, वनगाडी जरनधान, सिमी, कोदो, चिनो, कागुनो, फापर, जौ, आलु लगायतका बालीहरुलाई लोप हुन नदिन संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका कार्यक्रमहरु गरिनेछ ।

१४०. सुर्खेत, जाजरकोट, दैलेख, कालीकोट, सल्यान, रुकुम (पश्चिम) जिल्लामा उत्पादित तरकारी तथा फलफूलहरु भण्डारण गर्न चिस्यान केन्द्र तथा सोलार स्थापना गर्ने व्यवस्था मिलाइनेछ । जुम्ला र डोल्पाको स्याउ प्रवर्द्धन र बजारीकरणका लागि आवश्यक कार्यक्रम अगाडि बढाइनेछ ।

१४१. रुकुमको सोलाबाङ लगायतका स्थानहरुमा किसानबाट उत्पादित दुग्ध र दुग्धजन्य पदार्थको व्यवसायिक उत्पादनको लागि **दुग्ध चिस्यान केन्द्र** स्थापना गर्न तथा चिलिङ भ्यान र डिफ्रिज वितरण कार्यको लागि **रु. ८० लाख** विनियोजन गरेको छु ।

१४२. पारकोटे भैंसी, जुम्ली घोडा लगायत **स्थानीय पहिचान भएका पशुहरुको संरक्षण**गर्न स्थानीय कृषकहरुलाई प्रेरित गरिनेछ ।

१४३. कृत्रिम पोखरीहरु निर्माण गरी उच्च मूल्य प्राप्त हुने **माछा पालनमा कृषकलाई प्रोत्साहित गर्न** आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४४. हिमाली र उच्च पहाडी क्षेत्रमा खाली रहेका जग्गामा **चरण क्षेत्रको विकास** गरी पशुपालन व्यवसायको प्रवर्द्धन गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४५. **अदुवा, अलैंची जस्ता नगदेबाली** अन्तर्राष्ट्रिय बजारसम्म पुर्याउन **आधुनिक प्रशोधन केन्द्र** स्थापना गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरिनेछ ।

१४६. मौरीपालन पेशा व्यवसायिक बनाउन, मसरुम स्पन, केरा, तरकारी एवं कागती उत्पादनलाई व्यवसायिक खेतीतर्फ प्रेरित गर्न आवश्यक कार्यविधि मापदण्ड बनाई प्रत्येक जिल्लामा एक पकेट क्षेत्र निर्धारण गरी तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

१४७. कृषियोग्य भूमिमा वर्षैभरि सिंचाई क्षेत्र उपलब्ध गराउने सिंचाईका सम्भाव्य सबै प्रविधि र प्रणालीको उपाय खोजी गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१४८. प्रत्येक निर्वाचन क्षेत्रलाई समेट्ने गरी एक निर्वाचन क्षेत्र एक सहकारी खेतीमा आधारित सिंचाई कार्यक्रम र प्रत्येक निर्वाचन क्षेत्रमा युवा लक्षित कार्यक्रमको लागि **रु. १ करोड ५० लाख** विनियोजन गरेको छु ।

१४९. कृषि, पशु तथा भूमिसँग सम्बन्धित आधारभूत तथ्याङ्कलाई वैज्ञानिक ढंगबाट व्यवस्थापन तथा अद्यावधिक गर्ने व्यवस्थाका लागि मार्गदर्शन जारी गरी कार्यान्वयनमा ल्याइनेछ ।

१५०. प्रदेश स्तरीय पशु तथा प्लान्ट क्वारेन्टाइन कार्यालय तथा बबई र कपुरकोटमा खाद्य तथा पशु परीक्षणशाला स्थापना गरिनेछ ।

१५१. उच्च हिमाली भेगमा पाइने बहुमूल्य जडीबुटीहरुको अनियन्त्रित र अव्यवस्थित रुपमा भइरहेको संकलन कार्यलाई रोकी संरक्षण र उपयोग गर्न वैज्ञानिक योजना तयार गरी लागू गरिनेछ ।

१५२. **"आफ्नै पौरख, आफ्नै गौरव, हाम्रै उत्पादन हाम्रै उपयोग"** भन्ने नारालाई आत्मसात गर्दै स्थानीय रुपमा उत्पादित वस्तुको उपयोग गर्ने वातावरण बनाउन खाद्यान्न, दलहन, तेलहन जस्ता स्थानीय उत्पादनको उपयोग गर्ने संस्कृतिको विकास गर्न श्रव्य-दृश्य कार्यक्रम संचालन गरी प्रयोगमा ल्याइनेछ ।

१५३. **खाने बानीमा परिवर्तन (*Food Habit Change*)** ले आफ्नो मौलिकता जगेर्ना गर्ने मात्र होइन आत्मनिर्भर अर्थतन्त्र बनाउन ठूलो मद्दत गर्ने हुँदा कर्णाली प्रदेशका जनताको खानेबानीमा परिवर्तन ल्याउन स्थानीय परम्परागत खानपान सम्बन्धी महोत्सव तथा वृत्तचित्र तयार गरी प्रचार प्रसार सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

**सहकारी व्यवसाय प्रवर्द्धनः**

१५४. प्रदेशलाई सहकारीमैत्री बनाई सहकारी सम्बन्धी रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउन एक **सहकारी विकास बोर्ड** तथा **प्रादेशिक सहकारी रजिष्ट्रार कार्यालय तथा सहकारी प्रशिक्षण केन्द्र** गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।

१५५. सहकारी पकेट क्षेत्रको पहिचान गरी सहकारी बजार, सहकारी खेती, कृषि सहकारी, महिला आत्मनिर्भरमुखी सहकारी आदिलाई उत्प्रेरित गर्न सहकारी व्यवसाय संचालनको मोडालिटी तयार गरिनेछ ।

१५६. जग्गाको स्वामित्वमा परिवर्तन नहुने गरी बाँझो र खाली छोडिएको जग्गा स्थानीय सहकारी मार्फत सहकारी करार खेती गर्न प्रोत्साहित गरिनेछ ।

१५७. कृषि उत्पादन र व्यवसायमा आधारित सहकारीलाई **अर्गानिक उत्पादनतर्फ केन्द्रित गर्न प्रत्येक निर्वाचन क्षेत्र लक्षित कार्यक्रम** सञ्चालन गरिनेछ।

१५८. महिला सहकारीलाई उत्पादन र कृषिजन्य उद्योगहरुको लागि विशेष प्रोत्साहनका साथै सीपमूलक तालिमको विशेष व्यवस्था मिलाइनेछ ।

१५९. **"समृद्ध कर्णालीका लागि सहकारी"** भन्ने नारालाई आत्मसात गरी **"एक गाउँ एक सहकारी, एक सहकारी एक उत्पादन"** नीतिलाई कार्यान्वयनमा ल्याउन सहकारी व्यवसाय सम्बन्धी रणनीति बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१६०. सहकारी वस्तु उत्पादन र बिक्री वितरण एकीकृत ढंगबाट सञ्चालन गर्न **सहकारी कम्प्लेक्स निर्माण सम्बन्धी सम्भाव्यता अध्ययन** गरिनेछ ।

१६१. **"आयमूलक र रोजगारमूलक", "सेवा र टेवा"** तथा **सदस्य केन्द्रीत व्यवसाय(Member Centred Business) को प्रवर्द्धन** गर्न आर्थिक विकासको नमूना मानिने सहकारी पद्दतिलाई अवलम्बन गरी विषयगत प्रारम्भिक सहकारी संस्थाहरु बचत तथा ऋण सहकारी, श्रमिक सहकारी, दुग्ध उत्पादन सहकारी, फलफूल सहकारी आदि मार्फत आय र रोजगारी सिर्जना गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६२. सहकारी विद्यालय, सहकारी हाईड्रो, सहकारी कलकारखाना जस्ता अवधारणा लागू गर्ने नीतिगत तथा संस्थागत व्यवस्थाका लागि रणनीति बनाई सम्भाव्यता अध्ययन गरिनेछ ।

१६३. मानवीय गरिबी अन्त्य गर्नको लागि समाजमा रहेको विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैंगिक, शैक्षिक, सामाजिक एवं सांस्कृतिक विभेदलाई अन्त्य गर्न गरिब लक्षित **कृषि, सहकारी, भूमि उपयोग, शिक्षा, स्वास्थ्य र स्वरोजगारमूलक विविध कार्यक्रम** सञ्चालन गरिनेछ ।

१६४. सहकारी साना कृषि सिंचाईका लागि प्रत्येक निर्वाचन क्षेत्रमा कार्यविधि र मापदण्ड अनुरुप कामसम्पन्नताका आधारमा भुक्तानी दिने गरी एक/एक वटा कार्यक्रमका लागि रकम विनियोजन गरिएको छ ।

**भूमि व्यवस्थापनः**

१६५. जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरी जमिनको सही उपयोग गर्ने सोचका साथ **प्रादेशिक भू-उपयोग नीति तथा रणनीति तर्जुमा** गरी कार्यान्वयनमा ल्याईनेछ ।

१६६. भूमि सम्बन्धी सम्पूर्ण अभिलेख डिजिटल प्रविधि प्रणालीमा आबद्ध गर्ने भूउपयोग नीति योजना र सो अनुरुप कार्यक्रमहरुको कार्यान्वयनहरुका लागि संस्थागत संरचना र कानूनी व्यवस्था मिलाइनेछ ।

१६७. सुकुम्बासी समस्या, अव्यवस्थित बसोबास लगायत जग्गा जमिन सम्बन्धी समस्यालाई सम्बोधन गर्न कानून **बनाई उच्चस्तरीय कर्णाली प्रदेश भूमिहीन तथा सुकुम्बासी समस्या समाधान आयोग** गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।

**सामाजिक विकासः**

**शिक्षाः**

१६८. प्रत्येक जिल्लालाई प्राविधिक शिक्षामैत्री बनाउन जिल्ला सदरमुकाम र प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षालय स्थापना गर्ने सम्बन्धमा कार्यपद्धतिको सम्भाव्यता अध्ययन गरी कार्य मोडालिटी यकिन गरिनेछ ।

१६९. स्थानीय तहसँग समन्वय गरी हिउँदको समयमा हिमाली क्षेत्रका छात्र-छात्राहरुलाई पठन पाठन नरोकिने व्यवस्था मिलाउन **घुम्ति विद्यालयहरु संचालनका लागि पूर्व सम्भाव्यता अध्ययन गरी कार्ययोजना तयार गरिनेछ** ।

१७०. **सबैको लागि शिक्षा** भन्ने राष्ट्रिय मूल नारालाई साकार पार्न प्रदेशभित्रका कुनै पनि बालबालिका शिक्षाको उज्यालोबाट बञ्चित नहुन् भन्ने उद्देश्यले विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय भर्ना गर्ने व्यवस्था मिलाइनेछ ।

१७१. बालबालिकाहरुलाई **आधारभूत तहसम्म अनिवार्य शिक्षा** तथा **माध्यमिक तहसम्म निःशुल्क शिक्षा** उपलब्ध हुने कुराको सुनिश्चित गर्न सचेतना तथा पैरवी कार्यक्रम संचालन गरिनेछ ।

१७२. बालबालिकाहरु विद्यालय नजाने तथा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र कक्षा पाँचसम्मका विद्यालयतहका बालबालिकामा रहेको **कुपोषण हटाउन** के कसरी, के-कस्तो क्षेत्रमा **दिवा खाजाको**

रुपमा पौष्टिक आहारा उपलब्ध गराउन सकिन्छ भनी अध्ययन अनुसन्धान गरी कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ ।

१७३. आगामी **पाँच वर्षभित्र यस प्रदेशलाई "साक्षर प्रदेश"** घोषणा गर्ने अभियानलाई सफल तुल्याउन अनौपचारिक शिक्षा एवं साक्षरता अभियान सम्बन्धी कार्यक्रमका लागि स्थानीय तहसँग समन्वय गरी कार्य मोडालिटी तथा कार्य पद्दति निर्माण गरिनेछ ।

१७४. प्रदेश स्तरबाटै माध्यमिक शिक्षा परीक्षा *(SEE)* सञ्चालन गर्न आवश्यक व्यवस्थाका लागि केन्द्र सरकार र स्थानीय तहसँग समन्वय गरी **जिल्ला शिक्षा कार्यालयको विकल्पमा उपयुक्त प्रादेशिक संरचना** तयार गर्न अध्ययन गरिनेछ ।

१७५. कर्णाली प्रदेश स्थापनाको लागि जीवनको आहुति गर्ने शहीदका छोराछोरीहरुलाई उच्च शिक्षासम्मको अध्ययनका लागि यस वर्ष शैक्षिक सामग्री बापत प्रति विद्यार्थी एकमुष्ठ दश हजार उपलब्ध गराउने र आगामी वर्षदेखि सरकारी विद्यालय तथा क्याम्पसमा अध्ययन गर्न लाग्ने शुल्क बराबरको छात्रवृत्ति रकम वार्षिक रुपमा उपलब्ध गराइनेछ ।

१७६. पूर्वाधारसहितको कर्णाली प्रदेशस्तरीय पुस्तकालय स्थापना गर्न अध्ययन गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ।

१७७. जीवनोपयोगी, व्यवसायिक, स्थानीय प्रविधि मैत्री, समाजको मागमा आधारित, स्थानीय र विश्व बजारमा खपत हुनसक्ने जनशक्ति उत्पादन गर्न **प्रदेश प्राविधिक तथा सहकारी विद्यालयहरु** स्थापना गरी संचालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

१७८. आधुनिक तथा प्राविधिक शिक्षाको मागलाई सम्बोधन गर्न हालको मध्यपश्चिम विश्वविद्यालयलाई **कर्णाली विश्वविद्यालय** नामाकरण गरी प्राविधिक विश्वविद्यालयको रुपमा विकास गरिनेछ ।

१७९. प्रदेशबाटै शिक्षक अनुमति पत्र, विद्यार्थीको अनुपातमा कक्षागत र विषयगत शिक्षकको व्यवस्था, गुणस्तरीय शिक्षाको लागि अध्ययन अनुसन्धान तथा व्यवस्थापन गर्न प्रादेशिक शिक्षक सेवा आयोग गठन सम्बन्धमा अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ।

**स्वास्थ्यः**

१८०. "सबैका लागि स्वास्थ्य बीमा" भन्ने ध्येयका साथ प्रदेशका सबै जिल्लाहरुमा नागरिक स्वास्थ्य बीमा लागू गर्ने कार्यमा संघीय सरकारसँग समन्वय गरी परिचयपत्र प्राप्त गरेका गरिबीको रेखा मुनि रहेका नागरिकहरुका लागि आवश्यक पर्ने प्रिमियम (Premium) रकम अनुदान दिई स्वास्थ्य बीमा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्य मोडालिटी तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ ।

१८१. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई प्रादेशिक प्रतिष्ठानको रुपमा विकास गर्ने प्रकृया अगाडि बढाइनेछ ।

१८२. प्रत्येक जिल्लामा ५० शैयाको सुविधा सम्पन्न अस्पताल र प्रत्येक पालिकामा कम्तिमा १५ शैयाको विशेषज्ञ डाक्टर सहितको अस्पताल सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१८३. दुर्गम पहाडी तथा हिमाली जिल्लामा स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्न **टेलिमेडिसिन सेन्टर स्थापना** गर्ने कार्यका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१८४. प्रदेशका दशै जिल्लामा औषधि तथा विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गर्ने व्यवस्था मिलाइनेछ । यस कार्यक्रमका लागि **रु. ५० लाख** विनियोजन गरेकोछु ।

१८५. कार्यबोझका कारण नदेखिने अपाङ्गता पाठेघर खस्ने समस्याको निदानका लागि निशुल्क तथा सुलभ उपचारको व्यवस्था मिलाइनेछ ।

१८६. संघीय सरकारसँग समन्वय गरी प्रदेशको राजधानी **सुर्खेतस्थित क्षेत्रीय अस्पताललाई मेडिकल कलेजको रुपमा विकास गरी प्रादेशिक शिक्षण अस्पतालको रुपमा स्तरोन्नति गर्ने** व्यवस्था मिलाईनेछ ।

१८७. प्रत्येक जिल्लाको एक-एक स्थानमा **स्वास्थ्य ल्याव सेवा** निर्माण गरी रोग पहिचान समयमै गर्ने व्यवस्था मिलाइनेछ । यो सेवालाई क्रमशः स्थानीय तहसम्म विस्तार गर्दै लगिनेछ । यस कार्यक्रमका लागि **रु. ५० लाख** विनियोजन गरेकोछु ।

१८८. प्रसव पीडामा रहेका गर्भवती महिला, सख्त घाइते तथा गम्भीर विरामीहरुको जीवन रक्षाको लागि हवाई उद्धार (Air Lifting) को सेवा उपलब्ध गराइनुका साथै कर्णाली प्रदेशमा एयर एम्बुलेन्स सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।यस कार्यक्रमका लागि **रु. १५ लाख** विनियोजन गरेको छु ।

**युवा तथा खेलकुदः**

**माननीय सभामुख महोदय,**

१८९. **"स्वस्थ जीवनको लागि खेल"** भन्ने नारालाई साकार बनाउन नियमित रुपमा प्रदेशस्तरीय खेलकुद सम्बन्धी कार्यक्रम सञ्चालन गरिने व्यवस्था मिलाईनेछ ।

१९०. प्रदेश राजधानी सुर्खेतमा सुविधा सम्पन्न फुटबल र क्रिकेट मैदानको निर्माणको लागि संघीय सरकारसँगको समन्वयमा सम्भाव्यता अध्ययन गरिनेछ ।

१९१. प्रदेशमा हाइ अल्टीच्युड रंगशाला निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१९२. खेलकुदको विकासका लागि प्रादेशिक खेलकुद परिषद गठन गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ ।

१९३. **प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा एक एक वटा खेलकुद मैदान** निर्माण गरी कार्यान्वयनमा ल्याउन **रु. १ करोड २० लाख** विनियोजन गरेको छु ।

**भाषा, धर्म, संस्कृतिः**

१९४. प्रदेशमा रहेका पुरातात्विक, ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाहरुको अभिलेखीकरण गरी संरक्षण र सम्वर्द्धन गर्न रणनैतिक कार्य योजना तयार गरी लागू गरिनेछ ।

१९५. प्रदेशका सबै सरकारी कार्यालय, सार्वजनिक स्थल, शैक्षिक संस्थाहरुलाई धुम्रपान, मद्यपान र लागू पदार्थ निषेधित क्षेत्रका रुपमा रहने व्यवस्था मिलाउन सचेतनामूलक कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

१९६. हिमाली वातावरणको संरक्षणका लागि **"हिमाल बचाउ अभियान"** कार्यक्रम सञ्चालन गर्न रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

**सामाजिक समावेशीकरणः**

१९७. महिला, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति तथा हरेक दृष्टिले बञ्चितीकरणमा परेका नागरिकका लागि स्रोत, साधन र अवसरमा समानता कायम गर्ने नीति तथा रणनीति तयार गरी विशेष लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९८. महिलाका सीप तथा सृजनालाई आर्थिक योगदानमा समावेश हुने गरी विकासका संवाहकका रुपमा स्थापित गर्ने नीतिगत व्यवस्था मिलाई कार्यक्रमहरु संचालन गरिनेछ ।

१९९. महिला तथा बालबालिकाहरुको अधिकार संरक्षण गरी संविधान प्रदत्त अधिकारको सुनिश्चित गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

२००. बालविवाह, महिला हिंसा, छुवाछुत, छाउपडी लगायतका सामाजिक कुरीतिहरु अन्त्य गर्न रणनीतिक अभियानका साथ चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२०१. हिंसा पीडित महिलाहरुका लागि उद्धार, पुनर्स्थापन र संरक्षणका लागि सुरक्षित गृह(सेफ हाउस) लाई सहयोग गर्ने कार्यक्रमहरु ल्याइनेछ ।

२०२. असहाय तथा एकल महिलाहरुलाई उमेर अनुसार शिक्षा र सीपमूलक तालिम दिईरोजगार स्वरोजगार हुने व्यवस्था मिलाइनेछ ।

२०३. **"जनताको घरमा कर्णाली सरकार उपेक्षित उत्पीडितको संरक्षण र सम्भार"** भन्ने नाराका साथ उपेक्षित, उत्पीडित, भूमिहीन, सीमान्तकृत वर्ग विशेषका लागि विशेष कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२०४. छाउपडी तथा बोक्सीप्रथा र बालविवाहलाई निर्मूल गरी लैङ्गिक तथा बालमैत्री वातावरण तयार गर्ने व्यवस्था मिलाइनेछ ।

२०५. महिला अधिकार, महिला स्वास्थ्य, सुरक्षित महिनावारी, सुरक्षित मातृत्व सम्बन्धी रणनीति बनाई अभियानका साथ कार्यान्वयनमा ल्याइनेछ ।

२०६. वेसहारा बालबालिकाको संरक्षण तथा आश्रय दिने एवं शिक्षा तथा पुनर्स्थापनाको व्यवस्था गर्नका लागि प्रदेशस्तरमा शिशु स्याहार केन्द्रको रुपमा **बालबालिका संरक्षण केन्द्र** स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।

२०७. **बालश्रमिक निषेध प्रदेश** निर्माणका लागि अभियानमूलक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२०८. न्यून आय भएका दलित, उत्पीडित, निमुखा र सामाजिक, सांस्कृतिक रुपमा बञ्चितीकरणमा परेका लिङ्ग, वर्ग र क्षेत्रलाई लक्षित गरी रोजगार स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

२०९. सबै प्रादेशिक निकायहरु अपाङ्गमैत्री र लैगिंकमैत्री बनाउने सोचाइका साथ यस वर्ष मन्त्रालय तथा प्रदेश सभा सचिवालयलाई अपांगमैत्री संरचना र हेल्पडेस्क तथा अपाङ्ग एवं लैगिंकमैत्री शौचालय निर्माण गर्न **रु. १ करोड २० लाख** विनियोजन गरेको छु ।

२१०. ज्येष्ठ नागरिकको ज्ञान, सीप, अनुभव साटासाट गरी दिनचर्या सहज र रुचिकर बनाउन प्रत्येक जिल्ला सदरमुकाममा **दिवा वृद्ध विसौनी केन्द्र**को स्थापना गर्ने व्यवस्था मिलाईनेछ ।

२११. सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक सम्मान कार्यक्रमको अवसर पारी मौसम अनुसार वर्षमा **एक जोडा कपडा वितरण** गर्ने व्यवस्था मिलाइनेछ ।

२१२. प्रदेशका ज्येष्ठ नागरिकहरुलाई धार्मिक तथा सांस्कृतिक मनोरञ्जन गराउने सोचाईका साथ **ज्येष्ठ नागरिक देश दर्शन कार्यक्रम** संचालन गरिनेछ ।

२१३. ज्येष्ठ नागरिकप्रति हुने हिंसा तथा दुर्व्यवहार हटाई उनीहरुको अधिकार संरक्षण गर्न, जोखिममा रहेका जेष्ठ नागरिकलाई संरक्षण, उपचार र मनोविमर्श एवं कानूनी सहायता प्रदान गरी पुनर्स्थापन गर्न **ज्येष्ठ नागरिक कल्याण कार्यक्रम** संचालन गर्न **रु. २० लाख** विनियोजन गरेको छु ।

२१४. सामाजिक साँस्कृतिक कुरीति, धार्मिक अन्धविश्वास, जातीय विभेद, लैंगिक भेदभाव विरुद्ध शुन्य सहनशीलता कायम गर्न प्रादेशिक रणनीति तयार गरी जनचेतना र प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२१५. पर्यटन प्रवर्द्धन क्षेत्रसँग आबद्ध गरी लोपोन्मूख राउटे समुदायको सामाजिक साँस्कृतिक जीवनपद्दतिलाई संरक्षण गर्न एक समिति गठन गरी उनीहरुलाई सामाजिक प्रकृयामा सहभागी गराउन सल्यानको कालीमाटी र दैलेखको डुँगेश्वर लगायतका राउटे बसोबास क्षेत्रहरुमा एकै छानामुनि शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा उपलब्ध हुने गरी **"राउटे आवास कार्यक्रम"** सञ्चालन गर्न **रु. २० लाख** विनियोजन गरेको छु ।

२१६. फरक क्षमता भएका **'क'** वर्गका अशक्त व्यक्तिलाई जीविकोपार्जनमा थप मद्दत पुर्याउन **प्रति चौमासिक रु. १० हजार उपलब्ध गराउन** यस आर्थिक वर्षका लागि रकम **रु. ५ लाख** विनियोजन गरेको छु ।

२१७. प्रदेशभित्र रहेका गैरसरकारी संस्थाहरुको काम-कारवाहीलाई व्यवस्थित, पारदर्शी, नियन्त्रित र मर्यादित बनाउन नीतिगत र संरचनागत व्यवस्था गरिनेछ ।

**श्रम तथा रोजगारः**

२१८. नागरिकमा श्रमप्रति सम्मान गर्ने सस्कृतिको विकास गर्न मन्त्री, जनप्रतिनिधि, प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारी र आमनागरिकको सहभागितामा प्रत्येक महिनाको १ र १५ गते **श्रमशिविर** चलाउने कार्य अभियानका रुपमा अघि बढाउने प्रदेश सरकारको प्रथम बैठकको निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२१९. प्रदेशको श्रम तथा रोजगारीको अवस्था अध्ययन गरी विस्तृत प्रोफाइल तयार गरिनेछ ।श्रममैत्री औद्योगिक रोजगारीका लागि सुमधुर श्रम सम्बन्धका माध्यमबाट लगानीमैत्री वातावरण तयार गर्न **प्रादेशिक औद्योगिक श्रम सम्बन्ध नीति** तयार गरी लागू गरिनेछ ।

२२०. देश विदेश सुहाउँदो जनशक्ति उत्पादन गरी रोजगार, स्वरोजगार कार्यक्रम संचालन गर्न रोजगार प्रवर्द्धन नीति तयार गरी स्थानीय निकायसँगको समन्वयमा **रोजगारमूलक कार्यक्रमहरु** सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२२१. श्रम बजारमा उपलब्ध जनशक्तिलाई माटो सुहाउँदो सीप तालिम प्रदान गरी बजार माग अनुरुप आपूर्ति गर्ने व्यवस्था मिलाउन **रोजगार विनिमय केन्द्र** स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।

२२२. वैदेशिक रोजगारमा जाने जनशक्तिलाई प्रदेशमा नै सीपयुक्त बनाउने, सचेतना अभिवृद्धि सम्बन्धी अभिमुखीकरण गर्ने तथा श्रम स्वीकृति प्रदान गर्ने सम्बन्धमा नीतिगत तथा संस्थागत व्यवस्था मिलाइनेछ ।

२२३. यस प्रदेशलाई बालश्रममुक्त प्रदेशको रुपमा विकास गर्न रणनीतिक कार्य योजना तयार गरी लागु गरिनेछ ।

२२४. बिहानको उदाउँदो सूर्यजस्ता राष्ट्रको उज्ज्वल भविष्य बोकेका उर्जाशील युवाहरुलाई स्वेदशमै काम गर्ने वातावरण तयार गर्न आवश्यक रणनीति बनाई कार्यान्वयन गरिनेछ ।

२२५. युवाहरुलाई लक्षित गरी **युवा स्वरोजगार कार्यक्रम** सञ्चालन गर्न रणनीतिक कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

**सामाजिक सांस्कृतिक सचेतना कार्यक्रमः**

२२६. समाजशास्त्रीय अध्ययनद्वारा प्रादेशिक सामाजिक, सांस्कृतिक अवस्थाको अध्ययन गरी रणनीतिक गुरुयोजना बनाई प्रदेशको सामाजिक, सांस्कृतिक रुपान्तरणको कार्य अघि बढाइनेछ ।

२२७. **कामको सम्मान गर्ने संस्कृतिको** विकास गरी प्रदेशमा उपलब्ध जनशक्तिको भरपूर उपयोग गर्न सचेतनामूलक वृत्तचित्र, लघु नाटक उत्पादन गरी प्रभावकारी प्रचार-प्रसार गर्ने व्यवस्था मिलाइनेछ ।

२२८. प्रदेश प्राप्तिका लागि जीवनको आहुती गर्ने लगायतका यस प्रदेश भित्रका शहीदहरुको सम्मानको लागि प्रदेशको उपयुक्त स्थानहरुमा **शहीद स्मृति पार्क, संग्रहालय** र **स्मारकहरु** निर्माण गरिनेछ ।

२२९. परम्परागत सीप भाषा दर्शन र संस्कृतिको संरक्षण सम्वर्द्धन तथा विकासको निम्ति अध्ययन अनुसन्धान गर्ने संस्थागत संयन्त्रको व्यवस्था मिलाउन अध्ययन गरिनेछ ।

**आन्तरिक शान्ति सुरक्षा, सूचना तथा कानूनः**

**माननीय सभामुख महोदय,**

२३०. **समृद्धिका लागि शान्ति सुरक्षा** भन्ने मूल नाराका साथ प्रादेशिक प्रहरी परिचालन गर्ने उपयुक्त नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ ।हाल यस कार्यका लागि अलग्गै **रु. २६ लाख** रकम छुट्याएको छु ।

२३१. सुशासन प्रवर्द्धन गर्न र सेवा प्रवाहलाई छिटो, छरितो र सरल बनाउन प्रदेश सरकारका काम कारवाही सूचना प्रविधिमैत्री बनाइनेछ र प्रदेश स्तरमा आवश्यक पर्ने कानून र सोको मस्यौदाको लागि प्रादेशिक कानून आयोगको गठन गरिनेछ ।

२३२. सबै स्थानीय तह सूचना प्रविधियुक्त बनाउन टेलिफोन सेवा तथा स्थानीय तहको सदरमुकाममा इन्टरनेट सेवा निःशुल्क गराउने सम्बन्धमा अध्ययन गरिनेछ ।

२३३. **"डिजिटल कर्णाली"** प्रदेशको अभियानलाई मूर्त रुप दिन सूचना प्रविधि सम्बन्धी कार्यक्रमको पहिचान गरी कार्यान्वयन गरिनेछ।

२३४. प्रदेशको आन्तरिक सुव्यवस्थाका लागि अलग्गै प्रदेश प्रहरीको स्थापना गरी तिनको सशक्तीकरण, सबलीकरण गर्दै शान्ति सुव्यवस्थाको प्रभावकारी व्यवस्था मिलाउन अपनाउने कार्यविधि र कार्यक्रमको स्वरुप निर्धारण गरी कार्यान्वयनमा ल्याईनेछ ।

२३५. जनताको लागि शान्ति सुरक्षाको अवधारणा अनुसार प्रदेशभित्र शान्तिसुरक्षाका आवश्यक कार्यक्रम निर्धारण गरी कार्यान्वयनमा ल्याईनेछ ।

२३६. सुसूचित हुन पाउने नागरिकहरुको अधिकारलाई प्रभावकारी कार्यान्वयन गर्न उपयुक्त प्रादेशिक सूचना नीति तयार गरी लागू गरिनेछ ।

२३७. पत्रकार, पत्रकारिता एवं श्रमजीवि पत्रकारहरुको क्षमता वृद्धि, मिडिया क्षेत्रको प्रवर्द्धन, एकद्वार विज्ञापन प्रणाली तथा न्यायोचित विज्ञापन नीति तर्जुमा जस्ता विषयमा मदत पूगोस् भन्ने हेतुले मिडिया मन्थन तथा पत्रकार व्यवसाय प्रवर्द्धन तथा पूर्वाधार विकास जस्ता क्षेत्रमा रकम विनियोजन गरेको छु ।

२३८. मिडिया क्षेत्रलाई वैज्ञानिक, मर्यादित र व्यवसायिक बनाई एकद्वार विज्ञापन प्रणाली व्यवस्थित गर्न **आमसञ्चार प्रतिष्ठान** गठन गरिनेछ ।

**विपद व्यवस्थापनः**

२३९. प्राकृतिक प्रकोपका जोखिमयुक्त क्षेत्र पहिचान गरी नकारात्मक प्रभाव न्यूनीकरण गर्न कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२४०. प्रकोप प्रभावित नागरिकलाई उद्धार, राहत, पुनर्स्थापन तथा सुरक्षाको प्रत्याभूति गर्न मुख्यमन्त्रीको नेतृत्वमा **प्रादेशिक विपद व्यवस्थापन समिति** गठन गरी कार्यान्वयन गरिनेछ ।

२४१. विपद् वा अन्य घटनाका कारणले हुन आउने जोखिम न्यूनीकरण गर्न जोखिममा परेका ब्यक्तिलाई उद्धार, राहत, पुनर्स्थापन तथा सुरक्षाको प्रत्याभूति गर्न **मुख्यमन्त्री विपद व्यवस्थापन कोष खडा** गरी कोष संचालन गर्न उक्त कोषमा **रु. १ करोड** रहने व्यवस्था मिलाएको छु ।यस अतिरिक्त मुख्यमन्त्री राहत सहायता कोषमा समेत **रु. २० लाख** अलग्गै विनियोजन गरेको छु ।

२४२. बाढी पीडितहरुको आवश्यक तथ्याङ्क संकलन गरी राहत तथा पुनर्स्थापन गर्ने कार्य व्यवस्थित गर्न एक उच्च स्तरीय बाढी पहिरो पीडित समस्या समाधान समिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।

२४३. नेपालको संविधानको धारा २१२ बमोजिम भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायत अन्य आकस्मिक वा अप्रत्याशित कारणवाट सिर्जना भएको विशेष परिस्थितिको सामना गर्न **आकस्मिक कोष** खातामा रहने गरी **रु.१ करोड** बजेटको व्यवस्था मिलाएको छु ।

२४४. आपतकालीन स्वास्थ्य सेवामा सहयोग पुर्याउने उद्देश्यले **स्वास्थ्य सेवा कोष खडा** गरी कोष संचालन गर्न उक्त कोषमा **रु. २५ लाख** विनियोजन गरेको छु ।

**सुशासनः**

२४५. **"गाउँ-गाउँमा सिंहदरबार, गाउँ-घरमा प्रदेश सरकार"** को अनुभूति दिलाउन प्रदेश सरकारका मन्त्रीहरु प्रत्येक महिना कम्तिमा एक पटक जनताको घर दैलोमा पुगी समस्या सुन्ने व्यवस्था मिलाइनेछ ।

२४६. प्रदेश सरकारको जवाफदेहितासँग आबद्ध हुने गरी स्थानीय सरकारको समन्वयमा प्रदेश आयोजनाहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२४७. सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेही, विश्वसनीय र पूर्वानुमानयोग्य बनाउन खर्च मितव्ययिता सम्बन्धी मापदण्ड तयार गरी लागू गरिनेछ । यसका लागि खर्चको मासिक तथा चौमासिक जानकारी गराउने तथा सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता उपायहरु अवलम्बन गरिनेछ ।

२४८. आर्थिक मामिला तथा योजना मन्त्रीको अध्यक्षतामा विकास अनुगमन मूल्याङ्कन समिति रहने व्यवस्था मिलाई केन्द्रीय र प्रादेशिक योजना तथा कार्यक्रमको मासिक अनुगमन मूल्याङ्कन गरी वित्तीय सुशासन प्रवर्द्धन गरिनेछ । प्रादेशिक विकास कार्यलाई संसदीय अनुगमन तथा निगरानी कार्य संग आवध्द गर्दै सुशासनयुक्त सरकारको अवधारणालाई प्रवर्द्धन गरिनेछ ।

२४९. तलब, भत्ता, पारिश्रमिक, विजुली, टेलिफोन जस्ता अनिवार्य खर्च शीर्षकमा गरिने खर्च बाहेक रु. ५० हजार भन्दा माथिको अन्य खर्च शीर्षकबाट भुक्तानी गर्नुअघि **Website** मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउनुका अतिरिक्त भएको खर्चको मासिक रूपमा प्रकाशन गर्ने व्यवस्था मिलाएको छु ।

२५०. वित्तीय अनुशासन जनमुखी बनाउन आर्थिक अनियमितता र भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गर्ने व्यवस्था मिलाइनेछ ।

२५१. कर्मचारीहरुलाई अनुशासित, जवाफदेही, पारदर्शी नागरिकमैत्री बनाई सुशासनयुक्त कार्यप्रणाली उन्मुख गराउन कर्णाली प्रदेश कर्मचारी आचारसंहिता जारी गरी लागू गरिनेछ ।

**आर्थिक, योजना तथा तथ्याङ्कः**

**माननीय सभामुख महोदय,**

२५२. प्रादेशिक योजना प्रभावकारी बनाई कार्यान्वयन गर्न **कर्णाली विकास तथा योजना आयोग गठन** गरिनेछ ।

२५३. प्रदेशमा सञ्चालित राष्ट्रिय गौरवका आयोजना, प्रदेश गौरवका आयोजना लगायत प्राथमिकता प्राप्त महत्वपूर्ण विकास आयोजनाहरुको अनुगमन मूल्याङ्कन प्रभावकारी बनाउन **योजना आयोजना अनुगमन मार्ग दर्शन** तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५४. **कर्णाली प्रदेश जनताको भरमा** भन्ने मान्यताका साथ पूर्वाधारमा रकम जुटाउन तथा लगानीको दिगो आधार तयार गर्न प्रदेश सरकारको तर्फबाट **रु. १ करोड** जम्मा गरी नागरिकको तर्फबाट निश्चित रकम योगदान गर्ने गरी **कर्णाली प्रदेश नागरिक लगानी पूर्वाधार कोष** स्थापना गरी कानून बनाई कार्यान्वयनमा ल्याइनेछ ।

२५५. योजना, आयोजना तथा कार्यालय सञ्चालन अनुशासनयुक्त बनाउन **वित्तीय सुशासन सम्बन्धी रणनीतिक कार्ययोजना** तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

२५६. आयोजना सञ्चालन गर्ने कार्यालय प्रमुख तथा आयोजना प्रमुखलाई नतिजाउन्मुख कार्यतर्फ जिम्मेवार बनाउन **परियोजना कार्य सम्पादन सम्झौता दिग्दर्शन** प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५७. प्रदेश र संघ एवं प्रदेश र स्थानीय साझेदारीमा सम्पन्न गर्न सकिने तथा प्रदेश स्वयमले सञ्चालन गर्ने सम्भावित आयोजनाहरुको सूची **परियोजना बैंक (Project Bank)** तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५८. राष्ट्रिय गौरवका आयोजनाहरुको पहिचान तथा कार्यान्वयनमा रहेका आयोजनाहरु समयमै सम्पन्न गर्न केन्द्र सरकारसँग समन्वय गरी संविधानतः प्रदेशले प्राप्त गर्नुपर्ने योजना आयोजनाहरु प्रदेशमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।

२५९. सार्वजनिक खरिद प्रकृया समय सापेक्ष, प्रतिस्पर्धी, पारदर्शी, मितव्ययी, परिणाममुखी बनाउन **प्रादेशिक सार्वजनिक खरिद कानून** तर्जुमा गरी लागू गरिनेछ ।

२६०. प्रदेश सरकारको **सार्वजनिक सम्पत्ति संरक्षण, सम्वर्द्धन** गरी व्यवस्थित गर्न तथा सार्वजनिक खरिद कार्यको प्रभावकारी सहजीकरण गर्न प्रदेश लेखा नियन्त्रक कार्यालयलाई जिम्मेवार बनाइनेछ ।

२६१. आर्थिक मामिला, योजना तथा वित्तीय व्यवस्थापन सम्बन्धी आधारभूत कानूनहरु तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

२६२. उद्योग कलकारखाना सहज ढंगले सञ्चालन हुने वातावरण मिलाई स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ ।

२६३. कर्णाली प्रदेशको राजधानी सुर्खेत, सल्यान, जुम्ला लगायत अन्य उपयुक्त क्षेत्रमा **विशेष आर्थिक क्षेत्र** घोषणा गर्ने गराउने सम्बन्धमा नीतिगत मार्गदर्शन तथा अवधारणा पत्र तयार गरिनेछ ।

२६४. कर्णाली प्रदेशको विकास र समृद्धिको लागि प्राप्त गरिने विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी क्षेत्रमा परिचालन गर्न **कर्णाली प्रदेश विकास साझेदार मञ्च (Karnali Province Development Partners Forum)** गठन गरी कार्यान्वयनमा ल्याइने छ ।

२६५. कर्णाली प्रदेशको समृद्धिको खाका तयार गर्न सहायता सञ्चालन सम्बन्धी रणनीति तयार गरी कस्तो क्षेत्रमा सहायता स्वीकार गर्ने र कस्तो क्षेत्रमा आवश्यक नपर्ने भन्ने कुरा निर्धारण गरी विकास साझेदारहरुबाट प्राप्त सहायताको प्रभावकारी उपयोग गर्न नेपाल सरकारको स्वीकृतिमा विकास साझेदार कर्णाली सम्मेलन **(Development Partners Karnali Summit)** सञ्चालन गरिनेछ ।

२६६. स्वदेशी विदेशी लगानी आकर्षित गर्न तथा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न लगानीकर्ताहरुसँग **कर्णाली लगानी विशेष सम्मेलन (Karnali Investment Summit)** गरिनेछ ।

२६७. चालु खर्चलाई निश्चित सीमाभित्र आबद्ध गरी पुँजीगत खर्च गर्न सकिने योजनाहरुलाई प्राथमिकता दिई **प्रदेशको विकास र समृद्धिका लागि सघाउ पुग्ने आयोजनाहरुको पहिचान र सम्भाव्यता** अध्ययन गरिनेछ ।

२६८. प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने कर राजस्व तथा गैरकर राजस्वको दर, दायरा सम्भाव्यताबारे अध्ययन अनुसन्धान गर्न अर्थ मन्त्रालयको नेतृत्वमा विज्ञ समेत रहेको **कर्णाली प्रदेश राजस्व पहिचान समिति** गठन गरी सो मार्फत सुझाव प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

२६९. सबै स्थानीय तहमा कम्तिमा एक बैंक तथा वित्तीय संस्था अनिवार्य पुर्याउन र द्वन्द्व कालमा विस्थापित बैंकहरुलाई पुनर्स्थापन गराउने कार्य अघि बढाइनेछ ।

२७०. सहकारी तथा लघुवित्त संस्था सञ्चालन र नियमन नीति तयार गरी स्थानीय तहमा सञ्चालित बचत ऋण सहकारी र लघुवित्त संस्थाको नियमन गरिनेछ ।

२७१. प्रदेश स्तरीय प्रोफाइल तयार गर्न आवश्यक पर्ने तथ्याङ्कको संकलन, प्रशोधन र विश्लेषण गरी डाटाबेस तयार गर्न प्रादेशिक तथ्याङ्क कार्यालय र आवश्यक नीतिगत व्यवस्था मिलाइनेछ ।

**प्रदेश सभाः**

२७२. प्रदेश सभाको संस्थागत सुदृढीकरण तथा प्रदेश सभाका सदस्यहरुको ज्ञान, सीप र क्षमताको अभिवृद्धि गर्न आवश्यक तालिम, गोष्ठी र सेमिनार सञ्चालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएकोछु ।

**जनशक्ति, कार्यालय संगठन तथा व्यवस्थापनः**

**माननीय सभामुख महोदय,**

अब म कर्णाली प्रदेश सरकार सञ्चालनका लागि आवश्यक पर्ने संगठन संरचना तथा जनशक्ति बारेमा प्रस्तुत गर्न चाहन्छु ।

२७३. प्रदेशमा रहने मन्त्रालय अन्तर्गतका संगठनहरु सम्बन्धमा प्रदेशका योजना कार्यक्रम कार्यान्वयन गर्न नीति, कार्यक्रम कार्यान्वयन, आयोजना संचालन, कार्य विशेष संगठनात्मक संरचना स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।

२७४. नेपालको संविधानको धारा १९६ बमोजिम प्रदेश सभाको सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधा तथा धारा २२० को उपधारा ८ बमोजिम जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा एवं धारा २२७ बमोजिम गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधाका विषयमा तत्काल कानून बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ ।

२७५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नेतृत्वमा विज्ञ अनुभवी सदस्य समेत रहेको प्रदेश मन्त्रालयका कानून, लेखा, प्रशासन तथा प्राविधिक क्षेत्रका सदस्य रहने संगठन संरचना तथा व्यवस्थापन समिति गठन गरी एक महिनाभित्र प्रतिवेदन प्राप्त गर्ने व्यवस्था मिलाई सो आधारमा प्रदेशका कार्यान्वयन ईकाइ खडा गर्ने तथा नपुग कर्मचारी प्राप्त गर्ने व्यवस्था गरिनेछ ।

२७६. कर्णाली प्रदेश मुख्य न्यायाधिवक्ताको पारिश्रमिक सेवा सुविधा र कार्यालय व्यवस्थापनका लागि आवश्यक पर्ने रकम विनियोजन गरेको छु ।

२७७. कर्मचारीहरुलाई कामप्रति जिम्मेवार र जवाफदेही बनाउन कार्यविवरण तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

२७८. प्रदेशमा रहने कर्मचारीहरुलाई उत्प्रेरित र उच्च मनोबलयुक्त बनाउन अपनाउने उपाय तथा उपलब्ध गराउनुपर्ने सेवा सुविधाका सम्बन्धमा सुझाव पेश गर्न एक कार्यदल गठन गरी कार्यदलबाट प्राप्त सुझाव क्रमशः कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

२७९. प्रदेश निजामती सेवाको पदमा उपयुक्त उम्मेदवारहरु छनौट गरी सिफारिस गर्न कर्णाली प्रदेश लोक सेवा आयोगको गठन गरिनेछ ।

२८०. प्रथम बजेट भएको, नीतिगत तथा संस्थागत बन्दोबस्त स्पष्ट भइनसकेको, कार्यक्षेत्र र अधिकार बाँडफाँडको स्पष्टता भइनसकेको वर्तमान सन्दर्भमा चुनौतीका पहाडहरुको माझबाट प्रदेशको विकास समृद्धिको मार्गचित्र कार्यान्वयन सरोकारवाला सबै एकजुट भई अगाडि बढ्न सकियो भने निश्चय नै बजेटले परिलक्षित गरेका उपलब्धिहरु हात पर्ने छन् र हाम्रो उज्जवल भविष्यको बाटो तय हुनेछ ।

२८१. प्रदेशको विकास र समृद्धिमा साथ सहयोग पुर्याउनु हुने आम नागरिक, बुद्धिजीवि, विकास साझेदार, सरकारी गैर सरकारी सामुदायिक संघ संस्था, संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनका लागि सबैको खुला सहयोगको अपेक्षा गर्दछु ।

२८२. **हजारौं माइलको यात्रा प्रथम पाइलाबाट सुरु हुन्छ** भनेझै हाम्रो यात्रा पनि सोही अनुसार गर्न सकिने र साना कार्यबाट उचाइतर्फ अगाडि बढ्ने किसिमको भएकोले सबैको साथ र सहयोग भए निश्चय नै हामी गन्तव्यमा पुग्नेछौं । कर्णाली प्रदेशको यो पहिलो बजेट प्रदेश समृद्धिको कोशेढुङ्गा हुने कुरामा म विश्वस्त छु ।

**माननीय सभामुख महोदय,**

२८३. **अन्त्यमा,** प्रस्तुत बजेट तर्जुमा गर्न निर्देशन गर्नु हुने प्रदेश प्रमुख, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, माननीय मन्त्रीज्यूहरु, संसदीय दलका नेताज्युहरु, माननीय उपसभामुखज्यू लगायतप्रदेश सभाका माननीय सदस्यज्यूहरु, विभिन्न राजनीतिक दलका नेताज्यूहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट छलफलका क्रममा सुझाव दिनुहुने प्रदेश सरकारका प्रमुख सचिव तथा सचिवहरु, प्रदेश मन्त्रालय तथा निकायमा कार्यरत कर्मचारीहरु, वरिष्ठ विज्ञहरु, निजी क्षेत्र तथा नागरिक समाजका बुद्धिजीविहरु, सामाजिक संघ संस्थाहरु, पत्रकार तथा प्रदेशभित्र र प्रदेश बाहिर रहनु भएका दिदीबहिनी दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**(मितिः २०७५ वैशाख १३ गते विहीबार)**

**धन्यवाद ।**

# आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७४/७५ को बजेटका सन्दर्भमा प्रदेश सभामा उठेका प्रश्नहरुको जवाफ

१. प्रदेश सरकार गठन भएको धेरै समय भएको छैन । सरकार सञ्चालनका आधारहरु पनि तयार भइसकेका छैनन् । कानून र संरचना बनाउनुपर्ने आधारभूत काममा नै सरकार बढी केन्द्रित हुनुपरेको अवस्था छ । यसै परिवेशमा नेपाल सरकारले चालू आर्थिक वर्षको लागि प्रदेशलाई विनियोजित गरेको १ अर्ब २ करोड ५ लाखको बजेट ल्याइएको छ ।

२. यो बजेट छोटो अवधि अर्थात् समग्रमा चार महिनाको लागि आएको हो । त्यसमा पनि विकास निर्माण अर्थात् पूँजीगत खर्च गर्ने अवधिको हिसाबले अझै छोटो समय छ । हामीले चालू अर्थात् साधारण खर्च चार महिनाको नै गर्नुपर्ने भएकोले चालू खर्चमा रकम केही बढी देखिएकोतर्फ माननीयज्यूहरुको ध्यानाकर्षण गराउन चाहन्छु । त्यसका बावजुद प्रदेशसभा सचिवालय र मन्त्रालयहरुमा नेपाल सरकारबाट अख्तियारी दिइएको ४५ करोड मध्ये ३ करोड ४० लाख खर्च भएको छ भने चालूतर्फ जतिसक्दो खर्च नियन्त्रण गरेर ४३ करोड ८४ लाखमा खुम्च्याइएको छ । यसबाट प्रदेश सरकार खर्चमा मितव्ययिता कायम गर्ने कुरामा गम्भीर छ भन्ने प्रष्ट पार्न चाहन्छु ।

३. छोटो अवधिको र सानो आकारको बजेट भए पनि यो बजेट कर्णाली प्रदेश सरकारको पहिलो बजेट हो । यसर्थ यो बजेट हाम्रो लागि ऐतिहासिक छ । त्यसैले एउटा खाका, Vision Paper को रुपमा पनि यो बजेट आएको छ । कर्णाली प्रदेशको विकास र समृद्धिको एउटा मार्गचित्र (Roadmap) को रुपमा यो बजेट प्रस्तुत गरिएको छ । भविष्यको लागि यो बजेटले कर्णाली समृद्धिको लागि मार्गदर्शन गर्नसक्ने कुरामा म विश्वस्त छु ।

४. सरकारको नीति तथा कार्यक्रम बजेटको Guideline हो । नीतिमा आएका कार्यक्रमहरुमा आधारित भएर नै आवश्यक बजेट ल्याइएको छ । नीति तथा कार्यक्रमले प्राथमिकता दिएका क्षेत्रहरुलाई नै बजेटमा पनि प्राथमिकतामा राखेर बजेट विनियोजन गरिएको छ ।

५. बजेट वक्तव्यमा कतिपय समेट्नुपर्ने विषयहरु छुट हुन गएका छन् । प्राथमिकतामा पर्नुपर्ने विषय कम प्राथमिकतामा परेका पनि हुनसक्छन् । ती कुरालाई माननीयज्यूहरुसँग छलफल गरेर सम्भव भएसम्म यसै बजेटमा र सम्भव नभए आगामी बजेटमा सम्बोधन गरिने विश्वास दिलाउन चाहन्छु ।

६. यो बजेटको रकम कम छ । भएको बजेट पनि कार्यान्वयन गर्नका लागि प्रशस्त चुनौतीहरु छन्। हामीसँग कार्यान्वयन गर्ने निकाय वा संरचना र कानूनको पनि अभाव छ । तर यो बजेट आगामी बजेटको लागि एउटा आधारपत्र भने अवश्य हो । भोलीका दिनमा आगामी बजेट ल्याउदा यही दस्तावेजमा उभिएर अझै परिस्कृत बजेट ल्याईनेछ । यो बजेटमा ल्याइएका कतिपय योजना र कार्यक्रमलाई आगामी बजेटमा निरन्तरता दिइनेछ ।

७. बजेट र योजनामा कुनै आग्रह, पूर्वाग्रह, अन्याय, असन्तुलन र विभेद हुन नदिन गम्भीर सतर्कता अपनाइएको छ । केही असन्तुलन भएको महसुस माननीयज्यूहरुले गर्नुभएको छ भने त्यसलाई सच्याइनेछ भन्ने कुरामा पनि माननीयज्यूहरुसँग अनुरोध गर्दछु । पहिलो बजेट भएकोले केही कमी-कमजोरी रहेता पनि आगामी आ. व. को पूर्ण बजेटमा पूर्ण सचेतनता अपनाईने छ । तपाई हामी जनताका प्रतिनिधि भएकोले योजना प्रतिनिधिमूलक थलोमा गंभीरता र मर्यादित रुपमा जनताका सवाल उद्घघोष गर्नुभएकोमा माननीयज्यूहरुलाई सभामुख महोदय मार्फत धन्यवाद दिन चाहन्छु । काम गर्दा कमजोरी रहन सक्छ तर नियतवस माननीयज्यूहरुको भावनामा चोट पुग्ने काम भएको छैन र हुने पनि छैन ।

८. बजेट निर्माणका क्रममा माननीय सांसदज्यूहरु, विज्ञ, बुद्धिजीवि, स्थानीयतहका पदाधिकारीहरुको सल्लाह, सुझाव लिने काम भएकै हो । अर्थ र विषयगत मन्त्रालयहरुबाट योजना छनौटमा सकेसम्म माननीयज्यूहरुको सहभागिता बनाउने काम भएकोछ । सांसदहरुले सिफारिस गरेका योजनाहरु हराएका वा रद्दीको टोकरीमा फालिएका छैनन् । ती योजनाहरु सकेसम्म बजेटमा समावेश भएका छन् र रकम विनियोजन गरिएको छ । बजेट वक्तव्यमा सबै योजना आउन सम्भव थिएन र छैन पनि । वक्तव्यमा उल्लेख भएको रकम तिनै योजनाहरुको कूल रकम हो । सम्बन्धित मन्त्रालयमा त्यसको विवरण रहेकै छ र रातो किताबमा सबै कुरा प्रष्टरुपमा सम्बोधन हुने नै छन् ।

९. बजेट आर्थिक मामिला तथा योजना मन्त्रीले एक्लै बनाउने पनि होइन, विषयगत मन्त्रालयबाट पेश भएका कार्यक्रमहरुलाई समेटेर बजेट बनाइएको छ । प्रस्तावित योजनाहरुमा मन्त्री, सचिव सहित छलफल गरेर बजेट तर्जुमा गर्ने काम भएको हो भन्नेकुरा पनि स्पष्ट पार्न चाहन्छु । त्यसैले कतिपय कुरा विषयगत मन्त्रालयबाट पनि प्रष्ट हुने नै छन् ।

१०. बजेटका प्राथमिकता

- संविधान र संघीयता कार्यान्वयन, कानून र संरचना निर्माण ।
- संरचनागत र संस्थागत विकास अन्तर्गत लोकसेवा आयोग, योजना आयोग, पर्यटन प्राधिकरण जस्ता प्रदेशस्तरमा कार्यान्वयन इकाई गठन ।
- पूर्वाधार, कृषि, सामाजिक, पर्यटन, कर्णाली रारा पर्यटन वर्ष, जडीबुटी, खनिज र जलश्रोत ।

११. भैपरी अर्थात् एकमुष्ठ शीर्षकमा धेरै बजेट राखिएको विषय माननीयज्यूहरुले गम्भीररुपमा उठाउनुभएको छ । रकम बढी भएको कुरा स्वीकार गर्दछु तर यस्तो रकम राख्नुपर्ने आवश्यकता पनि छ । यतिबेला खर्च हुन नसक्ने हुदा धेरै रकम कोषमा नै राख्नुपर्छ भन्ने धेरै पक्षको सुझावको आधारमा पनि यो कुरामा अलि प्रेरित भएको अवस्था हो । प्रदेशस्तरका संरचना र कार्यान्वयन इकाई स्थापनाको लागि कानून निर्माण, छोटो अवधिमा कार्यान्वयन हुन सक्ने योजना, कार्यान्वयन गर्ने र खर्च गर्ने मन्त्रालयका योजनामा बजेट थप गर्नका लागि यो रकम राखिएको हो । यसमध्ये खासगरी पूँजीगत तर्फको सबै रकम खर्च गर्न सकिन्छ भने पनि मन्त्रालय तयार छ । काम गरौं, पूँजीगत खर्च बढाऔं तर गुणस्तर कायम गर्न र अनियमितता हुन नदिनेकुरामा हामी सबै सचेत बन्न जरुरी छ ।

१२. सम्भाव्यता अध्ययनलाई यस बजेटमा प्राथमिकतामा राखिएको छ । कतिपय योजनाको लागि बजेट तोकिएको छ भने कतिपय योजनाको सम्भाव्यता अध्ययन भैपरीको बजेटबाट गरिने छ । राष्ट्रिय गौरवका आयोजनाको सम्भाव्यताको लागि नेपाल सरकारसँग समन्वय गरिने छ ।

१३. यो बजेटमा नेपाल सरकारको ध्यानाकर्षण गराउनै पर्ने योजनाहरु पनि सूचीकृत गरिएको छ । दक्षिण देखि उत्तरका तीन नाका जोड्ने सडक, नाग्मा-रारा सडक कालोपत्रे, लुम्बिनी रारा मानसरोवर सर्किट, सुर्खेत-बर्दिया, सुर्खेत-कोहलपुर सुरुङ्गमार्ग, प्रादेशिक विमानस्थल, पेट्रोलियम अन्वेषण र भण्डारण लगायतका योजनाहरु राष्ट्रिय गौरवका आयोजनाको रुपमा नेपाल सरकारको ध्यानाकर्षण गराइएको छ ।

१४. सामाजिक सुरक्षालाई यो बजेटले प्राथमिकतामा राखेर महिला, दलित, ज्येष्ठ नागरिक, सुत्केरी हुन नसकेर जोखिमपूर्ण अवस्थामा रहेका महिला, सख्त घाईते र गम्भीर बिरामीका लागि Air Lifting को व्यवस्था गर्ने र दीर्घकालीनरुपमा Air Ambulance को व्यवस्था गर्न अध्ययन गरी कार्यान्वयन गरिने छ ।

१५. मन्त्रालयमा धेरै योजना तथा कार्यक्रमहरुको माग भई आएकोमा ती सबैलाई सम्भव भएसम्म सम्बोधन गर्ने कोसिस गरिएको छ ।

१६. मध्यपश्चिम विश्वविद्यालयको नाम परिर्वतन गर्नको लागि कानून बनाइने छ ।

१७. पहिलो पटक हरेक जिल्लाको कुनै एक स्थानमा Health Lab स्थापना गरिने र त्यसको नतिजा हेरेर क्रमशः सबै गाउँ/नगरपालिकामा पुर्याउने योजना रहेको छ ।

१८. अपर कर्णाली हाम्रो प्रदेशको गौरवको आयोजना भएकोले नेपाल सरकारसँग समन्वय गरी अघि बढाउन प्रयास गरिनेछ ।

१९. नलसिंगाड जलविद्युत आयोजनामा जनताको लगानीलाई प्राथमिकता दिई संघ र प्रदेश सरकारले कार्यान्वयन गर्ने गरी अघि बढाउने सरकारको सोच रहेको छ । भेरी बबई डाइभर्सन, बेतन कर्णाली, फूकोट कर्णाली, तिला, जगदुल्ला, छेडा लगायत योजनाहरुलाई सम्बोधन गरिएकै छ ।

२०. बजेट लागू भइसकेपछि कतिपय विषयहरुमा केही भ्रमहरु पनि फैलाइएको छ । जस्तो जमुनाहा कोहलपुर सुर्खेत देखि माथिल्लो डुङ्गेश्वर दुल्लु भैरवी कुसापानी-न्याउली दहचौर हुँदै गमगढी नाक्चे लाग्ना-प्रादेशिक गौरवको आयोजना कटाएर अन्यत्र दिएको प्रचार गरिएको छ । यो योजनामा ३ करोड ५० लाखको टेण्डर भइसकेको छ । यो प्रदेश सरकारको प्राथमिकताको द्रुतमार्ग आयोजना हो ।

२१. लुम्बिनी रारा पर्यटन सर्किट(दाङ-सल्यान, रुकुम, चौरजहारी, जाजरकोटचाँदे-जुम्ला (सुरुङमार्ग) तातोपानी, कालिकोट, मुगु रारा पुग्ने अवधारणा अघि सारिएको छ ।

२२. रुकुम राडी देखि खदिगोतामसम्मको सडक, जाजरकोटको १ र २ नं. क्षेत्रबाट जुम्ला जोडने सडक, डोल्पाबाट मुस्ताङ र जाजरकोट जोड्ने सडक, कालिकोट, मुगु हुम्ला जोड्ने सडक, दैलेख, जुम्ला, सल्यान, सुर्खेतबाट विभिन्न जिल्ला र क्षेत्रहरु जोड्ने महत्वपूर्ण सडकहरु र अन्य भौतिक पूर्वाधारका योजनाहरुको बारेमा माननीयज्यूहरुले गम्भीरतापूर्वक ध्यानाकर्षण गराउनु भएको छ । नेपाली भाषाको

उद्‌गमस्थल सिंजामा संग्रहालय र त्यहाँका पाण्डव गुफा, कनकासुन्दरी, केदारनाथ लगायत धार्मिक स्थलहरुको सवाल, मगर संग्रहालय तथा मान्मचुली केवुलकार र नाक्चे लाग्ना जोड्ने वैकल्पिक छोटो मार्ग जस्ता विषय पनि सदनमा उठेकोमा यतातर्फ पनि सरकारको ध्यान गएको छ ।

२३. माननीयज्यूहरुले सदनमा प्रवेश गराएका खासगरी भौतिक पूर्वाधारका योजनाहरु सूचीकृत गरिएको छ र आवश्यक कारवाही अघि बढाइने कुरामा विश्वास दिलाउन चाहन्छु ।

२४. दलितका लागि दलित नमूना बस्ती कार्यक्रम तथा महिला, दलित, अपांगता भएकाहरुका लागि रोजगारमूलक, चेतनामूलक र आयमूलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ । छुवाछूतमुक्त क्षेत्र, महिला हिंसामुक्त क्षेत्र घोषणा गर्ने कुरामा पनि सरकारको ध्यान गएको छ ।

२५. कार्यदल गठन गरी बाढीपीडितहरुको आवश्यक तथ्यांक संकलन गरी राहत तथा पुनर्स्थापना गर्ने कार्यव्यवस्थित रुपमा कार्यान्वयन गरिने छ ।

२६. प्रत्येक निर्वाचन क्षेत्रलाई आधार बनाएर माननीयज्युहरुले सिफारिस गरेका, कार्यान्वयन हुन सक्ने योजनाहरुमा आवश्यक बजेट विनियोजन गरिएकै छ । खर्च गर्न सक्ने आवश्यक बजेट भैपरी आउने रकम मध्येबाट थपगरि कार्यान्वयन गर्न सकिनेछ ।

२७. सरकारले माननीयज्यूहरुलाई मुटु माथि ढुंगा राखियी बजेट पास गर्नुपर्ने वाध्यतामा पुर्याइने छैन । तपाईहरुले यो सदनमा उठाएका सबै विषय सरकारले रेकर्ड राखेको छ । यहाँ प्रस्तुत भएका केही विषयहरु यही बजेटमा समेटिएकाछन्, जो भोली रातो किताबले बोल्ने छ । धेरै महत्वका योजना र कार्यक्रमका बारेमा तपाईहरुले यो सदनमा उठाएका विषयहरुलाई कार्यान्वयनको अवस्था र बजेटको सिमाभित्र रहेर हामी हार्दिकता साथ सम्बोधन गर्नेछौं र अहिले सम्बोधन गर्न नसकिने योजनाहरुलाई आगामी बजेटमा निश्चित मापदण्डका आधारमा सम्बोधन गरिनेछ ।

२८. आगामी बजेट निर्माणपूर्व संसदमा, संसदीय समितिमा, जिल्ला जिल्लामा व्यापकरुपमा पूर्व बजेट छलफल भई परिपक्व रुपमा बजेट आउने विश्वास दिलाउँदछु ।

२९. सत्तापक्ष र प्रतिपक्षका सबै माननीयज्यूहरुले सर्वसम्मतरुपमा यो बजेट पारित गरी कर्णाली प्रदेशको समृद्धिको यात्रामा सँगसँगै अघि बढ्ने अभियानमा सहयोग गर्ने कुरामा म विश्वस्त छु ।

**धन्यवाद ।**

# आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०७५ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु

**माननीय सभामुख महोदय,**

१. आज म विकास र समृद्धिको पर्खाइमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको गौरवशाली इतिहास बोकेको कर्णाली प्रदेशको अर्थमन्त्रीको हैसियतले आगामी आर्थिक वर्ष २०७५।०७६ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएको छु ।

२. कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा कर्णाली प्रदेश सभा नियमावली, २०७४ मा भएको कानूनी व्यवस्था अनुरुप विनियोजन विधेयक, २०७५ मा समावेश हुने सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु प्रदेश सभामा छलफलका लागि पेश गर्न चाहन्छु ।

३. गरिबी, अशिक्षा, असमानता, बेरोजगारी, सामाजिक पछौटेपनको अन्त्य गरी प्रदेशको बहु-आयामिक विकासको यात्रा मार्फत समृद्धितर्फ प्रस्थान गर्नु अहिलेको आवश्यकता हो ।

४. प्रदेशको आफ्नै भरपर्दो राजश्व स्रोत नभएको, संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान प्राप्त भइनसकेको हुँदा प्रदेशको अनुमानित राजश्व तथा नेपाल सरकारबाट प्राप्त भएको राजश्व बाँडफाँड तथा वित्तीय समानीकरण अनुदान नै विनियोजन बजेटको आकार हुनेछ ।

५. प्रदेशले उठाउने कर तथा गैरकर राजश्वबाट नगन्य राजश्व प्राप्त हुने हुँदा प्रदेशभित्र राजश्वका क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धिका लागि आवश्यक कानून निर्माण गरी कार्यान्वयन गर्नु पर्नेछ ।

**माननीय सभामुख महोदय,**

यस सम्मानित सदन समक्ष विनियोजन विधेयक,२०७५ का सिद्धान्तहरुको बारेमा प्रस्तुत गर्न चाहन्छु ।

६. तीनै तहका सरकारबीच सहकारिता, सहअस्तित्व र समन्वय रहने संवैधानिक मान्यता अनुरुप बजेट तर्जुमा तथा कार्यान्वयनको सिद्धान्त अबलम्बन गरिनेछ ।

७. नागरिकको मौलिक हक कार्यान्वयन गर्ने, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुको क्रमशः कार्यान्वयन गर्ने मान्यता अनुरुप विनियोजन विधेयक तयार गरिनेछ ।

८. प्रदेशमा उपलब्ध सीमित स्रोत साधनलाई मितव्ययी ढंगले उपयोग गर्न खर्च मितव्ययिताको सिद्धान्त अवलम्बन गरिनेछ ।

९. बजेट प्रणालीमा विनियोजन दक्षता कायम गर्न प्रतिफलयुक्त र प्रभावकारी आयोजनाहरुमा बजेट विनियोजन गर्ने सिद्धान्त अवलम्बन गरिनेछ ।

१०. अभाव, अशिक्षा, भोकमरी, गरिबी, बेरोजगारी, पछौटेपन, सीमान्तीकरण, बञ्चितीकरण, विभेदीकरण एवं सामाजिक कूरीतिका चक्रब्यूहलाई तोड्न विधेयक निर्देशित हुनेछ ।

११. सार्वजनिक-निजी-सहकारी, सामुदायिक र गैरसरकारी क्षेत्रको परिचालन गर्दै स्थानीय स्रोत साधन र सीपको उपयोग गर्नेतर्फ विकासको ढाँचा निर्देशित हुनेछ ।

१२. समाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला निर्माणको सैद्धान्तिक जगमा उभिएर विनियोजन विधेयक प्रस्तुत गरिनेछ ।

१३. सामाजिक पूँजी विकास र भौतिक पूर्वाधार विकासका सवालमा केन्द्रित भई सन्तुलित र न्यायोचित विकास गर्नेतर्फ आगामी बजेट परिलक्षित हुनेछ ।

१४. संविधानमा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारका सूची, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारद्वारा स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेख भएका व्यवस्था र मापदण्ड अनुरुप प्रदेश सरकारबाट सम्पादन गर्नुपर्ने कार्यक्रम तथा आयोजनामा रकम विनियोजन गरेपछि मात्र नयाँ योजनाहरुमा रकम विनियोजन गरिनेछ ।

१५. प्रदेश सरकारका नीतिगत तथा संस्थागत सुधारका विषयहरु, आर्थिक वर्ष २०७४/०७५ का परिलक्षित मार्गदर्शन, प्रदेश सभा सदस्यको निर्वाचनको लागि जनअनुमोदित चुनावी साझा घोषणापत्र, संविधानप्रदत्त समाजवाद उन्मुख आर्थिक प्रणाली विनियोजन विधेयकका मार्गदर्शन हुनेछन् ।

**माननीय सभामुख महोदय,**

१६. संघीय सरकारबाट हस्तान्तरण हुनुपर्ने आयोजना, कार्यक्रम, संरचना र जनशक्ति हस्तान्तरण भई नसकेको अवस्था रहेकाले आर्थिक वर्ष २०७४/०७५ को बजेट यस सभामा पेश गर्दा उल्लेख गरेका उद्देश्यहरु यद्यपी सान्दर्भिक नै रहेका हुँदा ती उद्देश्यहरुप्रति प्रतिबद्ध रहँदै यस विनियोजन विधेयक, २०७५ का उद्देश्यहरु निम्नानुसार रहेको ब्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

- गरिबी न्यूनीकरण गर्ने,
- आर्थिक, सामाजिक असमानता न्यूनीकरण गर्ने,
- भौतिक पूर्वाधारको विकास गर्ने,
- शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा जनताको पहुँच स्थापित गर्ने,
- दक्ष जनशक्ति उत्पादन तथा मानव संशाधनको प्रभावकारी उपयोग गर्ने,
- भ्रष्टाचार नियन्त्रण, जनमूखी प्रशासन र सुशासन कायम गर्ने,
- प्रभावकारी शान्ति सुरक्षा कायम गर्ने,
- कृषिको व्यावसायीकरण, विविधीकरण तथा आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- प्रदेशको कार्यक्रम सञ्चालन गर्न संस्थागत संरचना स्थापना गरी कार्यान्वयन गर्ने,
- पर्यटन प्रवर्द्धनद्वारा आय आर्जन तथा रोजगारी सिर्जना गर्ने,
- प्रदेशको दिगो तथा सन्तुलित विकासद्वारा आर्थिक समृद्धि हासिल गर्ने,

**माननीय सभामुख महोदय,**

१७. अब म आर्थिक वर्ष २०७५/०७६ का विनियोजन विधेयकका प्राथमिकताहरुलाई यस सम्मानित सदन समक्ष प्रस्तुत गर्न चाहन्छु ।

- सडक, जलस्रोत, उर्जा, खानेपानी, सिँचाई, सूचना प्रविधि जस्ता भौतिक पूर्वाधार
- कृषि, सहकारी, अर्गानिक उत्पादन तथा भूमिसुधार,
- शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास,
- पर्यटन तथा उद्योग,
- जडीबुटी, वन र वातावरण,
- शान्ति सुरक्षा,
- मानव स्रोत व्यवस्थापन,

१८. प्रदेश सभाका माननीय सदस्यज्यूहरुबाट व्यक्त सुझावहरुलाई प्राथमिकतामा राखिने,

**सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०७५/०७६ को बजेटले अंगीकार गर्ने प्रमुख नीतिहरुको बारेमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१९. शिक्षा, स्वास्थ्य, रोजगारी, पर्यटन, पूर्वाधार विकास, कृषि एवं सहकारिताको माध्यमबाट गरिबी निवारण उन्मूख कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२०. प्रदेशभित्रको यातायात व्यवस्थालाई प्रभावकारी र सहज बनाउन आवश्यक स्थानहरुमा फराकिलो र गुणस्तरीय सडक, सुरुङमार्ग, रज्जुमार्ग, केबलकार जस्ता पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गरी निर्माण गर्ने र कार्यान्वयनमा ल्याउने नीति लिइनेछ ।

२१. जलस्रोतको बहुउद्देश्यीय अध्ययन, अनुसन्धान, निर्माण तथा उपयोगका लागि उपाय अवलम्बन गरिनेछ ।

२२. प्रदेश अन्तर्गतका सबै जिल्लामा स्वच्छ खानेपानी तथा आधारभूत सरसफाइको भरपर्दो व्यवस्था मिलाउन उपयुक्त व्यवस्था मिलाइनेछ ।

२३. आधुनिक प्रविधिका माध्यमबाट कृषियोग्य भूमिमा सिँचाई सुविधा पुर्याउने नीति लिइनेछ ।

२४. स्थानीय तहसँग समन्वय गरी अनिवार्य रुपमा आधारभूत शिक्षाको प्रत्याभूति गर्न, शिक्षामा सबैको पहुँच स्थापित गरी माध्यामिक तहको शिक्षामा गुणस्तरीयता प्रवर्द्धन गर्न नीतिगत तथा संस्थागत व्यवस्था गरिनेछ ।

२५. "गुणस्तरयुक्त शिक्षा र शैक्षिक पूर्वाधार : प्रदेश समृद्धिको आधार" भन्ने नाराका साथ व्यावहारिक तथा विकासमूखी एवं जीवनोपयोगी, व्यावसायिक तथा प्राविधिक शिक्षाको विकास गर्दै कर्णाली प्रदेशलाई शैक्षिक हबको रुपमा विकास गरिनेछ ।

२६. सडकको पहुँच नभएका गाउँपालिका र नगरपालिकालाई सहज पहुँच पुर्याउन पहिलो प्राथमिकता दिइनेछ ।

२७. "स्वस्थ नागरिक : समृद्ध प्रदेश" भन्ने अभियानका साथ आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच स्थापित गरिनुका साथै कर्णाली प्रदेशमा स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रुपमा लागू गरिनेछ ।

२८. आदिवासी जनजाति, दलित, महिला, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मूख, पिछडिएका वर्ग, समुदाय, ज्येष्ठ नागरिक, अपांगता भएका नागरिकको सामाजिक सुरक्षा, संरक्षण, संवर्द्धन गर्न लैंगिकमैत्री तथा सामाजिक समावेशीकरणको नीति अंगीकार गरिनेछ । गरिबमैत्री र सामाजिक सुरक्षा कार्यक्रम लागू गरिनेछ ।

२९. "स्वस्थ जीवनको आधार : खेलकुद विकास" का लागि खेलकुद विकास तथा जनशक्तिको सीप एवं अनुभव उपयोग गर्ने उपयुक्त नीति लिइनेछ ।

३०. "मर्यादित श्रम : सम्मानित श्रमिक" भन्ने नारालाई प्रदेशबाटै कार्यान्वयन गर्ने नीति अंगीकार गरिनेछ ।

३१. खाद्य सुरक्षा उन्मुख दिगो प्रांगारिक कृषिका आधारहरु खडा गरी कृषि क्षेत्रलाई आत्मनिर्भर, व्यावसायीकरण एवं आधुनिकीकरण गरी कृषि पेशालाई प्रदेश समृद्धिको मुख्य आधारको रुपमा अगाडि बढाइनेछ ।

३२. अर्गानिक प्रदेशको अवधारणालाई कार्यान्वयनमा लैजान व्यवस्था मिलाउनुका साथै रैथाने बालीको संरक्षण र संवर्द्धन तथा किसानद्वारा उत्पादित वस्तुको मूल्य निर्धारण नीति अवलम्बन गरिनेछ ।

३३. भूमिहीन, सुकुम्बासी, द्वन्द्वपीडित, बाढीपीडित, अव्यवस्थित तथा जोखिमयुक्त बसोबास लगायत भूमि सम्बन्धी सबै प्रकारका समस्याहरु सम्बोधन गर्न वैज्ञानिक भू-उपयोग नीति तयार गरी सुरक्षित, आधुनिक र व्यवस्थित बसोबासको व्यवस्था गरिनेछ ।

३४. "समृद्ध कर्णालीका लागि सहकारी" अभियान मार्फत कम्युनिटी फार्मिङ्ग मार्फत उत्पादकत्व वृद्धि र श्रमको सदुपयोग गर्ने तथा उत्पादन र रोजगारीका अवसरहरु सृजना गरी निर्वाहमुखी जीवन पद्धतिलाई व्यवसायमुखी तथा विकासमुखी तुल्याइनेछ ।

३५. अर्थतन्त्रको प्रमुखको आधारको रुपमा पर्यटन क्षेत्रको संरक्षण, सम्वर्द्धन र प्रभावकारी उपयोग गर्ने नीति लिइनेछ ।

३६. खानी, खनिज, ग्याँसको उच्च उपलब्धताको सम्भावनालाई मध्यनजर गरी पहिचान, उत्खनन्, अन्वेषण तथा उपयोग तथा जडीबुटीको उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरणका लागि उपयुक्त उपाय अवलम्बन गरिनेछ ।

३७. लगानीमैत्री वातावरण सृजना गरी साना तथा घरेलु उद्योग प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

३८. वन, वनस्पति, वन्यजन्तु, संरक्षित क्षेत्र तथा जलाधारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरी वातावरणीय सन्तुलन कायम गर्न उपयुक्त कदम चालिनेछ ।

३९. प्रदेशको राजस्व बढाउन करका दर र दायरा स्पष्ट गरिनेछ ।

४०. विकासको दृष्टिले पछि परेका क्षेत्रलाई योजना र बजेट विनियोजनमा उच्च प्राथमिकता दिने नीति लिइनेछ ।

४१. प्रदेशको अधिकार तथा कार्यक्षेत्रलाई दिगो रुपमा कार्यान्वयन गर्न आवधिक तथा दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

४२. सरकारी कारोबारलाई पारदर्शी बनाउन सार्वजनिक र सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई जस्ता माध्यमबाट आर्थिक अनुशासन र वित्तीय अनुशासन प्रवर्द्धन गरिनेछ ।

४३. अनुत्पादक तथा स-साना योजनाहरुमा रकम छर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।

४४. प्रदेश भित्र संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका कार्यक्रम तथा आयोजनामा दोहोरोपना नपर्ने गरी सन्तुलित रुपमा बजेट विनियोजन गरिनेछ ।

४५. विकास निर्माणमा स्थानीय तहसँग लागत सहभागिता र साझेदारीमा संचालन हुने योजनालाई प्राथमिकता दिने नीति अंगिकार गरिनेछ ।

४६. स्थानीय तहलाई जनशक्ति र साधनश्रोत सम्पन्न बनाउने नीति लिइनेछ ।

४७. प्रदेशस्तरीय परियोजनाहरु पहिचान गरी प्राथमिकतापूर्ण ढंगले कार्यान्वयन गर्न परियोजना बैंक (Project Bank) तयार गरिनेछ ।

४८. विपद व्यवस्थापनको दीर्घकालीन रणनीति तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ ।

४९. "समृद्धिको लागि शान्ति सुरक्षा, सुरक्षित प्रदेश जनअपेक्षा" भन्ने नारालाई अभियानात्मक कार्यक्रम मार्फत सार्थक तुल्याइनेछ ।

५०. प्रविधियुक्त प्रदेश प्रहरीको लागि सशक्तीकरण, सबलीकरण गर्दै अभियानमुखी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

५१. डिजिटल कर्णाली प्रदेशको अभियानलाई मूर्त रुप दिन सूचना प्रविधि सम्बन्धी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

५२. मिडिया क्षेत्रलाई मर्यादित, वैज्ञानिक र व्यवसायिक बनाई व्यवस्थित गर्न आवश्यक कार्यक्रम कार्यान्वयनमा ल्याउने नीति लिइनेछ ।

५३. अव्यवस्थित बसोबास सम्बोधन गर्ने, एकीकृत बस्ती विकास गर्ने एवंनदी नियन्त्रण तथा तटबन्धन गर्ने नीति लिइनेछ ।

५४. साविकमा नेपाल सरकारबाट संचालन हुँदै आएका हाल प्रदेश सरकारमा हस्तान्तरण भई आएका तथा प्रदेश सरकारले बहन गर्नुपर्ने अनिवार्य दायित्वका विषयहरु प्रमुख प्राथमिकतामा राखी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

**माननीय सभामुख महोदय,**

प्रदेशसभा समक्ष प्रस्तुत गरिएको विनियोजन ऐन, २०७५ को सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीति उपर माननीय सदस्यज्यूहरुबाट घनिभूत रुपमा छलफल भई रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छु । प्रदेश सरकारले प्रस्तुत गर्ने आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम एवं माननीय सदस्यज्यूहरुबाट प्राप्त हुने सुझावहरुलाई बजेट मार्गदर्शनको रुपमा लिइने प्रतिवद्धता व्यक्त गर्दछु ।

**धन्यवाद ।**

# आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्य

**माननीय सभामुख महोदय,**

१. आज म विकास र समृद्धिको व्यग्र प्रतीक्षामा रहेको कर्णाली प्रदेशको प्रदेश सभाको गरिमामय सदनमा आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले आर्थिक वर्ष २०७५/०७६ को अनुमानित आय व्ययको विवरण (बजेट) प्रस्तुत गर्न उपस्थित भएको छु । संविधान र संघीयता कार्यान्वयनको क्रममा प्रदेश सभा र प्रदेश सरकार गठन पश्चात सार्वभौम कर्णाली प्रदेश सरकारको पहिलो ऐतिहासिक पूर्ण बजेट जनताको प्रतिनिधिमूलक यो गरिमामय सदनमा प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

२. लोकतन्त्र, राष्ट्रियता र नागरिक अधिकार प्राप्तिको लागि भएको जनआन्दोलन र जनक्रान्तिमा आफ्नो जीवन बलिदान गर्नु हुने महान सहिदहरू तथा यस प्रदेशको स्थापनार्थ भएको संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने वीर सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै सम्पूर्ण घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

३. राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सबै अग्रजहरूप्रति हार्दिक आदर सम्मान प्रकट गर्दछु । श्रद्धेय अग्रजहरू, विद्वान वर्ग, न्यायप्रेमी जनसमुदायले आफ्नो ठाउँबाट योगदान नगरेको भए आज हामी हाम्रो मातृभूमिमा यस प्रकारले उपस्थित हुन सक्ने थिएनौं । तसर्थ उहाँहरू सबै प्रति हार्दिक नमन गर्दछु ।

४. हामीले कर्णाली प्रदेशको समृद्धि र प्रदेशबासीको हितको लागि सहमति र सहकार्यको गन्तव्यमा एकाकार हुने संस्कृतिको अभ्यास गरिरहेका छौं । यसै असल संस्कृतिका कारण सबभन्दा पहिले प्रदेशको नामकरण र राजधानी तोक्न सफल भएको विषय मुलुकमै उदाहरणीय हुन पुगेको कुरा सम्मानित सदन समक्ष स्मरण गर्न चाहन्छु । विगतका त्याग, बलिदान र असल अनुभवबाट मार्ग निर्देशित हुँदै कर्णाली प्रदेशको समृद्धिको मार्गचित्रको रुपमा स्वाभिमानी कर्णालीबासी सामु यो बजेट प्रस्तुत गरिरहँदा आजको गरिब प्रदेशलाई भोलिको समृद्ध प्रदेशमा रुपान्तरण गर्ने संकल्प बोध भइरहेको छ ।

५. **'गाउँगाउँमा सिंहदरवार, घर घरमा प्रदेश सरकार'** भन्ने उद्घोषका साथ कर्णाली प्रदेशको श्रमशील जनशक्तिलाई पुँजीमा बदल्दै न्याय र सामाजिक रुपान्तरण सहित समृद्ध कर्णाली प्रदेश निर्माण हाम्रो लक्ष्य रहेको कुरामा फेरी पनि जोड दिन चाहन्छु ।

६. हामी संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि 'समृद्ध नेपाल, सुखी नेपाली' को नारालाई आत्मसात गर्दै 'समृद्ध कर्णाली, सुखी कर्णालीबासी' को दीर्घकालीन उद्देश्य अनुरुप समतामूलक समाज निर्माण गर्दै समाजवाद तर्फको यात्रामा अघि बढिरहेको कुरा स्मरण गर्दछु ।

**माननीय सभामुख महोदय,**

अब म प्रदेशको विद्यमान अवस्थालाई बुँदागत रुपमा प्रस्तुत गर्दछु

७. विकास र समृद्धिको अतुलनीय सम्भावना बोकेको यो प्रदेश विकासका दृष्टिले अन्य प्रदेशहरूको दाँजोमा पछाडि रहेको छ । ५४ ओटा गाउँपालिका र २५ ओटा नगरपालिका सहित ७९ स्थानीय तह रहेको यो प्रदेश आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय र भौगोलिक विविधताका साथै जल, जंगल, जमिन तथा जडीबुटीको सम्भावित उत्पादन क्षमताका दृष्टिले उच्च स्थानमा रहेको छ ।

८. मुलुकको करिब २१ प्रतिशत भू-भाग ओगटेको सबैभन्दा ठूलो यो प्रदेशको जनसंख्या पछिल्लो जनगणना वर्ष २०६८ अनुसार करिब ६ प्रतिशत अर्थात १५ लाख ७० हजार रहेको छ ।

९. साक्षरताको हिसाबले पनि कर्णाली प्रदेश निकै पछाडि रहेको छ । देशको औषत साक्षरता दर ६५.९५ प्रतिशत हुँदा यस प्रदेशको साक्षरता दर ५८.२५ प्रतिशत मात्र रहेको छ ।

१०. यसै गरी मुलुकको प्रतिव्यक्ति वार्षिक औषत आय अत्यन्तै कम अर्थात ११६० अमेरिकी डलर (करिब एक लाख बाह्र हजार रुपैयाँ) रहेको अवस्थामा यस प्रदेशको प्रतिव्यक्ति आय सो भन्दा पनि ज्यादै कम अर्थात ८०६ अमेरिकी डलर (करिब पचासी हजार रुपैयाँ) रहेको कुरा स्मरण गराउन चाहन्छु ।

११. यो प्रदेश आर्थिक र सामाजिक परिसूचकमा राष्ट्रिय औषत भन्दा न्यून मात्र होइन, कूल गार्हस्थ उत्पादनको योगदानमा समेत पछाडि रहेको छ । कूल गार्हस्थ उत्पादनमा यस प्रदेशको योगदान ३.९ प्रतिशत मात्र रहेको छ ।

१२. प्रदेशको आधाभन्दा बढी जनसंख्या निरपेक्ष गरिबीको पीडामा बाँचिरहेको अवस्था एकातिर छ भने मुलुकमा गरिबीको जनसंख्या करिव २५.५ प्रतिशत रहेकोमा यस प्रदेशको गरिबी प्रदेश जनसंख्याको तुलनामा ५१.८ प्रतिशत रहनुले गरिबीको भयावह तस्विर स्पष्ट गर्दछ ।

१३. मुलुकको औषत मानव विकास सूचकाङ्क ०.४९० हुँदा यस प्रदेशको सूचक ०.४११ मात्र रहनु निश्चय नै मानव विकास सूचक धेरै कमजोर रहेको कुरा स्पष्ट हुन आउँछ ।

१४. यस प्रदेशका नागरिकको औषत आयु करिब ६० वर्ष रहेको छ, जबकि समग्र देशका नागरिकको औषत आयु ७१ वर्ष छ ।

१५. आर्थिक दृष्टिले सक्रिय जनशक्ति बढी भए पनि यसको उचित व्यवस्थापन र रोजगारी सिर्जना गर्न नसक्दा उर्जाशील जनशक्ति भारतका विभिन्न स्थान, खाडी मुलुक र मलेसियामा जोखिमपूर्ण काममा न्यून स्तरको पारिश्रमिक लिई आफ्नो श्रम बेच्न बाध्य छन् । यसरी उर्जाशील जनशक्तिको पलायनताले एकातिर हाम्रो कृषि तथा खेतीयोग्य उर्बर भूमि उजाड बनेका छन् भने अर्कोतर्फ गाउँघर बालबालिका, वृद्ध तथा अशक्तहरूको थलो बन्न पुगेको छ । यसबाट एकातिर आवश्यक उत्पादनशील जनसंख्याको अभाव हुन गएको छ भने अर्कोतिर सामाजिक, सांस्कृतिक सन्तुलन खल्बलिने र विदेशी मुलुकमा पसिना बगाई आर्जन गरेको ठूलो रकम अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ ।

१६. प्रदेशका उर्जाशील युवा जनशक्तिलाई सीपयुक्त र दक्ष बनाई कृषि, पर्यटन, उद्योग तथा उत्पादनका विविध क्षेत्रमा उपयोग गर्न सके रोजगारी, स्वरोजगारीको अवस्था सिर्जना भई आत्मनिर्भर र समृद्ध प्रदेशको रुपमा चिनाउन सफल हुन सक्ने देखिन्छ ।

१७. उपरोक्त परिवेशमा सीमित स्रोत साधनबाट धेरै आवश्यकता सम्बोधन गर्नुपर्ने यो बजेट सामाजिक रुपान्तरण, आर्थिक विकास र कर्णाली प्रदेश समृद्धिको आधारशीला बन्ने विश्वास लिएको छु ।

**माननीय सभामुख महोदय,**
अब म यस सम्मानित सदन समक्ष आर्थिक वर्ष २०७५/७६ को बजेटका उद्देश्य र प्राथमिकताहरू प्रस्तुत गर्न चाहन्छु ।

**उद्देश्यहरू**

१८. बजेटको मूलभूत उद्देश्य प्रदेशको विकास र समृद्धिको यात्रा सुनिश्चित गरी समाजवादको बाटो तय गर्नु हो । यसका लागि निम्नलिखित उद्देश्य अङ्गीकार गरिएको छः
- आर्थिक तथा सामाजिक असमानता र विभेदको अन्त्य गर्दै समृद्धि हासिल गर्ने,
- सहज जीवनयापन र आर्थिक समृद्धिका लागिभौतिक पूर्वाधारको विकास गर्ने,
- मानव अधिकार संरक्षण तथा सामाजिक न्यायको प्रवर्द्धन गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा नागरिकको सहज पहुँच स्थापित गरी दक्ष जनशक्ति उत्पादन एवं प्रभावकारी रुपमा परिचालन गर्ने,
- कृषिको व्यावसायीकरण, विविधीकरण तथा आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि एवं खाद्य सुरक्षा सुनिश्चित गर्दै आत्मनिर्भरतातर्फ उन्मुख हुने,
- पर्यावरणमैत्री र प्राङ्गारिक प्रदेशको रुपमा विकास गर्ने,
- भ्रष्टाचार नियन्त्रण, जनमुखी प्रशासन र सुशासन कायम गर्ने ।

**माननीय सभामुख महोदय,**

१९. उपरोक्त उद्देश्य प्राप्तिका लागि देहायका विकासका प्राथमिकताहरू निर्धारण गरेको छु :
- सडक, यातायात, जलस्रोत, उर्जा, खानेपानी, सहरी पूर्वाधार, सिंचाई, सूचना, सञ्चार तथा प्रविधि जस्ता विकासका भौतिक पूर्वाधारहरूको विकास गर्ने,
- कृषि, वन, जडीबुटी, पर्यटन र उद्योग क्षेत्रको विकास गर्ने,
- शिक्षा, स्वास्थ्य, खेलकुद लगायतका सामाजिक क्षेत्रको विकास गर्ने,
- शान्तिसुरक्षा तथा अत्यावश्यक सार्वजनिक सेवा प्रवाहको गुणस्तरमा अभिवृद्धि गरी नागरिकलाई अनुभूति हुने किसिमको सुशासन प्रदान गर्ने,
- मानव स्रोत विकास गर्ने,
- कानून निर्माण गर्ने,
- कर्णाली प्रदेशको सामग्रिक विकास योजना मार्गचित्र तयार गर्ने ।

**माननीय सभामुख महोदय,**

२०. बजेटका उल्लिखित उद्देश्य प्राप्तिका लागि निर्धारण गरिएका प्राथमिकतालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि संघीय र स्थानीय सरकारसँग प्रभावकारी समन्वय र साझेदारी गर्ने व्यवस्था मिलाइने छ । उपलब्ध पूँजी, सीप र क्षमताको सदुपयोग गर्न सहकारी र निजी क्षेत्र लगायत अन्य विकास साझेदारहरूसँग सहकार्य गरिने छ ।

**माननीय सभामुख महोदय,**

अब म बजेटका नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**भौतिक पूर्वाधार**

२१. प्रदेशको विकासमा प्रत्यक्ष प्रभाव पार्ने विकासका भौतिक पूर्वाधारहरू सडक, यातायात, उर्जा, जलस्रोत, सिंचाई, खानेपानी, नदी कटान नियन्त्रण तथा तटबन्ध, मोटर पुल, झोलुङ्गे पुल आदिको पहिचान र पूर्वसम्भाव्यता÷सम्भाव्यता अध्ययन गरी उपयुक्त ठहरिएका योजनाहरूको प्राथमिकताक्रम निर्धारण गरी कार्यान्वयनमा लगिने व्यवस्था मिलाइने छ ।

**सडक**

२२. हुम्ला र डोल्पा जिल्लालाई प्रदेश र राष्ट्रिय सडक सञ्जालमा आबद्ध गरी यातायात सहज गराउन प्रदेश सरकारले आवश्यक पहल गर्नेछ । प्रदेश राजधानीबाट अन्य जिल्लाहरूको जिल्ला सदरमुकामसम्म पुग्ने राजमार्गलाई दुई लेन सडकको रुपमा स्तरोन्नति गरिने छ ।

२३. प्रत्येक प्रदेशलाई कम्तिमा एक अन्तर्राष्ट्रिय व्यापारिक नाकासँग सोझै जोड्ने नेपाल सरकारको नीतिलाई प्रदेश सरकारले आवश्यक सहयोग गर्दै भेरी करिडोर (छिन्चु जाजरकोट रुकुम डोल्पा धो मोरिम्लासम्म) तथा कर्णाली करिडोर (जमुनाहा सुर्खेत दैलेख कालीकोट जुम्ला सिमिकोट हिल्सा) लाई राष्ट्रिय गौरवका आयोजनाको रुपमा अघि बढाउन नेपाल सरकारसँग पहल गरिने छ ।

२४. जमुनाहा सुर्खेत हिल्सा प्रधानमन्त्री अन्तर्राष्ट्रिय द्रुतमार्गको विस्तृत अध्ययन गरी नेपाल सरकारको सहयोगमा राष्ट्रिय गौरवको आयोजनाका रुपमा निर्माण कार्य अघि बढाइने छ ।

२५. नेपाल सरकारसँगको समन्वयमा रानीघाट भुरीगाउँ बर्दिया सुरुङमार्गको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाइने छ ।

२६. नेपाल सरकारसँग समन्वय गरी जमुनाहा सुर्खेत दैलेख महाबु कालीकोट नाग्मा गमगढी नाक्चे लाग्ना तथा राजापुर बर्दिया भुरीगाउँ तेलपानी सुर्खेत, दैलेखको माथिल्लो डुङ्गेश्वर बैक दुल्लु डाँडीमाडी कुसापानी ब्याउली नाग्म गमगढी नाक्चे लाग्ना सडकलाई राष्ट्रिय गौरवका आयोजनाको रुपमा अघि बढाइने छ । उक्त सडकको गमगढी नाक्चेलाग्ना खण्डको निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।

२७. सुर्खेत छिन्चु सिम्ता जाजरकोट सडकलाई **"सहिद ऋषि शर्मा मार्ग"** नामकरण गरिएको छ ।

२८. भेरी करिडोरको छिन्चुबाट–रानीघाट–हरिहरपुर–तातोपानी हुँदै प्रदेश नं. ७ को कर्णाली चिसापानी जोड्नका लागि पूर्वसम्भाव्यता अध्ययन गरिने छ ।

२९. मदन भण्डारी राजमार्गको दाङ सुर्खेत डडेल्धुरा खण्डको काम तीब्रताका साथ अघि बढाउन नेपाल सरकारसँग समन्वय गरिने छ ।

३०. नेपाल सरकारको समन्वयमा लुम्बिनीदेखि थारमारे रुकुम चौरजहारी जाजरकोट खलंगा थलह चाँदे जुम्ला तातोपानी रारा जोड्ने (लुम्बिनी रारा लोक मार्ग) लाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाइने छ ।

३१. विकासको मेरुदण्डको रुपमा रहेका प्रदेशभित्रका रणनीतिक सडक तथा प्रदेश गौरवका आयोजनाहरूलाई सूचीबद्ध गरी क्रमशः कार्यान्वयन गर्न सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाइने छ ।

३२. प्रदेशभित्र सन्तुलित र समन्यायिक विकासको अवधारणा अनुरुप जनता सडक कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशका सबै प्रादेशिक निर्वाचन क्षेत्रहरूमा महत्वपूर्ण सडक आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइने छ । उक्त कार्यक्रमका लागि प्रत्येक निर्वाचन क्षेत्रमा रु. ५ करोड पर्ने गरी जम्मा रु. १ अर्ब २० करोड बजेट विनियोजन गरेको छु । लागत भारलाई ध्यानमा राखेर हुम्ला, डोल्पा र मुगुमा केही बजेट थप गर्ने व्यवस्था गरिने छ ।

३३. कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरलाई पर्यामैत्री र व्यवस्थित सहरको रुपमा विकास गर्न राजधानी पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत विस्तृत गुरु योजना तयार गर्नुका साथै पूर्वाधारका कार्यक्रमहरू वीरेन्द्रनगर नगरपालिकासँगको समन्वय र साझेदारीमा सञ्चालन गरिने छ । उक्त कार्यका लागि रु. ११ करोड बजेट विनियोजन गरेको छु ।

३४. नेपाल सरकारसँगको समन्वयमा प्रदेशको राजधानी सुर्खेतको चक्रपथ निर्माण तथा स्तरोन्नति कार्यलाई अघि बढाइने छ ।

३५. जिल्ला सदरमुकामबाट प्रदेश राजधानी जोड्ने, कर्णाली प्रदेशबाट अन्य प्रदेश जोड्ने अन्तर प्रादेशिक तथा दुई वा दुई भन्दा बढी जिल्ला जोड्ने प्रदेश गौरवका सडक आयोजना निर्माण कार्य अघि बढाइने छ । बहुवर्षीय आयोजनाको रुपमा सञ्चालन गरिने उक्त सडकहरूको लागि रु. १ अर्ब २८ करोड बजेट विनियोजन गरेको छु ।

३६. ग्रामीण पहुँच परियोजना–३ अन्तर्गत मुगु गमगढी हुम्ला सडकको निर्माण कार्यलाई तीब्रता दिइने छ ।

३७. राप्ती राजमार्गको तुलसीपुर श्रीनगर मुसीकोट खण्डको विस्तृत परियोजना प्रतिवेदन तयार गरी स्तरोन्नति गर्न संघीय सरकारको समपूरक अनुदानको लागि पहल गरिने छ । उक्त कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३८. सुर्खेत दैलेख सडकको विस्तृत परियोजना प्रतिवेदन तयार गरी नेपाल सरकारको सहयोगमा स्तरोन्नति कार्य अघि बढाइने छ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३९. सुर्खेत जुम्ला कर्णाली राजमार्ग मर्मत सुधारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४०. प्रदेश राजधानी सुर्खेतबाट रुकुम सदरमुकाम मुसीकोट जोड्ने सल्लीबजार चौरजहारी मुसीकोट सडक स्तरोन्नतिका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

४१. ग्रामीण सडक पहुँच कार्यक्रम अन्तर्गत प्रदेशका स्थानीय तहहरू प्रभावकारी र भरपर्दो सडक सञ्जालद्वारा आबद्ध गरिने छ । यस अन्तर्गत सडक निर्माण, मर्मत र स्तरोन्नति गर्ने कार्यका लागि रु. २० करोड बजेट विनियोजन गरेको छु ।

४२. स्थानीय तहहरूसँगको साझेदारीमा प्रदेशका विभिन्न सहरहरूमा सडक निर्माण र स्तरोन्नति गर्न सहरी सडक साझेदारी कार्यक्रम को लागि रु. १४ करोड विनियोजन गरेको छु ।

४३. रुकुम मुसिकोटबाट सल्यान खलंगा कालिमाटी प्रदेश नं. ५ को कोहलपुर हुँदै जमुनाहा नाका जोड्ने सडकको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण कार्य अघि बढाइने छ ।

४४. प्राकृतिक प्रकोपका कारण प्रदेशभित्रका सडक यातायात अवरुद्ध भएको अवस्थामा तत्काल यातायात सूचारु गर्न एवं पूर्वाधार विकासको लागि आवश्यक उपकरण सहितको हेवी इक्विप्मेन्ट यान्त्रिक कार्यालय स्थापना र सञ्चालन गरिने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४५. सडक, पुल, भवन, नहर लगायतका भौतिक पूर्वाधारको गुणस्तर कायम गर्न गुणस्तर मापदण्ड बनाई लागू गरिने छ । गुणस्तर परीक्षण गर्न पूर्वाधार प्रयोगशाला स्थापना गरिने छ । यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४६. प्रदेशभित्र सम्भाव्यता अध्ययन भइसकेका पक्की पुल, झोलुङ्गे पुलहरूको निर्माण कार्य अघि बढाउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४७. प्रदेश भित्रका महत्वपूर्ण सडक, सुरुङ मार्ग, पक्की पुल, झोलुङ्गे पुल, केबुलकार परियोजनाहरू र कर्णाली र भेरी नदीमा जलमार्गको सम्भाव्यता अध्ययन गरिने तथा सम्भाव्य योजनाहरूको विस्तृत परियोजना प्रतिवेदन तयार गरिने छ । यसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## विद्युत

४८. **"कर्णालीको पानी, जनताको लगानी"** भन्ने उद्घोषका साथ माथिल्लो कर्णाली, बेतन कर्णाली, जगदुल्ला, फूकोट कर्णाली, नलसिं गाड, शारदा, जवाखोला, सइगाड, लगायतका जलविद्युत आयोजनाहरू सञ्चालन गर्न नेपाल सरकारसँगको समन्वयमा उत्पादनको जिम्मा लिएका उत्पादक कम्पनीलाई छिटो भन्दा छिटो आयोजना निर्माणको काममा सक्रिय बनाइने छ ।

४९. नेपाल सरकारको सहयोगमा कर्णाली करिडोर र भेरी करिडोरमा विद्युत प्रसारण लाइन विस्तार गरिने छ ।

५०. सम्पूर्ण रुपमा कर्णाली प्रदेशमा रहेको भेरी नदीको पानी उपयोग गरिने भेरी बबई डाइभर्सनमा कर्णाली प्रदेशको पनि हिस्सा रहेको हुँदा भेरी बबई डाइभर्सन जलविद्युत आयोजना नेपाल सरकारसँगको समन्वय र साझेदारीमा कर्णाली प्रदेश सरकारको स्वामित्वमा यथाशीघ्र निर्माण कार्य अघि बढाइने छ ।

५१. साना तथा मझौला जलविद्युत आयोजना निर्माण गर्न सार्वजनिक, सामुदायिक र निजी लगानीलाई प्रोत्साहन गरिने छ । प्रदेशका सबै जिल्लाहरूमा विद्युत वितरण लाइन विस्तार गरिने छ । यस कार्यको लागि रु.२५ करोड विनियोजन गरेको छु ।

५२. स्वच्छ विद्युत सेवा सहज रुपमा उपलब्ध गराउन सौर्य ऊर्जा, वायु उर्जा, बायो ग्याँस उर्जा एवं अन्य नवीकरणीय वैकल्पिक उर्जा प्रविधिलाई प्रोत्साहन गरिने छ ।

५३. साना जल विद्युत आयोजनाहरूको सम्भाव्यता अध्ययन, निर्माण र मर्मत सुधारका लागि रु. १८ करोड विनियोजन गरेको छु ।

## भवन तथा सहरी विकास

५४. सुरक्षित, व्यवस्थित, भूकम्प प्रतिरोधी र वातावरणमैत्री भवनहरू निर्माण गर्नका लागि भवनसँग सम्बन्धित ऐन, नियम, भवनसंहिता, मापदण्ड र निर्देशिकाहरू तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने छ ।

५५. नेपाल सरकारसँगको समन्वयमा प्रदेश राजधानी सुर्खेत वीरेन्द्रनगरलाई स्वच्छ र सफा राख्न व्यवस्थित ढल निर्माण कार्यलाई अगाडि बढाइने छ ।

५६. प्राविधिक दृष्टिकोणले उपयुक्त स्थानहरूको खोजी गरी नमुना प्रादेशिक स्मार्ट सिटी र हरित सहरको अवधारणाका साथ व्यवस्थित सहरको विकास गर्न उपयुक्त कार्यविधि र डिजाइन तयार गरिने छ ।

**खानेपानी, सिंचाई तथा नदी नियन्त्रण**

५७. सुर्खेत उपत्यका तथा भेरी नदी बेसिनका बस्तीको सिंचाई तथा खानेपानीको दीर्घकालीन समस्या समाधान गर्न भेरी नदीको पानीलाई लिफ्ट प्रविधि प्रयोग गरी सिंचाई तथा स्वच्छ खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाउनका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

५८. स्वच्छ खानेपानीमा जनताको पहुँच पुर्याउन प्रदेशका खानेपानी सुविधा नपुगेका स्थानहरूमा खानेपानी योजना छनौट गरी सञ्चालनमा ल्याइनेछ साथै निर्माणाधिन आयोजनाहरू समयमै सम्पन्न गर्न रु. ५० करोड बजेट विनियोजन गरेको छु ।

५९. कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न प्रदेशका सम्भावित स्थानहरूमा विभिन्न प्रविधिका सिंचाई आयोजनाको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य सुरु गरिने छ साथै निर्माणाधिन, नयाँ तथा अवरुद्ध रहेका आयोजनाहरू सुचारु गर्न रु. ५० करोड बजेट विनियोजन गरेको छु ।

६०. प्रदेशका विभिन्न क्षेत्रमा बाढी पहिरो र नदी कटान नियन्त्रण गरी तटबन्ध निर्माण गर्न रु. ४० करोड विनियोजन गरेको छु ।

**सामाजिक विकास**

**शिक्षा**

६१. **"गुणस्तरयुक्त शिक्षा र शैक्षिक पूर्वाधार : प्रदेश समृद्धिको आधार"** भन्ने नीति अनुरुप बालबालिकाहरूलाई आधारभूत तहसम्म अनिवार्य शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा उपलब्ध हुने कुराको सुनिश्चित हुने गरी कार्यक्रमहरू सञ्चालन गरिने छ ।

६२. विद्यालय नजाने तथा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न, विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धि गर्न, बालबालिकाहरूलाई 'विद्यालय ल्याऔं, टिकाऔं र सिकाऔं' भन्ने राष्ट्रिय अभियानलाई प्रभावकारी बनाउन स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गरिने छ । विद्यालय जाने उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराई नियमित पठनपाठन गराउन सक्ने स्थानीय तहलाई प्रोत्साहन गरिने छ । यसका लागि रु. १ करोड ७० लाख बजेट व्यवस्था गरेको छु ।

६३. आगामी तीन वर्षभित्र **"साक्षर कर्णाली प्रदेश"** घोषणा गर्ने अभियानलाई सफल तुल्याउन अनौपचारिक शिक्षा एवं साक्षरता अभियान सम्बन्धी कार्यक्रमका लागि स्थानीय तहसँगको समन्वयमा कार्य मोडालिटी तथा कार्य पद्धति निर्माण गरी कार्यान्वयन गरिने छ । यसका लागि रु. २ करोड बजेटको व्यवस्था गरेको छु ।

६४. प्रदेशका सबै निर्वाचन क्षेत्रमा सञ्चालित सामुदायिक क्याम्पसहरूको शैक्षिक कार्यक्रमहरूको नक्साङ्कनका आधारमा समायोजन गरी आवश्यकतामा आधारित गुणस्तरीय शिक्षा र शैक्षिक उन्नयन गरिने छ । यसका लागि रु. २ करोड ४० लाख बजेटको व्यवस्था गरेको छु ।

६५. सबै स्थानीय तहमा क्रमशः प्राविधिक तथा व्यावसायिक शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ । प्राविधिक शिक्षालाई व्यवस्थित गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् गठन गरिने छ । यसका लागि आवश्यक कानून निर्माण गरिने छ ।

६६. प्राविधिक शिक्षामा महिलाको पहुँच वृद्धि गर्न 'छोरी–बुहारी प्राविधिक शिक्षा छात्रवृत्ति' कार्यक्रम लागू गरिने छ । साथै दलित, विपन्न, द्वन्द्वपीडित, दुर्गम क्षेत्रका विद्यार्थीहरूका लागि समेत प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न थप छात्रवृत्ति कार्यक्रमको व्यवस्था गरेको छु । यसका लागि रु. १ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।

६७. आर्थिक वर्ष २०७५/०७६ मा ६ हजार युवाहरूलाई छोटो अवधिको सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिने छ । कार्यक्रमका सहभागी छनौट गर्दा महिला, एकल महिला, द्वन्द्व प्रभावित तथा दलित समुदायलाई प्राथमिकता दिने व्यवस्था मिलाइने छ । यसका लागि सशर्त अनुदानबाट रु. १० करोड ३० लाख बजेट व्यवस्था गरिएको छ ।

६८. विद्यालय तहको शैक्षिक गुणस्तर र भौतिक विकासका लागि निर्वाचन क्षेत्रलाई आधार बनाएर विद्यालय पूर्वाधार सुधार कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि रु. २१ करोड बजेट विनियोजन गरेको छु ।

६९. मध्यपश्चिम विश्वविद्यालयलाई कर्णाली प्रादेशिक विश्वविद्यालयको रुपमा विकास गर्न र प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्न आवश्यक नीतिगत र कानूनी प्रक्रियाका लागि नेपाल सरकारसँग समन्वय गरिने छ ।

७०. दक्ष र उच्च प्राविधिक जनशक्ति उत्पादनका लागि पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

७१. निर्वाचन क्षेत्र तथा जिल्लाहरूलाई आधार मानी सबै निर्वाचन क्षेत्रका एक-एक ओटा मा.वि.हरूमा प्राविधिक शिक्षाको पढाइ सञ्चालन गरिने छ । साथै कृषि, पशुविज्ञान, इन्जिनियरिङ्ग, विज्ञान तथा सूचना प्रविधि, वन विज्ञान, पर्यटन तथा होटल व्यवस्थापन विषयमा स्नातक तहको प्राविधिक शिक्षाका लागि पूर्वाधार भएका सामुदायिक विद्यालय वा क्याम्पसहरूलाई आवश्यक सहयोग गरिने छ । जसको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७२. जुम्लास्थित कर्णाली प्राविधिक शिक्षालयको स्तरोन्नति गरी स्नातक तहको प्राविधिक शिक्षा कार्यक्रमहरू सञ्चालन गर्नको लागि आवश्यक पहल गरिने छ ।

७३. हिमाली क्षेत्रको विद्यालयमा पठन-पाठनको अवस्थालाई ध्यानमा राखी घुम्ती विद्यालय कार्यक्रम सञ्चालनमा ल्याइने छ । हिमाली जिल्लाका तीनओटा बस्तीहरूमा आवश्यक अध्ययन गरी सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा आवासीय विद्यालय सञ्चालन गरिने छ । उपरोक्त कार्यक्रमहरूका लागि रु. ९ करोड बजेट विनियोजन गरेको छु ।

७४. यस वर्ष देखि माध्यमिक शिक्षा परीक्षा प्रदेश स्तरबाट सञ्चालन गरिने भएकोले सोको लागि सशर्त अनुदानबाट रु. २ करोड ८ लाख बजेट व्यवस्था गरिएको छ ।

७५. कर्णाली प्रदेश स्थापनाको लागि जीवन आहुति दिने महान सहिदहरूका छोराछोरीहरूका लागि सार्वजनिक शिक्षण संस्थाहरूमा लाग्ने आवश्यक शुल्क, शैक्षिक सामग्री, छात्रवृत्ति तथा आधारभूत स्वास्थ्य सेवामा सहयोग गर्न बजेटको व्यवस्था गरेको छु ।

७६. दलित छात्र-छात्राहरूलाई छात्रवृत्ति कार्यक्रमहरूका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७७. दलित तथा विपन्न समुदायका महिलाहरूलाई सरकारी तथा सार्वजनिक सेवामा पहुँच वृद्धिका लागि लोकसेवा तथा अन्य सार्वजनिक सेवाको परीक्षाको तयारी कक्षाहरू सञ्चालन गरिने छ । यसका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**युवा तथा खेलकुद**

७८. नियमित रुपमा प्रदेश स्तरीय खेलकुदका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न मुख्यमन्त्री कर्णाली खेलकुद प्रतियोगिताको आयोजना गरिने छ । यसका लागि रु. ५० लाख बजेटको व्यवस्था गरेको छु ।

७९. **"स्वस्थ जीवनको लागि खेलकुद"** भन्ने मान्यतालाई प्रदेशमा व्यवस्थित गर्न तथा खेलाडीहरूको कार्य क्षमतालाई प्रवर्द्धन गर्न 'कर्णाली खेलकुद परिषद्' गठन गरिने छ ।

८०. प्रदेश राजधानी सुर्खेतमा प्रादेशिक रङ्गशाला निर्माण कार्य थालनी गरिने छ । पहाडी तथा उच्च हिमाली क्षेत्रमा बहुउद्देशीय खेलकुद रङ्गशाला निर्माणका लागि आवश्यक अध्ययन गरी निर्माण कार्य सुरु गरिने छ । उक्त कार्यक्रमहरूका लागि रु. १५ करोड व्यवस्था गरेको छु ।

८१. सम्भाव्य स्थानमा खेलकुद रङ्गशाला तथा आठ जिल्ला मध्ये विस्तृत परियोजना प्रतिवेदन तयार भएका जिल्लामा कबर्ड हल निर्माण सुरु गरिने छ भने बाँकी जिल्लामा सम्भाव्यता अध्ययन गरिने छ । सबै प्रादेशिक निर्वाचन क्षेत्रमा एक-एक खेलकुद मैदान निर्माण गर्ने व्यवस्था गरेको छु । यसका लागि रु. ६ करोड ४० लाख बजेट व्यवस्था गरेको छु ।

८२. **"श्रम, सीप र रोजगारःयुवासँग प्रदेश सरकार"** भन्ने ध्येयका साथ जिल्ला युवा परिषद्सँग युवा उद्यमी तथा युवा समूह मार्फत युवाद्वारा उत्पादन कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि रु. ३ करोड बजेट विनियोजन गरेको छु ।

८३. प्रदेशभित्र रहेका युवाको सर्वाङ्गीण विकासका लागि **"प्रदेश युवा परिषद्"** गठन गरिने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८४. निरक्षरता उन्मुलन, सामाजिक भेदभाव विरुद्ध जनचेतना अभियान, वृक्षारोपण र वातावरण संरक्षण जस्ता अभियानहरू सञ्चालन गर्न युवा स्वयंसेवक सञ्जाल निर्माण गरी परिचालन गरिने छ ।

**स्वास्थ्य**

८५. **"स्वस्थ नागरिक समृद्ध प्रदेश"** भन्ने मूल ध्येयका साथ जनताको जीवनसँग जोडिएको आधारभूत स्वास्थ्य सेवालाई भरपर्दो, जनमुखी र प्रभावकारी बनाइने छ ।

८६. **"सबैका लागि स्वास्थ्य बीमा"** भन्ने अभियानका साथ प्रदेशका सबै जिल्लाहरूमा नागरिक स्वास्थ्य बीमा लागू गर्ने कार्यमा संघीय सरकारसँग समन्वय गरी परिचयपत्र प्राप्त गरेका गरिबीको रेखामुनि रहेका नागरिकहरूका लागि आवश्यक पर्ने प्रिमियम (Premium) रकम अनुदान दिई स्वास्थ्य बीमा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने छ ।

८७. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई **प्रादेशिक कर्णाली प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**को रुपमा रुपान्तरण गर्न आवश्यक नीतिगत र कानूनी प्रक्रियाका लागि नेपाल सरकारसँग समन्वय गरिने छ । प्रदेशका दशओटै जिल्लामा आवश्यक गुणस्तरयुक्त विषेशज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ । विशेषज्ञ स्वास्थ्य सेवा वापत हुने सेवा खर्चको लागि रु. ४ करोड विनियोजन गरेको छु ।

८८. सुर्खेत स्थित क्षेत्रीय अस्पतालको स्तर वृद्धि गरी प्रादेशिक शिक्षण अस्पतालको रुपमा विकास गरिने छ । नेपाल सरकार तथा अन्य सरोकारवालाहरूसँग समन्वय गरी **प्रादेशिक मेडिकल कलेज**को रुपमा विकास गरिने छ । यसका लागि रु. १० करोड विनियोजन गरेको छु ।

८९. प्रदेशका प्रत्येक वडामा एक/एक वटा बर्थिङ सेन्टर (प्रसुति केन्द्र) स्थापना गरिने छ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९०. प्रदेशका चारवटा जिल्ला अस्पतालहरूलाई ५० शैया तथा ७ वटा स्थानीय तहमा कम्तिमा १५ शैयाका आधारभूत अस्पतालहरू सञ्चालनका लागि आवश्यक रु. १६ करोड विनियोजन गरेको छु ।

९१. विरामीहरूको आकस्मिक सेवाको लागि दशवटा एम्बुलेन्स खरिद गरी आवश्यक भएका जिल्ला अस्पताल तथा स्थानीय तहलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाइने छ । यसका लागि रु. १ करोड ५० लाख बजेट व्यवस्था गरेको छु ।

९२. **"सुत्केरीलाई सेवा, भावी सन्ततिलाई टेवा"** भन्ने नाराका साथ बाल तथा मातृ स्वास्थ्य सेवालाई भरपर्दो र सुरक्षित बनाउन र प्रसव पीडामा परी जोखिममा रहेका गर्भवती महिलाहरूको जीवन रक्षाका लागि सुत्केरी उद्धार सेवा उपलब्ध गराउने कार्यका लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु ।

९३. आवश्यक औषधि स्टक, आकस्मिक चिकित्सक सेवा तथा सुलभ औषधि पसलका लागि रु. १ करोड ५० लाख रकमको व्यवस्था गरेको छु ।

९४. महिलाहरूको आङ खस्ने, पाठेघर क्यान्सर, आँखा, हाडजोर्नी, मुटु लगायतका अत्यावश्यक विशेषज्ञ सेवा शिविर सञ्चालनका लागि रु. २ करोड बजेट व्यवस्था गरेको छु ।

९५. दुर्गम क्षेत्रका नागरिकहरूको आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन टेलिमेडिसिन, सामुदायिक अस्पतालहरूसँग सहकार्य गर्ने लगायतका कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९६. प्रदेशका उपयुक्त स्थानमा सम्भाव्यता अध्ययन गरी बाल रोग अस्पताल र क्यान्सर अस्पताल स्थापनाको प्रक्रिया अगाडि बढाइने छ ।

९७. **आकस्मिक स्वास्थ्य सेवा कोष**को रकम वृद्धि गरी निरन्तरता दिइने छ । यसका लागि रु. १ करोड बजेट व्यवस्था गरेको छु ।

९८. सरकारी स्वास्थ्य सेवालाई भरपर्दो, सुलभ र विकल्प सहितको बनाउन आयुर्वेदिक, होमियोप्याथिक र प्राकृतिक चिकित्सा जस्ता वैकल्पिक उपचार पद्दतिलाई प्रवर्द्धन गरिने छ । यसका लागि रु. १ करोड बजेट व्यवस्था गरेको छु ।

९९. हवाई जहाजबाट अक्सिजन नबोक्ने र अत्यावश्यक सल्यक्रिया सेवाहरू समेत प्रभावित हुने गरेकाले हालसम्म मोटर बाटोले नछोएका हुम्ला र डोल्पा जिल्ला अस्पतालहरूमा आवश्यक अध्ययन गरी अक्सिजन उत्पादन प्लाण्ट स्थापना गर्ने व्यवस्था मिलाएको छु । यसका लागि रु. २ करोड बजेट विनियोजन गरेको छु ।

१००. औषधि उद्योग स्थापनाका लागि आवश्यक अध्ययन गरिने छ । यसका लागि निजी सामुदायिक साझेदारीलाई प्रोत्साहन गरिने छ । यसको अध्ययन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

१०१. मर्यादित स्वास्थ्य सेवा तथा सुरक्षित स्वास्थ्यकर्मीका लागि स्वास्थ्यकर्मी आचारसंहिता बनाई लागू गरिने छ ।

१०२. सुरक्षित मातृत्व, प्रजनन तथा परिवार स्वास्थ्य सुधार, बाल स्वास्थ्य, पोषण लगायतका कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**भाषा, धर्म र संस्कृति**

१०३. सुर्खेतमा प्रदेशस्तरीय पुस्तकालय र संग्रहालय, सिंजा र दुल्लुमा खस संग्रहालय, फलावाङ्ग दरबार पुर्ननिर्माण तथा लामा, मगर लगायतका संग्रहालयहरू स्थापना गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाइने छ । यसका लागि आवश्यक रु. ४ करोड २० लाख बजेटको व्यवस्था गरेको छु ।

१०४. दलित समुदायको मौलिक कला र संस्कृतिको संरक्षणका लागि परम्परागत पेशा, सीप र कला संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गरिने छ । यसका लागि रु. १ करोड ३० लाख बजेट व्यवस्था गरेको छु ।

१०५. प्रदेशमा रहेका पुरातात्विक, ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको खोजी तथा अभिलेखीकरण गरी संरक्षण र सम्वर्द्धन गर्ने कार्यलाई कार्यान्वयन गरिने छ । यसका लागि रु. ३ करोड बजेट व्यवस्था गरेको छु ।

१०६. पुरातात्विक, ऐतिहासिक, धार्मिक, परम्परागत रीति, मूल्य, मान्यता, भाषा एवं सांस्कृतिक सम्पदाहरूको पहिचान, संरक्षण र सम्वर्द्धनका लागि 'भाषा, कला, साहित्य तथा संस्कृति प्रतिष्ठान' गठन गरिने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**सामाजिक समावेशीकरण**

१०७. **"मानव सभ्यताको सम्मानः छूवाछूत र सामाजिक कुरीति विरुद्धको अभियान"** भन्ने नाराका साथ दशओटै जिल्लामा छुवाछुत र सामाजिक कुरीति विरुद्धका कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि रु. ५० लाख विनियोजन गरेको छु ।

१०८. महिला, दलित, अल्पसंख्यक, जनजाति, अपांगता भएका व्यक्ति तथा नागरिकका लागि स्रोत, साधन र अवसरमा समानता कायम गर्ने नीति तथा रणनीति तयार गरी विशेष लक्षित कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१०९. महिला, दलित, अपाङ्ग, ज्येष्ठ नागरिक, बालबालिका मैत्री नीति तथा कानून निर्माण गरिने छ ।

११०. महिला, बालबालिका र ज्येष्ठ नागरिक विरुद्ध हुने हिंसा तथा दूर्व्यवहार, बालश्रम, बालविवाह, छूवाछूत, छाउपडी, बोक्सी लगायत सबै प्रकारका कुरीतिहरूको अन्त्य गर्न चेतनामूलक कार्यक्रमहरू, उपचार, मनोविमर्श, कानूनी सहायता र पुनर्स्थापन सम्बन्धी कार्यक्रमहरू बृहत रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

१११. सामाजिक कुरीतिका रुपमा रहेका छुवाछुत, छाउपडी, बोक्सी, बालविवाह, सडक बालबालिका मुक्त क्षेत्र घोषणा गरिने छ । त्यस्तो क्षेत्र घोषणा गर्ने स्थानीय तहलाई दुई सवाल पूरा गरेमा रु. १ लाख र सबै सवाल पूरा गरेमा रु. ५ लाख प्रोत्साहन स्वरुप प्रदान गर्ने व्यवस्था मिलाएको छु । यसका लागि रु. ५० लाख विनियोजन गरेको छु ।

११२. प्रदेशका सबै सार्वजनिक निकायका संरचनाहरूलाई अपाङ्गमैत्री र लैङ्गिकमैत्री बनाउने कार्य अघि बढाइने छ ।

११३. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूद्वारा सञ्चालन गरिने कार्यक्रमलाई पारदर्शी र जनउत्तरदायी बनाइने छ ।

११४. महिला हिंसा अन्त्य गर्न आवश्यक पहल गरिने छ । प्रदेश राजधानी सुर्खेत लगायत रुकुम, जाजरकोट, दैलेख, सल्यान र कालिकोट जिल्लामा सुरक्षित घर (सेफ हाउस) को विकास र प्रवर्द्धन गर्दै आवश्यक थप जिल्लामा सेफ हाउसको सञ्चालन गरिने छ । सेफ हाउसमा रहेका महिलालाई सीपमूलक तालिम र कानूनी सहायता दिने व्यवस्था मिलाइने छ । यसका लागि रु. ७० लाख बजेटको व्यवस्था मिलाएको छु ।

११५. राउटे लगायतका लोपोन्मुख समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक संरक्षण र विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छु । राउटेका लागि अस्थायी आवासको व्यवस्था गरिने छ । यसका लागि रु. ५० लाख बजेटको व्यवस्था मिलाएको छु ।

११६. सडक बालबालिका, बहिरा, अपाङ्गता भएका बालबालिका, अटीजम, दृष्टिविहीन बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र संरक्षणका लागि विशेष कार्यक्रमहरूको व्यवस्था गरेको छु । यसका लागि रु. १ करोड ६५ लाख बजेट विनियोजन गरेको छु ।

११७. प्रदेशमा घाइते, अपाङ्गता भएका र अशक्तको सहयोग र पुर्नस्थापनाका लागि पुर्नस्थापना केन्द्रको स्थापना गरिने छ । अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण, सीप विकास र उपयोगका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ । यसका लागि रु. १ करोड बजेट विनियोजन गरेको छु ।

११८. जेष्ठ नागरिकहरूलाई पारिवारिक तथा सामाजिक वातावरणमा सम्मानपूर्वक बस्न र बाँच्नका लागि **"मनमोहन ज्येष्ठ नागरिक"** कार्यक्रम अन्तर्गत ७० वर्ष माथिका जेष्ठ नागरिकहरूलाई प्रदेशभित्र उपलब्ध स्वास्थ्य सेवा निःशुल्क गरिने छ । ज्येष्ठ नागरिकका लागि देशदर्शन कार्यक्रम सञ्चालन गरिने छ । आवश्यक स्थानमा वृद्धाश्रम लगायतका कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि रु. १ करोड ५० लाख बजेटको व्यवस्था मिलाएको छु ।

११९. शिक्षा, स्वास्थ्य, महिला बालबालिका, सामाजिक सुरक्षा लगायतको सामाजिक विकास गुरुयोजना बनाई लागू गरिने छ ।

**श्रम तथा रोजगार**

१२०. सापेक्षिक रुपमा पछाडि परेको भू-भागका समुदाय र परिवारलाई योजना तथा विकास कार्यक्रममा प्राथमिकता दिइने छ । यसका लागि अन्तर मन्त्रालय साझेदारी गरिने छ ।

१२१. प्रदेश स्तरमा सुरक्षित आप्रवासन, असल श्रम सम्बन्धको विकास तथा पुर्नस्थापना कार्यक्रम सञ्चालन गरिने छ ।

१२२. श्रमप्रति सम्मान गर्ने संस्कृतिको विकास गर्न मुख्यमन्त्री, मन्त्री, जनप्रतिनिधि, प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारी र आम नागरिकको सहभागितामा प्रत्येक महिनाको १ र १५ गते श्रम दिनको रुपमा मनाउँदै आएको कार्यलाई निरन्तरता दिइने छ ।

१२३. श्रममैत्री औद्योगिक रोजगारीका लागि सुमधुर श्रम सम्बन्धका माध्यमबाट लगानीमैत्री वातावरण बनाउन प्रादेशिक औद्योगिक श्रम सम्बन्ध नीति तयार गरी लागू गरिने छ । योग्य दक्ष जनशिक्त उत्पादन गर्न प्राविधिक शिक्षामा जोड दिने, प्रादेशिक मानव संशाधन केन्द्र स्थापना गर्ने, जिल्ला जिल्लामा व्यावसायिक तालिम केन्द्र स्थापना गर्ने, प्रदेशमा रहेका युवाहरूको संख्या, रुची र योग्यता सहितको प्रोफाइल तयार गरी कार्यान्वयन गरिने छ । यस कार्यका लागि रु. ५ करोड बजेट विनियोजन गरेको छु ।

१२४. दक्ष र सक्षम जनशक्ति उत्पादन गरी रोजगार, स्वरोजगार कार्यक्रमका लागि रोजगार प्रवर्द्धन नीति तयार गरी स्थानीय तहसँगको समन्वयमा कार्यान्वयन गरिने छ ।

१२५. युवा स्वरोजगार कार्यक्रम सञ्चालन मार्फत उर्जाशील र कर्मठ युवाहरूलाई स्वेदशमै काम गर्ने वातावरण तयार गर्न आवश्यक रणनीति बनाई कार्यान्वयन गरिने छ ।

१२६. प्रदेशका सबै जिल्लामा सीप तथा श्रम स्कुल सञ्चालन गर्ने र रोजगार बैङ्क तथा नेपाल सरकारसँगको समन्वयमा श्रम कार्यालय तथा श्रम सीप सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**कृषि तथा पशुपालन**

१२७. **"अर्गानिक खेतीमा वृद्धि, कर्णालीको सम्बृद्धि"** भन्ने नारालाई साकार तुल्याउन रैथाने प्रजातिका कृषि बाली तथा पशुपंक्षी र जलचरको उचित संरक्षण र प्रबर्धन गर्दै अर्गानिक उत्पादन र उत्पादकत्व वृद्धिको लागि कर्णाली अर्गानिक कृषि विशेष कार्यक्रमको लागि रु. १२ करोड विनियोजन गरेको छु ।

१२८. अर्गानिक कृषि उत्पादनको प्रबर्धन, विकास र कृषिलाई आधुनिकीकरण गर्दै रोजगारी सिर्जना गर्नको लागि संघीय सरकार, स्थानीय सरकार, सहकारी, निजी तथा अन्य संघ संस्थाहरूसँगको साझेदारीमा प्रदेश स्तरमा जैविक मल, जैविक विषादी र कृषि औजार कारखाना स्थापना गर्नको लागि रु. ७ करोड छुट्याएको छु ।

१२९. व्यावसायिक कृषकहरूलाई उत्पादनमा प्रतिस्पर्धाको वातावरण सिर्जना गरी उत्पादन वृद्धि गर्ने उद्देश्यको लागि उत्पादन तथा प्रतिफलमा आधारित कृषक प्रोत्साहन कार्यक्रम लागू गरिने छ । यसका लागि कृषक समूह, सहकारी र निजी फर्म सञ्चालन गर्ने व्यवसायीहरूलाई निश्चित कार्यविधि र मापदण्ड बनाई उत्पादनको परिमाण र सिर्जना गरिएको रोजगारीको आधारमा सञ्चालन गरिने छ । यसको लागि रु. १० करोड विनियोजन गरेको छु ।

१३०. निश्चित कार्यविधि बनाई सरकारी सेवाको पहुँच प्राप्त गर्न नसक्ने अति विपन्न गरिब तथा दुर्गम, पिछडिएका क्षेत्रका कृषकहरूलाई उनीहरूको घरदैलोमा गई आवश्यकता र औचित्यका आधारमा साना किसान लक्षित किसान सरकार हातेमालो कार्यक्रम मार्फत सीप, सेवा र प्रविधि उपलब्ध गराइनेछ । यस कार्यक्रमका लागि रु. ५ करोड विनियोजन गरेको छु ।

१३१. **"कर्णालीका ओखर, स्याउ, देश विदेश फिजाऔं"** भन्ने नारालाई साकार पार्न जुम्ला, डोल्पा, हुम्ला, मुगु र कालिकोटलाई स्याउ र ओखर उत्पादनको हबको रुपमा विकास गर्न स्याउ, ओखर प्रबर्धन कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि रु. १ करोड विनियोजन गरेको छु ।

१३२. **"हाम्रो उत्पादन हाम्रो शान, कृषि पेसालाई गरौं सम्मान"** भन्ने नारालाई सार्थक तुल्याउन योगदानमा आधारित व्यावसायिक कृषक पेन्सन कार्यक्रम लागू गरिने छ । यसका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार गरी प्रत्येक जिल्लाको एक स्थानीय तहमा नमुना कार्यक्रम सञ्चालन गरिने छ । यस कार्यक्रमका लागि रु. ३ करोड विनियोजन गरेको छु ।

१३३. **"घातक विषादीको प्रयोग हटाऔं, मानव स्वास्थ्य र वातावरण जोगाऔं"** भन्ने मूल मन्त्रलाई आत्मसात गरी विषादी मुक्त प्रदेश निर्माणको उद्देश्यलाई सार्थक बनाउन सम्पूर्ण खाद्यजन्य पदार्थहरूमा विषादी न्यूनीकरणको लागि कर्णाली प्रदेशको नाकाहरू बबई र कपुरकोटमा विषादी परीक्षण केन्द्र स्थापनाका साथै आवश्यक स्थानहरूमा द्रुत विषादी विश्लेषण प्रयोगशाला स्थापना गरिने छ । यसका लागि रु. १ करोड ५० लाख छुट्याएको छु ।

१३४. एकीकृत नमुना कृषि उत्पादन कार्यक्रम अन्तर्गत हरेक निर्वाचन क्षेत्रमा कृषि पूर्वाधार र प्राविधिक सहितको एक निर्वाचन क्षेत्र, एक नमुना कृषि पकेट कार्यकम सञ्चालन गरिने छ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१३५. कृषि तथा पशुपंक्षीजन्य उत्पादनको भण्डारण गर्नको लागि प्रदेशका अति आवश्यक स्थानहरूमा शीत भण्डारको निर्माण गरिने छ । जसको लागि रु. ४ करोड विनियोजन गरेको छु ।

१३६. कर्णाली प्रदेशलाई फलफूलमा आत्मनिर्भर बनाउँदै निर्यात प्रबर्धन गर्न प्रत्येक निर्वाचन क्षेत्रमा वातावरण सुहाउँदो कृषि नर्सरी तथा हाइटेक फलफूल नर्सरी स्थापना गरी प्रबर्धन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

१३७. कृषकहरूको लागत जोखिम न्यूनीकरण गर्नको लागि कृषि तथा पशुपंक्षी बीमालाई प्रभावकारी बनाइने छ । यसरी बीमा गर्दा लाग्ने शुल्कको ७५ प्रतिशत अनुदान दिइने छ । यसका अतिरिक्त कृषि तथा पशुपंक्षीमा हुने आकस्मिक क्षति व्यवस्थापन राहत जोखिम सहयोग कार्यक्रम समेत सञ्चालन गरिने छ । यी कार्यक्रमहरूका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१३८. प्रादेशिक स्तरमा अर्गानिक कृषि तथा पशुपंक्षी अनुसन्धान केन्द्र स्थापना गरिने छ । यस केन्द्रलाई प्राङ्गारिक कृषि उत्पादन सम्बन्धी अध्ययन, अनुसन्धान र दक्ष प्राविधिक जनशक्ति निर्माण गर्ने थलोको रुपमा विकास गरिने छ । यसको लागि रु. २ करोड ५० लाख छुट्याएको छु ।

१३९. **"एक जिल्ला दुई नमुना पकेट क्षेत्र"** विकास कार्यक्रम सञ्चालन गरिने छ । यस अन्तर्गत स्थानीय सम्भाव्यता र तुलनात्मक लाभका आधारमा १० वटा कृषि सम्बन्धी र १० वटा पशुपंक्षी सम्बन्धी उच्च मूल्य कृषि वस्तुको उत्पादन वृद्धि गरिने छ । यसका लागि रु. १५ करोड विनियोजन गरेको छु ।

१४०. **"कृषि पूर्वाधार, सुनिश्चित बजार"** कार्यक्रमको लागि कृषि सडक, कृषि सिंचाई, कृषि उपज संकलन केन्द्र, हाट बजार, सेलार स्टोर तथा रस्टिक स्टोर निर्माण गरिने छ । यसको लागि रु. २१ करोड बजेटको व्यवस्था गरेको छु ।

१४१. मागमा आधारित व्यावसायिक कृषि विकास साझेदारी कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि कृषक, कृषक समूह र सहकारी तथा कृषि फर्मसँग व्यावसायिक योजना र प्रस्तावका आधारमा छनौट गरिने यस्ता कार्यक्रमको लागि रु. १० करोड छुट्याएको छु ।

१४२. स्थानीय तह तथा नेपाल सरकारसँगको सहकार्यमा **"एक वडा एक कृषि तथा पशु प्राविधिक"** नीति लागू गरिने छ । यसको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१४३. अर्गानिक कृषि उत्पादनको नीति बनाई कार्यान्वयनमा गएका स्थानीय तहलाई सम्बन्धित स्थानीय तहसँगको साझेदारीमा सञ्चालन हुने अर्गानिक उत्पादन प्रोत्साहन गर्न रु. २ करोड विनियोजन गरेको छु ।

१४४. कर्णाली, भेरी, मध्य पहाडी र राप्ती रोड करिडोर विशेष कार्यक्रम मार्फत कृषिको विविधीकरण, आधुनिकीकरण र बजारीकरणको प्रबर्धन गर्दै कृषि पर्यटन क्षेत्रको रुपमा विकास गरिने छ । यसको लागि रु. ४ करोड व्यवस्था गरेको छु ।

१४५. स्वस्थ र गुणस्तरीय बेर्ना उत्पादनको लागि तन्तु प्रजननविधि (Tissue Culture Technology) आधुनिक प्रयोगशाला स्थापना गरी केरा, आलु, कागतीको बेर्ना र च्याउको बीऊ उत्पादन गर्न तथा हाइड्रोपोनिक प्रविधि (Hydrophonic Technology) बाट तरकारी उत्पादन गरिने छ । सोको लागि रु. १ करोड रकम विनियोजन गरेको छु ।

१४६. प्राङ्गारिक कृषि तथा रैथाने बाली संरक्षण र प्रबर्धन एवं जलवायु परिवर्तन सम्बन्धी स्नातक र सो भन्दा माथि अध्ययन अनुसन्धान गर्ने कर्णाली प्रदेशका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने छ ।

१४७. **"कृषिमा सिर्जनशीलताःउत्पादनमा आत्मनिर्भरता"** भन्ने अभियानका साथ कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिँदै खाद्यान्न उत्पादन, प्याज, लसुन, बेसार, अदुवा, अलैंची, मह, च्याउ, कफी, पुष्प, कपास, केशर, बदाम जस्ता स्थानीय वस्तुहरूको उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरणमा जोड दिइने छ । कफी, मह, कपास, अलैची, केशर, बदाम खेतीको पकेट क्षेत्र निर्माण गरिने छ । यस कार्यक्रमको लागि रु. ५ करोड विनियोजन गरेको छु ।

१४८. मुख्यमन्त्री उत्कृष्ट कृषि पुरस्कारको स्थापना गरी उत्कृष्ट कृषक, कृषक समूह, कृषि फर्म र सहकारी संस्थालाई पुरस्कृत गरिने छ ।

१४९. रुकुम मुसिकोट चाँपा स्थित तरकारी बीउ उत्पादन केन्द्रलाई कृषि विज्ञान प्रतिष्ठानको रुपमा विकास गर्ने प्रक्रिया अगाडि बढाइने छ ।

१५०. मागमा आधारित स्याउ, सुन्तला, आँप, अम्बा, मेवा, केरा, अनार, लिची, ओखर लगायतका १० लाख फलफूलका बिरुवाहरू सहुलियत दरमा पकेट क्षेत्रका विभिन्न कृषक, किसान समूह, कृषि फर्म र सहकारीहरूलाई लगाउन प्रोत्साहन गरिने छ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१५१. अत्याधुनिक चिलिङ भ्यान सहितको प्रादेशिक दुग्ध प्रशोधन र संकलन केन्द्रहरूको स्थापनाको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१५२. कर्णाली प्रदेशमा उत्पादित अर्गानिक वस्तुहरूको गुणस्तर प्रमाणीकरण तथा ब्रान्डिङ गरेर उच्च मूल्य कायम गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पठाउने व्यवस्था मिलाइने छ ।

१५३. नेपाल सरकार र स्थानीय तह समेतको समन्वय र सहकार्यमा घुम्ती प्रयोगशाला मार्फत स्थलगत माटो परीक्षण गरी माटो सुहाउँदो कृषि उत्पादनलाई प्रोत्साहन गरिने छ ।

१५४. स्वच्छ र गुणस्तरीय माछा, मासु र दुग्ध पदार्थको उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणमा जोड दिइने छ ।

१५५. १०० जना भूमिहीन परिवारलाई जमिन भाडामा लिई समूहमा आधारित व्यवसायिक खेती गर्न एक पाइलट परियोजना सञ्चालन गरिने छ । यस कार्यक्रम अन्तर्गत मल, बीउ, सिंचाई आदिमा अनुदानको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**सहकारी तथा गरिबी निवारण**

१५६. कर्णालीमा रहेको बहु-आयामिक गरिबी न्यूनीकरण गर्न 'गरिबी विरुद्ध साझा अभियान' अन्तर्गत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१५७. **"समृद्ध कर्णालीका लागि सहकारी अभियान"** अन्तर्गत सहकारीलाई समृद्ध कर्णाली र समाजवाद निर्माणको प्रमुख आधार स्तम्भको रुपमा विकास गर्न र समाजवादको अभ्यास गर्ने गाउँको रुपमा प्रत्येक जिल्लामा एक उपयुक्त सहकारी नमुना गाउँ कार्यक्रम सञ्चालन गरी उक्त गाउँलाई पर्यटन हबको रुपमा विकास गरिने छ । यसको लागि रु. १० करोड विनियोजन गरेको छु ।

१५८. सहकारीहरूको दर्ता, नियमन र व्यवस्थापनको लागि प्रदेशस्तरमा सहकारी रजिष्ट्रार कार्यालय स्थापना गरिने छ ।

१५९. **"गाउँ–गाउँमा सहकारी, घर–घरमा रोजगारी"** को नारालाई सार्थक तुल्याउन सहकारी मार्फत एक जिल्ला एक कृषिजन्य उद्योगको स्थापना गरी रोजगारी सिर्जना गरिने छ । जसको लागि रु. १० करोड विनियोजन गरेको छु ।

१६०. सहकारीहरूसँगको साझेदारीमा सबै स्थानीय तहमा रैथाने बालीहरूको सामुदायिक बीउ बैंक स्थापना गरी बीउको संरक्षण तथा प्रबर्धन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

१६१. सहकारीहरूसँगको साझेदारीमा सहकारी मार्फत उत्पादित कृषिजन्य वस्तु एकीकृत ढंगले भण्डारण र बिक्री वितरण गर्न सहकारी कम्प्लेक्स निर्माण गरी सञ्चालनमा ल्याइनेछ । यसका लागि रु. २ करोड छुट्याएको छु ।

१६२. युवा बेरोजगारीलाई सम्बोधन गर्न युवा रोजगारी लक्षित कार्यक्रमका लागि रु. ३ करोड विनियोजन गरेको छु ।

१६३. वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई कृषि उत्पादन र व्यवसायसँग जोड्ने उद्देश्यले प्रवर्धनात्मक कार्यक्रमको लागि 'युवा कृषि आकर्षण कार्यक्रम' सञ्चालन गरिने छ । यसको लागि रु. १ करोड विनियोजन गरेको छु ।

१६४. दलित महिला, द्वन्द्वपीडित, विपन्न तथा सीमान्तकृत समुदायको आत्मनिर्भरताको लागि लक्षित वर्ग विशेष कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि रु. ३ करोड रकम विनियोजन गरेको छु ।

१६५. नेपाल सरकारको सहकार्यमा गरिब घर परिवार पहिचान सम्बन्धी प्रादेशिक सर्वेक्षणबाट पहिचान भएका गरिब घर परिवारको लागि सामाजिक सुरक्षा तथा आयआर्जन कार्यक्रम सञ्चालन गर्नका लागिरु. २ करोड विनियोजन गरेको छु ।

**भूमि व्यवस्था**

१६६. जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरी जमिनको सही उपयोग गर्न प्रादेशिक भू–उपयोग नीति तथा कानून तर्जुमा गर्नुका साथै भू–उपयोग सम्बन्धी बृहत गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

१६७. कृषियोग्य जमिनको खण्डीकरण रोक्न, बाँझो राखेको उर्बर जमिनको तथ्याङ्क संकलन गरी अभिलेखको आधारमा भूमि बैंकको स्थापना मार्फत करार खेती र सामुहिक खेती प्रबर्धन गरिने छ । उपरोक्त कार्यक्रमहरूको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१६८. भूमि सम्बन्धी सम्पूर्ण अभिलेख डिजिटल प्रणालीमा आवद्ध गरिने छ । साथै सुकुम्बासी, गुठी, मुक्त हलिया, अव्यवस्थित बसोबासी, अस्थायी बसोबासी, जनयुद्धको समयमा किनबेच गरिएको जग्गाको स्वामित्व तथा हक भोग लगायत सम्पूर्ण समस्याहरूको समाधान गर्नको लागि एक शक्तिशाली भूमि तथा सुकुम्बासी समस्या समाधान आयोग गठन गरी कार्यान्वयन गरिने छ ।

१६९. आवश्यक मापदण्ड र कार्यविधि तयार गरी कर्णाली प्रदेशमा उत्पादन हुने स्याउ, सुन्तला, आँप, लिची र ओखर जस्ता फलफूलहरूको व्यावसायिक उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणमा जोड दिइने छ ।

१७०. गाई, भैंसी, भेडा, बाख्रा, च्याङ्ग्रापालन र चौंरीको व्यावसायिक पशुपालन, कुखुरा, हाँस लगायतका पन्छीजन्य उत्पादन र बजारीकरणलाई प्रोत्साहित गरिने छ ।

१७१. **"एक स्थानीय तह, एक अर्गानिक उत्पादन"** को अवधारणालाई कार्यान्वयनमा ल्याउन स्थानीय तह विशेष उत्पादनलाई बढावा दिने रणनीति तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

१७२. बजारमा पाइने न्यून पौष्टिक र गुणस्तरहीन खाद्य पदार्थको उपभोग निरुत्साहित गरी स्थानीय स्तरमा उत्पादित अर्गानिक उच्च पोषणयुक्त र गुणस्तरीय खाद्य वस्तुको प्रयोगलाई जोड दिई खाने बानी (Food Habit) मा परिवर्तन गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

**उद्योग**

१७३. सम्भाव्यता अध्ययन भई सञ्चालनमा आउनुपर्ने सुर्खेतको चौकुने सिमेन्ट तथा सल्यानको कजेरी सिमेन्ट उद्योगका विद्यमान समस्याको उचित समाधान खोजी स्थानीय रोजगारीसँग आवद्ध गरी उद्योग सुचारु गर्ने व्यवस्था मिलाइने छ ।

१७४. ढुंगा, गिटी, बालुवाको उत्खनन् तथा प्राकृतिक सम्पदाको अत्यधिक दोहनबाट वातावरणमा परेको असर कम गर्न नीतिगत र कानूनी व्यवस्था मिलाइने छ ।

१७५. उच्च हिमाली भेगमा पाइने बहुमूल्य जडीबुटीहरू जस्तैः यार्सागुम्बा, पाँचऔंले, जटामसी, सतुवा, भूँइकस्तुरी लगायतको अनियन्त्रित र अव्यवस्थित रुपमा भइरहेको संकलन कार्यलाई रोकी संरक्षण, उत्पादन, व्यवस्थापन र उपयोग गर्न तथा राजस्वको दायरामा ल्याउन आवश्यक कानूनी नीतिगत एवं वैज्ञानिक योजना तयार गरी लागू गरिने छ ।

१७६. स्थानीय उत्पादन तथा साधन र स्रोतमा आधारित जल, जंगल, जडीबुटी, फलफूल, खनिज पदार्थ, कृषिजन्य उत्पादन, पशुपालन, पर्यटकीय साधन र मानवीय स्रोतको उचित प्रयोग गरी साना, मझौला तथा ठूला उद्योगहरूको स्थापना र विकास गरी नागरिकको समग्र जीवन पद्दतिलाई आर्थिक रुपबाट रुपान्तरण गर्दै प्रदेशलाई समृद्ध गरिने छ ।

१७७. सुर्खेतको साटाखानीमा विशेष आर्थिक क्षेत्र स्थापना र विभिन्न जिल्लाहरूमा साना तथा मझौला उद्योगग्राम स्थापना तथा उद्योग विकासका सहयोगी पूर्वाधार कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि रु. २२ करोड विनियोजन गरेको छु ।

१७८. आयमूलक कार्यक्रम अन्तर्गत दलित लक्षित उद्योग विकास कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि रु. ६ करोड विनियोजन गरेको छु ।

१७९. प्रदेशमा रहेका खनिजहरूको अध्ययन, अनुसन्धान, उत्खनन् र विकासको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१८०. जडीबुटी प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययन र यसको पूर्वाधार निर्माण, यार्सागुम्बा पकेट क्षेत्र संरक्षण एवं प्रबर्धन, वन पैदावार संरक्षण, प्रबर्धन तथा व्यवस्थापन कार्यक्रमको लागि रु. १३ करोड ६० लाख विनियोजन गरेको छु ।

**पर्यटन**

१८१. **"कर्णाली समृद्धिको आधार, पर्यटनको विकास र पूर्वाधार"** भन्ने उद्घोषका साथ सुरु गरिएको कर्णाली रारा पर्यटन वर्ष, २०७५ लाई सफल बनाउन प्रबर्दनात्मक र प्रचारात्मक कार्यहरूलाई निरन्तरता दिई पर्यटकको सेवा र सुविधा विस्तार र स्तरीकरण गर्न निजी क्षेत्रलाई आकर्षित गरिने छ ।

१८२. काँक्रेविहार, बुलबुले, बराह ताल, जाजुरा दह, कुपिन्डे ताल, खैरावाङ, कुमाख, कुसे जलजला, सुयडा मालिका, स्यार्पु दह, शे-फोक्सुण्डो ताल, शे गुम्बा, चन्दननाथ, छायाँनाथ, रारा ताल, रलिङ गुम्बा, खर्पुनाथ, लिमिहल्जी गुम्बा, हिल्सा, (कैलाश मानसरोवर), पचाल झरना, महाबु, पञ्चदेवल, पञ्चकोशी, दुल्लु, सिद्धपाइला सुर्खेत 'कर्णाली पर्यटन सर्किट' को सम्भाव्यता अध्ययन गरी नेपाल सरकारको सहयोगमा कार्यान्वयन गर्दै लगिनेछ । यस कार्यका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१८३. प्रदेशका विभिन्न स्थानहरूमा र्‍याफ्टिङ, बन्जी जम्पिङ, प्याराग्लाइडिङ, पर्वतारोहण, रक क्लाइम्बिङ जस्ता साहसिक पर्यटनको निजी तथा अन्य विकास साझेदारसँग समन्वय र सहकार्य गरी पर्यटन प्रवर्द्धन गरिने छ ।

१८४. रुकुमदेखि सल्यान जाजरकोट दैलेख कालीकोटसम्म 'युद्ध ट्रेल' निर्माण गर्नका लागि बजेट विनियोजन गरेको छु ।

१८५. यस प्रदेशको महत्वपूर्ण पर्यटकीय क्षेत्रको विकास गर्न रारा ताल, शे–फोक्सुण्डो ताल, स्यार्पु, पञ्चकोशी र कुपिण्डे ताल पर्यटन विकास समिति गठन गरी पर्यटन विकासमा जोड दिइने छ ।

१८६. **"निकुञ्जदेखि निकुञ्जसम्म"** कार्यक्रम अन्तर्गत बर्दिया रारा तथा **"तालदेखि तालसम्म"** कार्यक्रम अन्तर्गत रारा, शे फोक्सुण्डो, स्यार्पु, कुपिण्डे, बुलबुले पर्यटन रुटको विकास गरिने छ ।

१८७. निजी क्षेत्रको सहकार्यमा सम्भाव्यता रहेका जलमार्ग क्षेत्रमा स्टिमर सञ्चालन गर्न र वीरेन्द्रनगर गोठीकाँडा केबुलकार सञ्चालनमा ल्याउन प्रदेश सरकारले आवश्यक पहल गर्नेछ ।

१८८. पर्यटन प्रबर्धनका लागि पर्यटन व्यवसायीकरणको विकास, होमस्टे तथा सामुदायिक लज व्यवस्थापन, सामुदायिक पर्यटनमा स्थानीय उत्पादन प्रबर्धन कार्यक्रम जस्ता विविध कार्यक्रम सञ्चालन गर्न रु. ४ करोड ५० लाख विनियोजन गरेको छु ।

१८९. पर्यटन सूचना प्रवाह कार्यक्रम अन्तर्गत कर्णाली पर्यटन गुरुयोजना निर्माण, प्रादेशिक पर्यटन बोर्ड गठन तथा संस्थागत विकासको सम्भाव्यता अध्ययन, पर्यावरणीय जैविक विविधतायुक्त प्रादेशिक संग्रहालय सम्भाव्यता अध्ययन गरी निर्माण कार्य सुरू गर्ने, पर्यटन सूचना केन्द्र स्थापना, नेपाल सरकारसँगको सहकार्यमा राराको भू–उपयोग योजना तयारी कार्यक्रमहरू सञ्चालन गरिने छ । यसका लागि रु. ४ करोड ४० लाख विनियोजन गरेको छु ।

१९०. रारा ताल तथा शे–फोक्शुण्डो ताल वरिपरि पदमार्ग निर्माण, दैलेख पञ्चकोशी पर्यटन सर्किट र कोटिला मानव निर्मित ताल, पचाल झरना पर्यटन विकास, रुकुम स्यार्पू ताल संरक्षण, सल्यान कुमाख, खैरावाङ, लक्ष्मीपुर र कुपिन्डे ताल संरक्षण, सुर्खेतको काँक्रेविहार र बुलबुले पर्यटन विकास तथा पर्यटकीय स्थलहरूमा धर्मशाला निर्माण, ग्रेट हिमालयन ट्रेकिङ्ग सर्किट, ढोरपाटन शे–फोक्शुण्डो–रारा–खप्तड हरित सडक सम्भाव्यता अध्ययन, पर्यटक पदमार्ग निर्माण, कालीकोट, डोल्पा जस्ता क्षेत्रमा जीयोपार्क संरक्षण कार्यक्रम तथा कर्णाली प्रदेशका पर्यटन गन्तब्यहरुको श्रब्य दृश्य सामग्री तयारी गरी प्रचार प्रसार गर्ने लगायतका कार्यक्रमहरू सञ्चालन गरिने छ । यसका लागि रु. ६० करोड विनियोजन गरेको छु ।

१९१. नागरिकको जीविको पार्जन सुधार गरी गरिबी न्यूनीकरण गर्न सहयोग पुर्याउने विभिन्न निकायहरूसँगको साझेदारीमा प्याकेज कार्यक्रम सञ्चालन गरिने छ । यस साझेदारी कार्यक्रमको लागि रु. १० करोड विनियोजन गरेको छु ।

**हवाइ यातायात**

१९२. प्रदेशको राजधानी वीरेन्द्रनगर स्थित विमान स्थलको स्तरोन्नति गरी सुर्खेतबाट जुम्ला, मुगु, सिमकोट, डोल्पा, चौरजहारी, रुकुम सल्ले साथै नेपालगञ्ज, धनगढी, भैरहवा र काठमाडौँसम्म थप उडान सेवा विस्तार गर्न विभिन्न हवाई सेवा प्रदायक कम्पनीहरूलाई उत्प्रेरित गर्नुका साथै इन्धनमा अनुदानको व्यवस्था मिलाइने छ ।

१९३. सुर्खेतमा अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको विमान स्थल निर्माण कार्य गर्न र अन्य जिल्लाहरूमा हवाई मैदानको सम्भाव्यता अध्ययनको लागि नेपाल सरकारसँग समन्वय गरिने छ ।

१९४. रारा पर्यटन वर्ष, २०७५ लाई दृष्टिगत गरी मुगुको ताल्चा र काठमाडौं सिधा हवाई उडान सञ्चालन गर्न नेपाल सरकारसँग पहल गरिने छ ।

**वन वातावरण**

१९५. हिमाली वन संरक्षणमा वैकल्पिक आधुनिक प्रविधिलाई प्रोत्साहन गरिने छ । कर्णाली क्षेत्रको महत्वपूर्ण रैथाने वनस्पति र वन्यजन्तुहरूको अनुसन्धान, अभिलेखीकरण तथा संरक्षण गरी वैज्ञानिक वन व्यवस्थापन, वन डढेलो नियन्त्रण कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१९६. उद्योग, पर्यटन, वन, वातावरण सम्बन्धी नीति, रणनीति तर्जुमा गरिने छ ।

१९७. **"वातावरण मैत्री हरित अर्थतन्त्र, समृद्धिको मूल मन्त्र"** भन्ने नाराका साथ एक व्यक्ति दश विरुवा रोप्ने नीतिलाई प्रोत्साहन गर्न भावी सन्ततिलाई विरुवा उपहार कार्यक्रम अन्तर्गत जन्म, विवाह जस्ता सामाजिक, सांस्कृतिक कार्यहरूका नाममा वृक्षारोपण गरी वन र वातावरण संरक्षण, सम्बर्दनका लागि चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१९८. **"स्वच्छ वातावरणको लागि हरियाली"** भन्ने नारालाई सार्थक तुल्याउन युवा क्लब, महिला समूह, विद्यालय तथा अन्य सामाजिक संघ संस्थाहरूलाई सहभागी गराई नियमित सरसफाई र सार्वजनिक स्थलमा वृक्षारोपण कार्यलाई अभियानको रुपमा अगाडि बढाइने छ ।

१९९. **"गरिब जनताको धन, जडीबुटी वन्यजन्तु र वन"** भन्ने नारालाई अभियानको रुपमा सञ्चालन गर्न वन तथा निजी जग्गामा आयमूलक जडीबुटी वृक्षारोपण कार्यक्रम सञ्चालन गरिने छ । प्रत्येक जिल्लामा सामूहिक जडीबुटी खेतीलाई प्रोत्साहन गर्न विभिन्न निकायहरूको साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ । यस कार्यक्रमका लागि रु. १८ करोड विनियोजन गरेको छु ।

२००. विगतका परिवर्तनकारी आन्दोलनहरूमा जीवन बलिदानी दिने सम्पूर्ण सहिदहरूको सम्झनामा सहिद स्मारकका साथै पर्यटन पार्क, बाल उद्यान, बोटानिकल गार्डेन र चिडिया घर निर्माण गर्न सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइने छ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२०१. उच्च प्रविधियुक्त बहुवर्षीय वन नर्सरी स्थापना र यसको प्रभावकारी सञ्चालनका लागि रु. ४ करोड विनियोजन गरेको छु ।

२०२. एकीकृत भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम, आकस्मिक पहिरो व्यवस्थापन तथा नदी नियन्त्रण कार्यक्रम, वातावरणीय सेवाको भुक्तानी अध्ययन, जलवायु परिवर्तन अनुकूलन योजना तयारी जस्ता वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ । यसको लागि रु. २९ करोड ५० लाख विनियोजन गरेको छु ।

२०३. गुराँस संरक्षण क्षेत्र घोषणा गरी संरक्षण, प्रवर्द्धन मार्फत पर्यटकीय विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**वाणिज्य तथा आपूर्ति**

२०४. उपभोक्ताको हित संरक्षण गर्न स्थानीय तहको सहकार्यमा बजार अनुगमन गरी बजारलाई नियमित र व्यवस्थित गर्न उपभोक्ता जागरण अभियान कार्यक्रमहरू सञ्चालन गरिने छ । यस कार्यक्रमको लागि रु. ७० लाख विनियोजन गरेको छु ।

२०५. सडक यातायातको पहुँचबाट टाढा रहेका डोल्पा र हुम्ला जिल्लाका ७० वर्ष पुगेका ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो जिल्लामा आवतजावत गर्दा हवाई यातायातमा सहयोग पुर्याउनका लागि आवश्यक कार्यविधि बनाई तोकिएको हवाई भाडा दरमा रु. १००० अनुदानको व्यवस्था गरिने छ । साथै दुर्गम क्षेत्रका लागि खाद्यान्न ढुवानीमा समेत अनुदानको व्यवस्था गरिएको छ । यसका लागि रु. ४ करोड विनियोजन गरेको छु ।

२०६. सुर्खेतदेखि कर्णालीका विभिन्न जिल्लाहरूमा गरिने हवाई उडानलाई नियमित र सुचारु गर्न हवाई सेवा प्रदायकलाई हवाई इन्धनमा अनुदान दिने व्यवस्था गरेको छु ।

२०७. वस्तु तथा सेवाको उत्पादन, गुणस्तर कायम र आपूर्ति व्यवस्थालाई सहज गरिने छ । यसका लागि तुलनात्मक लाभका वस्तु तथा सेवाको पहिचान, प्रबर्धन र विकास सम्बन्धी कार्यक्रमहरू, कालोबजारी तथा कार्टेलिङ्ग नियन्त्रण, खाद्य वस्तुको गुणस्तर मापन प्रयोगशाला स्थापना तथा प्रदेश भित्रका पेट्रोल पम्पहरूको स्तरोन्नतिको मापदण्ड तयार गरी कार्यान्वयन गर्न रु. १ करोड ९० लाख विनियोजन गरेको छु ।

२०८. नेपाल सरकारसँगको समन्वयमा प्रदेशको उपयुक्त स्थानमा कम्तिमा ९० दिनलाई पुग्ने गरी पेट्रोलियम पदार्थ भण्डारण गर्न पेट्रोलियम भण्डारण केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

**विज्ञान तथा प्रविधि**

२०९. यस प्रदेशको समग्र विकासको लागि सूचना, सञ्चार, विज्ञान र प्रविधिको उच्चतम विकास र उपयोग गरिने छ । वातावरणीय प्रदुषण मापन प्रयोगशाला स्थापना, बहुउद्देशीय आधुनिक प्रविधि केन्द्र स्थापना तथा विज्ञान र प्रविधिको प्रदर्शनी गरिने छ । विज्ञान र प्रविधिको अध्ययन र अवलम्बनका साथै उद्योग, वन, पर्यटन तथा वातावरणको वैज्ञानिक अनुसन्धान सम्बन्धी शोध गर्नका लागि आवश्यक सहयोग गरिने छ । यसका लागि रु. ५ करोड विनियोजन गरेको छु ।

**आन्तरिक मामिला तथा कानून**

२१०. **"समृद्धि र विकासका लागि शान्ति सुरक्षा, सुरक्षित प्रदेश जनअपेक्षा"** को मूल मर्मलाई हृदयङ्गम गर्दै चोरी, डकैती, गुण्डागर्दी, कालो बजारी, जबरजस्ती असुली, मानव बेचबिखन, महिला हिंसा जस्ता अपराधको प्रभावकारी रुपमा नियन्त्रण गर्न विशेष शान्ति सुरक्षा अभियान सञ्चालन गरिने छ । यसका लागि रू. १० करोड बजेट विनियोजन गरेको छु ।

२११. प्रदेशका जनतालाई शान्ति सुरक्षाको प्रत्याभुति दिलाउन आवश्यक कानून निर्माण गरी प्रदेश प्रहरी गठन एवं प्रदेश प्रहरी मुख्यालय लगायत आवश्यक संरचनाहरू तयार गरिने छ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२१२. **"व्यावसायिक सेवाको आधार, प्रविधियुक्त प्रहरी सेवाको विस्तार"** को नीति अनुरुप सुरक्षा सेवामा प्रविधिको अधिकतम प्रयोग गर्ने कार्यक्रमहरू लागू गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२१३. लागू पदार्थ निषेध, मदिरा नियन्त्रण तथा सार्वजनिक, भौतिक पूर्वाधार निर्माण कार्यमा हुने अनियमितता र ढिलासुस्तीको अन्त्यका लागि मूर्त कार्ययोजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न केही बजेट विनियोजन गरेको छु ।

२१४. स्थानीय आवश्यकता, भौगोलिक अवस्था र विशिष्टीकरणका आधारमा सुरक्षा सेवाको वर्गीकरण गरी पर्यटकीय क्षेत्रमा पर्यटकीय प्रहरी सेवा, ग्रामीण भेगमा सामुदायिक प्रहरी सेवा र नगर क्षेत्रमा नगर प्रहरी सेवाको स्थापना र विस्तार गर्ने व्यवस्था मिलाएको छु ।

२१५. स्थानीय सरकार र सरोकारवालासँगको सहकार्यमा **"हाम्रो प्रहरी, हाम्रो साझेदारी"** कार्यक्रमद्वारा सहरदेखि गाउँसम्म सुरक्षाको अनुभूति दिलाउन **"प्रहरी युवा हातेमालो अभियान"** सञ्चालन गरिने छ ।

२१६. प्रहरीको व्यावसायिक क्षमता अभिवृद्धि गर्न यसै आर्थिक वर्षमा उच्च प्रविधियुक्त प्रादेशिक तालिम केन्द्र व्यवस्थापन गर्नुका साथै विशिष्ट प्रकृतिको पर्वतीय प्रहरी प्रशिक्षण प्रतिष्ठान स्थापना गरिने छ । यसका लागि रु. १० करोड बजेटको व्यवस्था गरेको छु ।

२१७. प्रदेश प्रहरीका छोराछोरीहरूलाई विद्यालयमा सहज पहुँच पुर्याउने उद्देश्यले एक प्रहरी विद्यालय स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२१८. प्रदेश भित्र रहेका कारागार भवनहरूको मर्मत, सम्भार र सुधार गरिने छ । कारागारभित्र रहेका कैदी बन्दीहरूको चालचलन सुधार गर्दै सीपमूलक तालिम दिइने छ । कैदीबन्दीहरूद्वारा उत्पादित वस्तुहरू खरिद गर्ने व्यवस्था प्रदेश सरकारले गर्नेछ ।

२१९. लागु पदार्थको दुर्व्यसनमा फसेका युवा–युवतीहरूलाई सही मार्गमा हिँडाउनको लागि जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने र सो कार्यका लागि स्थापित संघसंस्थाहरूसँग सहकार्य गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२२०. डिजिटल कर्णाली प्रदेशका लागि योजनाबद्ध आधारहरू निर्माण गर्न प्रत्येक निर्वाचन क्षेत्रका कम्तिमा एक स्थानीय तह र एक विद्यालयलाई डिजिटल प्रविधियुक्त बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२२१. सूचना प्रणालीलाई व्यवस्थित र पहुँचयोग्य बनाउनका लागि सुर्खेतमा Data center को स्थापना गरिने छ । यसका लागि रू. ३ करोड बजेट विनियोजन गरेको छु ।

२२२. **"सबैका लागि सूचना, सबैतिर सञ्चार"** को अवधारणालाई कार्यान्वयनमा ल्याउन सञ्चारको पहुँचबाट बञ्चित गाउँ–बस्तीहरूलाई दुई वर्षभित्र पूर्णरुपमा सञ्चार प्रणालीमा आबद्ध गर्ने व्यवस्था गरिने छ ।

२२३. कर्णाली प्रदेशका सबै मन्त्रालय र मातहतका सरकारी निकायहरूलाई एक वर्षभित्र प्रविधियुक्त बनाई Less Paper तथा Smart Administration को अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

२२४. सञ्चारकर्मीहरूको पेसागत दक्षता र विषयगत क्षमता अभिवृद्धि गर्न तथा आमसञ्चारको क्षेत्रमा अध्ययन, अनुसन्धान कार्य अघि बढाउन प्रदेश स्तरीय आमसञ्चार प्रतिष्ठान गठन गरी सञ्चालन गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२२५. सुशासनको पक्षमा अनुसन्धानमूलक पत्रकारितालाई प्रोत्साहन गर्न सो क्षेत्रमा अविच्छिन्न क्रियाशील भई समाजमा उल्लेख्य योगदान गरेका अग्रज पत्रकारहरू मध्येबाट प्रत्येक वर्ष प्रेस स्वतन्त्रता दिवसको अवसरमा एकजना पत्रकारलाई रु. १ लाख राशीको **"कृष्णसेन इच्छुक पत्रकारिता पुरस्कार"** प्रदान गर्ने व्यवस्था गरेको छु ।

२२६. पत्रकारहरूको स्वास्थ्य संवेदनशीलतालाई मध्यनजर गर्दै थप सक्रिय हुन अभिप्रेरित गर्ने उद्देश्यले पत्रकार स्वास्थ्य बीमा कार्यक्रम लागू गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२२७. रेडियो र टेलिभिजन तथा प्रादेशिक समाचार समिति जस्ता सञ्चार माध्यमहरू सञ्चालनमा ल्याई जनताको सुसूचित हुने अधिकारलाई सम्मान गर्न बजेटको व्यवस्था मिलाएको छु ।

२२८. प्रदेश सरकारका आधिकारिक दस्तावेजहरू प्रकाशनका लागि प्रादेशिक मुद्रण विभागको स्थापना गरिने छ ।

२२९. विपद् जोखिम व्यवस्थापन गर्न प्रभावकारी कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न र विपद् पीडितहरूको उद्धारका लागि हेलिकप्टर सेवा उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु ।

२३०. द्वन्द्व पीडित, सहिद परिवार, घाइते र अपाङ्गहरूको राहत र रोजगारीको अवसर सिर्जनाका लागि रू. ५ करोड बजेट विनियोजन गरेको छु ।

२३१. **"कानूनको अनभिज्ञता क्षम्य हुँदैन"** भन्ने कानूनको सर्वमान्य सिद्धान्त सबैमा सुसूचित गराउनको लागि मानव अधिकार तथा मानवीय कानून, कानूनी साक्षरता, सुरक्षा शिक्षा जस्ता विषयमा सचेतना अभियान सञ्चालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२३२. यस वर्षलाई **"कानून निर्माण वर्ष"** को रुपमा लिई जनसहभागितामा कर्णाली सम्बृद्धि मैत्री कानूनहरूको निर्माण गरिने छ । कानूनी अध्ययन, अनुसन्धान तथा कानून तर्जुमा गर्न सहयोग पुऱ्याउन प्रदेश कानून आयोगको गठन गरिने छ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्**

२३३. कर्णाली प्रदेशमा गरिबीको रेखामुनि करिब ५२ प्रतिशत जनसंख्या रहेको छ । उक्त गरिबी प्रतिशतलाई ५ वर्षभित्रमा आधामा झार्ने लक्ष्य लिइएको छ । रोजगारीका अवसर सिर्जना गर्न कर्णाली रोजगार कार्यक्रम सञ्चालन गरिने छ । बेरोजगारी दर घटाउन एक घर एक रोजगार कार्यक्रम अन्तर्गत वर्षमा कम्तिमा १०० दिन रोजगारीको ग्यारेन्टी गरिने छ ।

२३४. नेपाल सरकारको समन्वयमा युवा शैक्षिक बेरोजगारीलाई सम्बोधन गर्न शैक्षिक प्रमाणपत्रको आधारमा ऋण दिने व्यवस्था गरिने छ । व्यावसायिक प्रस्तावको मूल्याङ्कन गरी उपयुक्तताको आधारमा सरल माध्यमबाट ऋण उपलब्ध गराउन बैंकहरूसँग सहकार्य गरिने छ ।

२३५. **"कर्णाली उज्यालो कार्यक्रम"** लाई मूर्तरुप दिई प्रदेशको विभिन्न जिल्लाको ग्रामीण क्षेत्रमा विद्युत पुऱ्याउन रु. ५० करोड बजेट विनियोजन गरेको छु ।

२३६. अव्यवस्थित र छरिएर रहेका बस्तीलाई एकीकृत गरी विकास र सेवा सुविधा सहज बनाउन मुख्यमन्त्री एकीकृत बस्ती तथा नमुना गाउँ सहर विकास कार्यक्रम अभियानका साथ अघि बढाउने व्यवस्था मिलाइने छ । यस कार्यका लागि रु. २५ करोड बजेट विनियोजन गरेको छु ।

२३७. प्रदेशमा उत्कृष्ट नतिजा ल्याउने जेहेन्दार विद्यार्थीलाई प्राविधिक उच्च शिक्षाका लागि मुख्यमन्त्री छात्रवृत्ति कोषको व्यवस्था गरी छात्रवृत्ति प्रदान गरिने छ ।

२३८. प्रदेशको दिगो र व्यवस्थित विकासका लागि विभिन्न क्षेत्रका विज्ञहरू सम्मिलित एक एकीकृत कर्णाली विकास विज्ञ समूह (थिङ्क ट्याङ्क) गठन गरिने छ ।

२३९. भ्रष्टाचारप्रति शुन्य सहनशीलताको नीति अवलम्बन गर्दै भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, घुसखोरी, कमिसनतन्त्रलाई कडा नियन्त्रण गर्नको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँगको सहकार्यमा अनुगमन, नियन्त्रण र कारवाहीलाई प्रभावकारी ढंगले अगाडि बढाइने छ । यसका लागि आवश्यक नीति, कानून र संयन्त्र निर्माण गरिने छ ।

२४०. भौगोलिक सूचना प्रणाली (Geographical Information System-GIS) को माध्यमबाट उत्पादन क्षेत्रहरूलाई नक्सांकन गरी प्राथमिकीकरण गरिने छ । साथै कर्णाली प्रदेशका महत्वपूर्ण विकास आयोजनाहरूको पूर्वसम्भाव्यता, सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन निजी क्षेत्रसँगको साझेदारीमा तयार गर्ने र सम्भाव्य आयोजनाहरूको बृहत कर्णाली विकास योजना निर्माण गरिने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२४१. प्रदेश सभाको संस्थागत सुदृढीकरण तथा प्रदेश सभाका सदस्यहरूको ज्ञान, सीप र क्षमताको अभिवृद्धि गर्न आवश्यक तालिम, गोष्ठी र सेमीनार सञ्चालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

**आर्थिक मामिला तथा योजना**

२४२. आर्थिक, सामाजिक र भौतिक पूर्वाधार समेतको दृष्टिले पछाडि रहेको कर्णाली प्रदेशमा नेपाल सरकारको उचित ध्यान पुग्न नसकेको धरातलीय यथार्थता हाम्रा सामू छ । न्यून आन्तरिक स्रोत

रहेको र नेपाल सरकारबाट समेत पर्याप्त अनुदान रकम प्राप्त हुन नसकेको सन्दर्भमा हामी सानो आकारको बजेटमा बाँधिन बाध्य छौं ।

तर यस प्रदेशले नेपाल सरकारसँग **विशेष अनुदान, समपुरक अनुदान, आन्तरिक ऋण र अन्य सहयोगको** लागि दाबी पेश गर्ने अग्राधिकार रहेको छ । प्रचुर विकासको सम्भावना भएको यस प्रदेशमा अन्तर्राष्ट्रिय विकास साझेदारहरू र निजी क्षेत्रका लगानीकर्ताहरू विकास र समृद्धि यात्रामा साझेदारी र लगानी गर्न इच्छुक रहेका छन् ।

हामीसँग आफ्नो साधन स्रोतले सम्पन्न गर्न नसकिने प्रशस्त आकर्षक ठूला र बृहत आयोजनाहरू रहेका छन् । त्यस्ता आयोजनाहरूमा लगानी गर्न नेपाल सरकारको पहल कदमी र अन्य सहयोगी समुदायको सहयोग अपरिहार्य छ । यस सन्दर्भमा बहुपक्षीय लगानीलाई आकर्षित गर्न नेपाल सरकारको समन्वयमा लगानीकर्ताहरूको सहभागितामा कर्णाली लगानी सम्मेलन गरिने छ । यसका साथै प्रदेशमा जन्मी हुर्की हाल देशका विभिन्न स्थानमा रहनु भएका उद्यमी, व्यापारी, व्यवसायी, पेशाकर्मी, राष्ट्रसेवकहरू, विभिन्न देशमा वैदेशिक रोजगारीमा गएका श्रमिकहरू तथा विदेशमा रहेका गैर आवासीय नेपाली नागरिकहरूलाई प्रदेशका विभिन्न आयोजनाहरूमा लगानी गर्न अपिल गर्दै लगानीकर्तालाई प्रोत्साहन गरिने छ ।

यस पृष्ठभूमिमा कर्णाली प्रदेशका मेरुदण्ड आयोजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) र निर्माणका लागि नेपाल सरकारको विशेष अनुदान, समपूरक अनुदान, नेपाल सरकारको आन्तरिक ऋण, विकास साझेदारहरूको सहयोग एवं निजी क्षेत्रको लगानी आकर्षित गरिने छ ।

प्रदेश सरकारले नेपाल सरकार र दाता वा निजी क्षेत्रसँग सहकार्यमा देहाय बमोजिमका आयोजनाहरूलाई शीघ्रताका साथ सम्पन्न गर्न समन्वय तथा साझेदारी गर्नेछ ।

- भेरी बबई डाइभर्सन, नलसिंगाड, फूकोट कर्णाली, बेतन कर्णाली जलविद्युत आयोजनाहरू,
- जमुनाहा हिल्सा प्रधानमन्त्री अन्तर्राष्ट्रिय द्रुत मार्ग (फास्ट ट्र्याक),
- हुम्ला र डोल्पा जिल्ला सदरमुकाम जोड्ने रणनीतिक राजमार्गहरू,
- कर्णाली राजमार्ग दुई लेन स्तरोन्नति,
- भेरी करिडोर छिन्चु डोल्पा धो मोरिम्ला सडक निर्माण तथा स्तरोन्नति,
- नाग्मा रारा नाक्चे लाग्ना पर्यटकीय मार्ग स्तरोन्नति,
- दक्षिण सिमाना बर्दियादेखि नाक्चे लाग्नासम्म सडक स्तरोन्नति,
- सुर्खेत बर्दिया सुरुङ मार्ग निर्माण,
- मुसीकोट जमुनाहा नाका सडक,
- सुर्खेत उपत्यका बृहत चक्रपथ,
- सुर्खेत दैलेख सडक स्तरोन्नति,
- चौरजहारी जाजरकोट जुम्ला कामी बुढा शहीद मार्ग,
- राप्ती लोक मार्ग स्तरोन्नति,

- कर्णाली, भेरी, बबई लिफ्ट सिंचाई,
- जडीबुटी प्रशोधन केन्द्र,
- औषधि उद्योग स्थापना,
- सिमेन्ट उद्योग स्थापना र सञ्चालन,
- खनिज उद्योग स्थापना,
- प्रादेशिक रंगशाला निर्माण,
- कर्णाली पर्यटन सर्किट निर्माण,
- अर्गानिक कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम,
- प्रादेशिक कृषि प्रतिष्ठान स्थापना,
- कर्णाली आयुर्वेद विश्वविद्यालय स्थापना,
- सुर्खेत मेडिकल कलेज स्थापना,
- एयर एम्बुलेन्स सेवा सञ्चालन,
- कर्णाली विश्वविद्यालय पूर्वाधार निर्माण,
- एकीकृत बस्ती विकास तथा नमुना गाउँ सहर कार्यक्रम,
- प्रादेशिक पेट्रोलियम भण्डारण केन्द्र निर्माण,
- विशेष आर्थिक क्षेत्र स्थापना,
- दैलेखको ग्याँस र पेट्रोलियम पदार्थ अन्वेषण, उत्खनन ।

उल्लिखित आयोजनाहरूको प्रकृति अनुसार नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान, समपूरक अनुदान, आन्तरिक ऋण एवं नेपाल सरकारको समन्वयमा विकास साझेदारहरूको सहयोग समेतबाट विभिन्न आयोजनाहरूको पूर्वसम्भाव्यता तथा सम्भाव्यता अध्ययन र उपयुक्तताका आधारमा प्राथमिकीकरण गरी क्रमिक रुपमा कार्यान्वयन गर्न रु. २० अर्ब परिचालन गरिने छ ।

२४३. कर्णाली प्रदेशमा नेपाल सरकारको विशेष अनुदान, समपूरक अनुदान, आन्तरिक ऋण, विकास साझेदारहरूको सहयोग तथा अन्य निजी क्षेत्रको लगानीमा सञ्चालन गरिने उपरोक्त ठूला बहुउद्देश्यीय आयोजनाहरूको लागि कर्णाली पूर्वाधार विकास लगानी कोष स्थापना गरिने छ । हाल उक्त कोषमा बीउ पुँजीको रुपमा रु. १ अर्ब विनियोजन गरेको छु ।

२४४. **"समृद्धिका लागि सहकार्य"** भन्ने नाराका साथ जनताको सहभागिता र स्वामित्वमा 'आफ्नो गाउँ आफै बनाऔं' कार्यक्रम अन्तर्गत स्थानीय तहसँगको साझेदारीमा विभिन्न पूर्वाधार विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ । त्यसका लागि आफ्नो गाउँ आफै बनाऔं साझेदारी कोष स्थापना गरिने छ । उक्त कोषका लागि रु. ६० करोड विनियोजन गरेको छु ।

२४५. स्थानीय तहको विकास निर्माणमा सहयोग पुर्याउनका लागि प्रदेश सरकारले ७९ वटै स्थानीय तहहरुलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सुत्र अनुसार प्रदेश सञ्चित कोषबाट रु. ४० करोड वित्तीय समानीकरण अनुदान प्रदान गरिएको छ ।

२४६. नेपाल सरकारबाट कार्यक्रम सूची सहित प्राप्त हुन आएको सशर्त अनुदान रकम रु. ६ अर्ब ६४ करोड तत् तत् आयोजनाहरूमा खर्च गरी कार्यान्वयनमा लैजाने व्यवस्था मिलाएको छु ।

२४७. यस प्रदेशको आर्थिक, सामाजिक र पूर्वाधार विकासको लागि सार्वजनिक, निजी, नागरिक साझेदारी (Public Private People Partnership-P4) मोडेलमा आयोजनाहरू छनौट तथा सञ्चालन गरिने छ । कर्णाली प्रदेशमा लगानी गर्ने निजी क्षेत्रका लगानीकर्ताहरूलाई आयकरमा छुट दिनका लागि नेपाल सरकारसँग अनुरोध गरिने छ । लगानीमैत्री वातावरणका लागि सडक, विद्युत लगायतका पूर्वाधार निर्माण, शान्ति सुरक्षा, अन्तर निकाय समन्वय र लगानीकर्ताहरूको लगानी सुरक्षित हुने वातावरण निर्माण गरिने छ । त्यसका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गरिने छ ।

२४८. कर्णाली प्रदेश भित्रको १०० मेगावाट सम्मको एक सम्भाव्य जलविद्युत आयोजना छनौट गरी जनता र प्रदेश सरकारको संयुक्त लगानीमा प्रदेश सरकारद्वारा निर्माण कार्य थालनी गरिने छ ।

२४९. चालु आर्थिक वर्ष २०७४/७५ मा पारित भएका योजना र कार्यक्रमहरू मध्ये आवश्यकता र औचित्यताका आधारमा आगामी आर्थिक वर्षमा निरन्तरता दिई कार्यान्वयन गरिने छ ।

२५०. **"करदाता मैत्री कर प्रशासन"** भन्ने नाराका साथ स्वेच्छिक कर प्रणालीलाई प्रोत्साहन गरिने छ । सरकारलाई बढी कर तिर्ने संस्था र व्यक्तिलाई सम्मान स्वरुप कदर पत्र प्रदान गरिने छ ।

२५१. १०० जना भन्दा बढी प्रत्यक्ष रोजगारी दिने व्यवसायी फर्मलाई सम्मान प्रदान गरिने छ ।

२५२. कर्णाली प्रदेशमा लामो समयसम्म काम गर्ने, कर्णाली प्रदेशको विकासमा योगदान पुर्याउने, कर्णालीलाई अन्तर्राष्ट्रिय क्षेत्रमा स्थापित गर्ने विभिन्न व्यक्तिहरूलाई उनीहरूको योगदानको कदर गर्दै सम्मान गरिने छ।

**बजेट कार्यान्वयन**

२५३. आगामी आर्थिक वर्षदेखि सीमित साधन तथा स्रोतको अधिकतम उपयोग गर्न योजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण गर्ने व्यवस्थालाई अनिवार्य गरिने छ ।

२५४. कर्णाली प्रदेशको समृद्धिको खाका सहित दीर्घकालीन र आवधिक योजना तर्जुमा गरी सोही आधारमा विकास कार्यक्रमहरू सञ्चालन गर्न कर्णाली प्रदेश नीति तथा योजना आयोग गठन गरिने छ ।

२५५. प्रदेशमा सञ्चालित राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजना लगायत प्राथमिकता प्राप्त महत्वपूर्ण विकास आयोजनाहरूको अनुगमन र मूल्याङ्कन प्रभावकारी बनाउन योजना आयोजना अनुगमन मार्गदर्शन तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५६. योजना, आयोजना तथा कार्यालय सञ्चालन अनुशासनयुक्त बनाउन वित्तीय सुशासन सम्बन्धी रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

२५७. आयोजना सञ्चालन गर्ने कार्यालय प्रमुख तथा आयोजना प्रमुखलाई जिम्मेवार बनाउन परियोजना कार्य सम्पादन सम्झौता दिग्दर्शन प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५८. सम्बन्धित सचिवलाई बजेट कार्यान्वयनको समग्र जिम्मेवार बनाइनेछ । सम्बन्धित विभागीय प्रमुख र आयोजना प्रमुखलाई आयोजना कार्यान्वयनको जिम्मेवार बनाइनेछ ।

२५९. प्रदेश र संघ एवं प्रदेश र स्थानीय साझेदारीमा सम्पन्न गर्न सकिने तथा प्रदेश स्वयंले सञ्चालन गर्ने सम्भावित आयोजनाहरूको सूची परियोजना बैंक (Project Bank) तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२६०. कर्णाली प्रदेशको विकास र समृद्धिको लागि प्राप्त गरिने विकास साझेदारहरूको सहयोगलाई प्रभावकारी क्षेत्रमा परिचालन गर्न **कर्णाली प्रदेश विकास साझेदार मञ्च (Karnali Province Development Partners Forum)** गठन गरी कार्यान्वयनमा ल्याइने छ ।

२६१. कर्णाली प्रदेशको समृद्धिको खाका तयार गर्न सहायता सञ्चालन सम्बन्धी रणनीति तयार गरी विकास साझेदारहरूबाट प्राप्त सहायताको प्रभावकारी उपयोग गर्न नेपाल सरकारको स्वीकृतिमा **विकास साझेदार कर्णाली सम्मेलन (Development Partners Karnali Summit)** आयोजना गरिने छ ।

**बैंक तथा वित्तीय संस्था**

२६२. गैर सरकारी क्षेत्र, सरकारी, सहकारी, निजी क्षेत्र तथा नागरिक समाजको समन्वय र सहयोगमा आर्थिक विकासको दिगो लक्ष्य हासिल गर्न नीतिगत व्यवस्था गरिने छ ।

२६३. सबै स्थानीय तहहरूमा आधुनिक बैंकिङ्ग सुविधा उपलब्ध गराउन संघीय सरकारसँग समन्वय गरी सबै स्थानीय तहसम्म बैंक तथा वित्तीय संस्था स्थापना गरिने छ ।

२६४. प्रदेशमा करका क्षेत्र पहिचान गरी प्रादेशिक कर कानून तत्काल ल्याइनेछ । छरितो कर प्रशासनिक संरचना मार्फत कर तथा गैरकर असुली तथा संकलन कार्य प्रभावकारी बनाइनेछ ।

**जनशक्ति, कार्यालय संगठन तथा व्यवस्थापन**

२६५. प्रदेशमा रहने मन्त्रालय र अन्तर्गतका संगठनहरू नेपाल सरकारबाट हस्तान्तरण भई आएमा सो संरचनामा प्रदेशको आवश्यकता अनुसार परिमार्जन गर्ने र हस्तान्तरण भई नआएमा आवश्यकता अनुसार नयाँ संरचना स्थापना गरी प्रदेशले सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

२६६. कर्मचारीहरूलाई कामप्रति जिम्मेवार र जवाफदेही बनाउन कार्यविवरण तयार गरी कार्यान्वयन गर्ने र कर्मचारीहरूलाई अनुशासित, मर्यादित र कर्तव्यनिष्ठ बनाउनको लागि आचारसंहिता तयार गरी लागू गरिने छ ।

२६७. प्रदेशमा रहने कर्मचारीहरूलाई उत्प्रेरित र उच्च मनोबलयुक्त बनाउन अपनाउने उपाय तथा उपलब्ध गराउनुपर्ने सेवा सुविधाका सम्बन्धमा सुझाव पेश गर्न गठित कार्यदलबाट प्राप्त सुझाव क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७५।७६ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२६८. करदाता, लगानीकर्ता र आम नागरिकले अपेक्षा गरेको आदर्श कर प्रणालीबाट प्रेरित भएर आगामी आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमको उद्देश्यहरू देहाय अनुसार प्रस्तुत गर्न चाहन्छु:

(क) सबै आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने,

(ख) आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानीमैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गर्ने,

(ग) करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समन्यायिक बनाउने,

(घ) कर कानूनको पालनामा जोड दिँदै करछली तथा चुहावट नियन्त्रण गर्ने,

(ङ) गैरकर राजस्वको क्षेत्र विस्तार एवं करका दरहरूलाई समायोजन गरी राजस्व वृद्धि गर्ने ।

२६९. प्रदेशमा करका क्षेत्र पहिचान गरी प्रादेशिक कर कानूनको उपयुक्त व्यवस्था गर्ने र छरितो कर प्रशासनिक संरचना मार्फत कर तथा गैर कर असुली तथा संकलन कार्य प्रभावकारी बनाइने छ ।

२७०. कर प्रशासनलाई चुस्त छरितो र लागत प्रभावी बनाइने छ । प्रदेशको आफ्नै संरचना स्थापना नभएसम्म संघीय सरकार तथा स्थानीय तहका संरचना मार्फत समन्वयात्मक रुपले कर असुली गरिने छ।

२७१. आगामी आर्थिक वर्षमा यस प्रदेशमा लगाइने कर तथा शुल्कहरूको विवरण आर्थिक ऐनका अनुसूचीहरूमा उल्लेख गरेको छु ।

**माननीय सभामुख महोदय,**

२७२. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

२७३. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रु. २८ अर्ब २८ करोड २८ लाख २८ हजार विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालु तर्फ रु. ६ अर्ब ६३ करोड ८४ लाख ८५ हजार र पुँजीगत तर्फ रु. २१ अर्ब २४ करोड ४३ लाख ४३ हजार तथा वित्तीय व्यवस्थापन तर्फ रु. ४० करोड विनियोजन गरेको छु ।

२७४. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. ५० करोड, चालु आर्थिक वर्षको खर्च नभई बाँकी रहन जाने अनुमानित रकम रु. ५० करोड, संघीय सरकारबाट राजस्व बाँडफाँड वापत प्राप्त हुन आएको रकम रु. ५ अर्ब ५१ करोड ६६ लाख १५ हजार र वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुन आएको रु. ९ अर्ब १३ करोड १४ लाख र सशर्त अनुदानबाट रु. ६ अर्ब ६३ करोड ४१ लाख ५० हजार परिचालन गरिने छ । त्यसै गरी समपूरक र विशेष अनुदानबाट रु. ५ अर्ब प्राप्त हुने अनुमान गरिएको छ । सो अनुदानबाट समेत नपुग हुन जाने रु. १ अर्ब आन्तरिक ऋण परिचालनबाट व्यहोर्ने व्यवस्था मिलाएको छु ।

**माननीय सभामुख महोदय,**

२७५. अन्त्यमा, बजेट तयारीका क्रममा निर्देशन गर्नु हुने प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, माननीय मन्त्रीज्यूहरू, संसदीय दलका नेताज्युहरू, माननीय उपसभामुखज्यू लगायत प्रदेश सभाका माननीय सदस्यज्यूहरू, विभिन्न राजनीतिक दलका नेताज्यूहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिहरूमा व्यापक छलफल गरी प्रदेश सभाका माननीय सदस्यहरूले दिनु भएका सुझावको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । बजेट छलफलका क्रममा सुझाव दिनुहुने प्रदेश सरकारका प्रमुख सचिव तथा सचिवहरू, प्रदेश मन्त्रालय तथा निकायमा कार्यरत कर्मचारीहरू, वरिष्ठ विज्ञहरू, उद्योग वाणिज्य संघ लगायत निजी क्षेत्र तथा नागरिक समाजका बुद्धिजीवीहरू, सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, पत्रकार तथा प्रदेशभित्र र प्रदेश बाहिर रहनु भएका दिदीबहिनी दाजुभाइहरू सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै प्रस्तुत बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

**(मिति: २०७५ असार १ गते शुक्रबार)**

**धन्यवाद ।**

# आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७५/७६ को बजेटका सन्दर्भमा उठेका प्रश्नहरुको जवाफ

सर्वप्रथम माननीयज्यूहरुले दिएका सुझावहरुलाई ग्रहण गर्दछु ।

१. माननीय सांसदज्यूले विषयहरु संसदमा खुलस्त रुपमा राख्नुभएको छ । ती विषयहरुलाई सम्बोधन गर्ने कुरामा सरकार प्रतिबद्ध छ ।

२. कतिपय प्राविधिक कमजोरीलाई महसुस गरेको छु । बजेटका सम्बन्धमा माननीय सदस्यज्यूहरुबाट प्रदेश सभामा उठाइएका प्रश्न, जिज्ञासा र प्रष्ट पार्नुपर्ने विषयहरुका बारेमा जवाफ दिन चाहन्छु ।

३. यो बजेट महत्वाकांक्षी छ भन्ने कुरा माननीयज्यूहरुले उठाउनुभएको छ । बजेट महत्वाकांक्षी छ तर अति महत्वाकांक्षी छैन । महत्वाकांक्षा नराखी प्रगति गर्न पनि सकिदैन । बजेटले समृद्ध कर्णाली, सुखी कर्णालीवासीको आकांक्षा पूरा गर्ने संकल्प गरेको छ ।

४. ६ अर्ब बढीको घाटा बजेटका बारेमा केही आशंका गरिएको छ । तर घाटा बजेट पूर्ति गर्नका लागि भरपर्दा आधारहरु छन् । समपूरक र विशेष अनुदानको हिस्सा संघीय सरकारबाट पाउने हाम्रो कानूनी आधार नै हुन्छ । संघीय सरकारबाट आन्तरिक ऋण लिनका लागि पनि संवैधानिक र कानूनी व्यवस्था भएकोले प्राप्त गर्न सकिने सम्भावना रहन्छ । यसमा संघीय सरकारको सहयोगमा प्राप्त हुनसक्ने वैदेशिक अनुदान र सहयोग जोडिएको छैन । यो पनि बजेटको सम्भावित श्रोत हो ।

५. विकासको मेरुदण्ड सडक हो भन्ने कुरामा दुईमत छैन । त्यसैले पहिलो प्राथमिकता भौतिक पूर्वाधार र त्यसमध्ये पनि सडकलाई दिनुपर्छ भन्ने कुरालाई बजेटले केन्द्रविन्दुमा नै राखेको छ । त्यसकारण सबैभन्दा बढी रकम सडक र भौतिक पूर्वाधारमा विनियोजन गरिएको छ । साथै खानेपानी, सिचाई, बिजुलीजस्ता भौतिक पूर्वाधारलाई पनि प्राथमिकतामा राखेर बजेट विनियोजन गरिएको छ ।

६. केही अत्यावश्यक सुरक्षा र उत्पादनको क्षेत्र बजेटको अर्को प्राथमिकता हो । महिला, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र बालबालिका, अल्पसंख्यक, सिमान्तकृत, लक्षित वर्ग समुदायलाई बजेटमा प्राथमिकता दिनैपर्छ । त्यसरी नै छाउपडी, बोक्सी जस्ता समाजका कलंकका रुपमा रहेका सामाजिक विकृति र कूरीति अन्त्य गर्ने कार्यक्रमका लागि पनि बजेट छुट्याउनु अनिवार्य हुन्छ । त्यस्तो सामाजिक सुरक्षा र सामाजिक न्यायको क्षेत्रमा आवश्यक बजेट विनियोजन गर्दा बजेट छरिएको जस्तो लाग्न सक्छ तर यस्ता जनमुखी कार्यक्रममा बजेट राख्नु अनिवार्य नै हो । सामाजिक विकृति अन्त्य गर्ने र सेफ हाउस स्थापना जस्ता कार्यक्रमका लागि बढी रकमको आवश्यकता परेमा बजेट थप गर्न सकिन्छ । यस अर्थमा यो बजेट वितरणमुखी होइन, उत्पादन र निर्माणमुखी हुनुको साथै सामाजिक सुरक्षालाई समेत सम्बोधन गर्ने गरी आएको समावेशी बजेट भएको यथार्थता हो । लैङ्गिक र लक्षित वर्ग समुदायलाई केन्द्रविन्दुमा राखेर सकेसम्म वर्ग समुदायमैत्री र लैङ्गिक उत्तरदायी बजेट ल्याउने प्रयास गरिएको छ ।

७. बजेटले स्वास्थ्य, शिक्षा, खेलकुद जस्ता सामाजिक क्षेत्रलाई पनि यथोचित सम्बोधन गरेको छ। त्यसैले जोखिममा परेका सुत्केरी, विपद्मा परेका नागरिकको उद्धार र राहतका लागि पनि उचित बजेट विनियोजन गरिएको छ । शैक्षिक पूर्वाधारलाई प्राथमिकता दिनुपर्ने सुझाव पनि मनन योग्य नै छ ।

८. ४० करोड बजेट स्थानीय तहलाई वितरण कुन मापदण्डका आधारमा गरियो भन्ने माननीयज्यूहरुको जिज्ञासा पनि समाधान हुनेछ। प्राकृतिक श्रोत तथा वित्त आयोगको मापदण्ड अनुसार समानीकरण अनुदान र राजश्वको बाँडफाँड गरिएको हो । यसमा प्रदेश सरकार वा आर्थिक मामिला तथा योजना मन्त्रालयको कुनै भूमिका रहँदैन।

९. बजेट कार्यान्वयन महत्वपूर्ण सवाल हो । यसका लागि आवश्यक कानून र संरचना निर्माण गरेर योजनाबद्ध रुपमा बजेटले सम्बोधन गरेका योजनाहरुको कार्यान्वयनमा सरकार इमानदार भएर लाग्नेछ । कार्यान्वयनको वैज्ञानिक संरचना र Modality बनाउने कुरामा सरकारको ध्यान जानेछ । साथै पूँजीगत अर्थात् विकास बजेट बढाउने कुराको लागि आवश्यक नीति, कानून र संरचना बनाइनेछ ।

१०. ठेक्कापट्टा प्रणालीको अन्त्य गर्न त सकिँदैन तर प्रदेश सरकारले खर्च प्रणालीलाई नियमित र पारदर्शी बनाउन सार्वजनिक खरिद ऐन र अन्य आवश्यक कानून र नियम, निर्देशिका बनाएर कार्यान्वयन प्रक्रियालाई सहज, कम झन्झटिलो, समयमा काम सम्पन्न गर्ने, मितव्ययी र अनियमितता नियन्त्रण गर्ने प्रणाली अवलम्बन गरिनेछ ।

११. बजेट कार्यान्वयनको बार्षिक कार्यतालिका निर्माण गरिनेछ । असार १ गते बजेट प्रस्तुत भई असारमा बजेट पारित हुनेगरी प्रक्रिया अगाडि बढाइनेछ । साउन-भदौ जस्ता वर्षाको समयमा आन्तरिक काम अर्थात् बजेटको अख्तियारी र निकासा दिने, टेण्डर लगायतका प्रक्रिया अगाडि बढाउने, कागजी र प्रक्रियागत काम गर्ने व्यवस्था मिलाइनेछ । असार १ गतेदेखि कार्यान्वयन रोकेर फरफारक, निकासा वा आन्तरिक कागजी र प्रक्रियागत काम गर्ने कार्यतालिका बनाइनेछ । आर्थिक वर्षको अन्तमा सार्वजनिक लेखा परीक्षण गर्ने व्यवस्था गरिनेछ । यसरी असफल असारे विकास प्रवृत्तिलाई निरुत्साहित गर्दै बजेटको उच्चतम सदुपयोग गर्ने कुरामा सरकार गम्भीर रहेको छ ।

१२. झ्यालबाट वा प्रक्रिया नपुगी आएका योजनालाई नभई मुल ढोकाबाट आएका वा माननीयज्यूहरुले प्रस्ताव गरेका र सम्भाव्य, प्रतिफलयुक्त योजनाहरु नै प्राथमिकतामा पर्ने विश्वास दिलाउन चाहन्छु ।

१३. छलफलमा गम्भीरतापूर्वक उठेका बाढी पहिरो लगायत समग्र विपद जोखिम व्यवस्थापन तथा विपद पीडितको उद्धार, राहतको विषय समटी आवश्यक बजेट विनियोजन गरिएको छ । २०७१ सालका बाढी पीडितहरुको पुनर्स्थापनाको लागि चालु आर्थिक वर्षको बजेटमा नै उच्च स्तरीय समिति गठन गरी पुनर्स्थापना गर्ने कुरा प्रष्टरुपमा आइसकेको र पुनर्स्थापना कार्यका लागि समिति गठन गर्ने प्रक्रिया अघि बढिसकेको व्यहोरा यो सम्मानित सदन समक्ष अनुरोध गर्दछु । वर्षा अगाडि बाढी पीडितका लागि आवश्यक सहयोगका लागि सरकार गम्भीर छ ।

१४. प्रदेश राजधानी सुर्खेतमा अन्तरार्ष्ट्रिय मापदण्डको विमानस्थल निर्माणका लागि नेपाल सरकारसँग समन्वय गरेर काम अघि बढिरहेको छ ।

१५. सहिदको सम्मान स्वरुप कामी बुढा र ऋषि शर्मा राजमार्ग नामाकरण भएको विषयमा बजेटको प्रशंसा नै भएको छ । ऋषिप्रसाद गौतम राहुल जस्ता योद्धाहरुको सम्मानका लागि पनि सरकारले आवश्यक निर्णय गर्ने कुरामा विश्वस्त गराउन चाहन्छु ।

१६. हामीसँग श्रोतको अभाव तर आवश्यकताको चाङ छ । उपलब्ध थोरै श्रोतलाई पनि कति धेरै उपयोग गर्न सकिन्छ भन्नेमा सरकार चिन्तित छ । साना र टुक्रे योजनामा बजेट छर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने प्रयत्न गरेको छु । बजेटको प्राथमिकतामा प्रदेश गौरवका ठूला आयोजनालाई जोड दिइएको छ ।

१७. यो बजेटको एउटा विशेषता भनेको सांसद कोषको व्यवस्था गरिएको छैन । योजना, कार्यक्रम र बजेट विनियोजन गर्दा प्रदेशका जिल्ला निर्वाचन क्षेत्र र स्थानीय तहलाई लक्षित र केन्द्रित गरिएको छ र गरिने छ । सडकका साथै विद्यालय सुधार, खेलकुद मैदान, कृषि सडक, सिचाई आदि कार्यक्रमहरु निर्वाचन क्षेत्र केन्द्रित छन् ।

१८. तर जथाभावी गर्ने गरी सांसदलाई रकम बाँडिएको भनेर सञ्चार माध्यममा आएको समाचारप्रति सरकारको ध्यान गएको छ र यस्ता समाचारमा कुनै सत्यता नभएको प्रष्ट पार्न चाहन्छु ।

१९. प्रत्यक्ष र समानुपातिक भनेर सांसदको वर्गीकरण गर्ने र फरक व्यवहार गर्ने कुरामा म सहमत छैन । निर्वाचन क्षेत्रको प्रकृति फरक भएपनि सबै माननीय सांसदको हैसियत, मर्यादा, दायित्व र भूमिका समान छ भन्ने कुरा प्रष्ट पार्दछु । यो बजेटमा पनि दुई थरी सांसदको विभेद मेटाइएको छ ।

२०. बजेटको मूल लक्ष्य आर्थिक आत्मनिर्भरता, भौतिक विकास, सामाजिक विकास र सामाजिक न्याय हो । यी लक्ष्यहरुप्रति सरकार प्रतिबद्ध छ ।

२१. संविधानको भावना अनुसार स्वतन्त्र र आत्मनिर्भर बजेट ल्याउने प्रयत्न गरिएको छ । हाम्रो लक्ष्य समृद्धि र विकास हो, त्यसको औजार बजेट हो भन्ने कुरालाई अंगीकार गरिएको छ ।

२२. बजेटको दुरुपयोग हुन नदिने सवाल पनि एउटा महत्वपूर्ण पक्ष हो । अनियमितता, ढिलासुस्ती, भ्रष्टाचार नियन्त्रणमा सरकार कडाइका साथ लाग्नेछ र त्यसका लागि आवश्यक कानून र संरचना निर्माण गरी कार्यान्वयनमा प्रतिवद्ध छ ।

२३. हामी अरुको सम्पत्ति बाँड्ने भान्से होइनौं । अरुले दिएको बाँड्दा विचार गर्नुपर्ने आफ्नो बाँड्दा विचार नपुर्याउने कुरा पनि त हुँदैन । प्रदेशको श्रोत अरुले दिएको अनुदान हो भन्नु भन्दा पनि कर्णाली प्रदेशका जनताले तिरेको करबाट समेत राष्ट्रिय ढुकुटी बन्ने हो । यसमा हाम्रो पूर्ण अधिकार छ । यो हाम्रै रकम हो त्यसैले वितरणमुखी भन्दा पनि प्रतिफलमुखी बनाउने कुरामा सरकार गम्भीर छ ।

२४. संवैधानिक रुपमा ऋण उठाउन पाइदैन कि भन्ने माननीयज्यूहरुको जिज्ञासाको संविधानले नै जवाफ दिएको छ । संविधानको धारा २०३ (२) मा संघीय कानून बमोजिम प्रदेशले ऋण लिन पाउने व्यवस्था छ । यस सम्बन्धमा संघीय कानून बनिसकेको छ । संविधानको धारा ६० र २५१ बमोजिम र अन्तर सरकारी वित्त व्यवस्थापन ऐनको दफा १४ (१), (२) र (३) बमोजिम प्रदेश सरकारले आन्तरिक ऋण लिन पाउने र यही संवैधानिक र कानूनीव्यवस्था अनुसार कर्णाली प्रदेश ऋण उठाउने विधेयक प्रस्तुत गरिएको हो । जसअनुसार १ अर्ब सम्म ऋण लिन सकिने अनुमान गरिएको हो ।

२५. संविधानको धारा १९७ मा प्रदेशका अधिकारहरुको व्यवस्था गरिएको स्मरण गराउन चाहन्छु ।

२६. धनी झन् धनी र गरिब झन् गरिब हुँदै जाने बजेटको अभिप्राय होइन, बरु विभिन्न कार्यक्रमहरुमार्फत गरिबी न्यूनीकरणमा बजेटले जोड दिएको छ ।

२७. निश्चित मापदण्डका आधारमा माननीय सांसदज्यूहरु, स्थानीय तहसमेतको सुझाव र सहयोगमा योजना र बजेटको बाँडफाँट पारदर्शी किसिमले गरिने छ । त्यसकारण यो बजेट पजनीमुखी हुन्छ कि भनेर शंका नगर्न आग्रह गर्दछु । बजेटको कार्यक्रम पुस्तिकामा कार्यक्रम योजना र बजेट उल्लेख गरेर माननीय सांसदज्यूहरुलाई वितरण गर्ने व्यवस्था गरिनेछ । बजेटमा उल्लेख नभएका योजनाहरु रातो किताबमा आउनेछन् ।

२८. यो बजेटमा आएका योजना आकाशे होइनन्, भूगोल केन्द्रित नै छन् । योजना छनौट गर्दा भूगोललाई नै मूख्य आधार बनाइने कुरा पनि प्रष्ट पार्न चाहन्छु ।

२९. बजेटका नारालाई नारामामात्र सीमित हुन नदिन नारा सहित कार्यक्रम र कार्यक्रम सहित बजेट विनियोजन गरिएको छ ।

३०. यो कर्णालीका किसान, श्रमिक, दलित, महिला, गरिब लगायत आम जनताको बजेट हो । त्यसैले न्यायोचित वितरण र उपभोगलाई एउटा मुख्य आधार बनाइएको छ ।

३१. कृषिको व्यवसायीकरण र औद्योगीकरणमा बजेटलाई लक्षित गरिएको छ । यसले बजेट परिणाममुखी र उत्पादनमुखी हुने कुरामा हामी विश्वस्त छौं ।

३२. अपाङ्ग पुनर्स्थापना केन्द्र (आरक्षण केन्द्र) स्थापना गर्नुपर्ने सुझाव मननयोग्य छ ।

३३. केही ठूला राजमार्ग, ठूला जलविद्युत आयोजना, सडक, पुल, झोलुङ्गे पुल, सुरुङ्ग मार्ग, केबल कार, राजमार्गहरुको सम्भाव्यता अध्ययन गर्ने कुरा बजेटमा समाविष्ट छन् ।

३४. युवा स्वरोजगार कार्यक्रमलाई कार्यविधिद्वारा मूर्त रुप प्रदान गरिनेछ ।

३५. दूरसञ्चार टावर निर्माणका लागि नेपाल सरकारसँग समन्वय गरेर कामलाई तिव्रता दिइनेछ ।

३६. उचित कर प्रणाली, चुस्त कर प्रशासन र कर सम्बन्धी आवश्यक संरचना निर्माण गरिनेछ । स्वदेशी तथा विदेशी निजी लगानीकर्ताहरुलाई आकर्षित गर्न लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।

३७. बजेट बनाउँदा वा योजना छनौट गर्दा कुनै दलगत स्वार्थ नराखी पारदर्शी रुपमा काम गरिएको छ र गरिनेछ भन्ने कुरामा खासगरी प्रतिपक्षी दलका माननीयज्यूहरुलाई आश्वस्त गराउन चाहन्छु ।

३८. चालु आ.व. को कुल बजेट एक अर्ब दुई करोड पाँच लाख मध्ये खर्च नभएको बजेट केन्द्रमा जाँदैन, प्रदेश संचित कोषमा नै रहने जानकारी गराउन चाहन्छु ।

३९. कर्णाली विश्वविद्यालयलाई प्राविधिक विश्वविद्यालयको रुपमा विकास गरिने कुरा बजेट वक्तव्यमा नै बोलिएको छ ।

४०. बजेट कार्यान्वयनका लागि अत्यावश्यक संरचनाहरु निर्माण गर्नुपर्ने हुन्छ तर सरकारलाई खर्चको भार बढाउने गरी संरचना नबनाउने कुरामा यहाँहरुको सुझावलाई मनन गरिनेछ ।

४१. सडक यातायात सुविधा नपुगेका डोल्पा, हुम्ला जिल्लाका ज्येष्ठ नागरिक र अपाङ्गलाई हवाई टिकटमा एक हजार अनुदान दिने र कर्णालीमा उडान भर्ने हवाई सेवा प्रदायक कम्पनीलाई इन्धनमा केही अनुदान दिने व्यवस्था गरिएको छ ।

४२. कतिपय जडीबुटीहरुको निकासी खुलाउनु पर्नेछ । जडीबुटीको उत्पादन, संकलन, प्रशोधन गरी व्यवस्थित गर्ने र जडीबुटीहरुलाई राजश्वको दायरामा ल्याउने कुरामा सरकार सचेत छ । प्रदेशका महत्वपूर्ण पर्यटकीय गन्तव्यहरुको पूर्वाधार, होमस्टे लगायतको विकासमा बजेटले प्राथमिकता दिएको छ । कतिपय त्यस्ता पर्यटकीय क्षेत्र छुट्न गएका रहेछन् भने पनि समेटिनेछ ।

४३. सुर्खेतको साटाखानीका साथै जुम्ला सिंजाको छिचिने पनि विशेष आर्थिक क्षेत्रको रुपमा काम भइरहेको छ । प्रदेश सरकारले उक्त योजनालाई सम्बोधन गर्नेछ ।

४४. पछि परेका क्षेत्रलाई प्राथमिकता दिने र बजेट अनुत्पादक क्षेत्रमा नछर्ने कुरामा सरकार प्रतिबद्ध छ।

४५. विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित बेरोजगारी समस्या समाधान र रोजगारीका अवसर सिर्जना गर्ने खालका कार्यक्रमलाई प्राथमिकताका साथ सम्बोधन गरिएको छ ।

४६. हिल्सा जोड्ने सडकको नामकरण गर्दा सुर्खेत-दैलेख-कालिकोट(मुगु छोडेर) हुम्ला भनिएको तर्फ ध्यानाकर्षण भएको छ ।

४७. योजनाहरु ठूला, मझौला र आवश्यकता अनुसार प्रतिफल दिन सक्ने साना कार्यक्रमहरुमा पनि बजेट विनियोजन गर्नुपर्ने हुन्छ । डल्लो फुटाउँदा जनताको भावना नफुटोस्, नटुटोस् भन्ने कुरामा पनि हामी सतर्क छौं ।

४८. विकास भनेको भौतिक विकास मात्र होइन भन्ने कुरामा म सहमत छु । छाला उद्योग जस्ता उद्योगलाई पनि प्राथमिकता दिइनेछ ।

४९. यो बजेटले आर्थिक अनुशासन परिपालना गरेको छ । बजेटको एक महत्वपूर्ण उद्देश्य मितव्ययिता पनि हो । त्यसैले चालु खर्चलाई धेरै भन्दा धेरै नियन्त्रण गरिएको छ र विकास बजेटको हिस्सा निकै ठूलो छ ।

५०. अन्तमा न्याय र समानताका कुरा गर्ने कम्युनिष्ट पार्टीको सरकारले समाजवाद उन्मुख उद्देश्य सहित ल्याएको बजेट सन्तुलित र न्यायोचित हुनुपर्छ भन्ने माननीयज्यूहरुको सुझावलाई सरकारले आत्मसात गरेको छ ।

५१. जग बलियो भयो भने घर बलियो हुन्छ । प्रदेश सरकार, सांसद सबैले हातेमालो गरेर बजेट कार्यान्वयन गरे मात्र पछाडि परेको कर्णालीको द्रूत विकास सम्भव छ । माननीय सदस्यज्यूहरुको भनाइ अनुसार यो कर्णाली प्रदेशको समृद्धिको ढोका खोल्ने बजेट हो । सीमित श्रोत रहेको यो बजेट कर्णाली प्रदेशको विकास र समृद्धिको आधारपत्र वा मार्गचित्र पनि हो । भावी पुस्ताले यस दस्तावेजलाई निरन्तरता दिने विश्वास लिएको छु ।

**(मिति: २०७५ असार ५ गते मंगलबार)**

**धन्यवाद ।**

# आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नु भएको विनियोजन विधेयक, २०७६ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु

**माननीय सभामुख महोदय,**

१. प्राकृतिक सम्पदाको धनी, नेपाली भाषा संस्कृतिको उदगम स्थल, विकासको बिराट सम्भावना रहेको, गौरवशाली इतिहास बोकेको, लामो संघर्ष र हजारौ शहिदको बलिदानबाट प्राप्त कर्णाली प्रदेशको विकास र समृद्धिको लागि कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को कानूनी व्यवस्था अनुरुप विनियोजन विधेयक, २०७६ को सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु (कर प्रस्ताव बाहेक) आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले यस गरिमामय सदनमा पेश गर्न पाउँदा गर्वको महसुस गरेको छु ।

२. बजेटको सिद्धान्त तथा प्राथमिकता निर्धारण गर्दा नेपालको संविधान, दिगो विकास लक्ष्य, नेपाल सरकारको पन्धौं पञ्चवर्षीय योजनाको आधारपत्र, नीति कार्यक्रम एवम् सिद्धान्त र प्राथमिकता तथा कर्णालीको मौलिक विशिष्टता र विशेषता, प्रदेश सरकारको सोच-२१००, आवधिक योजनाको अवधारणा पत्र, प्रदेशको पार्श्वचित्र, प्रदेश सभा सदस्य निर्वाचनको लागि जनअनुमोदित चुनावी साझा घोषणा पत्र, चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अनुभव समेतलाई मूल आधारको रुपमा समेटिएको छ ।

३. संघीय सरकारबाट प्राप्त हुने सशर्त, समपूरक र विशेष अनुदानको सीमा प्राप्त भइनसकेको अवस्थामा प्रदेशको अनुमानित राजस्व, चालु आर्थिक वर्षमा खर्च नभई बचत हुन आउने रकम तथा नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमले विनियोजन बजेटको आकार तय गर्ने छ ।

४. नेपालको संविधानको मर्म र भावना अनुसार समाजवाद उन्मुख अर्थ व्यवस्थाका लागि सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यका माध्यमबाट आर्थिक-सामाजिक-साँस्कृतिक रुपान्तरण, सन्तुलित, दिगो, उच्च आर्थिक वृद्धि र समन्यायिक वितरण गर्न आगामी आर्थिक वर्षको बजेट केन्द्रित रहने छ ।

५. संवैधानिक व्यवस्था अनुसार नागरिकका मौलिक हक र अधिकारको पूर्ण प्रत्याभूति गराउन हरेक वर्ग, क्षेत्र, लिङ्ग, भाषा र सीमान्तकृत समुदायलाई सामाजिक न्याय, समावेशिता र विकासमा सहभागिताको लागि आवश्यक नीति कार्यक्रम र बजेट तय गरिने छ ।

६. गरिबी, बेरोजगारी, भोकमारी, अशिक्षा, असमानता, सामाजिक पछौटेपनको अन्त्य गरी एकता र सहकार्यका साथ **समृद्ध कर्णाली-सुखारी कर्णालीबासी** भन्ने मूल नारालाई आत्मसात् गर्दै प्रदेशको बहुआयामिक विकासको यात्रामा अघि बढ्नु अहिलेको प्राथमिक आवश्यकता हो ।

**माननीय सभामुख महोदय,**

अब म यस सम्मानित सदन समक्ष विनियोजन विधेयक २०७६ का **सिद्धान्तहरु** प्रस्तुत गर्न चाहन्छु ।

७. संघ, प्रदेश र स्थानीय तह बीच सहअस्तित्व, सहकारिता र समन्वय रहने संवैधानिक मान्यता तथा प्रथम कर्णाली प्रदेश समन्वय परिषद बैठकले पारित गरेको साझा प्रतिबद्धतापत्रको मर्म र भावनालाई आधार बनाएर बजेट तर्जुमा तथा कार्यान्वयनको सिद्धान्त अवलम्बन गरिने छ ।

८. संविधानमा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारका सूची, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारद्वारा स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेख भएका व्यवस्था र मापदण्ड अनुरुप बजेट तथा कार्यक्रम तर्जुमा गरिने छ ।

९. प्रदेश सरकारको दीर्घकालीन सोचलाई कार्यान्वयन गर्न वार्षिक कार्यक्रम तय गरी मानव संशाधन, वित्तीय, भौतिक, प्राकृतिक, प्रविधि लगायत सम्पूर्ण साधनस्रोतको उच्चतम परिचालन गरी प्रदेश विकासको लक्ष्य हासिल गरिने छ ।

१०. कर्णाली प्रदेशको वर्तमान विकासका कमजोर सूचकाङ्कहरुमा व्यापक सुधार गरिनुपर्ने आवश्यकतालाई ध्यानमा राखी तीव्र आर्थिक वृद्धि गर्ने उद्देश्यका साथआगामी बजेट निर्माण गरिने छ ।

११. आगामी आर्थिक वर्षको लागि अनुत्पादक, साना र टुक्रे योजनामा बजेट छर्ने प्रवृत्तिलाई नियन्त्रण गरी ठूला, परिणाममूखी र प्रतिफलयूक्त योजनाहरुलाइ प्राथमिकता दिइ सञ्चालन गरिने छ ।

१२. निजी, सहकारी, सामुदायिक र गैर सरकारी संघ संस्थाहरुलाई सरकारको विकास साझेदारको रुपमा स्वीकार गरी तोकिएको क्षेत्रमा परिचालन गरिने छ ।

१३. बजेट कार्यान्वयन गर्न नविनतम् ज्ञान र प्रविधिका साथै स्थानीय र परम्परागत ज्ञान, सीप र स्रोत साधनको समेत उपयोगलाई प्राथमिकता दिइने छ ।

१४. वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा प्रदेशको प्राथमिकता, मन्त्रालयको अधिकार क्षेत्र, योजना कार्यान्वयनको सम्भावना र साधन स्रोतको उपलब्धतालाई मध्यनजर गरिने छ ।

१५. बजेट प्रणालीमा विनियोजन दक्षता कायम गर्न उत्पादनमूलक र प्रतिफलयुक्त आयोजनाहरुमा बजेट विनियोजन गरिने छ ।

१६. स्रोत साधनको सदुपयोग गर्न मितव्ययिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यताको सिद्धान्तलाई अवलम्बन गरिने छ ।

१७. विश्वसनीय सूचना तथा तथ्याङ्कहरुलाई प्रदेश योजना निर्माणमा मूल आधार बनाइने छ ।

**माननीय सभामुख महोदय,**

अब म यस सम्मानित सभा समक्ष विनियोजन विधेयकका उद्देश्यहरु प्रस्तुत गर्न चाहन्छु।

१८. सडक लगायत यातायात, ऊर्जा, खानेपानी, सिंचाई,बस्ती विकास, सञ्चार लगायतका भौतिक पूर्वाधार क्षेत्रको विकासद्वारा प्रदेशको तिब्र आर्थिक विकास गर्ने ।

१९. शिक्षा, स्वास्थ्य, सामाजिक विकासका कार्यक्रमद्वारा कर्णालीबासीको जीवनस्तरमा परिवर्तन ल्याउने ।

२०. कृषि, उद्योग, वन, जडीबुटी, पर्यटन क्षेत्रको विकासद्वारा उत्पादन वृद्धि र रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने ।

२१. साधन र स्रोतमा पहिचान, पहुँच, प्रतिनिधित्व र समन्यायिक वितरण मार्फत विभिन्न वर्ग, क्षेत्र,जाति, लिङ्ग, भाषा, धर्म, अपाङ्गता, अल्पसंख्यक लगायतका आधारमा हुने सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक सामाजिक समानता कायम गर्ने।

२२. सार्वजनिक सेवा प्रवाहमा सुधार, शान्ति सुरक्षाको प्रत्याभूति र भ्रष्टाचार नियन्त्रण मार्फत सुशासन कायम गर्ने ।

**माननीय सभामुख महोदय,**

अब म विनियोजन विधेयकका प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु।

२३. कर्णाली प्रदेशको दिगो विकास र समृद्धिका लागि सडक लगायत यातायात क्षेत्र, ऊर्जा उत्पादन तथा विद्युतीकरण, खानेपानी, सिंचाई, बस्ती विकास र सूचना प्रविधि जस्ता पूर्वाधार विकासलाई पहिलो प्राथमिकता दिइने ।

२४. शिक्षा, स्वास्थ्य,रोजगारी सिर्जना, सामाजिक सुरक्षा, युवा उद्यमशीलता तथा खेलकुद प्रवर्द्धनबाट स्वस्थ, सभ्य र अनुशासित नागरिक तथा समृद्ध समाज निर्माण गरिने ।

२५. कृषि, जडीबुटी, खानी, पानी, वनपैदावर जस्ता स्थानीय उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आत्मनिर्भरता बढाउने।

२६. आर्थिक वृद्धि र प्रदेशको समृद्धिमा योगदानका लागि पर्यटन क्षेत्रको प्रवर्द्धन गर्दै कर्णाली प्रदेशलाई सुरक्षित र साहसिक पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने ।

२७. स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त र जनउत्तरदायी प्रशासन मार्फत सुशासनको प्रत्याभूति गरिने।

२८. प्रदेशको समग्र विकासका लागि आवश्यक मानव संशाधनको विकास गरिने।

**माननीय सभामुख महोदय,**

अब म विनियोजन विधेयकका प्रमुख नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

२९. प्रदेश स्तरीय परियोजनाहरु पहिचान गरी प्राथमिकतापूर्ण ढंगले कार्यान्वयन गर्न परियोजना बैंक तयार गरिने छ ।

३०. प्रदेशको उत्तर दक्षिण नाका जोड्ने रणनीतिक सडक, अन्तर प्रदेश सडक, प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडक तथा जनता सडक निर्माण, सडक पहुँच नभएका जिल्ला र स्थानीय तहमा सडक तथा अन्य पूर्वाधारलाई उच्च महत्व दिँदै संघीय सरकारसँगको समन्वयमा स्थानीय तहका केन्द्र जोड्ने सडक निर्माणलाई प्राथमिकता दिइने छ ।

३१. प्रदेशभित्रको यातायात व्यवस्थालाई प्रभावकारी र सहज बनाउन आवश्यक स्थानहरुमा गुणस्तरीय सडक, हवाई यातायात, जल मार्ग, सुरुङमार्ग, रज्जुमार्ग, केबुलकार, मोटरेवल र झोलुङ्गे पुल जस्ता पूर्वाधारहरुको सम्भाव्यता अध्ययन, निर्माण तथा स्तरोन्नति गर्ने नीति लिइने छ ।

३२. **कर्णालीको पानी सबैको लगानी** भन्ने अपिलका साथ संघ, प्रदेश र स्थानीय तहका साथै निजी, सहकारी र जनताको लगानीमा जलविद्युत आयोजना निर्माण गर्ने नीति अङ्गीकार गरिने छ ।

३३. **कर्णाली उज्यालो अभियान** अन्तर्गत साना जलविद्युत आयोजना निर्माण, सौर्य लगायतका वैकल्पिक ऊर्जा प्रवर्द्धन तथा प्रशारण लाईन विस्तार गरी विद्युत सुविधा नभएका बस्तीमा विद्युत सेवा उपलब्ध गराइने छ ।

३४. सडक, खानेपानी, सिंचाई लगायतका पूर्वाधार विकासका कार्यक्रमलाई द्रूत गति प्रदान गर्न उपयुक्त संयन्त्रको विकास गरिने छ ।

३५. ठूला पूर्वाधार निर्माण, उद्योगधन्दा स्थापना तथा सञ्चालनका लागि लगानीमैत्री वातावरण तयार गरी बाह्य तथा आन्तरिक लगानीकर्तालाई प्रोत्साहन गरिने छ ।

३६. छरिएका र उच्च जोखिममा रहेका बस्तीलाई सुरक्षित र जीविकोपार्जनको अवसर सहितको आधारभूत सुविधासम्पन्न एकीकृत नमूना बस्ती विकास गरिने छ ।

३७. उत्पादनमूलक क्षेत्रमा उद्यमशीलतालाई प्रवर्द्धन गर्न सहुलियत दरमा व्यावसायिक ऋण, बीमाको व्यवस्था र बजारीकरणमा सहजीकरण गर्ने नीति लिइने छ ।

३८. कृषि योग्य भूमिमा सिंचाई सुविधा उपलब्ध गराउने, कृषि क्षेत्रलाई आत्मनिर्भर, प्रतिस्पर्धात्मक, विविधीकरण, बजारीकरण, व्यवसायीकरण एवं आधुनिकीकरण गर्ने, अर्गानिक र रैथाने बाली प्रवर्धनमा जोड दिने र किसानलाइ प्रोत्साहन गर्दै कृषिलाई समृद्धिको मुख्य आधारको रुपमा विकास गरिने छ ।

३९. भूमिहीन, सुकुम्बासी, मुक्त हलिया, द्वन्द्वपीडित, बाढीपीडित, अव्यवस्थित तथा जोखिमयुक्त बसोबास लगायत भूमि सम्बन्धी सबै प्रकारका समस्याहरु सम्बोधन गर्न वैज्ञानिक भू-उपयोग नीति तयार गरी सुरक्षित, आधुनिक र व्यवस्थित बसोबासको व्यवस्था गरिने छ ।

४०. **"समृद्ध कर्णालीका लागि सहकारी"** अभियान मार्फत उत्पादकत्व वृद्धि र श्रमको सदुपयोग गर्ने तथा उत्पादन र रोजगारीका अवसरहरु सिर्जना गरी निर्वाहमुखी जीवनपद्दतिलाई व्यवसायमुखी तुल्याइने छ ।

४१. अन्तरपुस्ता कृषि पेशा हस्तान्तरणका लागि प्रोत्साहन गर्ने नीति लिइने छ ।

४२. सार्वजनिक जग्गा र गुठी जग्गाको लगत अद्यावधिक गरी संरक्षण गर्ने नीति लिइने छ ।

४३. शिक्षालाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाइनुका साथै आवासीय र नमूना विद्यालय तथा उच्च शिक्षाको विकासमा जोड दिने नीति अवलम्बन गरिने छ ।

४४. शैक्षिक जनशक्ति अभाव भएका सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षाको लागि स्नातक युवालाई **कर्णाली स्वयंसेवक सेवा**मा आवद्ध गरी दक्ष जनशक्तिको अभाव परिपूर्ति गरिने छ ।

४५. पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाको लागि आवश्यक तयारी  गरिनुका साथै चिकित्सा शास्त्र अध्ययन तथा अभ्यासका लागि संस्थागत व्यवस्था गरिने छ ।

४६. बहुउद्देश्यीय प्राविधिक शिक्षालयहरुको स्तरोन्नति र आवश्यकता अनुसार नयाँ स्थापना गरी व्यावसायिक शिक्षालाई प्राथमिकता दिनुका साथै प्राविधिक जनशक्ति उत्पादनका लागि **सेवा शर्त छात्रवृत्ति** दिने नीति लिइने छ ।

४७. **साक्षर कर्णाली अभियान**लाई प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

४८. स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुने गरी अस्पतालहरुको क्षमता अभिवृद्धि र व्यवस्थापनमा सुधार गर्दै लगिने छ ।

४९. **"स्वस्थ नागरिक : समृद्ध प्रदेश"** भन्ने अभियानका साथ आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच स्थापित गरिनुका साथै कर्णाली प्रदेशमा स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रुपमा लागू गरिने छ ।

५०. दुर्गम र स्वास्थ्य प्राविधिक नभएका वडाहरुमा प्राथमिकताका आधारमा बर्थिङ सेन्टर स्थापना र साधन स्रोत सहित स्तरोन्नति गर्ने र प्रत्येक वडामा एक स्वास्थ्य इकाइ तथा **सामुदायिक नर्स कार्यक्रम** लागू गर्ने नीति लिइने छ ।

५१. आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी लगायतको उपचार पद्दतिलाई विस्तार तथा विकास गर्ने नीति लिइनेछ । स्वस्थ नागरिकका लागि सरसफाइमा ध्यान दिइने छ ।

५२. समाजमा रहेका बाल विवाह, छाउपडी (छुई) प्रथा, छुवाछुत लगायतका सामाजिक कुरितीहरुको अन्त्य गर्दै महिला र दलित समुदायको लागि  सशक्तिकरण र आयआर्जनका विशेष कार्यक्रमहरु सहित महिला तथा दलितमैत्री बजेट ल्याइने छ । अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख राउटे, पिछडिएका वर्ग, समुदाय, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिकको सामाजिक सुरक्षा, संरक्षण, सम्वर्द्धन गर्न सामाजिक उत्तरदायी बजेट ल्याउने नीति अंगीकार गरिने छ ।

५३. खेल पूर्वाधार निर्माणमा जोड दिँदै खेलकुदको विकास र खेलाडीको आवश्यकता तथा वृत्ति विकासमा विशेष पहल गरिने छ ।

५४. राष्ट्रसेवक कर्मचारी तथा विशेषज्ञ डाक्टरहरुलाई कर्णाली प्रदेशमा काम गर्न आकर्षित र उत्प्रेरित गर्न विशेष व्यवस्था गरिने छ ।

५५. कृषि उपज, जडीबुटी, पेट्रोलियम पदार्थ, खानी, पानी र वन पैदावर लगायतका उद्योगको विकासको लागि उत्पादन, प्रशोधन र बजारीकरणमा प्रोत्साहन गर्ने नीति लिइने छ ।

५६. नयाँ पर्यटकीय गन्तव्यहरुको अध्ययन, पहिचान तथा प्रवर्धन गर्ने र पर्यटन सर्किटहरुको सम्भाव्यता अध्ययन एवम् विकासद्वारा पर्यटकहरु आकर्षित गरी रोजगारीका अवसर वृद्धि गरिने छ ।

५७. प्रदेश भित्रको राष्ट्रिय वनको संरक्षण र उपयोगको लागि क्रमशः वैज्ञानिक वन व्यवस्थापन गर्दै लगिने छ ।

५८. जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न विकास निर्माणलाई वातावरण अनुकूलित बनाउने र वातावरण मैत्री विकास नीति लिइने छ ।

५९. विपद् व्यवस्थापनको लागि पूर्व तयारी, प्रतिकार्य, राहत र पुनर्स्थापनका लागि संघ र स्थानीय तहसँग समन्वयमा कार्यक्रमहरु सञ्चालन गरिने र यस्तो कार्यमा आमजनतालाई राहत तथा उद्धारमा सहभागी हुन उत्प्रेरित गराउनुको साथै आवश्यक प्रशिक्षण र सामग्री उपलब्ध गराइने छ ।

६०. शान्ति सुव्यवस्था र सुशासनका लागि प्रदेश निजामती सेवा, प्रदेश प्रहरी लगायतका आवश्यक कानूनी र संरचनागत व्यवस्था मिलाइने छ ।

६१. अनुगमन मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न सूचना प्रणालीलाई प्रभावकारी बनाइने छ ।

६२. प्रदेशको एकल अधिकार र साझा अधिकारको विषयमा आवश्यक कानूनको निर्माण गरिनेछ ।

६३. आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि प्रतिव्यक्ति आय वृद्धि गर्न **न्यूनतम आयआर्जनका विशेष कार्यक्रम**हरु लागू गर्ने नीति लिइने छ ।

६४. **कर्णाली उद्यमशील युवा कार्यक्रम**द्वारा श्रमको सम्मान सहित काम गर्ने उमेरका मानवीय स्रोतलाई सीप विकास तथा ज्यालामा सुधार गरी प्रदेशमै रोजगारीका अवसरहरुको सिर्जना गरिने छ ।

६५. राजस्व वृद्धिका लागि सम्भावित नयाँ क्षेत्रहरु पहिचान, करका दायरा विस्तार र करदातामैत्री कर नीति एवं कानून तर्जुमा गरिने छ ।

६६. सरकारको प्राथमिकता र प्रणालीमा आवद्धताका आधारमा एकद्वार प्रणालीबाट विकास सहायता परिचालन गरिने छ ।

**माननीय सभामुख महोदय,**

६७. खरिद प्रक्रियालाई व्यवस्थित, पारदर्शी र सरलीकृत गर्दै सार्वजनिक सुनुवाई र जनलेखा परीक्षणका माध्यमबाट सार्वजनिक खर्च व्यवस्थापनमा आर्थिक अनुशासन र वित्तीय सुशासन प्रवर्द्धन गरिनेछ । राम्रो काम गर्नेलाई पुरस्कार र गलत काम गर्नेलाई कार्वाही गर्ने पद्धतिको विकास गरिने छ ।

६८. स्थानीय तहमा अनुदान हस्तान्तरण गर्दा विकासको अवस्था, मानव विकास सूचकाङ्क र लागत सहभागितालाई आधारको रुपमा लिइने छ ।

६९. विकासको दृष्टिले पछि परेका क्षेत्र, वर्ग र समुदायलाई बजेट विनियोजनमा उच्च प्राथमिकता दिई प्रदेशको सोच र योजनालाई कार्यान्वयन गरिने छ ।

७०. प्रदेशभित्र संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका कार्यक्रम तथा आयोजनामा दोहोरोपना नपर्ने गरी सन्तुलित रुपमा बजेट विनियोजन गरिने छ ।

७१. स्थानीयतह र जिल्ला समन्वय समितिलाई जनशक्ति र साधन स्रोत सम्पन्न बनाउदै विकास निर्माणमा स्थानीयतहसँग साझेदारीमा सञ्चालन हुने योजनालाई प्राथमिकता दिने नीति लिइने छ ।

७२. अधिकार प्राप्तिका विभिन्न आन्दोलनहरुमा शहिद तथा वेपत्ता परिवार, घाइते, अपाङ्गता भएका नागरिकहरुको व्यवस्थापन र रोजगारीका लागि विशेष कार्यक्रम ल्याइने छ ।

**माननीय सभामुख महोदय,**

**अन्तमा,**

७३. जनप्रतिनिधिहरुसँगको समन्वय र सहकार्यमा प्रदेशका नीति तथा कार्यक्रमहरु तर्जुमा, बजेट निर्माण, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन गरी विकासमा जनप्रतिनिधिहरुको भूमिका र स्वामित्व स्थापित गरिने छ ।

७४. कर्णाली प्रदेशका जनताका प्रतिनिधिहरुको यो सम्मानित थलोमा बसेर प्रदेशको विकास, समृद्धि र कर्णालीबासीको खुसीको लागि कुनै आग्रहबिना खुला बहस गरौं । पक्ष प्रतिपक्षको घेरा भन्दा माथि उठेर रचनात्मक छलफल गरौं । प्रतिफल निकाल्ने गरी बहस गरौं र साझा निष्कर्षमा पुगौं भन्ने मेरो हार्दिक अनुरोध छ ।

७५. माननीयज्यूहरूबाट आर्थिक वर्ष २०७६/०७७ को विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू (कर प्रस्ताव बाहेक) को प्रस्ताव माथि बृहत् छलफल गरी दिनु भएका

रचनात्मक सुझावहरू र निकट भविष्यमा जारी हुने प्रदेश सरकारको नीति तथा कार्यक्रम आगामी आर्थिक वर्ष २०७६/७७ को बजेट निर्माणको सन्दर्भमा मार्गदर्शनको रूपमा रहने व्यहोरा गरिमामय सभा समक्ष अनुरोध गर्दछु ।

७६. प्रदेशवासीको आवश्यकता र साधनको उपलब्धताको आधारमा बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूको परिधिभित्र रही आगामी आर्थिक वर्षको बजेट तयार गरिने कुरामा माननीयज्यूहरूलाई विश्वस्त तुल्याउन चाहन्छु ।

७७. यो छलफलले बजेटलाई गहकिलो एवं कर्णालीमैत्री बनाउन सघाउ पुर्याउने विश्वास लिएको छु। सरकार आफ्ना नीति, कार्यक्रम र बजेटमा सबै कर्णालीबासीको अपनत्व र स्वामित्व स्थापित गर्न चाहन्छ । माननीयज्यूहरुले यो सम्मानित सदनमा बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु बारे व्यापक र घनिभुत छलफल गर्नु नै हुने छ । यहाँहरुले दिएका महत्वपूर्ण सुझावहरुलाई सम्मान गर्दै आगामी आर्थिक बर्षको बजेटमा सम्बोधन गरिने विश्वास दिलाउन चाहन्छु । विनियोजन विधेयकका सिद्धान्त र प्रथामिकतामा आफ्नो अमूल्य राय सुझाव प्रदान गरी सहयोग गर्ने प्रदेश सभाका सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**(मिति: २०७६ जेठ १३ गते)**

**धन्यवाद !**

# आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य

**माननीय सभामुख महोदय,**

१. प्राकृतिक सम्पदाको धनी, नेपाली भाषा संस्कृतिको उद्‌गम स्थल, विकासको विराट सम्भावना रहेको, गौरवशाली इतिहास बोकेको, लामो संघर्ष र शहीदको बलिदानबाट प्राप्त विकास र समृद्धिको पथमा अघि बढिरहेको कर्णाली प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले आर्थिक वर्ष २०७६/७७ को अनुमानित आय व्ययको विवरण (बजेट) यस गरिमामय सदनमा प्रस्तुत गरिरहँदा गौरवको अनुभूति गरेको छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्र, राष्ट्रियता र नागरिक अधिकार प्राप्तिको लागि भएका जनआन्दोलन, जनयुद्ध तथा प्रदेश स्थापनार्थ भएको संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्ने महान शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने सबै अग्रजहरू, सम्पूर्ण घाइते, अपाङ्गता भएका तथा बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. **'समृद्ध नेपाल,सुखी नेपाली'** को राष्ट्रिय आकांक्षालाई आत्मसात् गर्दै प्रदेश सरकारको **'समृद्ध कर्णाली,सुखारी कर्णालीबासी'** भन्ने दीर्घकालीन सोच अनुरुप समाजवादतर्फको यात्रामा अघि बढिरहने संकल्प गर्दछु ।

४. **'आफ्नो प्रदेश आफै बनाऔं'** भन्ने ध्येयका साथ कर्णालीबासीको स्वाभिमानलाई उच्च बनाउँदै समृद्ध प्रदेश निर्माण गर्न उपलब्ध मानवीय, भौतिक, प्राकृतिक, वित्तीय स्रोतको महत्तम परिचालन गर्ने गरी बजेटको निर्माण गरेको छु ।

५. **शिक्षा, स्वास्थ्य, उत्पादन र रोजगारः यसका लागि पूर्वाधार** भन्ने प्रदेश सरकारको नीति कार्यक्रमको मार्गदर्शनलाई आत्मसात् गर्दै प्रदेशवासीको **खाना, नाना र छाना**को प्रबन्ध गर्ने उद्देश्यतर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

६. नेपालको संविधान तथा प्रचलित कानून बमोजिम नेपाल सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गर्दै प्रदेशको अधिकार क्षेत्रभित्रका विषयवस्तुलाई सम्बोधन गर्न आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार गरेको छु ।

७. प्रदेश र स्थानीय तह बीच दोहोरोपना नहुनेगरी आपसी समन्वय र साझेदारीमा आयोजनाहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

८. नेपालको संविधान, दिगो विकास लक्ष्य, नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षीय योजनाको आधारपत्र, वार्षिक नीति कार्यक्रम तथा बजेट, प्रदेश सरकारको दीर्घकालीन सोच-२१००, आवधिक योजनाको अवधारणा पत्र, सरकारको नीति तथा कार्यक्रम, बजेटका उद्देश्य, सिद्धान्त, प्राथमिकता र प्रमुख नीतिहरुलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु ।

**माननीय सभामुख महोदय,**

अब म चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमको समीक्षा पेश गर्ने अनुमति चाहन्छु ।

९. संघीयता कार्यान्वयनको सन्दर्भमा प्रदेश सरकार गठन भएको पहिलो वर्षमा विभिन्न चुनौतीहरुको सामना गर्न परिरहेको अवस्थामा प्रदेश सरकारप्रति जनताको उच्च अपेक्षाको सम्बोधन गर्ने जिम्मेवारी हाम्रो सामु छ । संघीय कानून निर्माणमा भएको ढिलाई, भौतिक संरचनाको कमी, कानून र कार्यविधिको अभाव, विषयगत तथा प्राविधिक जनशक्तिको कमी जस्ता कारणले जनताले खोजेको सेवा र अपेक्षित विकासको काम सोचे अनुसारको गतिमा अघि बढ्न सकेन । यसका बाबजुद आयोजनाहरुको सम्भाव्यता अध्ययन, लागत अनुमान, विस्तृत परियोजना प्रतिवेदन, परियोजना बैङ्क तयारी एवं कार्यान्वयन, आवधिक योजनाको तयारी, आधारभूत कानूनी संरचना निर्माण र पूर्वाधार, उत्पादन एवं सामाजिक विकासका कार्य अघि बढिरहेको यथार्थता जगजाहेर छ ।

१०. प्रदेश र स्थानीय तहसँगको समन्वयलाई प्रभावकारी बनाउन प्रदेश समन्वय परिषद्को बैठकबाट २९ बुँदे घोषणा पत्र जारी गरिएको छ । प्रदेश सभाबाट सरकार सञ्चालनका लागि आवश्यक २३ कानून पारित भएका र ५ वटा प्रदेश सभामा विचाराधिन छन् । डिजिटल विद्यालय अभियान कार्यान्वयनमा रहेको छ । विपद् पीडितलाई उद्धार, राहत र सहयोग गर्नुको साथै प्रदेशभरिका बाढी पहिरो, अग्नि पीडितलाई आवासको लागि प्रति परिवार रु. ३ लाखसम्म उपलब्ध गराइएको छ ।

११. प्रदेश अस्पताललाई ३०० शैयामा स्तरोन्नति गर्ने कार्य अगाडि बढेको, जिल्ला अस्पतालहरुको स्तरोन्नतिको लागि लागत अनुमान तथा नक्शाङ्कन, जोखिममा परेका गर्भवती महिलाका लागि हवाई उद्धार, पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय र आवासीय विद्यालयको सम्भाव्यता अध्ययन, विद्यालय भवनहरु निर्माण, हुम्लामा बहुउद्देश्यीय रङ्गशाला निर्माण भैरहेको र विद्यालयहरुमा खेल मैदान निर्माण तथा प्रदेश संग्रहालय स्थापना भएको छ । ज्येष्ठ नागरिक देश दर्शन कार्यक्रम तथा महिला, दलित, लोपोन्मुख, सीमान्तकृत समुदायको विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

१२. सम्माननीय प्रधानमन्त्रीज्यूद्वारा उद्घाटन गरिएको कर्णाली रारा पर्यटन वर्ष अन्तर्गत पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रमहरु सञ्चालन, २०७५ सालमा ३४ प्रतिशत पर्यटक संख्या वृद्धि, काँक्रेविहार लगायत विभिन्न पर्यटकीय स्थलहरुको संरक्षण, विकास तथा स्तरोन्नतिका कार्यक्रमहरु कार्यान्वयन, पर्यटन सडक तथा पदमार्गहरु निर्माण, वन पैदावर तथा व्यवस्थापन कार्यक्रम सम्पन्न, पाँच लाख बिरुवा उत्पादनका लागि १० स्थानमा नर्सरी स्थापना तथा हाइटेक नर्सरीको लागि अध्ययन सम्पन्न, ३२ वटा सामुदायिक वन समुदायलाई हस्तान्तरण, वन क्षेत्रबाट बाह्र करोड राजस्व संकलन, लघु उद्यम विकास कार्यक्रमको सञ्चालन र ४२ हजार ४ सय ५९ व्यवसाय दर्ता एवं नवीकरण भई ४ करोड ५० लाख रुपैयाँ राजस्व संकलन भएको छ ।

१३. भौतिक पूर्वाधारतर्फ जनता सडक, अन्तर प्रदेश सडक, प्रदेश राजधानी जोड्ने सडक, प्रदेश महत्वका सडक कार्यक्रम अन्तर्गत सडक निर्माण कार्य अगाडि बढिरहेको, एक निर्वाचन क्षेत्र एक प्रदेश महत्वका सडक बहुवर्षीय आयोजनाका रुपमा कार्यान्वयन भैरहेको, खानेपानी, सिंचाई, ऊर्जा, ग्रामीण विद्युतीकरण, नदी नियन्त्रण अन्तर्गतका क्रियाकलापहरुको निर्माण कार्य भइरहेको छ ।

१४. कूल सञ्चालित ६० वटा साना सिंचाई आयोजनाहरु सम्पन्न, ५१ वटा कृषि सडक अन्तर्गत ९२ किलोमिटर ट्रयाक खोलिएको, विभिन्न बालीका ४२ वटा पकेट क्षेत्रको पहिचान भई कार्यान्वयनमा रहेका, पशुपन्छीतर्फ २५ वटा पकेट क्षेत्र मार्फत दुध, मासु, माछा उत्पादनमा वृद्धि भएको र प्राङ्गारिक कृषि अनुसन्धान नमूना परियोजना सञ्चालन प्रक्रिया अगाडि बढाइएको छ ।

१५. योजना, अनुगमन, बजेट तर्जुमा, बहुवर्षीय ठेक्का, सम्पत्ति व्यवस्थापन लगायत विभिन्न नीतिगत र संरचनागत व्यवस्था गरिएको, नेपाल सरकारबाट प्राप्त समपूरक अनुदान, विशेष अनुदानका आयोजना कार्यान्वयनका चरणमा रहेका, कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको अवधारणा पत्र, प्रदेशको पार्श्वचित्र, परियोजना बैङ्क, मध्यमकालीन खर्च संरचना तयार भएको र प्रदेश सरकारबाट स्थानीय तहहरुमा समानीकरण अनुदान रु. ४० करोड र साझेदारीका लागि समपूरक अनुदान वापत रु. ७८ करोड हस्तान्तरण गरी आयोजनाहरु सञ्चालनमा रहेका छन् ।

१६. चालु आर्थिक वर्षमा संशोधित अनुमान आर्थिक वर्ष २०७५/७६ मा रु. ९ अर्ब ८२ करोड मध्ये चालु खर्च ३ अर्ब ५० करोड १७ लाख ५२ हजार र पुँजीगत खर्च ६ अर्ब ३१ करोड ९५ लाख ७४ हजार खर्च हुने संशोधित अनुमान गरेको छु । साथै राजस्व परिचालनतर्फ २१ करोड २७ लाख ४६ हजार संकलन हुने संशोधित अनुमान छ।

**माननीय सभामुख महोदय,**

अब म प्रदेशको विद्यमान अवस्थालाई प्रस्तुत गर्दछु ।

१७. आर्थिक,सामाजिक,सांस्कृतिक,भौगोलिक, पर्यावरणीय र जैविक विविधता रहेको यस प्रदेशमा जनशक्ति, जल,जमिन, जंगल,जडीबुटी र जीवजन्तु जस्ता तुलनात्मक लाभका क्षेत्रहरुको सदुपयोगबाट प्रदेशको समृद्धि हासिल गर्ने उच्च सम्भावना रहेको छ ।

१८. मुलुकको करिब २१ प्रतिशत भूभाग ओगटेको सबैभन्दा ठूलो यो प्रदेशको जनसंख्या करिब ६ प्रतिशत रहेको छ। प्रदेशको औषत जनघनत्व ६५ जना प्रति वर्ग किलोमिटर मात्र छ जुन नेपालको औषत २०३ जना प्रति वर्ग किलोमिटर भन्दा अत्यन्त न्यून छ ।

१९. चालू आर्थिक वर्षमा नेपालको अनुमानित आर्थिक वृद्धिदर ६.८ प्रतिशत रहेकोमा यस प्रदेशको ५.७ प्रतिशत हुने अनुमान छ । आर्थिक वर्ष २०७६/७७ मा ग्राहस्थ उत्पादन वृद्धि दर ६.५ हासिल हुने अनुमान गरिएको छ ।

२०. बहु-आयामिक गरिबी राष्ट्रिय औषत २८.६ प्रतिशत रहेकोमा यस प्रदेशको ५१.२ प्रतिशत रहेको छ ।

२१. नेपालमा आर्थिक रुपले सक्रिय जनशक्ति ३९.९ प्रतिशत रहेकोमा प्रदेशमा ४१.४ प्रतिशत रहेको छ । कूल बेरोजगारी दर ११.४ प्रतिशत छ भने प्रदेशको ९.७ प्रतिशत रहेको छ ।

२२. उत्पादन, रोजगारी, बचत, लगानी, मानव विकास, सरदर औसत आयु, शिक्षा, स्वास्थ्य लगायतका आर्थिक र सामाजिक परिसूचकमा कर्णाली प्रदेश राष्ट्रिय औसतभन्दा पछाडि रहेको छ ।

२३. कर्णाली प्रदेशको कृषिमा आधारित जनशक्तिको वर्षभरी रोजगारी उपलब्ध नहुँदा उर्जाशील जनशक्तिको श्रम गन्तव्य भारत जाने वाध्यात्मक अवस्थालाई दृष्टिगत गरी यस्तो जनशक्तिको क्षमता वृद्धि गरी कृषि, उद्योग, पर्यटन, वन, भौतिक र सामाजिक विकास लगायतका क्षेत्रमा रोजगार र स्वरोजगारको अवसर सृजना गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सक्ने अवसर हाम्रो सामु रहेको छ ।

२४. सीमित स्रोत साधनबाट अधिकतम् आवश्यकता सम्बोधन गर्दै आर्थिक विकास, सामाजिक रुपान्तरणर कर्णाली प्रदेश समृद्धिको आधारशीला निर्माण गर्न सकिने विश्वास लिएको छु ।

**माननीय सभामुख महोदय,**

अब म यस सम्मानित सदन समक्ष आर्थिक वर्ष २०७६/७७ को बजेटका उद्देश्य र प्राथमिकताहरू प्रस्तुत गर्न चाहन्छु ।

**उद्देश्यहरू**

२५. सडक लगायत यातायात, ऊर्जा, खानेपानी, सिंचाई, बस्ती विकास, सञ्चारसमेत भौतिक पूर्वाधार क्षेत्रको विकासद्वारा प्रदेशको तीब्र आर्थिक विकास गर्ने।

२६. शिक्षा, स्वास्थ्य, सामाजिक विकासका कार्यक्रमद्वारा कर्णालीबासीको जीवनस्तरमा परिवर्तन ल्याउने ।

२७. कृषि, उद्योग, वन, जडीबुटी, पर्यटन क्षेत्रको विकासद्वारा उत्पादन वृद्धि र रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने।

२८. साधन र स्रोतमा पहिचान, पहुँच, प्रतिनिधित्व र समन्यायिक वितरण मार्फत विभिन्न वर्ग, क्षेत्र, जाति, लिङ्ग, भाषा, धर्म, आन्दोलनका घाइते, अपाङ्गता, अल्पसंख्यक लगायतका आधारमा हुने सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक सामाजिक रुपान्तरणमा तीब्रता ल्याउने ।

२९. सार्वजनिक सेवा प्रवाहमा सुधार, शान्ति सुरक्षाको प्रत्याभूति र भ्रष्टाचार नियन्त्रण मार्फत सुशासन कायम गर्ने ।

**माननीय सभामुख महोदय,**

उपरोक्त उद्देश्य प्राप्तिका लागि देहाय अनुसार विकासका **<u>प्राथमिकता</u>** निर्धारण गरेको छुः

३०. कर्णाली प्रदेशको दिगो विकास र समृद्धिका लागि सडक पूर्वाधारद्वारा यातायातको पहुँच विस्तारलाई **पहिलो प्राथमिकता,**

३१. ऊर्जा उत्पादन तथा विद्युतीकरण, खानेपानी, सिंचाई,बस्ती विकास र सूचना प्रविधि जस्ता पूर्वाधार विकास,

३२. शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, सामाजिक सुरक्षा, युवा उद्यमशीलता तथा खेलकुद प्रवर्द्धनबाट स्वस्थ, सचेत, सभ्य र अनुशासित नागरिक तथा समृद्ध समाज निर्माण,

३३. कृषि, जडीबुटी, पानी, खानी, वनपैदावर जस्ता स्थानीय उत्पादन र उत्पादकत्व अभिवृद्धिद्वारा आत्मनिर्भरता वृद्धि,

३४. आर्थिक वृद्धि र प्रदेश समृद्धिमा योगदानका लागि पर्यटन क्षेत्रको प्रवर्द्धनद्वारा कर्णाली प्रदेशलाई सुरक्षित र साहसिक पर्यटकीय गन्तव्यको रुपमा विकास,

३५. स्वच्छ, सक्षम,निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त र जनउत्तरदायी प्रशासन मार्फत सुशासनको प्रत्याभूति,

३६. प्रदेशको समग्र विकासका लागि आवश्यक मानव संशाधनको विकास ।

**माननीय सभामुख महोदय,**

३७. उल्लिखित बजेटका उद्देश्य प्राप्तिका लागि निर्धारण गरिएका प्राथमिकतालाई कार्यान्वयन गर्न नेपाल सरकार र स्थानीय तहसँग प्रभावकारी रुपमा समन्वय र साझेदारी गरिनुका साथै निजी, सहकारी र सामुदायिक क्षेत्रलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

३८. सरकारको प्राथमिकताका कार्यक्रमहरुलाई कार्यान्वयन गर्न आवश्यक थप नीतिगत तथा कानूनी व्यवस्था गर्दै लगिनेछ । सम्भाव्यता अध्ययन, लागत अनुमान र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनाहरूलाई प्राथमिकता दिइनेछ। नयाँ परियोजना तथा कार्यक्रमका हकमा सम्भाव्यता अध्ययन,लागत अनुमान र विस्तृत परियोजना प्रतिवेदनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३९. बजेटको कार्यान्वयनलाई प्रभावकारी बनाउन सबै मन्त्रालय तथा निकायले बजेट कार्यान्वयन कार्यतालिका र खरिद योजना स्वीकृत गराई भाद्र मसान्तभित्र खरिद प्रक्रिया सुरु गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु ।

**भौतिक पूर्वाधार**

४०. पूर्वाधारका योजनाहरुलाई छनौट र कार्यान्वयन गर्दा जनसहभागितामा आधारित कार्यान्वयनयोग्य र प्रतिफलयुक्त योजनालाई प्राथमिकता दिने व्यवस्था मिलाएको छु ।

४१. कर्णाली प्रदेशको समग्र र सन्तुलित विकासको लागि **मुख्यमन्त्री पूर्वाधार विकास कार्यक्रम** अन्तर्गत सडक, पुल, जलविद्युत, खानेपानी,सिंचाई, पर्यटन, सञ्चार, बस्ती विकासजस्ता भौतिक पूर्वाधारका प्रदेश महत्वका ठूला परियोजनाहरु सञ्चालन गरिनेछ । यसप्रकारका योजनाहरुको छनौट र प्राथमिकीकरण गर्न, कार्यान्वयनमा तीब्रता दिन, अनुगमन र आम जनताको हित र सुविधा अनुकूल दिगो, गुणस्तरीय, भरपर्दो र सुरक्षित बनाई प्रदेशको समृद्धिमा योगदान पुर्‍याउनकानून निर्माण गरी **कर्णाली पूर्वाधार विकास प्राधिकरण**गठन गरिनेछ । सम्भाव्यता अध्ययन, लागत अनुमान, विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) सम्पन्न भएका परियोजनाहरुलाई **परियोजना बैङ्क**मा राखिनेछ ।

४२. आयोजना कार्यान्वयनमा सहजता र प्रभावकारिता ल्याउन प्रगति विवरणलाई कम्प्युटर प्रणालीमा आवद्ध गर्नेर योजना तयारीको लागि **इन्जिनियरिङ्ग कम्पनी** स्थापना र सञ्चालनका लागि आवश्यक बजेट र जनशक्तिको व्यवस्था मिलाएको छु ।

४३. पूर्वाधार विकास पहिलो प्राथमिकतामा रहेको कर्णाली प्रदेशका जिल्ला र निर्वाचन क्षेत्रहरुमा सन्तुलित विकासको मान्यता अनुसार सडक लगायत पूर्वाधार क्षेत्रको विकासका लागि **पूर्वाधार विशेष कार्यक्रम** सञ्चालन गरिनेछ।उक्त कार्यक्रमका लागि रु. १ अर्ब २० करोड विनियोजन गरेको छु ।

**सडक**

४४. प्रदेश महत्वका रणनीतिक सडक, स्थानीय तहको केन्द्रबाट जिल्ला सदरमुकाम र जिल्ला सदरमुकामबाट प्रदेश राजधानी जोड्ने सडक निर्माणमा उच्च प्राथमिकता दिएको छु ।

४५. **एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम** अन्तर्गत आर्थिक वर्ष २०७५/७६ मा स्वीकृत भएका प्रदेश महत्वका २४ वटा सडकहरुलाई बहुबर्षीय आयोजनाको रुपमा अघि बढाइएको छ । त्यस अन्तर्गत

खार्पुनाथ-चुवाखोला टापु लेख सडक हुम्ला; दैलेख सदरमुकाम नौमुले जुनी जाजरकोट सडक; भेडाबारी-आँपगैरा-खेल्नेचौर सडक, सुर्खेत, सान्तडा मेहलतोली पातिहाल्ना जाजरकोट, शहीद मायाराम मार्ग, दैलेख; छेडा-भेडाआँखे, कल्याण काँध, मन्मडी धनरास सडक, सुर्खेत; राडी ज्यूला दाजे खदी बारंगे सडक रुकुम पश्चिम; रुगा छाइना जडीबुटी लोकमार्ग सडक, मुगु; बालुवा, बडाकाँडा, सनिमेला सडक जाजरकोट; पाँचकाटिया, फूलचाउली, बारेकोट, च्याखुरे, जुम्ला सडक, जाजरकोट; रत्न राजमार्ग, फलाँटे रानीघाट तेलपानी सडक सुर्खेत; जुम्ला दानसांगु, चुत्रा, काइगाउँ, डोल्पा सडक; बाजुरा कवाडी ताजकोट अदानचुली सर्केगाड सडक हुम्ला; दोमुख तारापानी गमगढी नाक्चे लाग्ना सडक, मुगु; रासकोट पचाल झरना सडक, कालिकोट; जलजला गोठीजिउला, थालाचौर, कालाकांडा सडक, त्रिवेणी जुम्ला, नर्कु, सर्मी, भालुलेक, जुम्ला सडक, डोल्पा; त्रिवेणी, लुहाम काभ्रा कालिमाटी सडक, सल्यान; सेरी पान्तडी पादम्घाट जुम्ला सडक, कालिकोट; ढोरचौर, मैदुपोखरी सल्लीबजार सडक, सल्यान; डांडीमाडी चामुण्डा मटेला ठाँटीकाँध त्रिपनी स्याउलेकाँध राकम सडक, दैलेख; माथिल्लो डुंगेश्वर दुल्लु बेउली कालिकोट सडक, दैलेख; धरमपोखरा, अवलचिङ, रानीबास, रहकुल, जाजरकोट जोड्ने सडक, सुर्खेत; सल्लीबजार, चौरजहारी, नुवाकोट, मुसीकोट रुकुम सडक समेतका लागि रु. १ अर्ब २९ करोड**बजेट** विनियोजन गरेको छु ।

४६. **एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम** अन्तर्गत जिल्ला सदरमुकामबाट स्थानीय तहको केन्द्र जोड्ने नीति अनुसार सडकले नछोएका स्थानीय तहका केन्द्रलाई पहुँच मार्ग र सडक पुलद्वारा जोड्ने कुरालाई प्राथमिकता दिने र स्थानीय तहका केन्द्रसम्म जोडिएका सडकको स्तरोन्नति गर्ने कार्यका लागि रु. २४ करोड विनियोजन गरेको छु ।

४७. पूर्वाधार विकासमा क्षेत्रीय सन्तुलनलाई ध्यानमा राख्दै जनप्रतिनिधिको स्वामित्व स्थापित गर्ने उद्देश्यले चालु आर्थिक वर्षको **जनता सडक कार्यक्रम** अन्तर्गतका यस आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने सडक आयोजनाहरुलाई आगामी आर्थिक वर्षको चैत्र मसान्तभित्र सम्पन्न गर्ने गरी विनियोजित बजेटको सीमाभित्र रही निरन्तरता दिएको छु । यसका लागिरु. ६३ करोड विनियोजन गरेको छु ।

४८. जनता सडक कार्यक्रमको महत्व र उपादेयतालाई ध्यानमा राखेर यो कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु । सोका लागि रु. ४८ करोड बजेट विनियोजन गरेको छु ।

४९. आगामी आर्थिक वर्षमा प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडक स्तरोन्नति र निर्माणलाई प्राथमिकता दिइनेछ। जस अन्तर्गत सल्लीबजार-चौरजहारी-मुसिकोट रुकुम र बालुवासंग्रही-कुपिण्डे-खलंगा सल्यान सडकको लागि रु. ८ करोडव्यवस्था गरेको छु ।

५०. कर्णाली प्रदेशलाई देशका अन्य प्रदेशसँग जोड्नका लागि सुर्खेत-तेलपानी-भुरीगाउँ सुरुङ मार्ग, लैफु-रुप्सा-रामारोशन अछाम, बाजुरा-कवाडी-ताजाकोट-अदानचुली-सर्केगाड-खार्पुनाथ-खगालगाउँ नाम्खा, रुकुम-कालिमाटी-कोहलपुर, रानीघाट-कर्णाली चिसापानी समेत अन्तरप्रदेश सडक र सुर्खेत दैलेख सडक तथा नाग्मा-रारा पर्यटन मार्ग स्तरोन्नति, त्रिवेणी-नर्कु-सर्मी-भालुलेक-जगदुल्ला जलविद्युत आयोजना हुँदै जुम्ला सडक, थारमारे-बडागाउँ-चौरजहारी-जाजरकोट-जुम्ला-कामी बुढा सडक लगायत प्रदेश महत्वका रणनीतिक सडकहरुको सम्भाव्यता अध्ययन र निर्माणलाई प्राथमिकता दिएको छु। यसका लागि रु. १० करोड बजेटको व्यवस्था गरेको छु ।

५१. वीरेन्द्रनगर नगरपालिकासँग समन्वय गरी प्रदेश राजधानी वीरेन्द्रनगरको गुरुयोजना निर्माण तथा सडक पूर्वाधार विकासका लागि वीरेन्द्रनगर शहरी सडक कार्यक्रमलाई निरन्तरता दिएको छु । यसका लागि रु. २१ करोड बजेटकोव्यवस्था गरेको छु ।

५२. सडक निर्माण गर्दा सडकको क्षेत्राधिकार, गुणस्तर, सुरक्षा, दुर्घटना न्यूनीकरण र बायो-इन्जिनियरिङ्गका आधारमा सडक किनारामा आयमूलक वृक्षारोपण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५३. नेपाल सरकार तथा स्थानीय तहसँगको सहकार्यमा झोलुङ्गे पुल निर्माण गरी तुईन विस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५४. चालु आर्थिक वर्षका मोटरेबल पुल आयोजनाहरुलाई निरन्तरता दिँदै यस आर्थिक वर्षमा जिल्ला र निर्वाचन क्षेत्रलाई सन्तुलन हुने गरी सम्भाव्यताको आधारमा मोटरेबल पुल कार्यक्रमका लागि रु. १५ करोड ५० लाख विनियोजन गरेको छु ।

**यातायात व्यवस्था**

५५. राजधानी सहरलाई धुलो-धुवाँमुक्त गरी वातावरणमैत्री बनाउन र इन्धन खपत न्यूनीकरणका लागि सुलभ र सहज विद्युतीय सार्वजनिक यातायात, सुब्बाकुनादेखि बाँङ्गेसिमलसम्म साइकल मार्ग र नगर क्षेत्रमा अपाङ्गमैत्री तथा साइकलमैत्री सडक बनाइनेछ। कार्यालय आवतजावत गर्नको लागि साइकलको प्रयोगलाई प्रोत्साहन गर्न बजेटको व्यवस्था गरेको छु ।

**ऊर्जा**

५६. **कर्णालीको पानीः सबैको लगानी कार्यक्रम** अन्तर्गत भेरी-बबई डाईभर्सन बहुउद्देश्यीय परियोजनाको विद्युत उत्पादनमा प्रदेश सरकारको लगानी गर्ने र प्रभावित क्षेत्र सुर्खेत र सल्यानका जनतालाई शेयरमा अग्राधिकार कायम गर्ने तथा सम्पूर्ण कर्णालीबासीलाई शेयर लगानीको अवसर प्रदान गरिनेछ । त्यसरी नै भेरी-बबई डाईभर्सन बहुउद्देश्यीय परियोजनाको बाँधबाट र जगदुल्ला जलविद्युत परियोजना प्रदेश सरकार आफैले निर्माण र सञ्चालन गर्ने गरी कर्णाली पूर्वाधार विकास कोषबाट लगानी गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५७. **उज्यालो कर्णाली अभियान अन्तर्गत** विद्युत पहुँच नपुगेका दलित, सीमान्तकृत, विपन्न परिवार र विद्यालय एवं स्वास्थ्य संस्थाहरूमा विद्युत पुऱ्याउन वैकल्पिक ऊर्जा र साना जलविद्युत आयोजनाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५८. **ग्रामीण विद्युतीकरण कार्यक्रम** मार्फत विद्युत सुविधा नपुगेका गाउँ बस्तीमा विद्युत सेवा पुऱ्याउन रु. ५५ करोड विनियोजन गरेको छु ।

**खानेपानी**

५९. राजधानी शहर वीरेन्द्रनगर र अन्य स्थानमा खानेपानीको अभाव र बढ्दो मागलाई मध्यनजर गर्दै पानीको सतह र भूमिगत लगायतका स्रोतहरुको पहिचान गरी सम्भाव्यता अध्ययन र निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

६०. **"एक घर एक धारा,विद्यालय र स्वास्थ्य संस्थामा खानेपानी सुविधा"** को अवधारणा अनुसार खानेपानीको समस्या भएका बस्तीहरुमा मापदण्डका आधारमा स्वच्छ खानेपानी उपलब्ध गराउने व्यवस्था मिलाएको छ ।

६१. पानीको अभाव भएका पहाडी भू-भाग, विकट बस्ती तथा खानेपानीका स्रोत नभएका स्थानहरुमानयाँ प्रविधिको प्रयोग गरी वर्षाको पानी सङ्कलन तथा भूमिगत (डिपबोरिङ) जलश्रोतको व्यवस्थापन गरी खानेपानी सुविधा उपलब्ध गराउन सम्भाव्यता अध्ययन तथा निर्माणको कार्य अगाडि बढाइने छ । खानेपानी क्षेत्रको समग्र विकासका लागि रु. १ अर्ब ३८ करोड ३५ लाख बजेटको व्यवस्था गरेको छ ।

**सिंचाई तथा नदी नियन्त्रण**

६२. खानेपानी तथा सिंचाईको दीर्घकालीन समस्या समाधान गर्न कर्णाली, भेरी, बबई, शारदा लगायत नदी/खोलाको पानीलाई आधुनिक प्रविधिको प्रयोग गरी स्वच्छ खानेपानी तथा सिंचाई उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था मिलाएको छ ।

६३. सिंचाईका स्रोतहरूको पहिचान र सिंचाई प्रणालीको विकासद्वारा नहर कुलोको निर्माण गरी खेतीयोग्य जमिनमा सिंचाई सुविधा विस्तार गर्ने व्यवस्था मिलाएको छ ।

६४. स्थानीय तहसँगको समन्वयमा लिफ्ट, भूमिगत, थोपा, आकासे पानी सङ्कलन, मूल पोखरी, हिउँ पोखरी, वर्षा पम्प लगायत विभिन्न नयाँ प्रविधिको माध्यमबाट सिंचाई सुविधा उपलब्ध गराउने व्यवस्था मिलाएको छ । सिंचाई क्षेत्रको समग्र विकासको लागि रु. १ अर्ब ७० करोड २५ लाख विनियोजन गरेको छ ।

६५. जलउत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न नदी तथा जोखिमयुक्त जलाशय नियन्त्रण, तटबन्ध तथा पहिरो नियन्त्रण तथा बाँध नियन्त्रण कार्यक्रम कार्यान्वयनको लागि रु. ४९ करोड ५० लाख विनियोजन गरेको छ ।

**बस्ती विकास**

६६. दलित, विपन्न तथा घरबार विहिन, बाढी, पहिरो, अग्नि जस्ता प्रकोप पीडित नागरिक, जोखिमयुक्त र छरिएका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी आधारभूत सेवा सुविधा सहितको **एक जिल्ला एक एकीकृत नमूना बस्ती** विकासका लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्न रु. २५ करोड ५० लाख बजेटको व्यवस्था मिलाएको छ ।

६७. **सुरक्षित आवास कार्यक्रम** अन्तर्गत जनताका घर आगलागीबाट जोगाउन नमूनाको रुपमा खरका छाना विस्थापन गरीटिनका छाना निर्माण गरिनेछ । उक्त कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

६८. लक्षित वर्ग समुदायको पहिचान गरी **जनता आवास कार्यक्रम**लाई निरन्तरता दिँदै अझ व्यापक र प्रभावकारी बनाउन जमिन नभएका आधारविहीन जनतालाई घडेरीको समेत व्यवस्था गर्ने गरी **जनता आवास कार्यक्रम** सञ्चालन गरिने छ ।

**भवन तथा शहरी विकास**

६९. सुरक्षित, व्यवस्थित, भूकम्प प्रतिरोधी र वातावरणमैत्री भवनहरू निर्माण गर्नका लागि भवनसँग सम्बन्धित कानून तथा भवनसंहिता तयार गरी कार्यान्वयनमा लैजाने व्यवस्था मिलाएको छु ।

७०. नेपाल सरकार र वीरेन्द्रनगर नगरपालिकासँग समन्वय गरी राजधानी शहर वीरेन्द्रनगरलाई सुविधा सम्पन्न बनाउन **एकीकृत शहरी विकास कार्यक्रम** सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

**शिक्षा**

७१. समाजलाई सकारात्मक रुपमा बुझ्ने,जीवनका उज्याला पक्षहरू देख्न सक्ने र राम्रा कार्यहरूको अगुवाई गर्न सक्ने नागरिक तयार गर्नका लागि कर्णालीको मौलिक विशेषता सहितको नैतिक,व्यावसायिक र वैज्ञानिक शिक्षा सम्बन्धी जीवनोपयोगी नयाँ पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएको छु ।

७२. प्रदेशमा दक्ष प्राविधिक जनशक्ति उत्पादनका लागि **पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय**को विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्य प्रारम्भ गर्नरु. १ करोडको व्यवस्था मिलाएको छु ।

७३. प्राविधिक जनशक्ति उत्पादन गर्न एक जिल्ला एक **बहुप्राविधिक शिक्षालय** स्थापना तथा प्राविधिक उच्च शिक्षा सञ्चालन गर्ने क्याम्पसको भौतिक सुधारका लागि रु. ११ करोड बजेटको व्यवस्था गरेको छु ।

७४. छरिएको बस्ती, भौगोलिक विकटता, मौसमी बसाईसराई, गरिबी जस्ता कारणले विद्यालय छोड्ने र पढाइमा बाधा पुग्ने अवस्थाको अन्त्य गरी सर्वसुलभ शिक्षाको अवसर प्रदान गर्न डोल्पा, हुम्ला, मुगु, जुम्ला र कालीकोट जिल्लामा आवासीय विद्यालय स्थापना गर्न रु. ३ करोड ७५ लाख विनियोजन गरेको छु ।

७५. सबै स्थानीय तहमा विद्यालय मर्जरलाई प्रोत्साहित गर्दै कम्तीमा एउटा विद्यालयलाई साधन स्रोत र प्रविधियुक्त नमूना विद्यालयको रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु । यसका लागि रु. ३९ करोड ५० लाख विनियोजन गरेको छु ।

७६. विद्यालय भवन लगायत भौतिक पूर्वाधार विकास दलित छात्रावास निर्माण, नमूना बालविकास तथा विशेष शिक्षा सञ्चालित विद्यालयको भौतिक सुधारका लागिआवश्यक बजेटको प्रबन्ध गरेको छु ।

७७. उच्च शिक्षालाई गुणस्तरीय, रोजगारमूलक र जीवनोपयोगी बनाउनका लागि प्रदेशका विभिन्न क्याम्पसहरुलाई आवश्यक पूर्वाधार, प्रविधि र शैक्षिक सामग्रीको लागि रु. ४ करोड ८० लाख बजेट विनियोजन गरेको छु ।

७८. नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा आगामी दुई वर्षभित्र कर्णालीलाई साक्षर प्रदेश घोषणा गर्ने गरी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

७९. माध्यमिक विद्यालयका विद्यार्थीलाई जुनियर रेडक्रस, नेपाल स्काउट र राष्ट्रिय सेवा दलमा आवद्धताको लागि समन्वय गर्न आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

८०. जनशक्ति विकासमा जोड दिन जेहेन्दार विद्यार्थीलाई **छोरीबुहारी छात्रवृत्ति** र गरिब, दलित, अपाङ्गता, जेहेन्दार तथा दुर्गमका विद्यार्थीका लागि उच्च शिक्षामा छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता दिएको छु ।

८१. कर्णाली प्रदेशका जेहेन्दार विद्यार्थीलाई अध्ययन पश्चात आफ्नो प्रदेशमा निश्चित अवधि सेवा गर्ने गरी कृषि र पशु विज्ञान, चिकित्सा तथा इन्जिनियरिङ्ग विषयको अध्ययन सम्बन्धी **सेवा-शर्त छात्रवृत्ति कार्यक्रम**को लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

८२. दरबन्दी नभएका र विषयगत शिक्षकको अभाव भएका सामुदायिक विद्यालयहरूमा सम्बन्धित विषयका शिक्षण सिकाई तालिम प्राप्त स्नातकहरूलाई स्वयंसेवकको रुपमा सेवा लिन **कर्णाली विकास सेवा** लागू गरिने र सोका लागि रु. २ करोड ९३ लाख विनियोजन गरेको छु ।

८३. अभिभावक विहिन बालबालिकाको शिक्षा र संरक्षकत्व प्रदान गर्न प्रदेश राजधानीमा बालग्राम स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८४. कृषि क्षेत्रमा आवश्यक प्राविधिक जनशक्ति उत्पादन गर्नका लागि रुकुम पश्चिममा कृषि विज्ञान प्रतिष्ठान स्थापना गरी सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

८५. सुर्खेतमा प्रदेश पुस्तकालय स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८६. अल्पसंख्यक मुस्लिम समुदायलाई प्रोत्साहित गर्न सुर्खेत र सल्यानमा मदरसा विद्यालय भवन निर्माणका लागि आवश्यक बजेटको व्यस्था गरेको छु ।

**स्वास्थ्य तथा सरसफाई**

८७. प्रदेश अस्पताललाई ३०० शैयाको विशेषज्ञ अस्पतालको रुपमा विकास गर्न आवश्यक पूर्वाधार, यन्त्र उपकरण र प्रदेश जनस्वास्थ्य प्रयोगशाला सुदृढ गर्न रु. २० करोड ५ लाख विनियोजन गरेको छु ।

८८. जिल्ला अस्पतालहरूलाई पचास शैयासम्मका विशेषज्ञ सेवा प्रवाह गर्ने अस्पतालको रुपमा स्तरोन्नति, स्थानीय तहमा पन्ध्र शैय्यासम्मको अस्पताल एवं सामुदायिक अस्पताल निर्माण र सञ्चालनमा आवश्यक सहयोगका लागि रु. १३ करोड २५ लाख रकम विनियोजन गरेको छु ।

८९. प्रदेश अस्पताल र जिल्ला अस्पतालमा विशेष व्यवस्था सहित विशेषज्ञ चिकित्सक तथा उपकरणको लागि रु. ४ करोड ४२ लाख ५० हजार बजेट व्यवस्था गरेको छु ।

९०. प्रदेश आयुर्वेद अस्पतालको स्तरोन्नति, प्राकृतिक चिकित्सा, होमियोप्याथी, आम्ची लगायतका वैकल्पिक चिकित्सा पद्दतिको सेवा विस्तार र प्रवर्द्धनगर्न आवश्यक बजेट छुट्याएको छु ।

९१. स्थानीय तहसँगको समन्वयमा बर्थिङ्ग सेण्टरलाई व्यवस्थित र साधनश्रोत सम्पन्न बनाइनेछ । हुम्ला, डोल्पा, मुगु, कालिकोट, जाजरकोट र अन्य जिल्लाका सदरमुकाम रहेका स्थानीय तह बाहेकका स्वास्थ्य संस्था नभएका वडाहरूमा अत्यावश्यक उपकरण सहित तालिम प्राप्त स्वास्थ्यकर्मी स्वयंसेवकको व्यवस्था मिलाउन रु. ६ करोड विनियोजन गरेको छु ।

९२. जोखिममा परेका गर्भवती तथा सुत्केरी आमा र बच्चाको जीवन रक्षाका लागि आपतकालीन हवाई उद्धार सेवालाई निरन्तरता दिँदै अझ सुलभ र छरितो सेवा दिने व्यवस्था मिलाएको छु ।

९३. अस्पताल परिसरभित्र अस्पतालकै औषधि पसल मात्र सञ्चालन अनिवार्य गरी सहुलियत दरमा औषधि उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

९४. सरकारी अस्पतालहरूमा पोषण विज्ञ समेतको सहभागिता र सिफारिसमा खाना र खाजाको प्रकार र मेनु तर्जुमा गरी प्रतिछाक लागतका आधारमा गुणस्तरीय खाना र खाजा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

९५. **एक निर्वाचन क्षेत्र एक टेलीमेडिसिन सेवा** प्रारम्भ गरी क्रमशः विस्तार गर्ने व्यवस्था मिलाएको छु ।

९६. स्थानीय तहसँगको सहकार्यमा आवश्यकतानुसार एम्बुलेन्स कार्यक्रम लागू गरी प्रेषण सेवालाई थप व्यवस्थित बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

९७. मानसिक स्वास्थ्य समस्या, भन्न नमिल्ने रोग तथा नसर्ने रोगको परीक्षण तथा उपचार सेवालाई स्थानीय अस्पतालसम्म पुऱ्याइने र जिल्ला अस्पतालसम्म मनोसामाजिक परामर्शदाताको सेवा उपलब्ध गराउन विशेष पहल गरिनेछ ।

९८. **घुम्ती अस्पताल** सञ्चालनको लागि रु. २ करोड बजेटको व्यवस्था गरेको छु ।

९९. पोषण, पाकशिक्षा र भान्सा सुधारका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१००. विपन्न तथा असहाय अपाङ्गता, अटिजम, मानसिक सन्तुलन गुमाएका र सडकमा अलपत्र परेका असक्त बिरामीहरूलाई उपचार गरी पुनर्स्थापना गर्नका लागि पुनर्स्थापना केन्द्र स्थापना र अठार वर्ष मुनिका बालबालिकाको उपचार तथा पुनर्स्थापना कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१०१. राजधानी लगायत सबै शहरहरूमा स्थानीय तहसँगको सहकार्यमा अपाङ्ग, लैङ्गिक, बालमैत्री सार्वजनिक शौचालयहरू निर्माणलाई अभियानको रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

**श्रम तथा रोजगार**

१०२. श्रमको सम्मान गर्दै सामाजिक श्रमदानको संस्कृति विकास गर्न प्रत्येक महिनाको १ गते जनप्रतिनिधि, राष्ट्रसेवक, नागरिक समाज, व्यवसायी र आम जनताको सहभागितामा राजधानी, जिल्ला, स्थानीय तह र वडाहरुमा श्रमदिन अभियानलाई व्यापकता दिइनेछ। नियमित रुपमा श्रममा सहभागी हुने व्यक्तिलाई सम्मान र पुरस्कारको व्यवस्था गरेको छु ।

१०३. कामको सृजना, रोजगारीको अवसर, ज्यालामा सुधार गरी श्रमप्रति सम्मान गर्दै समृद्ध कर्णाली प्रदेश निर्माणमा युवाको भूमिकालाई स्थापित गर्दै कर्णालीवासीको खाना, नाना र छानाको प्रवन्ध गर्न **मुख्यमन्त्री रोजगार** कार्यक्रम अन्तर्गत ज्ञान, सीप र क्षमताको उपयोग र विकास गरी श्रम सहकारी तथा श्रम कार्यदल मार्फत सार्वजनिक विकास निर्माण, जीवन्त आयोजना तथा मानवीय कार्यमा लक्षित वर्ग समुदायलाई संलग्न गराई रोजगारीको अवसर सिर्जना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१०४. सीप तथा रोजगारमूलक तालिमबाट उद्यमशीलता र स्वरोजगारका लागि वित्तीय पँहुच, विद्यालय छाडेका युवालाई तालिममा सहभागी गराउने सहभागी हुन प्रोत्साहित गरी श्रम बजारमा जाने वातावरण बनाउन सबै जिल्लामा रोजगार **परामर्श केन्द्र**को व्यवस्थागर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**युवा तथा खेलकुद**

१०५. **"स्वास्थ्य र मनोरञ्जनका लागि खेल"** भन्ने अवधारणा अनुरुप सबै नागरिकलाई खेलकुदप्रति आकर्षित गर्न, खेल क्षेत्रको विकास तथा प्रवर्द्धन र विकासमा युवा परिचालनलाई प्रभावकारी बनाउनका लागि **कर्णाली युवा तथा खेलकुद परिषद्** गठन गर्न आवश्यक व्यवस्था गरेको छु ।

१०६. प्रदेश रङ्गशाला, हिमाली रङ्गशाला र तालिम केन्द्र स्थापना गर्न, चौरजहारी र रास्कोटमा रङ्गशाला निर्माण, स्थानीय तहसँगको साझेदारीमा रङ्गशाला तथा खेलकुद मैदान निर्माण, क्रिकेट रङ्गशाला र कवर्ड हलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाउनको लागि रु. ११ करोड ७५ लाख बजेटको व्यवस्था गरेको छु ।

१०७. प्रदेशबाट राष्ट्रिय खेलमा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीका लागि रु. १ लाखसम्म र अन्तर्राष्ट्रिय खेलमा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीको लागि रु. ५ लाखसम्म नगद पुरस्कार प्रदान गरी सम्मान गर्नका आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**सामाजिक न्याय तथा सुरक्षा**

१०८. कर्णाली प्रदेशका बालबालिका, महिला, हिंसापीडित महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, जनजाति, सीमान्तकृत वर्ग समुदाय, बहिष्करण र बञ्चितीकरणमा परेका वर्ग समुदायको संरक्षण, सुरक्षा र सहयोगका लागि **मनमोहन सामाजिक सुरक्षा कार्यक्रम** सञ्चालन गरिनेछ ।

१०९. छाउपडी (छुई) प्रथा, बालविवाह, अनमेल विवाह, घरेलु हिंसा जस्ता सामाजिक विकृति अन्त्य गर्दै छोरीलाई गर्भदेखि नै समान रुपले हुर्काउन, पढाउन र रोजगारीका लागि **छोरी बुहारी मूल प्रवाहीकरण कार्यक्रम** सञ्चालन गरिने र विसङ्गति विरुद्ध जनचेतना फैलाउन विद्यालयमा किशोरी शिक्षा कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

११०. दलित समुदाय माथिको छुवाछुत र भेदभाव अन्त्य गर्दै अन्तरजातीय विवाहलाई प्रोत्साहन र सामाजिक कलंकको रुपमा रहेको छुवाछुत प्रथा अन्त्य गर्ने अभियानका साथ प्रदेशलाई **छुवाछुत मुक्त प्रदेश** घोषणा गर्ने व्यवस्था मिलाएको छु ।

१११. **मुख्यमन्त्री रोजगार कार्यक्रम** अन्तर्गत दलित तथा महिलाहरूको ज्ञान, सीप र क्षमता बढाई आर्थिक सामाजिक रुपमा सम्पन्न गराउन **अनिवार्य न्यूनतम् आयआर्जन कार्यक्रम** सञ्चालन गर्न रु. ५ करोड रकम विनियोजन गरेको छु ।

११२. स्थानीय तह, नागरिक समाज, निजी क्षेत्र र सरोकारवालासँगको सहकार्यमा सडक बालबालिकामुक्त प्रदेश बनाउन व्यक्तिगत घर, व्यावसायिक क्रियाकलाप र प्रतिष्ठानमा बालश्रम र शोषणको अन्त्य गर्नका लागि सञ्चालन गरिने कार्यक्रमहरुका लागि आवश्यक व्यवस्था गरेको छु ।

११३. महिला स्वास्थ्य स्यवंसेविका र बाल शिक्षा सहजकर्ताले समुदायमा गरेको योगदानको कदर गर्दै प्रोत्साहन स्वरुप वार्षिक रु. १० हजार र स्वास्थ्य संस्थामा आई बच्चा जन्माउने आमालाई पोषण खर्च वापत रु. २ हजार उपलब्ध गराउने व्यवस्था गरेको छु ।

११४. ज्येष्ठ नागरिकहरुलाई पारिवारिक वातावरणमा सम्मानपूर्वक बस्न र बाँच्नका लागि ज्येष्ठ नागरिक मिलन केन्द्र, देश दर्शन कार्यक्रम, ज्येष्ठ नागरिक अभिनन्दन कार्यक्रम, वृद्धाश्रम, निःशुल्क औषधोपचार, दुर्गम क्षेत्रमा हवाई यातायातमा छुटका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

११५. प्रदेश राजधानी र अन्य जिल्लाहरुमा सामाजिक संरक्षण गृह (सेफ हाउस) निर्माण तथा सञ्चालनका लागि सहयोग गरिनेछ । उपरोक्त कार्यक्रमका लागि रु. १ करोड छुट्याएको छु ।

११६. राउटे, बादी लगायतका लोपोन्मूख तथा अल्पसंख्यक सीमान्तकृत वर्ग समुदायको संरक्षण, विकास र जीविकोपार्जनका लागि आयमूलक कार्यक्रम र तिनको उचित व्यवस्थापनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

११७. छोरीको लालनपालन र शिक्षा-दिक्षाको लागि छोरी जन्मेको अवसरमा बैङ्कमा खाता खोली १ हजार रुपैयाँ जम्मा गर्ने र प्रत्येक महिना ५ सयका दरले विवाह योग्य उमेर २० वर्षसम्म जम्मा गर्ने **बैंक खाता छोरीकोः सुरक्षा जीवनभरि**को कार्यक्रमको घोषणा गरेको छु । यस कार्यका लागि रु. ७ करोड बजेट छुट्याएको छु ।

**साहित्य, कला तथा संस्कृति**

११८. प्रदेश संग्रहालय स्तरोन्नति, खस भाषा, सभ्यता र संस्कृतिको उद्गम स्थल सिंजा र दुल्लुमा **सांस्कृतिक संग्रहालय** स्थापना, हुम्लामा लामा सांस्कृतिक संग्रहालय, सुर्खेतमा मगर र थारु सांस्कृतिक संग्रहालय तथा सिंजामा **नेपाली भाषा तथा साहित्य विश्व सम्मेलन**का लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

११९. भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकासका लागि **कर्णाली प्रज्ञा प्रतिष्ठान** गठन गरिनेछ । प्रदेश राजधानीमा **"कर्णाली सांस्कृतिक कला केन्द्र"** र **"कर्णाली देउडा डबली"** स्थापनाका लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

१२०. विभिन्न समयमा भएका राजनीतिक आन्दोलन र सामाजिक परिवर्तनको विषय झल्कने तथ्य, प्रमाण, वस्तु, दस्तावेजहरूको व्यवस्थित संग्रह सहितको **शान्ति अध्ययन केन्द्र** स्थापना गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**भूमि व्यवस्था, कृषि तथा पशुपन्छी**

१२१. कृषि पेशालाई सम्मानित, मर्यादित र आकर्षक बनाउन **"मेरो किसान मेरो अन्नदाता"** कार्यक्रम अन्तर्गत कृषकको सुरक्षा, आयको सुनिश्चितता, उत्पादनको सही मूल्य जस्ता विषय प्राथमिकतामा राखी निर्वाहमुखी कृषिलाई प्रविधि, नवीन औजार, उत्पादन संरक्षण, प्रशोधन र बजारीकरण मार्फत युवाशक्तिलाई कृषिमा आकर्षित गर्ने र कृषि पेशाको पुस्तान्तरणलाई उत्प्रेरणा दिने कार्यका लागि रु. २ करोड बजेटको व्यवस्था गरेको छु ।

१२२. कृषियोग्य भूमि विस्तार, मल, बीउ सुधार, सिंचाई, औजार, प्रविधि सीप, यन्त्र उपकरणहरुमा लगानी केन्द्रित गरिनेछ। भूमिहीन, सुकुम्बासी, गुठी, मुक्त हलिया, अव्यवस्थित बसोबास, जनयुद्धकालीन जग्गा किनबेच लगायतका समस्या सम्बोधन गर्न भूमि समस्या समाधान समिति गठन र आवश्यक कार्यको लागि बजेटको व्यवस्था गरेको छु ।

१२३. कुलो, लिफ्ट, पोखरी, थोपा, वर्षा पानी सङ्कलन, पम्प प्रणालीबाट थप कृषि भूमिमा सिंचाई सुविधा उपलब्ध गराउने कार्यक्रमका लागि सिंचाई डिभिजन कार्यालयहरुबाट प्राविधिक सहयोग लिई कार्यान्वयन गर्न रु. ५० करोडको व्यवस्था गरेको छु।

१२४. कृषि उत्पादनका लागि आवश्यक यन्त्र उपकरण र मल बीउ खेतसम्म लैजान र कृषि उपजलाई घरबजारसम्म पुऱ्याउन आगामी वर्ष सम्भाव्यताको आधारमा कृषि सडक निर्माण गर्न रु. ३२ करोड बजेट विनियोजन गरेको छु ।

१२५. **"प्रदेश सरकार गरिब किसानका साथमा"** भन्ने नाराका साथ कृषकलाई उत्पादनको सम्भाव्यताका आधारमा सहुलियतपूर्ण ऋण उपलब्ध गराउन गरिब किसान केन्द्रित न्यूनतम आय-आर्जनका कार्यक्रम सञ्चालन गर्न समेतका लागि रु. ३० करोड बजेट विनियोजन गरेको छु ।

१२६. चालू आर्थिक वर्षमा सञ्चालित कृषि सहकारी नमूना गाउँ, अर्गानिक कृषि नमुना गाउँ, सुर्खेतमा बहुउद्देश्यीय कृषि सहकारी भवन, लक्षित वर्ग विशेष, उत्पादन विशेष पकेट क्षेत्र, कृषि उपज प्रशोधन तथा कृषि औजार उद्योगको पूर्वाधार समेतका कार्यक्रमहरुलाई निरन्तरता दिएको छु । दुधमा आत्मनिर्भर बनाउन दुग्ध प्रवर्द्धन विशेष कार्यक्रम अन्तर्गत उन्नत जातका गाई भैंसी पशुपालक किसानसम्म सहुलियतपूर्ण ऋणमा उपलब्ध गराउने र पशुधनको बीमा गर्ने व्यवस्था समेतका लागि आवश्यक बजेट छुट्याएको छु ।

१२७. कृषिजन्य उत्पादनको सङ्कलन, भण्डारणमा हुने क्षति न्यूनीकरण र मूल्य उच्च भएको समयमा बजारसम्म पुऱ्याउन उपज सङ्कलन केन्द्र, शीत घर, दुध चिस्यान केन्द्र, रष्टिक र सेलार स्टोर स्थापना तथा सञ्चालनका लागि रु. १५ करोड बजेटको व्यवस्था गरेको छु ।

१२८. भूमिलाई बाँझोराख्ने र खण्डीकरणलाई निरुत्साहित गर्दै भू-उपयोगको योजना र वैज्ञानिक वर्गीकरण तथा भूमिबैङ्कको स्थापना गरी खेती गर्न चाहने किसानलाई विशेष व्यवस्था अन्तर्गत भूमि उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

१२९. फलफूल, तरकारी, खाद्यान्न बाली, तेलहन, दलहन र नगदे बाली उत्पादन तथा बजारीकरण एवं प्रवर्द्धन जस्ता कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । साथै रैथाने बालीको विकास, बीउ सङ्कलन रसंरक्षण गर्न, जलवायू परिवर्तनले बीउमा पार्ने असर न्यूनीकरण गर्न **सामुदायिक बीउ बैङ्क** स्थापना गर्ने प्रबन्ध गरेको छु ।

१३०. सुर्खेतमा **कृषि प्रदर्शनी स्थल,** सल्यानमा **कृषि औद्योगिक क्षेत्र,** हर्रे र कपुरकोटमा **क्वारेन्टाइन** र **विषादी परीक्षण प्रयोगशाला** स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१३१. **प्राङ्गारिक** तथा **जैविक मल** र **पशु दाना उद्योग**को पूर्वाधार निर्माणमा सहयोग गर्न र विषादी तथा रसायन प्रयोगलाई निरुत्साहन गर्ने क्रियाकलापमा बजेटको व्यवस्था गरेको छु ।

१३२. बजारमा स्वच्छ र सफा मासु आपूर्तिका लागि पशु बधशाला तथा पशु बधस्थल निर्माण र सञ्चालनको सम्भावना अध्ययन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१३३. नेपाल कृषि अनुसन्धान परिषदसँगको सहकार्यमा कृषि अनुसन्धान केन्द्र दशरथपुरमा प्राङ्गारिक कृषि अनुसन्धानको कार्य गरिने छ । अन्य अनुसन्धान केन्द्रहरुलाई अर्गानिक कृषि अनुसन्धान केन्द्रहरुको रुपमा विकास गर्न संघीय सरकारसँग समन्वय गरिनेछ । यस्ता केन्द्रहरु र कृषि तथा भेटेरीनरी विषय अध्यापन हुने विद्यालयहरुबाट प्राङ्गारिक कृषि प्राविधिक जनशक्ति र व्यावसायिक कृषक तयार गरिनेछ । कृषि प्राविधिक जनशक्तिको अभाव पूर्ति गर्न सञ्चालित **एक वडा एक प्राविधिक** कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१३४. कृषि सहकारी, कृषक समूह र निजी क्षेत्र समेतको साझेदारीमा अर्गानिक कृषिजन्य बालीवस्तुको उत्पादन, विविधीकरण, प्रशोधन, लेबलिङ्ग, प्याकेजिङ्ग, ब्रान्डिङ्ग लगायत बजारीकरणका कार्यक्रमहरु सञ्चालन गरी कृषिजन्य वस्तुको आयात कम गर्दै लैजानका लागि बजेटको व्यवस्था गरेको छु ।

१३५. कर्णाली प्रदेशलाई फलफूलमा आत्मनिर्भर बनाउन र उच्च मूल्यका फलफूलको खेती विस्तार गर्न शीतोष्ण, समशीतोष्ण र उष्णप्रदेशीय तथा नयाँ जातका फलफूलको विरुवा तयार गर्न प्रत्येक निर्वाचन क्षेत्रमा उच्च प्रविधिको एक/एक वटा नर्सरी प्रवर्द्धनगरी किसानलाई उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाएको छु । **"एक स्थानीय तह एक कृषि वन"** कार्यक्रमलाई सामुदायिक वन उपभोक्ता समुहहरुसँगको सहकार्यमा यस्तो वन क्षेत्रहरुमा फलफूल खेती प्रवर्द्धन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

१३६. कृषि उत्पादन तथा व्यवसायमा प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण र विपद्‌लाई शीघ्र सम्बोधन गरिनेछ । असिना पानी, हावाहुरी, रोग, किरा, बाढी पहिरोबाट बालीनालीमा हुने क्षतिलाई अन्नबाली बीमाका माध्यमबाट सम्बोधन गरिनेछ । महामारी रोग नियन्त्रण गर्न आवश्यक भ्याक्सिन तथा औषधि समयमै आपूर्ति हुने व्यवस्था मिलाएको छु ।

### सहकारी तथा गरिबी निवारण

१३७. महिला सहकारीहरुमा **घुम्ती कोष बीउ पुँजीको स्थापना** गरी कृषिमा महिलाहरुको सहभागिता, उत्पादन विविधीकरण तथा उद्यमशीलता विकासमा प्रोत्साहन गर्ने कार्यक्रमलाई जोड दिएको छु । कृषि श्रम बजारमा महिलाको उपस्थितिलाई गणना योग्य र घरपरिवारको तहमा गरिबी निवारणको मुख्य संवाहक बनाउने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३८. **"समृद्ध कर्णालीका लागि सहकारी अभियान"** लाई निरन्तरता दिँदै सहकारीका माध्यमबाट सामुदायिक खेती, व्यावसायिक उत्पादन, भूमिको चक्लाबन्दी समेत गरी उत्पादन वृद्धि र रोजगारी सिर्जना, कृषि उपज प्रशोधन उद्योग, बजारीकरण र निर्यात व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१३९. भूमि, कृषि तथा सहकारी क्षेत्रको समग्र विकासबाट आगामी वर्ष न्यूनतम१० हजार व्यक्तिहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा रोजगारीमा संलग्न गराई दिगो विकासको लक्ष्य प्राप्त गर्न सकिने आशा लिएको छु । माथि उल्लिखित कार्यक्रमहरु सञ्चालन गर्न रु. ४० करोड बजेट विनियोजन गरेको छु ।

### उद्योग, वाणिज्य तथा आपूर्ति

१४०. विक्रम सम्बत २०७६ देखि २०८५ लाई **लगानी दशक** घोषणा गरेको छु । यस अन्तर्गत उत्पादनमूलक, रोजगारमूलक र निर्यातमूलक उद्योगमा लगानी अभिवृद्धि गर्ने व्यवस्था मिलाएको छु ।

१४१. सक्रिय जनशक्तिको सीप र उद्यमशीलता अभिवृद्धि मार्फत रोजगार/स्वरोजगारका लागि उद्योग तथा व्यवसाय दर्ता, स्थायी लेखा नम्बरमा सहजीकरण र सहुलियतपूर्ण ऋण प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१४२. नेपाल सरकार र सम्बन्धित स्थानीय तहसँगको समन्वयमा स्थानीय तहमा विशेष उत्पादनको लागि **उद्योग ग्राम** स्थापना गरी परम्परागत प्रविधि, स्थानीय सीप र कच्चा पदार्थमा आधारित साना तथा घरेलु उद्योग प्रवर्द्धन, स्थानीय उत्पादनको उचित मूल्य र बजार पहुँच सुनिश्चित गर्न पूर्वाधार निर्माण र सहुलियतपूर्ण ऋणका लागि रु. ६ करोड बजेट विनियोजन गरेको छु ।

१४३. कपास र अल्लो लगायत वनपैदावर तथा पशुजन्य कच्चा पदार्थमा आधारित स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नका लागि सम्भाव्यता अध्ययन, उद्योग स्थापनाका लागि पूर्वाधार निर्माण गर्न रु. ५ करोड बजेटको व्यवस्था गरेको छु ।

१४४. प्रदेशको पहिचान झल्काउन जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक लगायतले प्रयोग गर्ने औपचारिक पोशाकमा स्थानीय उत्पादनहरू क्रमशः प्रयोगमा ल्याउने व्यवस्था मिलाएको छु ।

१४५. कर्णाली प्रदेशबाट उपहार तथा कोशेलीहरु प्रदान गर्दा र सरकारी कार्यालय र कार्यक्रममा स्थानीय उत्पादनका वस्तुहरुको प्रयोगलाई प्राथमिकता दिइनेछ । स्थानीय उत्पादनको गुणस्तर सुधार, प्याकेजिङ्ग र बजारीकरणका लागि प्रविधि र **सौगात/कोसेली घर**को पूर्वाधार विकासमा लगानीकर्तालाई सहयोग गर्ने व्यवस्था मिलाएको छु ।

१४६. खाद्यवस्तुको गुणस्तर परीक्षण, अवधि नाघेका खाद्यवस्तु र औषधि बिक्री वितरणमा रोक लगाउन, बधशाला, रेष्टुरेण्ट तथा होटलहरुको गुणस्तर निरीक्षण, ढुसी लागेका खाद्य पदार्थको उपयोगमा नियन्त्रण, दर्ता नभएका,उत्पादन मिति तथा मिश्रण उल्लेख नभएका र प्रयोग अवधि उल्लेख नभएका तयारी खाद्यवस्तु बजारमा बिक्रीवितरणमा प्रतिबन्ध लगाउने र उपभोक्ताको हित संरक्षण गर्न **उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको** क्षमता विकास गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

१४७. अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको लघु, मझौला र ठूला उद्योगको विकास गरी स्थानीय साधन स्रोतको उच्चतम् प्रयोग मार्फत आर्थिक वृद्धि तथा रोजगारी सिर्जना गर्ने कार्यक्रमहरुका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१४८. लघुउद्यम मार्फत लक्षित वर्गलाई रोजगारी सिर्जना कार्यक्रम अन्तर्गत दलित समुदाय, महिला, एकल महिला, जनजाति, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पीडित, युवा र अति विपन्न समुदायको उत्थान र स्वरोजगारको लागि सीप विकास मार्फत उद्यमशीलता र उपकरण सहयोग गर्न रु. १६ करोड विनियोजन गरेको छु ।

१४९. ठूला तथा मझौला उद्योग स्थापनाको लागि आवश्यक पूर्वाधार विकास गर्न, छाला उद्योग, फलफूल प्रशोधन उद्योगको सम्भाव्यता अध्ययन र पूर्वाधार निर्माण गर्न र पार्टिकल बोर्ड उद्योग स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१५०. पेट्रोलियम पदार्थ र एल.पी. ग्याँसको भण्डारणको लागि छिन्चुमा जग्गाको व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

**पर्यटन**

१५१. **कर्णाली समृद्धिको आधारः पर्यटन विकास र पूर्वाधार** भन्ने लक्ष्यका साथ कर्णाली पर्यटन सर्किटको पूर्वाधार निर्माण गरी रारा, शे-फोक्सुण्डो, कुपिण्डे, पचाल झरना, स्यार्पु, बुलबुले, दुधेदह लगायत ताल तथा झरना, काँक्रेविहार, सिँजा, छायाँनाथ, चन्दननाथ, ज्वाला पञ्चकोशी, पञ्चदेवल, दुल्लु, शे-गुम्बा, खैराबाङ, यालबाङ्ग गुम्बा, रलिङ, खार्पुनाथ, त्रिपुरासुन्दरी, जाजरकोट दरबार, फलावाङ दरबार, जक्तिपुर, डिग्रेसाई कुमारी, सिद्धकुमाख, देउतीबज्यै, बडिमालिका लगायत ऐतिहासक, धार्मिक तथा सांस्कृतिक धरोहरहरु समेत मुख्य पर्यटकीय गन्तव्य स्थल पहिचान गरी प्राकृतिक, सांस्कृतिक, धार्मिक, कृषि तथा वन पर्यटन, साहसिक पर्यटन परिपथ, होमस्टे लगायतका पर्यटन क्षेत्रहरूको विकास र विविधीकरण समेतका लागि रु. २० करोड बजेटको प्रबन्ध मिलाएको छु ।

१५२. बृहत् हिमालय पदमार्ग, केवलकार, गुरिल्ला पर्यटन पदमार्ग, बाह्रदेउ पर्यटन पूर्वाधार, नाउर तथा कस्तुरी पदमार्ग, मनोरम पदमार्ग, चौकुने जिओपार्क लगायतका पर्यटन, उद्योग, जडीबुटी, वन तथा वातावरणसँग सम्बन्धित ठूला आयोजनाको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाएकोछु ।

१५३. स्थानीय युवालाई पर्यटक सहयोगी तालिम दिँदै साहसिक खेलकुदमा आधारित ऱ्याफ्टिङ्ग, माउण्टेन बाईक, पदयात्रा तथा जलयात्राका लागि उपयुक्त स्थान छनौट र विकासबाट आय-आर्जन, रोजगारी सृजना, पर्यटकको बसाई अवधि तथा खर्च गर्ने अवसरहरूमा वृद्धि गर्न साझेदार निकायहरू समेतको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१५४. निजी क्षेत्रसँगको साझेदारीमा कर्णाली हवाई सेवा सञ्चालन गर्न आवश्यक कानून, संरचना र बजेटको व्यवस्था गरिनेछ ।

१५५. नेपाल सरकारसँगको समन्वयमा सुर्खेत विमानस्थलको धावन मार्ग विस्तार र अन्य विमानस्थलको मर्मत सम्भारका लागि आवश्यक पहल गरिनेछ । हिमाली जिल्लामा क्षेत्रीय स्तरको पर्वतीय पर्यटक विमानस्थलका साथै हवाई मैदान नभएका जिल्लाहरुमा विमानस्थलहरुको सम्भाव्यता अध्ययन गरिनेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१५६. पर्यटन बोर्डको स्थापना, संस्थागत क्षमता र पूर्वाधार विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१५७. प्रदेशस्थित हवाई मैदान नभएका सबै स्थानीय तहका केन्द्रमा आकस्मिक उद्धार, राहत तथा जनताको सुविधाको लागि हेलिप्याड निर्माण गर्न रु. २ करोड बजेटको व्यवस्था गरेको छु ।

१५८. नेपाल सरकारसँग समन्वय गरी **दुर्गम क्षेत्र सेवा कोष**बाट उडान अनुदान प्राप्त गरी प्रदेश राजधानी सुर्खेतलाई केन्द्र बनाई जिल्ला तथा संघीय राजधानीमा दैनिक नियमित उडान हुने व्यवस्थाको लागि पहल गरिनेछ ।

१५९. सडक सुविधा नभएका दुर्गम हिमाली जिल्ला हुम्ला र डोल्पामा ज्येष्ठ नागरिक र पूर्ण अपाङ्गता भएका व्यक्तिका लागि **हवाई यात्रा कार्यक्रम** मार्फत हवाई टिकटमा दिँदै आएको सहुलियतलाई निरन्तरता दिन रु. १ करोड ५० लाख बजेटको व्यवस्था गरेको छु ।

१६०. कर्णाली रारा पर्यटन वर्ष २०७५ का कार्यक्रमहरुलाई निरन्तरता दिँदै रारा राष्ट्रिय पर्यटन गन्तव्यको अभियानलाई सार्थक बनाउँदै **विश्वको गन्तव्य नेपाल र नेपालको गन्तव्य कर्णाली** भन्ने मूल ध्येयका साथ नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउन सञ्चालन गरिने प्रबर्द्धनात्मक क्रियाकलापहरुका लागि रु. १ करोड विनियोजन गरेको छु ।

१६१. कालीकोटको चिलखायामा जहाज दुर्घटना हुँदा आफू मरेर पनि यात्रुहरुको जीवन बचाउने साहसिक विमान चालक स्व. दिनेश न्यौपाने र स्व.सन्तोष रानाप्रति हार्दिक सम्मान गर्दै **दिनेश न्यौपाने प्रतिष्ठान** लगायत विभिन्न प्रतिष्ठानहरुद्वारा सञ्चालन हुने पूर्वाधार तथा सामाजिक महत्वका कार्यक्रमहरुमा आवश्यक बजेटको व्यवस्थागरेको छु ।

**वन तथा वातावरण**

१६२. सामुदायिक वन विकास कार्यक्रम सञ्चालन गर्न र सामुदायिक वन क्षेत्र लगायत खाली बाँझो जमिनमा ओखर, टिमुर, जैतुन, आलमोण्ड, देवदार लगायतका फलफूल र जडीबुटीको खेती गरी रोजगारी तथा आय-आर्जनका क्रियाकलापलाई अभियानकै रुपमा सञ्चालन गर्न रु. १० करोड बजेटको व्यवस्था मिलाएको छु ।

१६३. सबै प्रदेशसभा सदस्यलाई वातावरण संरक्षण तथा जलवायु अनुकूलनका लागि आफ्नो निर्वाचन क्षेत्र वा आफूले चाहेको स्थानमा प्राप्त गरेको भोट बराबरको संख्यामा बोट बिरुवा रोप्ने, हुर्काउने र संरक्षण कार्य गरी समाज र वातावरण संरक्षणप्रतिको सामाजिक कर्तव्य निर्वाह गर्न **एक भोट-एक बोट** अभियानमा सहभागी हुन अपिल गर्दछु । यसका लागि आवश्यक विरुवा सरकारले उपलब्ध गराउनेछ । साथै यस कार्यक्रममा स्थानीय तह र सामुदायिक वन उपभोक्तासँग सहकार्य गर्ने व्यवस्था मिलाएको छु ।

१६४. जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, शिक्षक, विद्यार्थीले आफ्नो तथा विशिष्ट व्यक्तिको जन्मदिन र विशेष समारोहमा सार्वजनिक स्थल, नदी किनार, सडक छेउ, खोल्सा–खोल्सीमा रुद्राक्ष, बाँस, अमरिसो, फलफुल लगायतका आयमूलक बहुउपयोगी बोट बिरूवा लगाई जैविक प्रविधि प्रयोग गरी सबै स्थानीय तहका केन्द्रहरूलाई हरित नगरको रुपमा विकसित गर्ने व्यवस्था मिलाएको छु ।

१६५. हिमाली क्षेत्रमा सम्भाव्यता अध्ययन गरी हिमाली चिडियाखाना स्थापना गर्न र रारामा रेडपाण्डा संरक्षण गर्न विशेष व्यवस्था मिलाएको छु ।

१६६. कस्तुरी, बँदेल, मृग, नाउर, कालिज जस्ता वन्यजन्तु र पन्छीको व्यावसायिक उत्पादन तथा बजारीकरण प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

१६७. बायो-इन्जिनियरिङ्ग प्रविधिबाट भूक्षय नियन्त्रण तथा जलाधार संरक्षणका लागि भेरी, कर्णाली, लोहोरे, बबई, शारदा र तिला नदी किनारमा जलाधार संरक्षण र वृक्षारोपण कार्यक्रमका लागि रु. ११ करोड ४० लाख रकमविनियोजन गरेको छु ।

१६८. राजधानी शहर वीरेन्द्रनगरलाई प्लाष्टिक झोलामुक्त क्षेत्र बनाइनेछ । प्लाष्टिक प्रशोधन गरी निर्माण क्षेत्रमा प्रयोग गर्न अध्ययन अनुसन्धान गरिनेछ । गुराँस संरक्षण अभियानलाई निरन्तरता दिँदै समुदायको सहभागिता बढाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१६९. जलवायु परिवर्तनको नकारात्मक प्रभाव कम गर्न अनुकूलनका उपायहरू अवलम्बन गर्दै हिमाली क्षेत्रमा वन बुट्यान, बीऊ र बाली संरक्षणको विशेष कार्यक्रम सञ्चालन गर्न वातावरण जलवायु परिवर्तन तथा विज्ञान प्रविधि क्षेत्रमा रु. ३ करोड विनियोजन गरेको छु ।

१७०. सडक आलङ्कारिक वृक्ष तथा पुष्पारोपण, प्लाष्टिक झोला प्रयोग निषेध अभियान, विद्यालयमा वृक्षारोपणका विशेष कार्यक्रम, कार्बन उत्सर्जन तथा प्रयोग न्यूनीकरण अभियान लगायत वातावरण संरक्षण र सडक सौन्दर्यकरण अभियान सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**जडीबुटी**

१७१. निजी तथा सहकारी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै जडीबुटी,काठ तथा लघु घरेलु उद्यमहरूको प्रवर्द्धन, विविधीकरण र बजारीकरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१७२. जडीबुटीको उत्पादन, सङ्कलन र प्रशोधन गर्न वन पैदावरमा आधारित प्रशोधन उद्योग स्थापना र भण्डारणको सम्भाव्यता अध्ययन र पूर्वाधार विकासको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**आन्तरिक मामिला तथा कानून**

१७३. प्रदेश सरकार मातहत प्रदेश प्रहरी गठन गर्न कानून निर्माण गरी आवश्यक पर्ने भौतिक पूर्वाधार, स्रोत साधन, तालिम र उपकरणको व्यवस्था गरी सुरक्षा व्यवस्थालाई सुदृढ गर्न रु. ११ करोड ६० लाख बजेटको व्यवस्था गरेको छु ।

१७४. आपराधिक क्रियाकलापलाई नियन्त्रण गर्ने प्रयोजनार्थ अपराध नियन्त्रण प्रणालीलाई प्रभावकारी तुल्याउन प्रमुख शहर, बजार क्षेत्र, घनाबस्तीका चोक र मुल सडकहरूमा सीसीटीभी, साईरन र सेन्सर जस्ता स्वचालित आधुनिक विद्युतीय उपकरणको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१७५. कारागारहरूलाई सुधार गृहका रुपमा विकास गर्दै कैदी बन्दीहरूका लागि अध्ययन, मनोपरामर्श, आयआर्जन र उत्पादनशील कार्यक्रमहरु सञ्चालन गरिने छ । कैद भुक्तान पछिको जीवन सुरक्षित र सहज बनाउनका लागि सामाजिकीकरणका क्रियाकलापको सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

१७६. मनोविशाद्, विकृति, अपराध, आत्महत्या, लागू औषध, मदिरा सेवन जस्ता दुर्व्यसनमा परेका व्यक्तिलाई रुपान्तरण गर्न अभिमुखीकरण, जीवन उपयोगी तालिम तथा हटलाईन, मनोपरामर्श सेवा लगायतका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

१७७. कानूनको शासन प्रवर्द्धन गर्न आवश्यक कानून निर्माण, कानूनी सचेतना, कानूनी परामर्श, कानूनी साक्षरता तथा कानूनको प्रभावकारी कार्यान्वयन र स्थानीय तहका न्यायिक समितिको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन आवश्यक कानूनी सहायता उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

**राहत तथा पुनर्स्थापन**

१७८. जनआन्दोलन, जनयुद्ध, प्रदेश प्राप्ति लगायतका अन्य अधिकार प्राप्तिका आन्दोलनका घाइते योद्धा, शहीद परिवार र बेपत्ता व्यक्तिको परिवारको राहत तथा पुनर्स्थापन, औषधोपचार, सीप तथा क्षमता

विकास र आय-आर्जनका कार्यक्रमहरु सञ्चालन गरी रोजगारीको अवसर सिर्जना गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१७९. ज्युँदा शहीदहरुलाई शान्ति दूतका रुपमा परिचालन गरी जनआन्दोलन र जनयुद्धको स्मृतिमा **शान्ति पुनर्स्थापना केन्द्र** स्थापनाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**विपद व्यवस्थापन**

१८०. विपद्को पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण, पुनर्स्थापना र लेखाजोखा लगायतका सबै चक्रलाई आत्मसात् गरी समन्वयात्मक क्रियाकलापहरू सञ्चालन गर्न सुर्खेतका बाढी पीडित लगायत प्रदेशका अन्य जिल्लाका विपद् पीडितहरुको आवास निर्माण कार्यका लागि रु. ६ करोड बजेट छुट्याएको छु । साथै हरेक वर्षको श्रावण २८ गतेलाई प्रदेश **विपद् सचेतना दिवस**का रुपमा मनाउने व्यवस्था मिलाएको छु ।

१८१. कर्णाली लोकमार्ग, भेरी करिडोर र रासी राजमार्गलाई **जीवन दायिनी मार्ग (लाइफ लाइन)** को रुपमा घोषणा गरी यातायात सुचारु राख्ने व्यवस्था गरिनेछ । प्रविधिको प्रयोग समेत गरी सडक दुर्घटना न्यूनीकरण, सचेतना कार्यक्रम सञ्चालन, पार्किङ व्यवस्थापन, घाइतेको तत्काल उद्धार र उपचार लगायत **सडक सुशासन कार्यक्रम**को लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१८२. प्रदेश सरकारका सबै कार्यालयहरूमा विपद् व्यवस्थापनका अत्यावश्यक सामग्री रहने व्यवस्था गरेको छु ।

१८३. सबै राष्ट्रसेवक कर्मचारी र स्थानीय समुदायलाई विपद् प्रतिकार्य, खोज तथा उद्धार, राहत वितरण सम्बन्धी प्रशिक्षण तथा उद्धार उपकरण उपलब्ध गराइनेछ । विपद् व्यवस्थापनलाई प्रभावकारी तुल्याउन **विपद् व्यवस्थापन दूत** परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

१८४. विपद् तथा भोकमरीको समयमा तत्काल उपयोग गर्न सकिने गरी अत्यावश्यक खाद्य वस्तु,पानी र औषधी सहितको **"जनभकारी"** प्रत्येक जिल्लामा खडा गरिने छ जसका लागि बीउ पुँजीको रुपमा आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१८५. भौगोलिक जटिलता र विपद्बाट हुने दुर्घटनाका कारण मृत्यु भएमा प्रतिव्यक्ति रु. १ लाख प्राप्त गर्ने गरी **प्राकृतिक जोखिम विरुद्ध सामूहिक दुर्घटना बीमा कार्यक्रम**बाट सम्पूर्ण कर्णालीबासीको बीमा गरिनेछ । विपद जोखिम क्षेत्रमा रहेका बसोबास गर्ने घरहरु विपदमा परी पूर्ण क्षति भएमा प्रति घर रु. ५ लाख बराबरको बीमा गर्ने व्यवस्था मिलाएको छु ।

**सूचना तथा सञ्चार प्रविधि**

१८६. सञ्चार माध्यम तथा सूचना प्रविधिले विकास र समृद्धिमा पुऱ्याउन सक्ने योगदानलाई दृष्टिगत गरी **आमसञ्चार तथा सूचना प्रविधि प्रतिष्ठान** गठन, विद्युतीय सुशासन रणनैतिक योजना निर्माण, डिजिटल तथ्याङ्क संकलन, भण्डारण केन्द्र स्थापना, डिजिटलग्राम तथा पत्रकारहरुको बीमा, क्षमता अभिवृद्धि र उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउने कार्य समेतका लागि एकमुष्ट रु. २० करोडको व्यवस्था गरेको छु ।

**सुशासन**

१८७. समग्र शासकीय कार्य सम्पादनमा आम जनता, नागरिक समाज, सञ्चार क्षेत्र, राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरू सबैले आ–आफ्नो जिम्मेवारी गम्भीरतापूर्वक बहन गरी नागरिक बडापत्र, सार्वजनिक सुनुवाई, सरकारी काम र निर्णयको पारदर्शिता, जनलेखा परीक्षण गरी प्रदेशमा सुशासन प्रत्याभूत गर्ने व्यवस्था मिलाएको छु ।

१८८. नागरिक र सरकार बीच जीवन्त सम्बन्ध स्थापित गर्न र आमजनताले आफ्ना कुराहरू सरकार समक्ष प्रत्यक्ष राख्नको लागि **"हाम्मा कुडा हाम्मा मुख्यमन्त्री"** लगायतका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**जनशक्ति व्यवस्थापनर सेवा प्रवाह**

१८९. बजेट कार्यान्वयनका लागि उपलब्ध जनशक्तिको क्षमता विकास र रिक्त पदको लागि विशेष व्यवस्था गरी उच्च कार्य सम्पादन गर्न र लोक सेवा आयोगको गठन तथा सञ्चालन, मानव संसाधन विकास केन्द्र स्थापनाका लागि आवश्यक व्यवस्था गरेको छु ।

१९०. कर्णाली प्रदेशमा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई प्रदेश सेवामा समर्पित र उत्प्रेरित गर्न भौगोलिक विकटताका आधारमा प्रोत्साहन, पर्यटन भ्रमण, स्वास्थ्य जाँच र उपचार लगायत प्रदेश सरकारले निर्णय गरे अनुसार आवश्यक सुविधाहरु प्रदान गर्न बजेट व्यवस्था गरेको छु ।

१९१. प्रदेश निजामती सेवा सम्बन्धी कानून निर्माण गरी प्रदेश निजामती सेवालाई सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी, कर्णालीबासीको समस्याप्रति संवेदनशील र सदाचारयुक्त बनाउने, व्यवस्थापन परीक्षण मार्फत कार्यसम्पादन र सङ्गठनात्मक सुधार गर्ने व्यवस्था मिलाएको छु ।

**वित्त हस्तान्तरण**

१९२. स्थानीय तहका लागि वित्तीय समानीकरण अनुदानतर्फ चालु आर्थिक वर्षमा रु. ४० करोड विनियोजन भएकोमा सोमा शतप्रतिशत वृद्धि गरी रु. ८० करोड समानीकरण अनुदान उपलब्ध हुने व्यवस्था गरेको छु ।

१९३. स्थानीय तहमा हस्तान्तरण गरिने राजश्व बाँडफाँटतर्फ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने गरी बाँडफाँटको आवश्यक व्यवस्था मिलाएको छु ।

१९४. स्थानीय तहसँगको समन्वयमा प्रदेश सरकारद्वारा छनौट गरिएका र स्थानीय तहले कार्यान्वयन गर्ने गरी सशर्त अनुदान अन्तर्गत भौतिक पूर्वाधारका योजनाका लागि रु. ५० करोड स्थानीय तहमा हस्तान्तरण हुने व्यवस्था मिलाएको छु ।

१९५. प्रदेश सरकार र स्थानीय तहबीच सहकार्य र सह-लगानीमा कार्यान्वयन गर्ने गरी समपूरक अनुदान अन्तर्गत सबै स्थानीय तहको लागि गत आर्थिक वर्षको बजेटमा वृद्धि गरी १ अर्ब हस्तान्तरण हुने व्यवस्था मिलाएको छु ।

१९६. सामाजिक र आर्थिक परिसूचकहरुमा राष्ट्रिय औसतभन्दा पछाडि परेका क्षेत्रहरुको उत्थान र विकासका लागि स्थानीय तह मार्फत कार्यक्रम सञ्चालन गर्ने गरी विशेष अनुदान अन्तर्गत रु. ३० करोड रकम विनियोजन गरेको छु ।

१९७. आगामी आर्थिक वर्षमा स्थानीय तहमा जम्मा रु. २ अर्ब ६० करोड रकम वित्तीय हस्तान्तरण मार्फत उपलब्ध गराइनेछ । यसबाट प्रदेश र स्थानीय तह बीच समन्वय, सहकार्य र आपसमा मिलेर विकास गर्ने अभ्यास र संस्कृतिको विकास हुने विश्वास लिएको छु ।

**स्रोत परिचालन**

१९८. प्रदेश महत्वका ठूला पूर्वाधार विकास तथा जलविद्युत आयोजना, सहुलियतपूर्ण ऋण परिचालन र वित्तीय व्यवस्थाको लागि स्थापित **कर्णाली पूर्वाधार विकास लगानी कोष**मा रु. ३ अर्ब व्यवस्था गरेको छु । कोषमा नेपाल सरकार, विकास साझेदार, स्वदेशी तथा विदेशी लगानीकर्ता लगायतका स्रोतबाट प्राप्त हुने रकम समेत रहनेछ । साथै आवश्यक वित्तीय व्यवस्थापनको लागि रु. २ अर्ब विनियोजन गरेको छु ।

१९९. आर्थिक, सामाजिक र पूर्वाधार विकासको लागि सार्वजनिक, निजी, सहकारी र सामुदायिक साझेदारीमा आयोजना सञ्चालन गर्ने र उक्त आयोजनाहरुमा आवश्यक लगानी गर्न लगानीमैत्री वातावरण बनाउन सडक, विद्युत लगायतका पूर्वाधार, शान्ति सुरक्षाको प्रत्याभूति गर्ने व्यवस्था मिलाएको छु ।

२००. सञ्चालन खर्चलाई निश्चित सीमाभन्दा बढ्न नदिन अनिवार्य दायित्व सिर्जना हुनेतर्फ सजग रही पूँजी निर्माण हुने क्षेत्रमा मात्र लगानी केन्द्रित गरी खर्च गर्ने क्षमता बढाउन आवश्यक नीतिगत र संरचनागत व्यवस्था मिलाएको छु ।

२०१. सार्वजनिक ऋणलाई अति आवश्यक र उच्च प्रतिफल दिने परियोजनाहरूमा मात्र लगानी गर्ने व्यवस्था मिलाएको छु ।

२०२. खर्च प्रक्रिया सरलीकरण गर्न प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएको चौमासिक विभाजनका आधारमा कार्यक्रम सञ्चालन र बजेट खर्च गर्न सम्बद्ध अधिकारीलाई विनियोजन ऐनबाटै अख्तियारी प्राप्त हुने व्यवस्था मिलाएको छु ।

**विकास सहायता र लगानी परिचालन**

२०३. कर्णाली प्रदेशको विकास र समृद्धिको लागि नेपाल सरकारसँग समन्वय तथा सहकार्य गरी स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न नीतिगत र संरचनागत व्यवस्था गरेको छु ।

२०४. संघीय सरकारसँगको समन्वयमा ठूला उद्योग र कलकारखाना स्थापनाका लागि बाटो, बिजुली लगायतका आधारभूत पूर्वाधार निर्माण, शान्ति सुरक्षाको प्रत्याभूति र अन्तर निकाय समन्वय गरिनेछ । नेपाल सरकारसँगको समन्वयमा कर छुटको सुविधा उपलब्ध गराई लगानीमैत्री वातावरण तयार गरीलगानी सुरक्षाका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

२०५. आन्तरिक तथा बाह्य लगानी आकर्षित गर्न लगानीमैत्री, सन्तुलित, कार्यान्वयन योग्य र शीघ्र प्रतिफल प्राप्त हुने योजना तथा कार्यक्रमहरू समेटेर परियोजना बैङ्क निर्माण गरिनेछ । २०७६ पौष मसान्तभित्र **कर्णाली लगानी सम्मेलन** गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२०६. विकास साझेदारहरूबाट सञ्चालन हुने कार्यक्रमहरू (सचेतना, अध्ययन, अनुसन्धान र पूर्वाधार विकास) प्रदेश सरकारको वार्षिक विकास कार्यक्रममा आवद्ध हुने व्यवस्था गरिनेछ । विकास सहायता

परिचालनको लागि विकास सहायता परिचालन मापदण्ड तयार गरी समन्वयका लागि विकास साझेदार मञ्च गठन गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरूको नियमन र सहजीकरण सामाजिक विकास मन्त्रालयबाट हुने व्यवस्था मिलाएको छु । आर्थिक मामिला तथा योजना मन्त्रालयमा विकास सहायता समन्वय महाशाखा स्थापना गरेको छु ।

**योजना तर्जुमा र कार्यान्वयन**

२०७. प्रदेशको समृद्धिको खाका सहित स्रोतको उपलब्धता, आवश्यकता र अधिकारमा आधारित दीर्घकालीन सोच र प्रथम पञ्चवर्षीय योजना तर्जुमा, योजनाको छनौट, प्रभावकारी कार्यान्वयन र नतिजामा आधारित अनुगमनगर्ने व्यवस्था मिलाएको छु ।

२०८. आवधिक योजना र वार्षिक योजनाबीचको तादात्म्यता मिलाउन मध्यमकालीन खर्च संरचनाका आधारमा उपलब्ध साधन तथा स्रोतको अधिकतम उपयोग हुने गरी योजना तथा कार्यक्रमहरूको प्राथमिकीकरण गर्दैजाने नीति अवलम्बन गरेको छु ।

२०९. वार्षिक बजेट तर्जुमा, कार्यान्वयन, सार्वजनिक खर्च लेखाङ्कन र प्रतिवेदन लगायतका कार्यहरू तथ्य र मापदण्डको आधारमा गर्ने गरी वित्तीय जवाफदेहिता सम्बन्धी नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरेको छु ।

२१०. सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनी व्यवस्था गरी बजेट विनियोजन, खर्च र प्रतिवेदन हुने प्रभावकारी अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिनेछ ।

२११. नेपाल सरकार र स्थानीय तह तथा मन्त्रालयहरूबीच बजेट तथा कार्यक्रममा दोहोरो नपर्ने व्यवस्था गरिनेछ । बजेटलाई नतिजामा आधारित बनाउन कार्यान्वयनको भौतिक, वित्तीय तथा प्रभाव मूल्याङ्कन समेतका आधारमा निकासा तथा भुक्तानी दिने व्यवस्था मिलाएको छु ।

२१२. संघीय कानूनसँग तालमेल हुने गरी सार्वजनिक खरीद प्रकृयालाई सरल, समय सापेक्ष र परिणाममुखी बनाउन खरीद सम्बन्धी आवश्यक कानून, संरचना र पद्दतिको तर्जुमा गर्ने व्यवस्था मिलाएको छु ।

२१३. प्रदेशबाट स्थानीय तहमा जाने अनुदान सम्बन्धी कार्यविधिलाई आयोजना निर्माण र निर्माण सामग्रीको लागत, भौगोलिक विकटता जस्ता विषयहरूका आधारमा थप वैज्ञानिक र व्यवस्थित गर्न आवश्यक नीतिगत र संरचनागत व्यवस्था गरेको छु ।

२१४. प्रदेशका हिमाली जिल्लाका लागि आर्थिक वर्षको समाप्ति पछि थप ६ महिना विकास बजेट फ्रीज नहुने व्यवस्था मिलाएको छु।

**अनुगमन मूल्याङ्कन**

२१५. प्रदेशभित्र सञ्चालन हुने सबै योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्न मुख्यमन्त्रीको अध्यक्षतामा रहेको अधिकार सम्पन्न अनुगमन संयन्त्र, प्रदेश सभा सदस्यको नेतृत्वमा रहने योजना अनुगमन समिति, प्रदेशस्तरीय विकास समस्या समाधान समिति, मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र अनुगमन मूल्याङकन समितिको कार्य नियमित रुपमा गरी बजेटको प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

२१६. आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद बनाउँदै प्रदेश मन्त्रालय र मातहत निकायहरुको कार्यसम्पादन सुपरिवेक्षण तथा अनुगमन संयन्त्र मार्फत सुशासन, सेवाप्रवाह र प्रभावकारी कार्यवातावरण निर्माण गरिनेछ ।

२१७. प्रदेश सरकारका विभिन्न मन्त्रालयहरूबाट र संघ तथा स्थानीय तहहरूबाट सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरूमा दोहोरोपना र दुरूपयोग हुन नदिन र सामाजिक सुरक्षा कार्यक्रमहरुमा सबै कर्णालीबासी समेटिने गरी कार्यक्रम सञ्चालन गर्न एउटा कम्प्युटरकृत संयन्त्र तयार गरिनेछ ।

२१८. जिल्ला समन्वय समितिलाई प्रदेश तथा स्थानीय तहबाट सञ्चालित हुने परियोजनाहरूको कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कनमा सहभागी गराउन कानूनी व्यवस्थाका साथै स्रोत, जनशक्ति, क्षमता विकासमा सहयोग गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२१९. आयोजनाको प्रकृति र आकार अनुसार तेस्रो र स्वतन्त्र पक्षबाट अनुगमन मूल्याङ्कन पृष्ठपोषण लिने व्यवस्था मिलाएको छु ।

२२०. प्रभावकारी अनुगमनका लागि सूचना प्रविधिको विकास गरिने छ र अनुगमनबाट प्राप्त नतिजाको समीक्षा गरी अनुगमन प्रतिवेदन प्रदेश सभामा प्रस्तुत गर्ने र सार्वजनिक गर्ने व्यवस्था मिलाएको छु ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७६/७७ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२२१. करदाता, लगानीकर्ता र आम नागरिकले अपेक्षा गरेको आदर्श कर प्रणालीबाट प्रेरित भएर आगामी आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमको उद्देश्यहरू देहाय अनुसार प्रस्तुत गरेको छु:

- सबै आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने,
- आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानीमैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गर्ने,
- करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समन्यायिक बनाउने,
- कर कानूनको पालनामा जोड दिँदै करछली तथा चुहावट नियन्त्रण गर्ने,
- गैरकर राजस्वको क्षेत्र विस्तार एवं करका दरहरूलाई समायोजन गरी राजस्व वृद्धि गर्ने,

२२२. प्रदेशमा करका क्षेत्र पहिचान गरी प्रदेश कर कानूनको उपयुक्त व्यवस्था गर्ने र छरितो कर प्रशासनिक संरचना मार्फत कर तथा गैर कर असुली तथा संकलन कार्य प्रभावकारी र करदातामैत्री बनाइनेछ ।

२२३. कर प्रशासनलाई चुस्त छरितो र लागत प्रभावी बनाइनेछ । प्रदेशको आफ्नै संरचना स्थापना नभएसम्म संघीय सरकार तथा स्थानीय तहका संरचना मार्फत समन्वयात्मक रुपले कर असुली गरिनेछ ।

२२४. आगामी आर्थिक वर्षमा यस प्रदेशमा लगाइने कर तथा शुल्कहरूको विवरण आर्थिक ऐनका अनुसूचीहरूमा उल्लेख गरेको छु ।

२२५. प्रदेश सरकारको एकल कर अधिकार अन्तर्गत रहेको घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन शुल्क, सेवा शुल्क, दण्ड जरिवाना जस्ता कर तथा गैर करहरूको दायरा विस्तार गर्न सम्भाव्यता अध्ययन गरी आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ ।

**माननीय सभामुख महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु।

२२६. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न रु. ३४ अर्ब ३५ करोड ३४ लाख २५ हजार विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालु तर्फ रु. १३ अर्ब ५ करोड ९६ लाख ५३ हजार र पुँजीगततर्फ रु. २१ अर्ब २९ करोड ३७ लाख ७२ हजार (वित्तीय व्यवस्था समेत) विनियोजन गरेको छु ।

२२७. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. २५ करोड १० लाख ४१ हजार, चालु आर्थिक वर्षको खर्च नभई बाँकी रहन जाने अनुमानित रकम रु. ८ अर्ब ९४ करोड ७४ लाख ८४ हजार, संघीय सरकारबाट राजस्व बाँडफाँड वापत प्राप्त हुन आएको रकम रु. ७ अर्ब ४४ करोड ४३ लाख, प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटबाट प्राप्त हुने रकम रु. २ करोड ७४ लाख र वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुन आएको रु. ९ अर्ब ८४ करोड ८३ लाख र सशर्त अनुदानबाट रु. ५ अर्ब २७ करोड २७ लाख परिचालन गरिनेछ । त्यसै गरी समपूरक र विशेष अनुदानबाट रु. १ अर्ब ८१ करोड २२ लाख प्राप्त हुने अनुमान गरिएको छ । सो अनुदानबाट समेतबाट नपुग हुन जाने रु. ७५ करोड अन्तरिक ऋण परिचालनबाट व्यहोर्ने व्यवस्था मिलाएको छु ।

२२८. आर्थिक वर्ष २०७४/७५ को यथार्थ खर्च, आर्थिक वर्ष २०७५/७६ को संशोधित अनुमान र आर्थिक वर्ष २०७६/७७ को अनुमानित आयव्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु । विषयगत मन्त्रालयहरुको चालु आर्थिक वर्षको प्रगति विवरण आजै प्रस्तुत गरेको छु ।

२२९. मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट उपलब्ध स्रोत र साधनको उच्चतम सदुपयोग र समन्यायिक वितरण भई नागरिकको जीवनस्तर सहज, सुरक्षित र गुणस्तरीय हुँदै जाने तथा दिगो र उच्च आर्थिक वृद्धिको जग मजबुत हुने अपेक्षा गरेको छु । सार्वजनिक सेवाको प्रभावकारिता एवम् गुणस्तर अभिवृद्धि भई सुशासन प्रवर्द्धन र लोकतन्त्र सवलीकरण हुने विश्वास लिएको छु ।

**माननीय सभामुख महोदय,**

२३०. अन्त्यमा, बजेट तयारीका क्रममा निर्देशन गर्नु हुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू र संसदीय दलका माननीय नेताज्यूहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा व्यापक छलफल

गरी प्रदेश सभाका माननीय सदस्यहरूले दिनु भएका सुझावको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । बजेट तर्जुमाका क्रममा सहयोग तथा सुझाव दिने नेपाल सरकार, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, स्थानीय तह, राजनीतिक दलहरु, विज्ञ समूह, निजी क्षेत्र, सहकारी क्षेत्र नागरिक समाज, करदाता, पत्रकार, विकास साझेदारहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । प्रदेशभित्र र प्रदेश बाहिर रहनु भएका सबै दिदीबहिनी दाजुभाइहरूलाई समृद्ध कर्णाली निर्माण अभियानमा सहभागी हुन आव्हान गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यो बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

**(मितिः २०७६ असार १ गते आइतबार)**

**धन्यवाद ।**

# आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७६/७७ को बजेटका सन्दर्भमा उठेका प्रश्नहरुको जवाफ

१. आर्थिक वर्ष २०७६/७७ को बजेटमाथिको सामान्य छलफलमा भाग लिएर बजेटका सकारात्मक पक्षहरुको उजागर गर्नु भएको, केही कमजोरीहरु औल्याई दिनु भएको र रचनात्मक सुझाव सल्लाह दिएर सहयोग गर्नु भएकोमा माननीय सभामुखज्यू मार्फत सम्पूर्ण प्रदेशसभाका माननीय सदस्यज्यूहरुप्रति हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु । बजेटको सामान्य छलफलमा माननीय सदस्यज्यूहरुले उठाएका महत्वपूर्ण विषयहरु मध्ये स्पष्ट पार्नुपर्ने, जवाफ दिनुपर्ने र प्रतिवद्धता जाहेर गर्नुपर्ने विषयहरु यहाँ संक्षेपमा राख्ने अनुमति चाहन्छु ।

२. **पूँजीगत भन्दा चालु खर्च बढी भयो भन्ने सम्बन्धमा :**

बजेटमा सकेसम्म माननीयज्यूहरुले ध्यानाकर्षण गराए जस्तै चालु बजेट कम गर्ने प्रयास गरिएको छ । संघ, अन्य प्रदेश र स्थानीय तहहरुसँग तुलना गरेमा पनि प्रष्ट हुन्छ कि हाम्रो प्रदेशमा चालु बजेटको हिस्सा न्यून छ । धेरै पक्षबाट आर्थिक अनुशासनको हिसाबले हाम्रो बजेटप्रति सकारात्मक टिप्पणी गरिएको छ ।

स्थानीय तहमा हस्तान्तरण हुने अनुदान २ अर्ब ६० करोड र अन्य अनुदान, तलब भत्ता, सेवा सुविधा, कार्यालय र अन्य सञ्चालन खर्च, लगानी, सहुलियत ऋण आदिलाई चालु अन्तर्गत राखिएको छ । यस आ.व. भन्दा आगामी आ.व.को लागि चालु खर्च दोब्बर हुनु स्वाभाविक नै हो । यस आ.व. मा कर्मचारीको तलब, भत्ता र कार्यालयहरुको खर्च केन्द्रले ब्यहोरेको थियो, कर्मचारीको संख्या कम थियो तर आगामी आ.व. मा कर्मचारी र कार्यालयहरुको खर्च प्रदेश सरकारले ब्यहोर्नु पर्छ, नयाँ O&M अनुसार कर्मचारी र कार्यालयको संख्या पनि बढ्ने छ, जसका कारण खर्च पनि बढ्नेछ । आगामी आ.व.मा केही नयाँ संरचना पनि थपिने छन्, अन्य प्रशासनिक खर्च पनि बढ्ने छ । चालु भनेको सञ्चालन खर्च हो, यसमा प्रशासनिक खर्च मात्र हुँदैन, कार्यक्रमहरु पनि हुन्छन् । सामाजिक विकास मन्त्रालयका धेरैजसो कार्यक्रम चालुमा रहेका छन्, जसअन्तर्गत सामाजिक सुरक्षा कार्यक्रम, छोरी सुरक्षा कार्यक्रम, कर्णाली विकास सेवा, छात्रवृत्तिहरु आदि पर्दछन् । गरिबी न्यूनीकरण, रोजगारी, आयमूलक कार्यक्रमहरु चालुमा समावेश गरिएको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका कृषि प्रविधि, उपकरण, मल विउ, अनुदानआदि कार्यक्रमहरु र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका उद्योग, वन लगायतका केही कार्यक्रमहरु साथै शिक्षण, प्रशिक्षण जस्ता कार्यक्रम पनि चालुमा राखिएको छ । Government Financial Statistics(GFS) अनुसार बजेट शीर्षकहरु राख्नुपर्ने हुन्छ जसमा केही चालुमा पर्दछन् । चालु र पूँजीगत सबै खर्च रातो किताबमा पारदर्शी रुपमा राखिएको छ । चालु खर्चभित्र प्रशासनिक खर्च छुट्टिएको हुन्छ । त्यो विवरण रातो

किताबमा उल्लेख नै छ ।अर्को कुरा चालु शीर्षकमा रहेको बजेट पूँजीगत शीर्षकमा लिन सकिने भएकोले चालुमा आवश्यक नहुने वा घटाउनु पर्ने बजेट पूँजीगत शीर्षकमा श्रोतान्तर गर्न पनि सकिन्छ ।

| क्रसं | प्रदेश | पूँजीगत बजेट | प्रतिशत | चालु बजेट | प्रतिशत | जम्मा बजेट |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश नं १ | १८ अर्ब ५४ करोड | ४३.९ | २३ अर्ब ५७ करोड | ५५.९ | ४२ अर्ब २० करोड |
| २ | प्रदेश नं २ | १९ अर्ब २६ करोड | ५०.१९ | १९ अर्ब ११ करोड | ४९.८१ | ३८ अर्ब ७२ करोड |
| ३ | प्रदेश नं ३ | २२ अर्ब ८३ करोड | ४७.९८ | २४ अर्ब ४६ करोड | ५१.३९ | ४७ अर्ब ६० करोड |
| ४ | गण्डकी | १९ अर्ब ८४ करोड | ६२ | १२ अर्ब २८ करोड | ३८ | ३२ अर्ब १३ करोड |
| ५ | प्रदेश नं ५ | १८ अर्ब ५७ करोड | ५१.०१ | १३ अर्ब ४५ करोड | ३६.९४ | ३६ अर्ब ४१ करोड |
| ६ | कर्णाली | २१ अर्ब २९ करोड | ६२ | १३ अर्ब ५ करोड | ३८ | ३४ अर्ब ३५ करोड |
| ७ | सुप | १३ अर्ब ६ करोड | ४६.४ | १२ अर्ब ५७ करोड | ४४.६ | २८ अर्ब १६ करोड |
| | नेपाल सरकार | | ३८ | | ६२ | |

(वीरेन्द्रनगर नगरपालिकाको बजेट १ अर्ब २० करोड मध्य चालु तर्फ ७५ करोड र पूँजीगत तर्फ ४५ करोड)

३. **"बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको", "छोरी सुरक्षा कार्यक्रम"**

प्रदेश सभाबाट पारित नीतिमा छोरीहरुको खानपान, उपचार, लालनपालन, शिक्षा आदिमा हुने भेदभाव अन्तर्गत कम उमेरमा हुने विवाह रोक्न, परिवारमा हेपिएको सदस्यको रुपमा गरिने व्यवहार हटाउन छोरीको गर्भ र जन्मदेखि नै समान रुपले हुर्काउन, पढाउन, विभेद रहित र सुरक्षित छु भन्ने आभास दिलाउन, समान अवसरका सबै क्रियाकलापमा सरिक हुने वातावरण बनाउन आवश्यक सबै उपाय अवलम्बन गरिनेछ भन्ने उल्लेख भए बमोजिम छोरी सुरक्षा कार्यक्रम अघि सारिएको हो ।

छोरीको भ्रूण हत्या गर्ने प्रवृत्तिलाई अन्त्य गर्ने, छोरी जन्मँदा खुशी हुने संस्कारको विकास गर्ने, बाल विवाह न्यूनीकरण गर्ने, विद्यालय पढाई बीचमै छोडेर हिड्ने समस्याको अन्त्य गर्ने, छोरी हेला होचो र अपमानित हुने संस्कारलाई निरुत्साहित गर्ने उद्देश्यले यो छोरी सुरक्षा कार्यक्रम ल्याइएको हो ।

छोरीको बैंक खातामा रहने रकमको उपयोग गर्ने र थप सुरक्षा योजनाहरुका सम्बन्धमा बैंकहरुसँग आवश्यक छलफल भईरहेको छ । जहाँसम्म छोरीहरुको अध्ययन, रोजगारी लगायतमा ध्यान दिनुपर्ने भन्ने कुरा छ, यसमा त सरकारले छोरी-बुहारी छात्रवृत्ति, रोजगारी लगायतका अन्य कार्यक्रमले समेट्ने कोसिस भएको छ ।

कुनै राम्रो कार्यक्रम गर्दा व्ययभार अवश्य नै पर्छ । कर्णाली प्रदेशको सामाजिक कलंकको रुपमा रहेको बाल विवाहलाई क्रमशः अन्त्य गर्दै जान र छोरी सुरक्षाका लागि सरकार केही व्ययभार व्यहोर्न तयार छ । विकास मान्छेको लागि गर्ने हो । मान्छे नै असुरक्षित भएमा कसको लागि विकास गर्ने ? विकासमा मानव आकृति झल्किनु पर्छ भन्ने उद्देश्यका साथ हामीले कर्णालीको विकराल समस्याहरुलाई सम्बोधन गर्न यो कार्यक्रम ल्याएका हौं । यस कार्यक्रमलाई ठोस कार्यविधि बनाएर लागु गरिने छ । छोरी सुरक्षा कार्यक्रम सामाजिक न्यायसँग जोडिएको छ ।

४. **पूर्वाधार विशेष कार्यक्रम र विकासमा प्रदेशसभा सदस्यहरुको भूमिका :**

चालु आर्थिक वर्षमा कर्णाली प्रदेशमा निर्वाचन क्षेत्र वा सांसद कोषका कार्यक्रम ल्याएनौ तर यतिबेला लोकप्रिय भएको जनता सडक कार्यक्रम सन्तुलित विकासको उदाहरण हो । जनता सडक कार्यक्रम अन्तर्गत प्रदेश निर्वाचन क्षेत्रहरुलाई आधार बनाएर प्रत्येक निर्वाचन क्षेत्रमा रु. ५ करोड विनियोजन गरिएको थियो । यो कार्यक्रमलाई निरन्तरता दिँदै आगामी आ.व.को लागि रु ४८ करोड विनियोजन गरिएको छ । जनता सडकको महत्व र माननीयज्यूहरुको सुझावलाई ध्यानमा राखेर एकमुष्ठ बजेटबाट व्यवस्था गर्ने गरी आगामी आ.व. को लागि थप रु. ९६ करोड जनता सडकमा विनियोजन गरिने छ ।

बजेट विनियोजनमा सन्तुलन र समन्यायिक पक्षलाई ध्यानमा राखेर प्रत्येक निर्वाचन क्षेत्रमा रु. ५ करोड हुने गरी पूर्वाधार विकासका लागि पूर्वाधार विशेष कार्यक्रम ल्याइएको छ । यसमा माननीय सांसदहरुको भूमिका स्थापित गरिने गरी ठोस कार्यविधि निर्माण गरेर लागु गरिने छ । त्यसरी नै मूख्यमन्त्री रोजगार कार्यक्रम र केही मन्त्रालयगत कार्यक्रमहरुमा पनि माननीयज्यूहरुलाई अनुभूति हुने गरी भूमिका दिइने छ । कुनै पनि निर्वाचन प्रणालीबाट निर्वाचित माननीय सदस्यहरुको नीति, कानून निर्माण तथा अनुगमन लगायतका काममा जस्तै विकास निर्माणमा पनि प्रष्ट रुपमा जिम्मेवारी र भूमिका स्थापित गर्ने कुरामा विश्वास दिलाउन चाहन्छु ।

५. **एकमुष्ट बजेट सम्बन्धमा :**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय र वित्तीय व्यवस्थामा रहेको जम्मा रु. ५ अर्ब बजेटलाई निम्नानुसार बजेट शीर्षक कायम गरी विनियोजन गरिनेछ :

- जनता सडक कार्यक्रममा थप दायित्व रु. ९६ करोड
- जलविद्युत आयोजनामा लगानी रु. १ अर्ब ४ करोड
- कर्णाली हवाई सेवामा लगानी रु. १ अर्ब
- सहुलियतपूर्ण ऋण अनुदान रु. ५५ करोड
- ठूला पूर्वाधार आयोजना (वीरेन्द्रनगर खानेपानी, सुर्खेत विमानस्थल स्तरोन्नति, नाग्मा रारा पर्यटन सडक, सुर्खेत तेलपानी बर्दिया सडक, अन्तर प्रदेश सडकहरु, प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडकहरु, प्रदेश अस्पताल र जिल्ला अस्पतालहरुको पूर्वाधार निर्माण) रु. १ अर्ब ४५ करोड ।

६. **आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको एकमुष्ट बजेटमध्ये :**

- स्थानीय तहलाई पठाइने चार किसिमका अनुदान जम्मा रु. २ अर्ब ६० करोड
- अर्थ विविध अर्थात् भैपरि आउने बजेट रु. १ अर्ब ५५ करोड
- मन्त्रालयको खर्च जम्मारु. १२ करोड मात्र ।

७. **स्थानीय तहलाई दिने अनुदान बढी भयो भन्ने सम्बन्धमा :**

नेपालको संविधान र कानून अनुसार प्रदेश सरकारले स्थानीय तहहरुलाई चार किसिमका अनुदान र राजस्वको बाँडफाँट अनुसारको बजेट उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसरी नै सह-अस्तित्व, समन्वय र सहकार्यको सिद्धान्त अनुसार तीन तहका सरकारहरुबीच सम्बन्ध कायम हुन्छ । स्थानीय तहहरुका केही सीमाहरु अवश्य छन् तर प्रदेशको समग्र र सन्तुलित विकासका लागि प्रदेश सरकारले स्थानीय तहहरुलाई सहयोग गर्ने र अभिभावकको भूमिका निभाउनु पर्ने हुन्छ । स्थानीय तहमा आवश्यक जनशक्ति उपलब्ध भएको कारण स्थानीय सरकारबाट योजना कार्यान्वयनमा पनि सहजता हुने हुँदा अन्य प्रदेशको तुलनामा हामीले स्थानीय तहलाई उपलब्ध गराउने अनुदान बढाईएको हो । प्रदेश समन्वय परिषदको बैठकको साझा प्रतिवद्धता पत्रको अक्षर र भावना अनुसार प्रदेश सरकारबाट उपलब्ध गराईने अनुदानले आपसी सम्बन्ध अझै बलियो हुने र सहकार्यको संस्कृति अझै बढ्ने विश्वास लिएको छु ।

८. **पूर्वाधारमा बजेट कम भन्ने सम्बन्धमा :**

हाम्रो प्रदेशको क्षमताअनुसार पूर्वाधारमा सकेसम्म धेरै बजेट विनियोजन गरिएको छ । पूर्वाधार विकास कोष, भौतिक पूर्वाधार मन्त्रालय, पूर्वाधार विशेष कार्यक्रम, विभिन्न मन्त्रालयका पूर्वाधार सम्बन्धी बजेटलाई जोड्ने हो भने करिब २० अर्ब अर्थात ६० प्रतिशत बजेट पूर्वाधारमा विनियोजन गरिएको छ।

सरकारले गठन गर्न लागेको पूर्वाधार विकास प्राधिकरण मन्त्रालयहरुको अधिकार कटौति गर्नका लागि कदापि होइन । सडक, पुल, जलविद्युत, खानेपानी, सिचाई, पर्यटन, सञ्चार, बस्ती विकासजस्ता ठूला प्रदेश गौरवका पूर्वाधार आयोजनाहरुलाई छिटो छरितो तरिकाले अघि बढाउन, कार्यान्वयनमा तिव्रता ल्याउन र त्यस्ता आयोजनाहरुलाई गुणस्तरिय र भरपर्दो बनाउन मुख्यमन्त्री पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्नका लागि पूर्वाधार प्राधिकरण गठन गर्ने प्रस्ताव गरिएको हो । ठूला पूर्वाधार र जलविद्युतमा लगानीका लागि विनियोजित बजेट गठन भई नसकेको प्राधिकरणका नाममा नभईगत वर्ष नै स्थापना भएको पूर्वाधार विकास लगानी कोषमा राखिएको ब्यहोरा प्रष्ट पार्न चाहन्छु ।

एक भोट एक बोट कर्णालीलाई हरियाली बनाउने अभियानको रुपमा ल्याइएको हो । जनप्रतिनिधिहरुलाई सामाजिक सेवामा सहभागी बनाउने र जनताप्रति उत्तरदायी बनाउने एउटा अभियान हो । व्यापकरुपमा वृक्षारोपण अभियान चलाउनका लागि यो कार्यक्रम अघि सारिएको हो ।

९. **प्रदेश राजधानी वीरेन्द्रनगरको एकीकृत विकास सम्बन्धमा :**

प्रदेश राजधानी विरेन्द्रनगरको विकासका लागि प्रदेश सरकार गम्भीर छ । राजधानीको सडक व्यवस्थित गर्नका लागि तत्काल २५ करोड बराबरको टेण्डर हुँदैछ । खानेपानीको लागि केही बजेट राखिएको छ भने आवश्यक थप बजेट व्यवस्था गरिनेछ । नगरपालिकासँगको सहकार्यमा राजधानीलाई स्वच्छ, वातावरण मैत्री, अपाङ्ग मैत्री बनाउन पनि बजेटमा सम्बोधन भएको छ । काँक्रेविहार, बुलबुले र शहीद पार्कको विकासका लागि बजेट व्यवस्था गरी निर्माण कार्य अघि बढाईएको छ ।

१०. **कर्णाली एअरलाईन्स सम्बन्धमा :**

सरकारले निजी क्षेत्रसँग साझेदारीमा आफ्नो कर्णाली एअरलाईन्स खोल्ने छ । निजी क्षेत्र र सरकारको लगानीमा यो काम अघि बढाईने छ । त्यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । प्रदेश राजधानी सुर्खेतबाट सहजरुपमा सबै जिल्लामा हवाई सेवा प्रदान गर्न, आवश्यकता अनुसार राहत र उद्धारका काम गर्न, जोखिममा परेकी गर्भवती, घाइतेहरुको उद्धार र उपचारको लागि एयर लिफ्टिङको व्यवस्था गर्न कर्णाली एअरलाईन्स आवश्यक रहेको कुरा माननीयज्यूहरुलाई अवगत गराउदछु । कर्णाली प्रदेशको बाध्यताले गर्दा कहिलेकाँही आकस्मिक कामको लागि हेलिकप्टर प्रयोग हुने गरेको छ ।

११. **कर्मचारीको तलब भत्ता र सुविधाका सम्बन्धमा :**

संघीय बजेट र विनियोजन विधेयकमा वृद्धि भएको तलब सुविधा सबै तहका कर्मचारीको लागि लागू हुन्छ । कर्णालीमा बसेर सेवा गर्ने राष्ट्रसेवक कर्मचारीहरुलाई सेवामा समर्पित र उत्प्रेरित गर्न भौगोलिक विकटताका आधारमा प्रोत्साहन र उपचारमा सहयोगका लागि सरकारले आवश्यक निर्णय गर्नेछ ।

१२. श्रोतमा कर्णाली प्रदेश कमजोर छ । राजस्व संकलन वृद्धि गर्न र श्रोत पहिचान गर्न जरुरी छ । जलविद्युत लगायत क्षेत्रमा लगानी गरेर प्रदेशको नियमित आयको स्रोत बनाउनका लागि पनि बजेटको व्यवस्था गरिएको छ ।

१३. इन्जिनियरिङ्ग कम्पनी छिटो गठन गरेर काम अघि बढाउने सुझाव मननयोग्य छ ।

१४. लगानी दशक सफल बनाउन प्रदेशमा लगानीमैत्री वातावरण बनाउने, लगानी आकर्षित गर्ने र लगानी सम्मेलन गर्ने कुरा बजेटमा सम्बोधन भएको छ र विस्तृत कार्यक्रमहरु सरकारको तर्फबाट अघि सारिनेछ ।

१५. एकद्वार प्रणालीबाट कर तिर्ने व्यवस्था मिलाउन प्रयत्न गरिनेछ ।

१६. भूमीसँग जोडिएका समस्याहरु समाधानका लागि भूमीसम्बन्धी काम गर्ने अधिकारसम्पन्न संयन्त्र बनाई कार्यान्वयन गरिनेछ ।

१७. बाढी पहिरो, आगजनी पीडितको पुर्नस्थापनाका लागि घर निर्माण गर्न रु. ३ लाखसम्म उपलब्ध गराउने कुरा बजेटमा नै उल्लेख गरिएको छ भने प्रकोप पीडितहरुको उद्धार, राहत र पुर्नस्थापनाका लागि कार्यक्रम र आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

१८. गरिबी न्यूनीकरण, रोजगारी र आयमूलक कार्यक्रमहरु मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुनेछन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रु. ५ करोड मात्र बजेट देखिए पनि सबै मन्त्रालयको जम्मा कम्तिमा रु. ५० करोड बजेट रोजगारमूलक कार्यक्रममा विनियोजन गरिएको छ । महिला, दलित, युवा, द्वन्द्व पीडित, अपाङ्गता भएका लगायत वर्ग समुदायलाई यस कार्यक्रममा समेटिएको छ । सामाजिक सुरक्षा र मानवीय विकासलाई पनि प्राथमिकता दिएर क्षमता अनुसारको बजेट विनियोजन गरिएको छ ।

१९. बजेटमा जनसंख्या अनुसार २४ प्रतिशत दलितका सवालहरु समेट्ने प्रयास भएको छ । छुवाछूत मूक्त प्रदेश घोषणा लगायत विभेद अन्त्य गर्न र दलित समुदायको रोजगारी र सशक्तिकरणका लागि बजेट विनियोजन गरिएको छ । त्यसको व्यवस्थित कार्यक्रम बनाएर लागु गरिने छ । मुख्यमन्त्री दलित महिला रोजगार कार्यक्रमले पनि धेरै कुरा सम्बोधन गर्नेछ । दलित विद्यार्थीको विशेष सुविधालाई ध्यानमा राखेर सुर्खेतमा दलित छात्रावास अत्यन्त जरुरी भएकोले त्यसका लागि आवश्यक बजेट व्यवस्था गरिएको कुरालाई अन्यथा नलिन अनुरोध गर्दछु । गरिबी अन्त गर्न योजना कार्यक्रम बनाउँदा सूचकलाई आधार बनाउनुपर्छ भन्ने कुरा मननयोग्य छ । त्यसमा सरकारको ध्यानाकर्षण भएको छ ।

२०. प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडकका सम्बन्धमा नीति/कार्यक्रममा नै बोलिसकेका छौं । हुम्ला सदरमुकाम जोड्नका लागि नेपाल सरकारबाट काम भइरहेको र अन्य जिल्लाका हकमा नेपाल सरकारको क्षेत्राधिकारमा पर्ने राष्ट्रिय राजमार्गले जोड्ने र रुकुम तथा सल्यानमा केही बजेट विनियोजन गरिएको हो ।

२१. आवासीय विद्यालय जाजरकोट लगायत अन्य जिल्लामा पनि आवश्यकता अनुसार विस्तार गरिनेछ । सुर्खेतको वीरेन्द्रनगरमा थप नमूना विद्यालयको कार्यक्रम छ भने आगामी वर्ष नमूना विद्यालयको संख्या बढाइने छ ।

२२. तीन सय सैयाको प्रदेश अस्पताल घोषणा भई यसै आ.व.मा कार्यान्वयन प्रक्रिया अघि बढिसकेको छ ।

२३. कर्णालीलाई अर्गानिक प्रदेश बनाउने अभियान अघि बढिरहेको छ । विषादी नियन्त्रणका लागि प्रयोगशाला निर्माण, रैथाने उत्पादनलाई प्रोत्साहन, प्राङ्गारिक मल कारखाना र जैविक विषादी कारखाना स्थापना लगायत बजेटका विभिन्न बुँदाले यो विषयलाई सम्बोधन गरेका छन् ।

२४. भेरी बबई डाइभर्सनको प्रभावित क्षेत्र भनेर नेपाल सरकार, उर्जा मन्त्रालयले नै मुख्य रुपमा सुर्खेत र त्यसपछि सल्यानलाई किटान गरेको छ। हामीले सिंगो कर्णालीलाई प्रभावित क्षेत्र भनेर कर्णालीका जनताको लगानी सुनिश्चित गर्न बजेटमा नेपाल सरकारको ध्यानाकर्षण गराएका छौं ।

२५. कर्णाली प्रदेशमा प्रशस्त पर्यटकीय स्थलहरु छन् । सबैको नाम बजेटमा आउन सम्भव थिएन, केही आउनैपर्ने पनि छुटेका छन् । प्रदेश सरकाले बजेटमा उल्लेख भएका लगायत १०१ पर्यटन गन्तव्य पहिचान गरेको छ । कार्यक्रम र बजेट विनियोजन गर्दा यो विषयलाई गम्भीर रुपमा ध्यान दिइनेछ ।

२६. मृत्यू मार्गलाई जीवन मार्ग बनाउन सहयोग पुर्याउनका लागि सडक सुशासन लगायत कार्यक्रमका लागि बजेट व्यवस्था गरिएको छ ।

२७. आगामी आर्थिक वर्षमा प्रदेश सरकारको योजना तथा कार्यक्रम कार्यान्वयका लागि संगठन संरचना पारित भइसकेको छ । अब विकास निर्माण र जन सरोकारका सबै मन्त्रालयका कार्यालय सबै जिल्लामा रहने व्यवस्था गरिएकोछ ।

२८. ऐन, कानून अनुसार योजना कार्यान्वयन आवश्यकताका आधारमा टेण्डर वा उपभोक्ता समिति मार्फत गरिनेछ ।

२९. आफ्नो क्षेत्राधिकार अनुसार सरकारका काम र योजना अनुगमनको जिम्मा संसदीय समितिको छँदैछ । प्रदेशको सरकारी संयन्त्रबाट, जिल्ला समन्वय समिति तथा स्थानीय तहबाट पनि योजना कार्यक्रमको अनुगमन र मूल्यांकन गर्ने व्यवस्था मिलाइएको छ ।

३०. आगामी आर्थिक वर्षका योजना, कार्यक्रम र बजेट विनियोजन गर्दा क्षेत्रगत सन्तुलन र आवश्यकतालाई आधार बनाइने कुरामा विश्वास दिलाउन चाहन्छु ।

३१. सरकारले प्रदेश सभामा बजेटका सिद्धान्त र प्राथमिकताबारे भएको छलफलमा माननीय सदस्यज्यूहरुले दिएका सुझाव, विषयगत समितिहरुले दिएका सुझाव र अन्य क्षेत्रबाट आएका सुझावहरुलाई मार्गदर्शन ठानेर बजेट ल्याइएको छ ।

३२. आर्थिक वर्ष २०७६/०७७ को आय व्ययको विवरण (बजेट) माथिको छलफलका क्रममा प्रदेश सभामा उठेका महत्वपूर्ण सवालहरुलाई सम्बोधन गर्नका लागि निम्न विषयहरुलाई आ.व. २०७६/७७ को बजेटको अभिन्न अङ्ग बनाउने प्रतिबद्धता सहित विनियोजन विधेयक, २०७६ पारित गरिदिन सम्मानित सदन समक्ष अनुरोध गर्दछु ।

१) कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको कर्णाली पूर्वाधार विकास लगानी कोषको नाममा विनियोजित कुल बजेट रु. ३ अर्बमध्ये जनता सडक कार्यक्रमको लागि रु. १ अर्ब ९२ करोड बजेट थप गरी भौतिक पूर्वाधार विकास मन्त्रालयमा पठाउने व्यवस्था मिलाइएको छ ।

२) आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गरी सबै मन्त्रालय तथा निकायहरुको चालु शीर्षकमा रहेको बढी भएको, दोहोरिएको, कतिपय संस्थाका नाममा किटानी गरिएको तथा कार्यक्रमको महत्व र प्राथमिकताका आधारमा चालुतर्फको बजेट पूँजीगततर्फ रकमान्तर गर्ने व्यवस्था मिलाइएको छ ।

३) मन्त्रालयहरुबाट प्रस्तावित योजना तथा कार्यक्रमहरु मध्ये कार्यान्वयन योग्य नभएका र दोहोरोपन भएका योजना तथा कार्यक्रमहरुलाई आवश्यकता अनुसार संशोधन गरी कार्यान्वयन योग्य र प्रतिफलयूक्त बनाइने छ ।

**अन्तमा,**

यो छलफलले आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रमलाई थप नतिजामुखी र कर्णालीमैत्री बनाउन सघाउ पुऱ्याउने विश्वास लिएको छु । साथै रचनात्मक सुझाव सहित आवश्यक मार्गदर्शनको लागि म माननीय प्रदेश सभा सदस्यज्यूहरुसँग हार्दिक अनुरोध गर्दछु । यहाँहरुले दिएका महत्वपूर्ण सुझावहरुलाई समावेश गर्दै आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने विश्वास दिलाउँछु ।

**धन्यवाद ।**

# आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु

**माननीय सभामुख महोदय,**

१. सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिकको वलिदानीपूर्ण ऐतिहासिक संघर्षबाट प्राप्त उपलव्धीहरुलाई दिगो एवं संस्थागत गर्न जननिर्वाचित संविधानसभाबाट घोषणा भएको नेपालको संविधानले व्यवस्था गरेको संघीय शासन प्रणालीको अवधारणा अनुसार गठित कर्णाली प्रदेशवासीको प्रतिनिधिमूलक यस सम्मानित प्रदेश सभा समक्ष आर्थिक बर्ष २०७७/७८ को विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु (कर प्रस्ताव वाहेक) प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

२. यस विशिष्ट अवसरमा गरिमामय प्रदेश सभा समक्ष आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताहरु प्रस्तुत गर्नुपूर्व लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समावेशीता, सामाजिक न्याय र कर्णाली प्रदेश स्थापनार्थ जीवन उत्सर्ग गर्नुहुने श्रद्धेय सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यस अवसरमा सम्पूर्ण आदरणीय अग्रज, सहिद परिवार, आन्दोलनका घाइते/अपाङ्ग तथा वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. अतिक्रमित भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा सहित समेटेर नेपालको राजनीतिक र प्रशासनिक नक्सा जारी गरेकोमा नेपाल सरकारलाई हार्दिक धन्यवाद सहित सबै पक्षको सहयोगमा उक्त भूमिमा हाम्रो नियन्त्रण शीघ्र मिल्ने विश्वास लिएको छु ।

४. कोभिड-१९ को विश्वव्यापी महामारीबाट मुलुक भित्र र वाहिर अमूल्य जीवन गुमाउनु भएका नेपाली दिदीवहिनी तथा दाजुभाइका साथै सबै मृतकहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । यस रोगबाट संक्रमित सम्पूर्ण व्यक्तिको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

५. प्रदेश सरकारले सबै पक्षको सहयोग र समन्वयमा शुरुवात देखि नै कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि लिएको रणनीति, प्रतिकार्य योजना र सक्रियताको कारणले हालसम्म यस प्रदेशमा संक्रमणले महामारीको रुप लिएको छैन । यसको नियन्त्रणमा प्रत्यक्षरुपमा खटिई अग्रपङ्तिमा रहेर काम गरिरहनु भएका स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको अथक मेहनतको उच्च प्रशंसा गर्दै समन्वय र सहयोग गर्नुहुने माननीय सदस्यहरु, स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, आमसञ्चार र समग्र आदरणीय जनसमुदायलाई धन्यबाद व्यक्त गर्दै निरन्तर सहयोगको लागि सबैसँग हार्दिक अपिल गर्दछु ।

६. चालू आर्थिक बर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन भईरहेको महत्वपूर्ण समयमा विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ को महामारीबाट हाम्रा विकास कार्यक्रमहरु प्रभावित भएका छन् । यसको रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारलाई प्राथमिकता दिदै आर्थिक गतिविधिलाई नियमित बनाउनु हालको प्रमुख चुनौती रहेको छ ।

७. मैले आगामी आर्थिक बर्ष २०७७/७८ को बजेट निर्माण गर्दा समाजवाद उन्मुख आर्थिक संरचनाको आधार तयार गर्दै सम्मुन्नत, समतामूलक र समृद्ध कर्णालीको भावी तस्वीरलाई सामुन्ने राखेर कोभिड-१९ महामारीको तत्कालीन चुनौतीको सामना गरी दीर्घकालीन विकासको मार्गचित्र तय गर्ने दिशामा विनियोजन विधेयक, २०७७ का सिद्धान्त र प्राथमिकता केन्द्रित गरेको छु ।

**माननीय सभामुख महोदय,**

कर्णाली प्रदेशमा समावेशी, दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्दै आर्थिक, सामाजिक रुपान्तरण र सामाजिक न्याय कायम गर्न **"स्वास्थ्य, शिक्षा, उत्पादन र रोजगार : जीवनस्तरमा रुपान्तरण र दिगो पूर्वाधार"** भन्ने मूल ध्येयका साथ आगामी आर्थिक वर्ष २०७७/७८ को बजेट तर्जुमा गरिनेछ । यस दिशामा केन्द्रित भई अव म यस सम्मानित प्रदेश सभा समक्ष कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ मा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्तहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८. नेपालको संविधानले निर्देशित गरेको लोककल्याणकारी राज्यको अवधारणा, नागरिकको मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्तहरु, समाजवाद उन्मुख अर्थतन्त्र, संघीय शासन प्रणाली अनुरुप संघ, प्रदेश र स्थानीय तह वीचको सहअस्तित्व, सहकारिता र समन्वय, सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा सामाजिक न्याय सहितको आर्थिक विकास र समृद्धिलाई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको सिद्धान्तको रुपमा अंगिकार गरिनेछ ।

९. वार्षिक बजेट तर्जुमा गर्दा कर्णालीवासीको आकांक्षा, नेपाल सरकारको पन्ध्रौ पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य, कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम, **समृद्ध नेपाल र सुखी नेपाली**को दीर्घकालीन राष्ट्रिय आकांक्षामा आधारित "**समृद्ध कर्णालीः सुखारी कर्णालीबासी**" को सोच र प्रदेश सभा सदस्य निर्वाचनको लागि जनअनुमोदित चुनावी साझा घोषणा पत्रमा ध्यान केन्द्रित गर्दै अनपेक्षित रुपमा देखिएको कोभिड-१९ को प्रभावबाट सिर्जित विषम अवस्थालाई समेत मुख्य आधारको रुपमा लिइनेछ ।

१०. नेपालको संविधानमा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारका सूची, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन, प्रदेश सरकारको कार्य जिम्मेवारी एवं प्राथमिकता, मन्त्रालयहरुको कार्यक्षेत्र, संस्थागत क्षमता र साधन स्रोतको उपलव्धताका आधारमा आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

११. बजेट प्रणालीमा विनियोजन दक्षता, कार्यान्वयनमा उत्कृष्टता र वित्तीय स्वच्छता कायम हुने गरी परिपूरणको सिद्धान्त (Principle of Subsidiarity)का आधारमा उत्पादनमूलक र प्रतिफलयुक्त कार्यक्रम एवं आयोजनाहरुमा बजेट विनियोजन गरिनेछ ।

१२. नागरिकहरुका वीच रहेका सबै किसिमका विभेदको अन्त्य गरी समावेशी विकास, सामाजिक संरक्षण एवं सुरक्षा सहित आर्थिक सामाजिक समानता कायम गर्ने दिशामा बजेट तथा कार्यक्रम केन्द्रित हुनेछ ।

१३. विकासमा सार्वजनिक, निजी, सहकारी एवं सामुदायिक क्षेत्रसँग अर्थपूर्ण एवं नतिजामूलक साझेदारी गरिनेछ । नविनतम् प्रविधिको प्रयोग गर्दै परम्परागत स्थानीय ज्ञान, सीप र जनशक्ति उपयोग गर्ने गरी बजेट तथा कार्यक्रम तय गरिनेछ ।

**माननीय सभामुख महोदय,**

१४. अब म आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रमका उद्देश्यहरु प्रस्तुत गर्दछु ।

(क) आधारभुत तथा मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवाको थप विकास, विस्तार र संस्थागत सुदृढीकरण गरी विश्वव्यापी रुपमा देखिएको कोभिड-१९ लगायतका महामारीको रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचार क्षमता बढाउने र नियमित स्वास्थ्य सेवाका माध्यमबाट नागरिकलाई स्वस्थ राख्ने ।

(ख) कृषि, उद्योग तथा वन लगायतका क्षेत्रको विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

(ग) शिक्षामा सबैको समान पँहुच प्राप्त हुने वातावरण तयार गरी जीवनोपयोगी प्राविधिक तथा व्यवहारिक शिक्षा प्रदान गर्ने ।

(घ) अर्थतन्त्रका सबै क्षेत्रको समावेशी एवं समन्यायिक विकासबाट रोजगारीका अवसरहरु वृद्धि गरी जीवनस्तरमा रुपान्तरण गर्ने ।

(ङ) खाद्यान्न लगायत आधारभूत आवश्यकताका वस्तुहरुको भण्डारण र सहज आपूर्तिको व्यवस्था गर्ने ।

(च) दिगो, गुणस्तरीय र रणनीतिक पूर्वाधारको विकास गर्ने ।

(छ) सार्वजनिक स्रोतको प्रभावकारी परिचालनका लागि प्राथमिकिकृत लगानी, आर्थिक अनुशासन, नवीन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरी सुशासन कायम गर्ने ।

**माननीय सभामुख महोदय,**

अब म विनियोजन विधेयक २०७७ मा समावेश हुने बजेट तथा कार्यक्रमका प्राथमिकता तथा प्रमुख नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१५. कोभिड-१९ को महामारीबाट कर्णालीबासीलाई सुरक्षित राख्न स्वास्थ्य क्षेत्रमा आवश्यकता अनुसार अस्थायी पूर्वाधारको समेत शीघ्र विकास गरी अत्यावश्यक औषधि, उपकरण र स्वास्थ्य सामग्रीको उपलब्धता र सहज आपूर्तिको व्यवस्था मिलाउदै यसको रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारको उचित प्रबन्ध मिलाइनेछ ।

१६. स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच स्थापित गरिनेछ । यस क्षेत्रको दिर्घकालीन क्षमता विकासका लागि भौतिक पूर्वाधार, उपकरण एवं दक्ष जनशक्ति विकास गरिनेछ । कर्णालीबासीको स्वास्थ्य अवस्थाको प्रोफाइल तयार गर्ने कार्यको शुरुवात गरिनेछ। दुर्गम स्थानहरुमा दूर उपचार (टेलिमेडिसिन) तथा घुम्ती उपचार सेवाको व्यवस्था मिलाइनेछ ।

१७. कर्णालीवासीको खाद्य सम्प्रभुता कायम गर्न कृषि तथा पशुपंक्षीपालनबाट उत्पादन एवं उत्पादकत्व वृद्धि गर्दै व्यवसायिक कृषिको विकास गरी अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गर्ने गरी बजेट तथा कार्यक्रम तय गरिनेछ । वैज्ञानिक भू-उपयोग नीति, भूमि व्यवस्थापन र भूमि बैंकको अवधारणा सहित आधारभुत कृषि उपजमा प्रदेशको आत्मनिर्भरता विकास गर्ने नीति लिइनेछ ।

१८. यस विषम परिस्थितिमा कर्णालीबासीलाई महामारी र भोकमरीबाट बचाउनु सरकारको पहिलो प्राथमिकता हो । नागरिकको आधारभूत खाद्य सुरक्षाको प्रत्याभूति गर्न संघ र स्थानीय तहसँगको समन्वय र सहकार्यमा खाद्यान्न लगायत अत्यावश्यक सामाग्रीहरुको सहज आपूर्तिका लागि भण्डारण तथा उपलब्धताको व्यवस्था मिलाइनेछ ।

१९. प्रदेश भित्र उपलब्ध युवा जनशक्ति, कोभिड-१९ महामारीबाट स्वदेश र विदेशमा रोजगारी गुमाएका तथा वेरोजगार युवाहरुलाई उद्यमशील एवं स्वरोजगार बनाउन कृषि, उद्योग, पूर्वाधार र पर्यटन क्षेत्रको विकासमा केन्द्रित रही गरिबी निवारण गर्ने रुपान्तरणकारी बजेट तथा कार्यक्रम तयार गरिनेछ ।

२०. सबै क्षेत्रको आवद्धता हुने गरी एकीकृत रुपमा मुख्यमन्त्री रोजगार कार्यक्रम लगायतका जीविकोपार्जन तथा उद्यमशिलता विकास हुने रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ । नागरिकलाई भोकमरीबाट बचाउन खाद्य आपूर्ति र श्रमको सम्मान गर्दै **"खाद्यान्नका लागि श्रम सहितको रोजगारी"** कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. साक्षर कर्णाली अभियानलाई निरन्तरता दिँदै राष्ट्रप्रति वफादार असल नागरिक निर्माण गर्ने दिशामा शिक्षा क्षेत्रका कार्यक्रमहरु केन्द्रित हुनेछन् । स्थानीय तहसँगको सहकार्यमा प्राविधिक, व्यवसायिक, रोजगारमूलक र जीवनोपयोगी शिक्षाको विकास गरिनेछ । भाषा, संस्कृति, साहित्य र कलाको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

२२. सडक लगायतका भौतिक पूर्वाधारको दिगो विकासका लागि संघ र स्थानीय तहसँग समन्वय गरिनेछ । कर्णालीमा रहेको अपार जलस्रोतको बहुउपयोगमा जोड दिइनेछ । आधारभूत स्वच्छ खानेपानीको व्यवस्था, उत्पादन वृद्धिको लागि सिंचाईको व्यवस्था र उर्जा विकासलाई प्राथमिकता दिइनेछ । जलश्रोत क्षेत्रको विकासमा सार्वजनिक निजी साझेदारी नीति लिइनेछ। छरिएको र जोखिमयुक्त बस्तीलाई लक्षित गरी बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ । सञ्चार तथा सूचना प्रविधिको पूर्वाधार विकासमा जोड लिइनेछ ।

२३. उद्योग क्षेत्रको विकास गरी युवा वर्गमा थप उद्यमशिलता प्रवर्द्धन गरिनेछ । साना तथा घरेलु उद्योगको माध्यमबाट स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ । बहुमूल्य जडीबुटीको दिगो संकलन तथा प्रशोधनमा जोड दिदैं वन स्रोतको बहु-उपयोग गरी आय आर्जन बढाइनेछ । विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरण संरक्षणको पक्षलाई समेत प्राथमिकता दिइनेछ ।

२४. प्रदेशमा रहेको उच्च पर्यटकीय सम्भावनालाई उपयोग गरी आन्तरिक पर्यटनको एक प्रमुख आकर्षण केन्द्रको रुपमा विकास गर्ने तथा अन्तराष्ट्रिय पर्यटकको आगमन वृद्धि गर्न सांस्कृतिक पर्यटन र पर्यापर्यटनको विकास गरिनेछ ।

२५. प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । प्रतिफलयुक्त एवं प्राथमिकतापूर्ण विशेष परियोजनाहरु पहिचान गरी कार्यान्वयन गर्ने र अनुगमन मूल्याङ्कन गर्ने स्वचालित पद्धतिको

विकास गरिनेछ । चालु र निर्माणाधीन अधुरा आयोजनाहरुलाई समयमै सम्पन्न गर्ने गरी साधन स्रोतको परिचालन गरिनेछ ।

२६. लैङ्गिक तथा सामाजिक-आर्थिक गतिविधिमा रहेका सबै प्रकारका विभेद अन्त्य गर्ने नीति लिइनेछ । लैङ्गिकमैत्री बजेट प्रणालीको माध्यमबाट महिला उत्थान, सशक्तीकरण र विकासका क्रियाकलाप सञ्चालन गरिनेछ । दलित समुदायको शैक्षिक तथा आर्थिक स्तर उठाउन परम्परागत सीप संरक्षण गर्दै आर्थिक उपार्जनमा प्रयोग गर्ने एवं अन्य सीपमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२७. अल्पसंख्यक, सिमान्तीकृत, लोपोन्मूख राउटे, जेष्ठ नागरिक, एकल महिला र अपाङ्गता भएका नागरिकको हक हितको संरक्षण र सुरक्षा गर्ने गरी सामाजिक उत्तरदायी बजेट तथा कार्यक्रम ल्याइनेछ ।

**माननीय सभामुख महोदय,**

२८. समृद्ध कर्णाली निर्माणका भावी कर्णधारको रुपमा रहेका हाम्रा बालबालिकाको उज्वल भविष्यका लागि शारिरीक, मानसिक र शैक्षिक क्षमता अभिवृद्धिका साथै उनीहरुको संरक्षण, विकास र सहभागिता सुनिश्चित गरिनेछ । अभिभावक विहिन तथा सडक बालबालिकाको सूनिश्चित भविष्यको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

२९. समुन्नत प्रदेश निर्माणको आधार र जनसाङ्ख्यिक लाभको रुपमा रहेको युवा जनशक्तिलाई सीपमूलक तालिम, उत्पादन र विकासमा सक्रिय सहभागी गराइनेछ । स्वस्थ नागरिक तयार गर्न र खेलको माध्यमबाट प्रदेशको पहिचान वृद्धि गर्न खेल पूर्वाधारको निर्माण, राष्ट्रिय प्रतियोगिता सञ्चालनको पूर्व तयारी तथा खेलाडीको वृत्ति विकासमा विशेष प्राथमिकता दिइनेछ ।

३०. निजी क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक नीतिगत, कानूनी तथा पूर्वाधार संरचनाको व्यवस्था गरी लगानीमैत्री वातावरण तयार गरिनेछ । सहकारी तथा सामुदायिक क्षेत्रलाई स्थानीय उत्पादन प्रवर्द्धन र जिविकोपार्जन सुधारका क्रियाकलापमा परिचालन गरिनेछ ।

३१. संघ र स्थानीय तहसँगको समन्वयमा विपद् व्यवस्थापनको लागि पूर्व तयारी, प्रतिकार्य, राहत र पुनर्स्थापनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ । बाढी, पहिरो, आगलागी लगायतका प्रकोपबाट पीडित परिवारलाई उचित राहत उपलब्ध गराइनेछ । विपद् उद्धारमा स्वयंसेवीरुपमा सहभागी हुन नागरिकलाई उत्प्रेरित गराउनुको साथै आवश्यक प्रशिक्षण र सामग्री उपलब्ध गराइनेछ ।

३२. सुशासन, विकास र शान्ति सुव्यवस्थाका लागि प्रदेश निजामती सेवा र प्रदेश प्रहरीको कानूनी व्यवस्था गरिनेछ। प्रदेशको एकल अधिकार र साझा अधिकारको विषयमा आवश्यक कानून तर्जुमा गरिनेछ ।

३३. आन्तरिक श्रोतको न्यूनता र संघीय सरकारबाट प्राप्त हुने श्रोतमा समेत हुन सक्ने संकुचनलाई मध्येनजर गरी आगामी आर्थिक वर्षमा उत्पादनमूलक र प्राथमिकतापूर्ण कार्यमा मात्र बजेट विनियोजन गरिनेछ। परिणाममुखी, प्रतिफलयुक्त, सहभागितामूलक, रोजगारमूलक र दिर्घकालीन प्रभाव पार्ने विकास परियोजना कार्यान्वयनमा विशेष जोड दिइनेछ। पूँजिगत खर्च क्षमता बढाउने, चालू खर्च घटाउने र प्रशासनिक खर्च कटाउने नीति लिइनेछ । अत्यावश्यक वाहेक थप आर्थिक व्ययभार पर्ने गरी नयाँ संगठन संरचना स्थापना गरिनेछैन ।

३४. वन लगायत प्राकृतिक स्रोतबाट प्राप्त हुने आन्तरिक राजश्व संकलनको दायरा वृद्धि गर्ने तथा सरलीकृत कर प्रणालीको विकास गरी आन्तरिक श्रोतको परिचालनमा जोड दिइनेछ । राजश्व संकलन प्रणालीलाई थप सुधार गर्दै नागरिकले तिरेको करको सदुपयोग सुनिश्चित गरिनेछ ।

३५. विपन्न, भूमिहिन, सुकुम्बासी लगायत विकासको दृष्टिले पछि परेका वर्ग, समुदाय र क्षेत्रलाई बजेट विनियोजनमा प्राथमिकता दिई प्रदेशको सोच र योजनालाई कार्यान्वयन गरिनेछ ।

३६. संघ, प्रदेश र स्थानीय तहका कार्यक्रम तथा आयोजनामा दोहोरोपना नहुने गरी सन्तुलित रुपमा बजेट विनियोजन गरिनेछ । "**आफ्नो गाउँ आत्मनिर्भर बनाऔं**" भन्ने मूल मन्त्रका साथ वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहसँगको समन्वय र सहकार्यमा उत्पादनमूलक र विशेष प्रकृतिका आयोजना कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

३७. कर्णालीबासीलाई सुशासनको प्रत्याभूति दिन शान्ति सुरक्षा, सार्वजनिक सेवा प्रवाहमा सुधार, मितव्ययिता र वित्तीय अनुशासन,प्रभावकारी खरिद व्यवस्थापन, सदाचारिताको थप विकास र नतिजामूलक अनुगमन मूल्याङ्कनलाई विशेष प्राथमिकता दिइनेछ । स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, प्रविधिमैत्री, सहभागितामूलक, उत्प्रेरित र जनउत्तरदायी प्रशासनको विकास गरिनेछ ।

३८. कर्णाली प्रदेश समन्वय परिषद्, विकास परिषद् लगायतका संरचनाहरुलाई थप सक्रिय बनाउँदै संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिसँगको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ । प्रदेशका नीति तथा कार्यक्रमहरु तर्जुमा, बजेट निर्माण, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा जनप्रतिनिधिको भूमिका र स्वामित्व वृद्धि गरिनेछ ।

३९. कोभिड-१९ को चुनौतीको वीचमा कर्णाली प्रदेशका जनप्रतिनिधिको यो सम्मानित थलोमा बसेर महामारीको चुनौतीसँग मुकाविला गर्दै प्रदेशको विकास, समृद्धि र कर्णालीबासीको खुसीको लागि हामी खुला र रचनात्मक छलफल गर्नेछौं । यस छलफलबाट नतिजा निकाल्न सहयोग पुग्ने गरी बहस गरौं र साझा निष्कर्षमा पुगौं भन्ने मेरो हार्दिक अनुरोध छ ।

**माननीय सभामुख महोदय**

**अन्तमा,**

यो छलफलले आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रमलाई थप नतिजामुखी र कर्णालीमैत्री बनाउन सघाउ पुऱ्याउने विश्वास लिएको छु । प्रदेश सरकार नीति, योजना, कार्यक्रम र बजेटमा आम कर्णालीबासी र जनप्रतिनिधिको स्वामित्व, अपनत्व र सहभागिता स्थापित गर्न चाहन्छ । यो सम्मानित सभामा आर्थिक वर्ष २०७७/७८ को विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु (कर प्रस्ताव वाहेक) मा रचनात्मक छलफल र महत्वपूर्ण सुझाव सहित आवश्यक मार्गदर्शनको लागि म माननीय प्रदेश सभा सदस्यहरुसँग हार्दिक अनुरोध गर्दछु । यहाँहरुले दिएका महत्वपूर्ण सुझावहरुलाई समावेश गर्दै आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने विश्वास दिलाउँछु ।

**(मिति: २०७७ जेठ १२ गते)**

**धन्यवाद ।**

# आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्य

**माननीय सभामुख महोदय,**

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानबाट स्थापित कर्णाली प्रदेशका नागरिकको प्रतिनिधिमूलक गरिमामय प्रदेश सभाको यस बैठकमा कोभिड-१९ महामारीको विषम परिस्थितिमा आगामी आर्थिक बर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले उपस्थित भएको छु ।

२. नेपालको भौगोलिक अखण्डता, सार्वभौमिकता, राष्ट्रिय एकता, स्वाधीनता र मुलुकको स्वाभिमान रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र, संघीय शासन प्रणाली, समावेशिता, धर्म निरपेक्षता, सामाजिक न्यायका लागि भएका जनआन्दोलन, जनयुद्ध र कर्णाली प्रदेश स्थापनार्थ जीवन उत्सर्ग गर्नुहुने महान सहिदको स्मरण गर्दै उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । मुलुकको राजनीतिक, आर्थिक र सामाजिक रुपान्तरणका लागि स्वाभिमानीपूर्वक अनवरत क्रियाशील अग्रज व्यक्तित्व तथा परिवर्तनका लागि भएका संघर्षमा होमिएका घाइते, अपाङ्ग योद्धा तथा सहिद परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. अतिक्रमित भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटिएको नेपाल सरकारबाट जारी राजनीतिक र प्रशासनिक नक्सा मुलुकको निशाना छापमा अङ्कित गर्ने गरी संघीय संसदबाट नेपालको संविधान संशोधन प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको सुखद घडिमा स्वाभिमानी नेपाली दिदीवहिनी दाजुभाइलाई हृदयदेखि वधाई ज्ञापन गर्दै संघीय संसद र नेपाल सरकार प्रति उच्च सम्मान सहित हार्दिक आभार व्यक्त गर्दछु ।

४. कोभिड-१९ को विश्वव्यापी महामारीबाट सम्पूर्ण मानव जाति नै मानवीय र आर्थिक रूपमा सङ्कटग्रस्त बनेको यस परिवेशमा मानव विकास सूचकाङ्क, भौतिक पूर्वाधार, आर्थिक गतिविधि, रोजगारी, अवसर, पँहुच र स्रोतबाट पछि परेको कर्णाली प्रदेशमा यसको प्रभाव अन्य क्षेत्रभन्दा अझ गहिरो, दूरगामी र नकारात्मक रहने निश्चित छ ।

५. हामी यतिबेला इतिहासमै अत्यन्त ठूलो चुनौतीको सामना गर्न बाध्य छौं। सीमित स्रोतबाट असीमित आवश्यता सम्बोधन गर्नुपर्ने अवस्था रहेको छ । विकटता, विपन्नता र वेरोजगारीसँग जुधिरहेको कर्णालीप्रदेश हालको कोभिड-१९ र बन्दाबन्दी (लकडाउन) को कारणले मानवीय र आर्थिक सङ्कटको सामना गरिरहेको छ । हाम्रा सबै सवाललाई योजना, कार्यक्रम र सीमित बजेटले पूर्ण सम्बोधन गर्न सक्दैन। यस कठिन घडिमा कर्णालीबासी नागरिकको जीवनरक्षा नै हाम्रो प्राथमिक दायित्व हो । सम्मानित सभा समक्ष विनम्रतापूर्वक अनुरोध गर्दछु कि महामारी, भोकमरी र रोजगारी हाम्रो बजेटका मुख्य प्राथमिकता हुन् । महामारी र भोकमरीबाट जनताको जीवन बचाउने र रोजगारीमार्फत् उत्पादन वृद्धि गर्दै प्रदेशलाई आत्मनिर्भरतातर्फ अघि बढाउनु बजेटको केन्द्र विन्दु हो ।

६. यस विषम परिस्थितिमा गरिमामय प्रदेश सभा समक्ष बजेट प्रस्तुत गर्दा मलाई थप गम्भिरता र जिम्मेवारीवोध भएको छ । सबै पक्षको सहयोग र समन्वयमा शुरूवात देखिनै कोभिड-१९ को

रोकथाम, नियन्त्रण र उपचारका लागि प्रदेश सरकारले लिएको रणनीतिर सक्रियताबाट प्रारम्भमा यसको प्रभावबाट प्रदेशलाई सुरक्षित राख्न सकिएको थियो । प्रदेश र मुलुकबाहिर रहेका कर्णालीबासी दिदीवहिनी दाजुभाइ घर फर्कने क्रमको वृद्धिले महामारीको जोखिम बढेको छ ।

७. विगतका युगान्तकारी राजनीतिक परिवर्तनबाट प्राप्त भएका उपलब्धिलाई संस्थागत गरी विकास र सेवाको रूपमा त्यसको लाभ नागरिकको घरदैलोसम्म पुऱ्याउन र कर्णालीका जनताको हँसिलो मुहार हेर्न हामीले धेरै कार्य गर्नुपर्ने सामूहिक जिम्मेवारी रहेको छ । संघीयताको सफल कार्यान्वयन, सुशासन, विकास, गरिबी निवारणको माध्यमबाट समावेशीता र सामाजिक न्याय तथा समाजवाद उन्मुख आर्थिक-सामाजिक संरचनाको विकास गर्दै हालको परिस्थितिमा उपचार, उत्पादन र आपूर्तिमा परिलक्षित भई आर्थिक वृद्धि हासिल गर्ने दिशामा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम लक्षित रहेको छ ।

८. बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान र कानूनहरू, नेपालको पन्ध्रौं योजना, कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र, दिगो विकास लक्ष्य, यस सम्मानित सभाले पारित गरेको प्रदेश सरकारको नीति तथा कार्यक्रम, विनियोजन विधेयक, २०७७ को सिद्धान्त र प्राथमिकतामा माननीय सदस्यहरूबाट प्राप्त महत्पूर्ण सुझाव, मार्गदर्शन र कोभिड-१९ बाट सिर्जित परिस्थितिलाई प्रमुख आधार बनाएको छु ।

**माननीय सभामुख महोदय,**

अब प्रदेशको चालु आर्थिक बर्ष २०७६/७७ कोविद्यमान अवस्था प्रस्तुत गर्दछु ।

९. वहुआयामिक गरिबी तथा स्रोत, अवसर र पँहुचमा कमजोर रहेको कर्णाली प्रदेशको विकास र नागरिकको जीवनस्तर सुधारमा सरकारको महत्वपूर्ण भूमिका आवश्यक छ ।

१०. संघीयताको नवीन अभ्यासलाई सफल बनाउन संस्थागत क्षमताको विकास, तत्कालीन आवश्यकताको परिपूर्ति र रणनीतिक महत्वका विकास कार्यमा प्रदेश सरकार केन्द्रित भइरहेको अवस्थामा सिर्जित महामारी र बन्दाबन्दी (लकडाउन) को कारणबाट चालु आर्थिक बर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन प्रभावित भएको कुरा सर्वविदितै छ ।

११. मुलुकको करिब २१ प्रतिशत भूगोल र ६ प्रतिशत जनसङ्ख्या रहेको कर्णाली प्रदेश मानव विकास सूचकाङ्क, प्रतिव्यक्ति आय, औषत आयु, साक्षरता र पूर्वाधार विकासमा राष्ट्रिय औषतभन्दा न्यून रहेको छ । अर्कोतिर बहुआयामिक गरिबी, मातृ मृत्युदर र बाल मृत्युदर राष्ट्रिय औषतभन्दा माथि रहेको छ ।

१२. कोभिड-१९ को महामारीबाट विश्व अर्थतन्त्रमा गम्भिर असर परिरहेको परिप्रेक्ष्यमा विगत केही वर्षदेखि उच्च आर्थिक वृद्धि हासिल गरिरहेको नेपालको समग्र आर्थिक वृद्धि समेत चालु आर्थिक बर्षमा २.३ प्रतिशत मात्र हुने पूर्वानुमान रहेको छ । मुलुकको कूल गार्हस्थ उत्पादनमा कर्णाली प्रदेशको योगदान करिब ४.३ प्रतिशत रहेको छ । यस प्रदेशको चालु आर्थिक वर्षको आर्थिक वृद्धिदर ३.६ प्रतिशतले हुने प्रक्षेपण गरिएको छ ।

१३. कर्णाली प्रदेश सरकार जनताको जीवन रक्षाका लागि विश्व महामारीको रूपमा देखा परेको कोभिड-१९ विरुद्ध शुरूवात देखिनै यसको नियन्त्रण, रोकथाम, प्रतिकार्य र उपचारका लागि योजनाबद्ध रूपमा क्रियाशिल रहेको छ ।

१४. यसका लागि सर्वप्रथम प्रदेश सरकारले रु. ५० करोडको विपद् व्यवस्थापन कोष स्थापना गरेको छ । सरकारले प्रत्येक जिल्लामा विपद् व्यवस्थापन समितिमार्फत् रु ५० लाखका दरले रु. ५ करोड उपलब्ध गराएको छ । राहत, क्वारेन्टिन र आइसोलेसन व्यवस्थापनका लागि स्थानीय तहहरूलाई रु. १८ करोड २० लाख उपलब्ध गराइएको छ । प्रदेश अस्पताल, सबै जिल्ला अस्पतालहरु, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र चौरजहारी सामुदायिक अस्पतालमा अस्थायी भौतिक पूर्वाधार, उपकरण, औषधी, स्वास्थ्य सामग्रीको व्यवस्था र आधारभूत स्वास्थ्य उपचार गर्न रु १६ करोड २५ लाख उपलब्ध गराइएको छ । प्रदेशमा हुन सक्ने खाद्य सङ्कटलाई मध्यनजर गरी ४० हजार क्वीन्टल खाद्यान्न खरिदको प्रवन्ध गरिएको छ ।

१५. हालसम्म कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका लागि स्थापित विपद् व्यवस्थापन कोषमा प्रदेश सरकारको तर्फबाट रु. ५० करोड र विभिन्न बैंक एवं वित्तीय संस्था, सहकारी, उद्योगी, व्यापारी र अन्य दाताबाट प्राप्त सहयोग रु. २ करोड २४ लाख ३५ हजार ५ सय ६९ जम्मा भएको र उक्त कोषबाट कोभिड नियन्त्रण, रोकथाम र उपचारका लागि हालसम्म रु. २५ करोड ६७ लाख ८३ हजार ४ सय २८ खर्च भएको जानकारी यस सम्मानित सभालाई गराउछु । यस सङ्कटको व्यवस्थापनका लागि नगद र जिन्सी सहयोग गर्ने सबैप्रति हार्दिक आभार प्रकट गर्दछु ।

१६. कोभिड-१९ नियन्त्रण, प्रतिकार्य र उपचारमा आफ्नो जीवनको प्रवाह नगरी अग्रपङ्तिमा रहेर अहोरात्र क्रियाशिल चिकित्सक लगायत सम्पूर्ण स्वास्थ्यकर्मीलाई उहाँहरूको सेवाप्रति कदर सहित हार्दिक आभार प्रकट गर्दै अझै उच्च मनोवलका साथ आफ्नो कर्तव्य पूरा गर्न विनम्रता साथ अनुरोध गर्दछु । हामी तपाईहरूको सेवा र समर्पणको सम्मान गर्नेछौ । त्यसरी नै आफ्नो जिम्मेवारीमा निरन्तर खटिरहनु भएका सुरक्षाकर्मी, सवारी चालक एवं सफाईकर्मीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१७. यस महामारीको नियन्त्रणमा आवश्यक सहयोग र समन्वय गर्नुहुने माननीय सदस्यहरू, स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत तथा आदरणीय जनसमुदायलाई धन्यवाद व्यक्त गर्दै निरन्तर सहयोगको लागि सबैसँग हार्दिक अपिल गर्दछु ।

१८. कोभिड-१९ को कारणले मुलुक र प्रदेश वाहिर रोजगारीका लागि गएका हजारौं नागरिक घर फिर्ता भएका छन् । विगतदेखि नै खाद्य सङ्कट भोगिरहेको प्रदेशले हाल थप समस्या सामना गर्नुपर्ने अवस्था आउन सक्छ । प्रदेशभित्र बेरोजगारी समस्या बढेको यस अवस्थामा घर फर्किएका व्यक्तिहरूलाई श्रम र उत्पादनसँग जोडेर कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने अवसर समेत प्राप्त भएको मेरो बुझाई छ ।

१९. शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र जीवनस्तर सुधारका कार्यक्रममा संघीयताको मर्म अनुरूप स्थानीय तहसँग नियमित सहकार्य गरिएको छ ।

२०. चालु आर्थिक वर्षमा कोभिड-१९ को कारणले पुँजीगत खर्च र राजस्व संकलन दुवै प्रभावित भएका छन् । यस आर्थिक वर्षको बजेटको तुलनामा संशोधित विनियोजन ४६.४० प्रतिशत अर्थात रु १५ अर्ब ९३ करोड ६७ लाख १९ हजार हुने अनुमान छ । संशोधित विनियोजनमा चालु खर्च ५१ प्रतिशत र पुँजीगत खर्च ४९ प्रतिशत रहने अनुमान छ ।

२१. आर्थिक बर्ष २०७६/७७ मा प्रदेशको आन्तरिक राजस्व संकलन बार्षिक लक्ष्यको ८५.३० प्रतिशत अर्थात रु. २९ करोड हुने अनुमान रहेको छ ।

**माननीय सभामुख महोदय,**

२२. अब म आर्थिक वर्ष २०७७/७८ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(क) कोभिड-१९ को महामारीबाट जनताको जीवन रक्षा गरी जनजीवनलाई सुरक्षित र सहज बनाउने,

(ख) खाद्यान्न सङ्कट हुन नदिन आधारभूत आवश्यकताका दैनिक उपभोग्य वस्तुको भण्डारण र सहज आपूर्तिको सूनिश्चितता गरी जनतालाई भोकमरीबाट बचाउने,

(ग) नागरिकको मौलिक हकको रूपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रको थप विकास, विस्तार र संस्थागत सुदृढीकरण गर्ने,

(घ) अर्थतन्त्रका प्रमुख क्षेत्रको पुनरूत्थान गरी उत्पादन एवं उत्पादकत्व वृद्धि गर्दै समावेशी एवं समन्यायिक विकासको माध्यमबाट रोजगारीका अवसर सिर्जना गर्ने,

(ङ) सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको दिगो विकास गर्ने,

(च) सार्वजनिक स्रोतको प्रभावकारी परिचालन गरी प्राथमिकिकृत लगानी, आर्थिक अनुशासन, नवीन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरी सुरक्षा र सुशासन कायम गर्ने ।

२३. बजेटका उल्लिखित उद्देश्यहरू प्राप्त गर्न मैले देहाय अनुसार बजेटका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छुः

(क) कोभिड-१९ को महामारीबाट कर्णालीबासीलाई सुरक्षित राख्न क्वारेन्टिन एवं आइसोलेसन व्यवस्थापन, अत्यावश्यक औषधि, स्वास्थ्य सामग्री एवं उपकरणको उपलब्धता, परिक्षणको दायरा विस्तार र उपचारको व्यवस्था,

(ख) अत्यावश्यक खाद्यान्नको भण्डारण, खाद्य सुरक्षा र भरपर्दो आपूर्ति व्यवस्थापन,

(ग) रोजगारमूलक विकास र उद्यमशिलताको माध्यमबाट आधारभूत आवश्यकताको परिपूर्ति गर्दै जीवस्तरमा सुधार,

(घ) कृषि, उद्योग, वन, पर्यटन र निर्माण लगायतका क्षेत्रको पुनरूत्थान गरी उत्पादन एवं उत्पादकत्व वृद्धि,

(ङ) स्वास्थ्य र शिक्षा क्षेत्रको दीर्घकालीन विकासका लागि भौतिक पूर्वाधार, दक्ष जनशक्ति, नवीन प्रविधि र संस्थागत क्षमता विकास,

(च) सडक, ऊर्जा, खानेपानी, सिँचाइ लगायतका भौतिक पूर्वाधार विकास,

(छ) शासकीय सक्षमताको विकास गरी सुशासन र सदाचार प्रवर्द्धन ।

**माननीय सभामुख महोदय,**

२४. आगामी आर्थिक वर्षका लागि बजेट विनियोजन गर्दा कोभिड-१९ बाट सिर्जित महामारी र सम्भावित भोकमरीबाट जनतालाई जोगाउँदै समृद्ध नेपाल : सुखी नेपालीको राष्ट्रिय आकांक्षा अनुरूप समृद्ध कर्णाली : सुखारी कर्णालीबासीको प्रदेशको दीर्घकालीन सोच साकार पार्न आर्थिक, सामाजिक रुपान्तरण र सांस्कृतिक सुधार सहितको समावेशी विकासका लागि स्वास्थ्य, शिक्षा, उत्पादन र आपूर्तिः रोजगारी, आजीविका, पूर्वाधार र समृद्धि को मूल ध्येयका साथ कर्णाली प्रदेश सरकारको आर्थिक बर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

२५. चालु आयोजनाको कार्यान्वयन सुनिश्चितता गर्ने, नागरिकका लागि आधारभूत सेवा प्रवाहमा संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्र सँगको साझेदारीबाट विकास प्रक्रियालाई शीघ्र अघि बढाउने कार्यक्रम तथा आयोजनामा मैले विशेष जोड दिएको छु ।

**माननीय सभामुख महोदय,**

अब यस सम्मानित सभा समक्ष आगामी आर्थिक बर्षको बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछुः

**<u>कोभिड-१९ रोकथाम, नियन्त्रण, उपचार तथा स्वास्थ्य क्षेत्रको सुदृढीकरण</u>**

२६. विश्व महामारी कोभिड-१९ को नियन्त्रण, रोकथाम र उपचार सम्बन्धी कार्यक्रम संघीय सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

२७. कोभिड-१९ को महामारीका वीच भारत लगायत विदेश र देशका विभिन्न स्थानबाट प्रदेश वाहिरबाट कठिनाईपूर्वक प्रदेश सीमानासम्म आएका कर्णालीबासीलाई गन्तव्यसम्म पुऱ्याउनु सरकारको प्राथमिक कर्तव्य हो । त्यसैले उहाँहरूलाई आफ्नो घरसम्म पुऱ्याउने कार्य भैरहेको छ । यस महामारीबाट घर फर्किने र प्रदेशभित्र रहेका संक्रमणको आशंका भएका जनतालाई सुरक्षित राख्न क्वारेन्टिनको उचित व्यवस्थापन गरिनेछ । साथै, परिक्षणबाट संक्रमित देखिएका व्यक्तिलाई उपचारको व्यवस्था गर्नको लागि प्रदेश र जिल्ला अस्पताल तथा स्थानीय तहमा आवश्यकता अनुसार आइसोलेसनको व्यवस्था गरिनेछ । स्थानीय तहमार्फत् क्वारेन्टिन र आइसोलेसनमा भौतिक सामग्री र खाद्यान्न लगायतका आवश्यक सेवा सुविधाको व्यवस्था मिलाइनेछ ।

२८. कोभिड-१९ को नियन्त्रणका लागि आर.डि.टि./पि.सि.आर. परीक्षणको दायरा बढाइनेछ । त्यसका लागि थप पि.सि.आर. मेशिन सहितका उपकरण, परीक्षण किट र स्वास्थ्य सामग्री खरिद एवम् प्रयोगशाला सुदृढीकरण र जनशक्ति परिचालनमा जोड दिइनेछ ।

२९. कोभिड-१९ को संक्रमण देखिएका व्यक्तिलाई उचित उपचारको व्यवस्था मिलाइनेछ । स्वास्थ्य जाँचबाट संक्रमण पहिचान भएका व्यक्तिलाई सम्बन्धित स्थानीय तह र जिल्ला सदरमुकामका आइसोलेसनमा बस्ने व्यवस्था मिलाइनेछ । संक्रमण एवं लक्षण समेत देखिएका विरामीलाई जिल्ला अस्पतालमा उपचारको व्यवस्था गरिनेछ । जिल्ला अस्पतालमा उपचार हुन नसकेका गम्भिर बिरामीलाई एम्बुलेन्स वा हवाई उद्धारको माध्यमबाट प्रदेश अस्पताल वा तोकिएका अन्य स्वास्थ्य

संस्थामा ल्याई सघन उपचार गर्ने व्यवस्था मिलाइनेछ । कोभिड १९ रोगबाट मृत्यु हुने व्यक्तिका परिवारलाई रु. १ लाख राहत उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

३०. प्रदेश अस्पतालमा २०० आइसोलेसन बेड, ४० सघन उपचार कक्ष (आई.सि.यु.) र २० भेन्टिलेटर सहितका विशेष सघन उपचार कक्ष बनाइनेछ । हरेक जिल्ला अस्पतालमा कम्तिमा पचास वटा आइसोलेसन बेड, कम्तिमा दश सघन उपचार कक्ष (आई.सि.यु.) र कम्तिमा पाँच भेण्टिलेटर सहितको सघन उपचार कक्ष तयार गरिनेछ । आइसोलेसन बेड, आई.सी.यू. र भेन्टिलेटरका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र चौरजहारी सामुदायिक अस्पताललाई आवश्यक सहयोग गरिनेछ । हालको महामारी नियन्त्रण र स्वास्थ्य सेवाको सहज पँहुचका लागि आवश्यक एम्बुलेन्स एवं घुम्ती अस्पतालको व्यवस्था गरिनेछ ।

३१. स्थानीय स्तरमा कोभिड-१९ सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यमा स्वास्थ्य स्वयंसेविकालाई परिचालन गरिनेछ । स्वास्थ्य स्वयंसेविकाको लागि उपलब्ध गराइएको प्रोत्साहनलाई निरन्तरता दिएको छु । यसका लागि रु. ४ करोड विनियोजन गरेको छु ।

३२. कोभिड-१९ को महामारीबाट प्रदेश भित्रका कृषि, वन, उद्योग, निर्माण एवं रोजगारी लगायतका आर्थिक गतिविधिमा आएको शिथिलता र विदेश तथा प्रदेश वाहिर रहेका नागरिक घर फिर्ता भएकोले हुनसक्ने खाद्य सङ्कट नियन्त्रणका लागि आधारभूत खाद्यान्न खरिद र ढुवानीका लागि रु. ५० करोड विनियोजन गरेको छु ।

३३. कोभिड-१९ को कारणले अध्ययन, अध्यापन र सिकाईमा परेको प्रभावलाई न्यूनीकरण गर्न दुर्गम पहाडी क्षेत्र सहित प्रदेशका सबै जिल्लामा पठन पाठन क्रमशः सुचारु गरिनेछ । यसका लागि एफ.एम. रेडियो, टेलिभिजन र इन्टरनेट समेतको माध्यमबाट दूर शिक्षा प्रदान गर्न भर्चुअल रिसोर्स सेन्टर (स्रोत केन्द्र) सहित आवश्यक पूर्वाधार विकासका लागि रु. ११ करोड विनियोजन गरेको छु ।

३४. कोभिड-१९ को विश्वव्यापी महामारीलाई परास्त गर्न जिम्मेवारीपूर्वक अहोरात्र खटिएका चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सवारी चालक र सफाइकर्मीलाई उच्च मनोवल कायम गर्न उचित प्रोत्साहन गरिनेछ । यसका लागि अग्रपङ्तिमा रहेका चिकित्सक एवं स्वास्थ्यकर्मीलाई शुरु तलबको एक सय प्रतिशत र सुरक्षाकर्मी, सवारी चालक एवं सफाइकर्मीलाई शुरु तलबको पचास प्रतिशत मासिक प्रोत्साहन उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु ।

३५. कोभिड-१९ महामारीबाट प्रभावित सबै गतिविधिलाई सहज बनाउन समुदायस्तरमा समेत नमूना जाँच गरी जोखिम नदेखिएका स्थानमा क्रमशः आर्थिक, शैक्षिक र विकासका गतिविधि अघि बढाइनेछ ।

३६. कोभिड-१९ केन्द्रित स्वास्थ्य, खाद्यान्न र शिक्षाका उल्लिखित कार्यक्रम कार्यान्वयनका लागि जम्मा रु. १ अर्ब ५० करोड ५८ लाखको कोष परिचालन गरिनेछ ।

**माननीय सभामुख महोदय,**

३७. कर्णालीबासीलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइनेछ । स्वास्थ्य क्षेत्रको दिर्घकालीन क्षमता विकासका लागि भौतिक पूर्वाधार, उपकरण एवं दक्ष जनशक्ति विकास गरिनेछ । संक्रामक रोग लगायत स्वास्थ्य उपचारका लागि औषधि, उपकरण र स्वास्थ्य सामग्रीको उपलब्धता र सहज आपूर्तिको व्यवस्था मिलाइनेछ ।

३८. स्वास्थ्य संस्थाहरूको संरचनागत तथा संस्थागत सुदृढीकरण गरिनेछ । प्रदेशबासीलाई विशेषज्ञ चिकित्सकीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि सुर्खेत स्थित प्रदेश अस्पताललाई ३०० शैयाको शिक्षण अस्पतालको रूपमा विकास गर्न आवश्यक भौतिक पूर्वाधार र स्वास्थ्य उपकरणका लागि रु. १३ करोड ४५ लाख विनियोजन गरेको छु ।

३९. सबै जिल्ला अस्पताललाई विशेषज्ञ सेवा प्रवाह गर्ने अस्पतालको रूपमा स्तरोन्नति गरिनेछ । डोल्पा जिल्ला अस्पतालको भवन निर्माणको लागि रु. १० करोड सहित अन्य जिल्ला अस्पतालहरूको पूर्वाधार विकासका लागि रु. २२ करोड विनियोजन गरेको छु ।

४०. कर्णाली राजमार्गमा सडक दुर्घटनामा पर्ने जनतालाई लक्षित गरी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको सहकार्यमा राकम कर्णालीमा ट्रमा अस्पतालको स्थापना गर्न रु १ करोड ४० लाख विनियोजन गरेको छु ।

४१. रोग पहिचान र उचित उपचारका लागि नेपाल सरकारसँगको सहकार्यमा अत्याधुनिक जनस्वास्थ्य प्रयोगशालाको स्थापना र सञ्चालन गरिनेछ । जिल्लास्थित प्रयोगशालाको स्तरोन्नति, नमुना घुम्ती प्रयोगशाला निर्माण र जनशक्ति विकास गरिनेछ ।

४२. कर्णालीबासीको स्वास्थ्य अवस्थाको प्रोफाइल तयार गर्ने कार्यको शुरूवात गरिनेछ । जनसंख्या र भूगोलका आधारमा स्थानीय तहसँगको साझेदारीमा घुम्ती स्वास्थ्य र दूर स्वास्थ्य (टेलिमेडिसिन) सेवा सञ्चालन गरिनेछ ।

४३. नेपाल सरकारद्वारा घोषणा गरेको सुर्खेतस्थित पचास शैयाको सरुवा रोग नियन्त्रण अस्पताल शीघ्र स्थापनामा आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

४४. सुर्खेतमा शिक्षण अस्पताल सञ्चालन नभएसम्म कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र प्रदेश अस्पतालको सहकार्यमा चिकित्साशास्त्रमा स्नातकोत्तर (एम.डि./एम.एस) तहको अध्यापन कार्य शुरु गरिनेछ । चिकित्सा शिक्षा आयोग लगायत सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी न्यूनतम् दुई वर्षदेखि कर्णालीमा सेवा गर्दै आएका चिकित्सकलाई उक्त कार्यक्रममा अध्ययनका लागि प्राथमिकता दिने व्यवस्था मिलाईनेछ ।

४५. स्वस्थ नागरिक तयार गर्न वहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रदेशका सबै जिल्लामा विस्तार गरिनेछ । किशोरी, गर्भवती र सुत्केरी सम्बन्धी सचेतना र पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । मातृ शिशु स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै जोखिममा परेका गर्भवती तथा सुत्केरीको जीवन रक्षाको लागि हवाई उद्धार कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थित गरिनेछ ।

४६. आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोपेथिक लगायत बैकल्पिक एवं घरेलु उपचार पद्दतिको विकास गरिनेछ । कोभिड-१९ को महामारीबाट आम जनसमुदायमा सिर्जना भएको मनोवैज्ञानिक असरलाई न्यूनीकरण गर्न सचेतना तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

४७. तत्कालीन रूपमा कोभिड-१९ नियन्त्रण र दीर्घकालीन रूपमा स्वास्थ्य क्षेत्रको सुदृढीकरण गरी गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितताको लागि यस क्षेत्रको बजेटमा उल्लेखनीय वृद्धि गरी जम्मा रु. २ अर्ब ७७ करोड विनियोजन गरेको छु ।

**माननीय सभामुख महोदय,**

**खाद्यान्न सुरक्षा र सहज आपूर्ति व्यवस्था**

अब कोभिड-१९ को महामारीबाट सिर्जना हुन सक्ने सम्भावित भोकमरीबाट जनतालाई बचाउन सञ्चालन गरिने खाद्य सुरक्षा र आपूर्ति व्यवस्था सम्बन्धी कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४८. कोभिड-१९ को कारणले हुन सक्ने भोकमरीबाट जनताको जीवन बचाउनु सरकारको प्रमुख कर्तव्य हो । आधारभूत खाद्य सुरक्षाको प्रत्याभूति गर्न संघ र स्थानीय तहसँग सहकार्य र समन्वय गरी खाद्यान्न लगायतका आधारभूत आवश्यकताका वस्तुको सहज आपूर्तिको व्यवस्था मिलाइनेछ ।

४९. नेपाल सरकारसँगको समन्वयमा कर्णाली प्रदेशमा रहेको खाद्यान्नको भण्डारण वृद्धि गरी वितरण क्षमता बढाइनेछ। निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको सहकार्यमा खाद्यान्न भण्डारण र उपलब्धताको सहज व्यवस्था गरिनेछ। कृत्रिम अभाव र कालोबजारीलाई नियन्त्रण गरी उपभोक्ता हित प्रवर्द्धन गरिनेछ ।

५०. खाद्य भण्डारण र आपूर्तिका लागि स्थानीय तहसँगको साझेदारीमा नमूनाको रूपमा **एक स्थानीय तह एक अन्न भकारी कार्यक्रम** सञ्चालन गरिनेछ ।

५१. आधारभूत खाद्य सुरक्षाको लागि अत्यावश्यक खाद्य वस्तु खरिद, ढुवानी र भण्डारण समेतका प्रस्तुत कार्यक्रमका लागि रु. ५५ करोड विनियोजन गरेको छु ।

**माननीय सभामुख महोदय,**

**श्रम, रोजगारी र राहत**

विकास, अवसर र आर्थिक स्रोतमा पछाडि परेको कर्णाली प्रदेशलाई महामारी र भोकमरीबाट बचाउन आधारभूत आर्थिक पक्षमा सवलताको अभिवृद्धि गर्न **आफ्नो गाउँः आत्मनिर्भर बनाउँ** अभियानका साथ उत्पादन र उद्यमशिलताको विकासका लागि यस आर्थिक बर्षको बजेट तथा कार्यक्रमलाई मैले रोजगारीमा केन्द्रित गरेको छु । अब म श्रम, रोजगारी र राहत सम्बन्धी कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछु ।

५२. कोभिड-१९ को महामारीबाट स्वदेश र विदेशमा रोजगारी गुमाएका तथा बेरोजगार युवालाई श्रममूलक रोजगारीको माध्यमबाट विकास क्रियाकलापसँगै रोजगारी सिर्जना गरिनेछ। यस महामारीबाट जोखिममा परेका बालबालिका, वृद्ध, अशक्त, दीर्घरोगी र अपाङ्गता भएका व्यक्तिलाई उचित राहत उपलब्ध गराइनेछ ।

५३. **मुख्यमन्त्री रोजगार कार्यक्रम**को माध्यमबाट कृषि र उद्योग क्षेत्रमा युवा उद्यमीको विकास गरी स्वरोजगार सिर्जना गरिनेछ । उपभोक्ता समूह, श्रम सहकारी, श्रम कार्यदल र आम जनताको सहभागितामा **खाद्यान्नका लागि श्रम सहितको रोजगारी** कार्यक्रम सञ्चालन गरिनेछ ।

५४. युवालाई लक्षित गरी कृषि तथा उद्यममा मौलिक सीप र नवीन प्रविधिको प्रयोग गर्दै स्वरोजगारी विकास गर्न सहुलियतपूर्ण कर्जा र ब्याज अनुदान उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

५५. प्रदेश भित्रको विकासमा क्षेत्रीय सन्तुलन कायम गर्न र विकासमा जनप्रतिनिधिको जिम्मेवारी र स्वामित्व अभिवृद्धि गर्नका लागि **रोजगामूलक पूर्वाधार विशेष कार्यक्रम** सञ्चालन गरिनेछ, यसका लागि रु. १ अर्ब २० करोड विनियोजन गरेको छु ।

५६. अशक्त, जोखिममा परेका, सिमान्तीकृत क्षेत्र, बर्ग र समुदायका नागरिकको जीविकोपार्जन तथा उद्यमशिलताका लागि मुख्यमन्त्री सामाजिक सुरक्षा तथा जीविकोपार्जन कार्यक्रम अन्तर्गत सञ्चालन हुने गरी **खाना, नाना र छाना** कार्यक्रम सञ्चालन गरिनेछ, यसका लागि रु. २० करोड विनियोजन गरेको छु ।

५७. पूर्वाधार विकासलाई थप जनमैत्री र रोजगारमूलक बनाउन रु. १ करोड सम्मका आयोजनाको कार्यान्वयन गर्दा मेशिन/उपकरणको प्रयोग नगरी मानव श्रमको माध्यमबाट आय आर्जन अभिवृद्धि गरी जनताको जीवनस्तरमा सुधार गरिनेछ ।

५८. स्थानीय तहसँगको साझेदारीमा बेरोजगारका लागि सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ । कोरोना प्रभावित परिवारलाई रोजगारीका अवसरमा प्राथमिता दिइनेछ ।

५९. शहिद, लोकतान्त्रिक आन्दोलनका घाइते तथा द्वन्द्व पीडित परिवारका कम्तिमा एक सदस्यलाई सीप र तालिम प्रदान गरी स्वरोजगार बनाइनेछ ।

६०. कर्णाली प्रदेशमा दलित समुदायको ठूलो जनसंख्या रहेको तर आर्थिक सामाजिकस्तर कमजोर रहेकोले भूमिहिन र बेरोजगार दलितलाई परम्परागत सीपमा आधारित रोजगारी विकास गर्न उचित सहयोग गरिनेछ ।

६१. निजी, सहकारी, गैरसरकारी क्षेत्र, विकास साझेदार र समुदायस्तरबाट सञ्चालन हुने रोजगारमूलक कार्यक्रमलाई सहजीकरण तथा मूलप्रवाहीकरण गरिनेछ ।

६२. नेपाल सरकारसँगको समन्वयमा कोभिड-१९ को कारणले गम्भिर असर परेका उद्योग, होटल, रेष्टुरेन्ट लगायतका व्यवसायको पुनर्सञ्चालनको लागि उचित सहुलियत दिइनेछ ।

६३. रोजगारीका अवसर वृद्दि र विकासलाई सँगै अघि बढाउन उल्लिखित कार्यक्रम सञ्चालनका लागि मैले रु. ६ अर्ब ५४ करोड विनियोजन गरेको छु । उक्त रकम मध्ये भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट रु. ८१ करोड ८८ लाख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट रु. ४३ करोड ७३ लाख र सामाजिक विकास मन्त्रालयबाट रु. ७ करोड ९० लाखका रोजगारमूलक कार्यक्रम निर्धारित मापदण्ड र कार्यविधिबाट सञ्चालन हुने व्यवस्था मिलाएको छु ।

**माननीय सभामुख महोदय,**

अब कृषि, उद्योग, वन, पर्यटन र बाणिज्य लगायतका उत्पादन क्षेत्रका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु ।

## कृषि र भूमि व्यवस्था

६४. कृषि क्षेत्रको उत्पादन एवं उत्पादकत्व बढाउदै अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गरिनेछ । आधारभूत खाद्य उपजमा आत्मनिर्भरता विकास गर्ने, रैथाने बालीको प्रवर्द्धन गरी कर्णालीको मौलिक पहिचान कायम राखे र उच्च मूल्यका निर्यातमूलक कृषि उपजको विकास गरिनेछ ।

६५. हिमाली क्षेत्रमा स्याउ, ओखर, मार्सी धान लगायतका रैथाने बाली, मौरीपालन र पशुपालनमा जोड दिइनेछ । पहाडी क्षेत्रमा खाद्यान्न, सुन्तला, कागती जस्ता फलफूल, तरकारी, पशुपन्छी पालन, अदुवा, टिमुर र बेसार जस्ता मसलाजन्य उत्पादनलाई प्रोत्साहन गरिनेछ । उपत्यका, बेसी र टारमा खाद्यान्न, बेमौसमी तरकारी, आँप, लिची जस्ता फलफुल, दुग्ध उत्पादन र माछापालन व्यवसायलाई प्राथमिकता दिइनेछ ।

६६. आगामी आर्थिक वर्षमा प्रदेशभित्र उन्नत जातका फलफूल र पशुनश्ल सुधार कार्यक्रममा विशेष प्राथमिकता दिइनेछ । उन्नत जातका स्याउ, ओखर, किवि, सुन्तला र कागती जस्ता फलफूलका विरूवा खरिद र वितरण एवं उन्नत जातका पशुपंक्षी खरिद गरी पशुनश्ल सुधार गर्न रु. २७ करोड विनियोजन गरेको छु ।

६७. कृषि उत्पादन वृद्धिका लागि संघ र स्थानीय तहसँगको सहकार्यमा **एक स्थानीय तह एक उत्पादन विशेष कार्यक्रम** सञ्चालन गरिनेछ । यसका लागि रु. २७ करोड ६५ लाख विनियोजन गरेको छु ।

६८. **मेरो किसान मेरो अन्नदाता** कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषकलाई प्रोत्साहन, कृषिमा श्रम परिचालन र आधुनिकीकरणको माध्यमबाट यस क्षेत्रलाई व्यवसायिक बनाउदै लगिनेछ । उल्लेखित कार्यक्रमका लागि रु. ८ करोड विनियोजन गरेको छु ।

६९. कृषकलाई ब्याज अनुदान र सहुलियत कर्जा, कृषि सामग्री, विउ/बेर्ना, कृषि विमा र न्यूनतम् समर्थन मूल्यको व्यवस्था गरिनेछ । यस क्षेत्रको विकासका लागि सहकारी, सामुदायिक र निजी फार्मलाई प्रोत्साहन गरिनेछ ।

७०. कृषि क्षेत्रको विकासका लागि अर्गानिक उत्पादन प्रोत्साहन, स्रोत केन्द्रको विकास, पकेट क्षेत्र प्रवर्द्धन र सामुदायिक बीऊ बैंक कार्यक्रम सञ्चालन गरिनेछ । नमूनाको रूपमा केही वस्तुहरूको उत्पादन परिमाणमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ । यस कार्यक्रमका लागि पर्याप्त रकम विनियोजन गरेको छु ।

७१. बीऊ बिजन, खाद्यान्न, पशुपंक्षी, फलफूल, तरकारी लगायतका नमूना उत्पादन गर्न र त्यसको प्रदर्शन प्रभाव समेत पार्ने गरी संघ र स्थानीय तहसँगको समन्वयमा ठूला कृषि फार्म स्थापना र सञ्चालन सम्बन्धी अध्ययन गरिनेछ ।

७२. कृषिमा उत्पादकत्व बढाउनका लागि नियमित सिँचाइ सुविधा उपलब्ध गराउन रोजगारमूलक साना सिँचाइ कार्यक्रम सञ्चालनका लागि रु. ३५ करोड विनियोजन गरेको छु ।

७३. निजी तथा सहकारी क्षेत्रबाट उत्पादन हुने दाना, ह्याचरी, अर्गानिक मल र जैविक विषादीमा सहयोग गरिनेछ । कृषि सहकारीलाई चिस्यान केन्द्र, कृषि औजार निर्माण, कृषि उपजको प्रशोधन र बजारीकरणमा लागत साझेदारी गरी प्रोत्साहन गरिनेछ ।

७४. प्रदेशको भू-उपयोग सम्बन्धी नीति, कानून र गुरूयोजना तर्जुमा गरिनेछ । खेतीयोग्य बाँझो जमिनको उत्पादनमूलक प्रयोग, चक्लाबन्दी, सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ। भूमिको बैज्ञानिक व्यवस्थापनका लागि भूमि बैंक सम्बन्धी कानूनी आधार तयार गरिनेछ ।

७५. गुठी एवं ऐलानी जग्गा, सुकुम्बासी, अव्यवस्थित बसोबास र द्वन्द्वकालमा भएको जमिनको किनबेचको समस्या समाधानका लागि संघ र स्थानीय तहसँग समन्वय गरिनेछ। भूमि सम्बन्धी वैज्ञानिक अभिलेख व्यवस्थापनका लागि उचित सहयोग गरिनेछ ।

७६. भूमि तथा कृषि विकास लगायतका उपरोक्त कार्यक्रम सञ्चालनका लागि मैले रु. २ अर्ब ७० करोड विनियोजन गरेको छु ।

<u>उद्योग तथा वाणिज्य</u>

७७. कोभिड-१९ महामारीको कारणबाट हाल बन्द रहेका उद्योगलाई आवश्यक स्वास्थ्य मापदण्ड अवलम्बन गरी सञ्चालनमा ल्याइनेछ । प्रदेशको पहिचान झल्किने उच्च मूल्यका मौलिक उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

७८. घरेलु र साना उद्यमलाई उचित सहयोग गरिनेछ । मझौला र ठूला उद्योगको स्थापनालाई आकर्षित गर्दै त्यस्ता उद्योगलाई आवश्यक पर्ने पहुँच मार्ग र विद्युत सेवा उपलब्ध गराउन आवश्यक पूर्वाधार विकास गरिनेछ ।

७९. प्रदेशभित्र औद्योगिक विकासको उचित वातावरण तयार गर्न स्थानीय तहको प्राथमिकता र आवश्यकताको आधारमा लागत साझेदारी गरी **उद्योग ग्राम** स्थापना गर्न रु. ७ करोड ५० लाख विनियोजन गरेको छु । नेपाल सरकारसँगको समन्वयमा प्रदेशमा विशेष आर्थिक क्षेत्र स्थापनाको लागि पहल गरिनेछ ।

८०. कर्णाली प्रदेशलाई अर्गानिक प्रदेशको रूपमा विकास गर्न जैविक मल र जैविक विषादी कारखाना स्थापनाको लागि रु. २ करोड विनियोजन गरेको छु ।

८१. उद्योग क्षेत्रको प्रवर्द्धन र उद्यमशिलता विकासगर्न घरेलु तथा साना उद्योगको विकासका लागि सीप र प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालन गर्न रु. ५ करोड विनियोजन गरेको छु ।

८२. स्थानीय उत्पादनमा आम नागरिकको रुची, वस्तुको गुणस्तर, बजार पँहुच वृद्धि गर्न वीरेन्द्रनगरमा **कर्णाली कोशेली घर** निर्माण गर्न रु. १ करोड विनियोजन गरेको छु ।

८३. लक्षित समूहलाई आवश्यक मेशिन उपकरण र भौतिक पूर्वाधार विकास सहायताको माध्यमबाट लघु उद्यम विकास गरी स्वरोजगारका अवसर वृद्धि गरिनेछ । प्रदेश भित्रका सम्भावित स्थानमा कपास खेती एवम् ऊन उत्पादन र प्रशोधन कार्यलाई प्रोत्साहन गरिनेछ ।

८४. परम्परागत घरेलु प्रविधिको प्रवर्द्धन गर्ने र मेशन, प्लम्बिङ्ग, हेयर कटिङ्ग, वायरिङ्ग, सिलाई कटाई, हस्पिटालिटी र कुक जस्ता रोजगारमूलक तालिम सञ्चालन गरिनेछ । उल्लिखित कार्यक्रमको लागि रु. ६ करोड १५ लाख विनियोजन गरेको छु ।

८५. प्रदेशभित्र उत्पादन तथा बिक्री वितरण हुने प्रमुख पहिचानजन्य उत्पादनको बजारीकरणका लागि **कर्णाली ब्राण्ड**को प्रवर्द्धन गरिनेछ ।

८६. संघीय सरकारसँगको समन्वयमा प्रदेशभित्र पेट्रोलियम पदार्थको भण्डारणको लागि आवश्यक पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ ।

८७. उद्योग तथा वाणिज्य क्षेत्रका कार्यक्रमका लागि मैले जम्मा रु. ४७ करोड विनियोजन गरेको छु ।

<u>वन, भूसंरक्षण र वातावरण</u>

८८. वन स्रोतको संरक्षण र बैज्ञानिक व्यवस्थापन गरी यसको माध्यमबाट आय आर्जनका अवसर वृद्धि गरिनेछ । वनस्पति, वन्यजन्तु र जैविक विविधताको दिगो संरक्षण गरी काष्ठ र गैरकाष्ठ वन पैदावारको उत्पादन र आपूर्ति वृद्धि गरिनेछ ।

८९. स्थानीय तह, सामुदायिक वन, सहकारी वा समुदायलाई परिचालन गरी वनजन्य उत्पादनबाट आम नागरिकको आय आर्जन र रोजगारी वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

९०. प्रदेशमा रहेको जडीबुटीको अपार संभावनाको खोज, पहिचान र दिगो प्रवर्द्धन गरिनेछ। जडीबुटीको संकलन र कम्तिमा एक प्रारम्भिक प्रशोधन गरी नागरिकको आय आर्जन वृद्धि गर्ने कार्यक्रममा रु. ६ करोड विनियोजन गरेको छु ।

९१. बहुमूल्य जडीबुटी, फलफूल र सुगन्धित वनस्पतिका विरुवा उत्पादनका लागि शुरू गरिएका हाइटेक नर्सरीको काम सम्पन्न गरी थप आवश्यक भएका स्थान पहिचान समेतका लागि रु. २ करोड १० लाख विनियोजन गरिएको छ ।

९२. कर्णाली प्रदेशमा उपलब्ध रहेका र थप सम्भाव्यताका उच्च मूल्यका वनस्पति र जडीबुटी खेतीको विकास र विस्तार समेतका लागि वनस्पति तथा जडीबुटीको पहिचान, प्रमाणीकरण तथा ब्राण्डिङ्गका लागि पूर्वाधार तथा प्रयोगशाला स्थापनाको शुरुवात गरिनेछ ।

९३. कर्णाली प्रदेशका वहुमूल्य वनस्पती र जडीवुटीको पहिचान, खेती, प्रमाणीकरण, विकास र रोजगारमूलक क्रियाकलापका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

९४. भूक्षय नियन्त्रण र संवेदनशील जलाधार क्षेत्रको संरक्षण गरिनेछ। स्थानीय तहसँगको सहकार्यमा नमूनाको रूपमा **एक वडा एक पोखरी कार्यक्रम**लाई अघि बढाइनेछ। उपरोक्त कार्यक्रमका लागि रु. ११ करोड विनियोजन गरेको छु ।

९५. हिमाल, महाभारत र चुरे संरक्षणलाई प्राथमिकता दिंदै जलवायू परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका कार्य अघि बढाइनेछ। विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरण संरक्षणको पक्षलाई ध्यान दिइनेछ ।

९६. स्थानीय तहसँगको समन्वय र साझेदारीमा निर्माण सामग्रीको आपूर्तिमा रहेका समस्या समाधान, आवश्यक सामग्रीको दिगो आपूर्ति र प्रतिस्पर्धाबाट बिक्री गर्ने व्यवस्थित प्रणालीको विकास गरिनेछ ।

९७. वन, भू-संरक्षण र वातावरण क्षेत्रका उल्लिखित कार्यक्रमका लागि मैले रु. ८१ करोड विनियोजन गरेको छु ।

## <u>हवाई सेवा र पर्यटन</u>

९८. प्रदेश सरकारको पहलमा सुर्खेतबाट संघीय राजधानी सँगको सिधा हवाई सेवा नियमित रूपमा सञ्चालन भएकोछ । यसको दिगोपना र सुलभ हवाई सेवाका लागि सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नतिका लागि जग्गा व्यवस्थापनमा नेपाल सरकारसँग साझेदारी गर्नेगरी वित्तीय व्यवस्था तर्फ रु. ५० करोड विनियोजन गरेको छु ।

९९. प्रदेश पर्यटन गुरुयोजना अनुसार पर्यटकीय पूर्वाधारको क्रमिक विकास गरिनेछ। पर्यटन गतिविधिबाट ग्रामीण जनताको आय आर्जन र रोजगारी वृद्धिका लागि सामुदायिक घरबास (होमस्टे) को पूर्वाधार विकासमा सहयोग गरिनेछ ।

१००. प्रदेश राजधानी वीरेन्द्रनगरमा रहेका पर्यटकीय महत्वका स्थानहरूमा आवश्यक पूर्वाधार विकास गरिनेछ । यस शहर वरिपरीका पहाडमा प्रस्तरकला (स्टोन कार्भिङ्ग) र आसपासका खोंचमा जलाशय निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

१०१. सबै जिल्लामा प्रमुख पर्यटकीय गन्तव्य विकासका लागि पूर्वाधार निर्माण गरिनेछ । रारा, शे-फोक्सुण्डो, काक्रेविहार, बुलबुले, पचाल झरना, कुपिण्डे, लिमी, सिञ्जा, पञ्चकोशी, स्यार्पु, कुशे पाटन लगायत पर्यटकीय क्षेत्रको पूर्वाधार विकासका लागि रु. १० करोड विनियोजन गरेको छु ।

१०२. हिमाली तथा उच्च पहाडी क्षेत्रमा सम्भाव्यताको आधारमा नमुना पदयात्रा मार्ग निर्माणको कार्य शुरूवात गरिनेछ । पदयात्रा मार्ग निर्माण गर्दा परम्परागत स्थानीय निर्माण सामग्रीको मात्र प्रयोग गरिनेछ ।

१०३. मुलुकको एक प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेको मनमोहक रारा क्षेत्रमा आवश्यक पूर्वाधार विकासका लागि सरकार नागरिक साझेदारीमा घरबास (होमस्टे) पर्यटनको प्रवर्द्धन गर्न आवास सहितको **नमुना मुर्मा गाउँ** विकास गरिनेछ । ताल्चा विमानस्थल देखि मिलिचौरसम्म पर्यटन पँहुच मार्ग निर्माण गरिनेछ ।

१०४. हवाई सेवा र पर्यटन क्षेत्रका उल्लिखित कार्यक्रमका लागि मैले रु. ७३ करोड विनियोजन गरेको छु ।

<u>निजी तथा सहकारी क्षेत्र</u>

१०५. विकासमा निजी क्षेत्रको योगदानलाई उच्च महत्व दिदै पूर्वाधार लगायत प्रदेश प्राथमिकताका क्षेत्रमा स्वदेशी तथा बैदेशिक लगानी आकर्षण गरिनेछ । निजी क्षेत्रको आर्थिक गतिविधिलाई आवश्यक पर्ने लगानीको वातावरण, सुरक्षा र पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ ।

१०६. प्रदेशको आर्थिक सामाजिक विकासका लागि सहकारी क्षेत्रलाई परिचालन गरिनेछ । सहकारीको माध्यमबाट कृषि, लघुउद्यम, प्रविधिको विकास र बचत प्रोत्साहन गरी पूँजी परिचालन गरिनेछ । स्ववृद्धि प्रारुप समेतको माध्यमबाट सहकारी मार्फत् रोजगारी र आय आर्जन वृद्धि गरिनेछ । सहकारीको माध्यमबाट कृषि उपजको सहज बजार पँहुचलाई प्रोत्साहन गरिनेछ ।

१०७. **एक सहकारी एक उत्पादन कार्यक्रम** सञ्चालन गरिनेछ । सहकारीको माध्यमबाट उत्पादन, संकलन, भण्डारण र वितरणलाई प्रोत्साहन गरिनेछ ।

१०८. कृषि तथा श्रम सहकारीलाई विशेष महत्व दिदै सहकारी नियमन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

**माननीय सभामुख महोदय,**

अब शिक्षा तथा सामाजिक क्षेत्रका कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछु ।

<u>शिक्षा</u>

१०९. दक्ष, सचेत र राष्ट्रप्रति वफादार नागरिक तयार गरी आधुनिक समाजको निर्माण गर्न शिक्षा क्षेत्रको विकासलाई मैले उच्च प्राथमिकता दिएको छु । नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा आगामी आर्थिक वर्षभित्र कर्णालीलाई पूर्ण साक्षर प्रदेश वनाइनेछ ।

११०. प्रदेश शिक्षा नीति र कानून तर्जुमा गरी नव सिर्जनशील वैज्ञानिक र मानव मूल्यमा आधारित शिक्षा विकास गरिनेछ । नेपाल सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा समयानुकुल पाठ्यक्रम तयार गरिनेछ ।

१११. शैक्षिक पूर्वाधार, शिक्षण सामग्री र नवीन प्रविधिको प्रयोग गरी जीवनोपयोगी प्राविधिक शिक्षाको विकासका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ ।

११२. शिक्षाको गूणस्तर विकास र अनुसन्धानका लागि मध्यपश्चिम विश्वविद्यालयमा भाइरोलोजी ल्याब स्थापना र आवश्यक भौतिक पूर्वाधार विकासका लागि रु. १० करोड विनियोजन गरेको छु । गुणस्तरीय प्राविधिक जनशक्ति उत्पादनका लागि पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाको प्रक्रिया अगाडि बढाउन आवश्यक बजेट व्यवस्था गरिएको छ ।

११३. हिमाली र विकट पहाडी क्षेत्रमा आवासीय विद्यालय निर्माण गरिनेछ । भूगोल एवम् विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय समायोजन गर्न प्रोत्साहन गरिनेछ । सामुदायिक क्याम्पस, एक निर्वाचन क्षेत्र एक प्राविधिक शिक्षालय र प्रदेश राजधानीमा अपाङ्गता भएका विद्यार्थीका लागि विशेष विद्यालय र दलित छात्रबास निर्माण गरिनेछ । उल्लिखित पूर्वाधार कार्यमा रु. २८ करोड १० लाख विनियोजन गरेको छु ।

११४. दुर्गम पहाडी र हिमाली जिल्लामाप्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटी) को सम्वन्धनमा सञ्चालित गैह्रनाफामूलक प्राविधिक शिक्षालयसँग प्राविधिक शिक्षा विकासका लागि संस्थागत साझेदारी गरिनेछ । **ज्ञान र सीपसँगै स्वआर्जन (लर्न एण्ड अर्न)** अवधारणामा सञ्चालन हुने विद्यालयको पूर्वाधार विकासमा सहयोग गरिनेछ । उल्लिखित कार्यक्रमका लागि रु. ४ करोड विनियोजन गरेको छु ।

११५. दक्ष प्राविधिक जनशक्ति विकास गर्न चिकित्सा, इन्जिनियरिङ्ग, कृषि, भेटेरिनरी र सूचना प्रविधिमा उच्च शिक्षा अध्ययन गर्न चाहने आर्थिक रूपमा कमजोर जेहेन्दार विद्यार्थीलाई स्थानीय तहसँगको साझेदारीमा अध्ययन पछि तीन बर्ष सम्बन्धित स्थानीय तहमा अनिवार्य काम गर्ने गरी मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न रु. २ करोड विनियोजन गरेको छु ।

११६. शिक्षा क्षेत्रका उल्लिखित कार्यक्रम कार्यान्वयनका लागि जम्मा रु. ८९ करोड विनियोजन गरेको छु ।

**<u>सामाजिक सशक्तीकरण, संरक्षण र सुरक्षा, महिला बालबालिका, दलित तथा ज्येष्ठ नागरिक</u>**

११७. समाजमा रहेका आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा व्याप्त विभेद अन्त्य गर्न, पछि परेका वर्ग, जाति, समुदायको संरक्षण, सुरक्षा र सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ । अवसर, पहुँच र स्रोत साधनबाट बञ्चितीकरणमा परेका जनताको आय आर्जन वृद्धिका लागि स्थानीय तहसँगको समन्वयमा **जीविकोपार्जनका कार्यक्रम** सञ्चालन गरिनेछ ।

११८. महिला वर्गको उत्थान, सशक्तीकरण र विकासमा विशेष जोड दिइनेछ। शिक्षा, रोजगारी र नेतृत्व विकासमा महिलाको सहभागिता वृद्धि गर्न छोरी बुहारी मूलप्रवाहीकरण कार्यक्रम सञ्चालन गरिनेछ । छोरीमाथि हुने विभेदको अन्त्य गर्न, छोरीको पढाईलाई अवरुद्ध हुन नदिन र बालविवाहको अन्त्य गर्न **बैंक खाता छोरीको सुरक्षा जीवन भरिको** कार्यक्रमलाई निरन्तरता दिएको छु ।

११९. एक्काइसौं शताब्दीको कलंकको रूपमा रहेको छुवाछुत र छाउपडी लगायतका सामाजिक विभेदको अन्त्य गरिनेछ ।

१२०. दलित समुदायको परम्परागत ज्ञान र सीपको संरक्षण गरी आर्थिक उपार्जन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय तहसँगको सहकार्यमा **दलित महिला आय आर्जन कार्यक्रम** सञ्चालन गर्न रु. २० करोड विनियोजन गरेको छु ।

१२१. एकल महिला, अपाङ्गता भएका नागरिक र आर्थिक, सामाजिक रूपले पछाडि परेका समुदायको हक हितको संरक्षण र सुरक्षा गर्नेगरी सामाजिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

१२२. राउटे, बादी, राजी लगायत अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख समुदायको उचित जीविकोपार्जन र सामाजिक सुरक्षाका कार्यक्रम संचालन गरिनेछ ।

१२३. विपन्न, भूमिहिन, सुकुम्बासी लगायत विकासको दृष्टिले पछि परेका समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा आवश्यक बजेट विनियोजन गरेकोछु ।

१२४. कर्णालीको भावी तस्विरका रूपमा रहेका हाम्रा बालबालिकाको सुनिश्चित भविष्यका लागि शारीरिक, मानसिक र शैक्षिक क्षमता वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ । जोखिममा परेका अभिभावकविहिन तथा सडक बालबालिकाको सुरक्षा र विकासका लागि उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।

१२५. बाल बिकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ता/सहजकर्तालाई उपलब्ध गराइएको प्रोत्साहन सहायतालाई निरन्तरता दिएको छु ।

१२६. ज्येष्ठ नागरिकको सम्मान र सुरक्षाका लागि मनोसामाजिक अवस्था र सहज दैनिक जीवनयापनका लागि स्थानीय तह तथा सामुदायिक संस्थाबाट सञ्चालन हुने बृद्ध-आश्रम, मिलनकेन्द्र जस्ता सामुदायिक संस्थालाई उचित सहयोग गरिनेछ ।

१२७. शहिद परिवार, वेपत्ता परिवार, घाइते, अपाङ्गता भएका व्यक्ति, असहाय, सडक मानव र तिनका आश्रित परिवारको उचित व्यवस्थापन, राहत, उपचार र रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२८. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैहसरकारी संस्थाबाट सञ्चालन हुने कार्यक्रमलाई थप पारदर्शी र जवाफदेही वनाइनेछ । प्रदेश सरकारको प्राथमिकताका क्षेत्रमा गैरसरकारी संस्थाबाट दोहोरो नपर्ने गरी कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

१२९. सामाजिक संरक्षण, सुरक्षा र सशक्तीकरणमा उल्लिखित कार्यको लागि आवश्यक रकम विनियोजन गरेकोछु ।

<u>संस्कृति, युवा तथा खेलकुद</u>

१३०. नेपाली भाषाको उद्‍गमस्थल कर्णाली क्षेत्रको लामो इतिहास, संस्कृति र पुरातत्वको संरक्षण एवं प्रवर्द्धन गरिनेछ । विभिन्न वर्ग, जाति, क्षेत्र र समुदायको भाषा, संस्कृति, साहित्य र कलाको खोज र संरक्षण गरिनेछ । खस भाषाको शब्दकोष तयार गर्न आवश्यक रकम विनियोजन गरेकोछु ।

१३१. सिंजा क्षेत्रको पुरातत्व, दुल्लुस्थित नेपाली भाषाको सर्वप्राचीन अभिलेख, कृतिखम्ब लगायतका प्रदेशमा रहेका ऐतिहासिक गढी, किल्ला र देवलको संरक्षण गरिनेछ ।

१३२. प्रदेश संग्रहालयको स्तरोन्नति गर्दै स्थानीय तह सँगको सहकार्यमा सिंजा र दुल्लुमा सांस्कृतिक संग्रहालय निर्माण र पूर्वाधार विकासमा साझेदारी गरिनेछ ।

१३३. युवा जनशक्तिलाई लक्षित गरी रोजगारी र विकासका क्रियाकलाप सञ्चालन गरिनेछ। युवामा स्वयंसेवी भावनाको विकास गर्ने सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३४. राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाको तयारी एवं खेलाडीहरूको प्रशिक्षणका लागि वीरेन्द्रनगरमा नेपाल सरकारसँगको समन्वय र सहकार्यमा प्रादेशिक रङ्गशाला निर्माण कार्य अघि बढाइनेछ । साथै, सबै जिल्लामा रङ्गशाला, कभर्ड हल र खेलमैदानका कार्यक्रमहरू अघि बढाउदै खेलकुद क्षेत्रको स्तरोन्नति र खेलाडीको वृत्ति विकास लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । युवा परिचालन र खेलकुद विकासका लागि रु. १५ करोड ६० लाख विनियोजन गरेको छु ।

**माननीय सभामुख महोदय,**

अब भौतिक पूर्वाधार क्षेत्रका कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछु ।

## खानेपानी तथा सरसफाई

१३५. आधारभूत खानेपानी सेवामा नागरिकको सहज पँहुच सुनिश्चित गर्न र गुणस्तर वृद्धि गर्न निर्माणाधिन आयोजनाहरू सम्पन्न गरिनेछ । कर्णाली, भेरी, ववई लगायतका नदी किनाराका बस्तिमा नवीन प्रविधिको उपयोग गरी स्वच्छ खानेपानी आपूर्तिको लागि सम्भाव्यता अध्ययन गरी क्रमशः कार्यान्वयन गरिनेछ ।

१३६. संघ र स्थानीय तहसँगको सहकार्यमा खानेपानीको समस्या भएका जिल्ला सदरमुकाम र स्थानीय तहमा स्वच्छ खानेपानीको उपलब्धताको लागि अध्ययन गरी निर्माण कार्य अघि बढाइनेछ । घुम्ति भ्यान पानी परिक्षण प्रयोगशाला तयार गरी सञ्चालनमा ल्याइनेछ ।

१३७. आधारभूत सरसफाईको दिगो व्यवस्थापनका लागि स्थानीय तहसँगको सहकार्यमा सार्वजनिक शौचालय निर्माण र ढल व्यवस्थापन गरिनेछ । जैविक प्रविधिको प्रयोग गरी फोहोरमैला व्यवस्थापन र प्रशोधनको अध्ययन गरी कार्य अघि बढाइनेछ ।

१३८. खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रममा रु. १ अर्ब ६० करोड विनियोजन गरेको छु ।

## सडक पूर्वाधार र यातायात सेवा

१३९. कर्णाली प्रदेशमा सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकासका लागि एकीकृत गुरुयोजना तयार गरिनेछ । स्वदेशी तथा विदेशी पुँजी परिचालन गरी रणनीतिक महत्वको सुर्खेत-हिल्सा द्रूतमार्ग तथा उत्तर दक्षिण करिडोरहरूका साथै रणनीतिक सडकहरु निर्माण कार्य अघि बढाउन नेपाल सरकारसँग थप समन्वय र सहकार्य गरिनेछ ।

१४०. प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने रणनीतिक मार्गको स्तरोन्नति र अन्तर प्रदेश सडक निर्माणलाई प्राथमिकता दिइनेछ। वीरेन्द्रनगर चक्रपथ निर्माण कार्यमा शिघ्रता ल्याइनेछ । निजी, सहकारी वा सामुदायिक क्षेत्रसँग स्थानीय तहले साझेदारी गरी यातायात सेवा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

१४१. प्रदेश सरकारबाट सञ्चालित लोकप्रीय जनता सडक कार्यक्रमलाई निरन्तरता दिइएको छ । यस कार्यक्रम अन्तर्गतका निर्माणाधिन आयोजना समयमै सम्पन्न गर्न रु. १ अर्ब ४२ करोड बजेट विनियोजन गरेको छु ।

१४२. स्थानीय तहको केन्द्रदेखि जिल्ला सदरमुकामसम्म सडक पहुँच नभएका स्थानमा सडक निर्माणलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न रु १५ करोड विनियोजन गरेको छु ।

१४३. जनताको आवत-जावतलाई सहज बनाउन मोटर पुल र झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१४४. प्रदेशभित्र लामो दूरीमा सवारी सञ्चालन हुने राजमार्गमा सवारी दूर्घटना न्यूनीकरण गर्न सचेतना, सडक सुरक्षा, परिक्षण र सवारी जाँच नियमित गराइनेछ ।

१४५. सडक र यातायातको विकास कार्यक्रमका लागि रु. ५ अर्ब ७९ करोड विनियोजन गरेको छु ।

## सिंचाइ तथा नदी नियन्त्रण

१४६. कर्णाली र भेरी बेसिन लगायतका नदी किनाराका खेतीयोग्य उब्जाउ जमिनमा नवीन प्रविधिको माध्यमबाट सिँचाइ सुविधा विस्तार गरिनेछ। बर्षातको पानी संकलन, डिप बोरिङ्ग र लिफ्ट आयोजनालाई प्राथमिकता दिइनेछ ।

१४७. साना मझौला र ठूला सिँचाइ आयोजनाको पहिचान र विकास गरिनेछ। जल उत्पन्न प्रकोप नियन्त्रणका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ ।

१४८. सिंचाई विकास तथा नदी नियन्त्रण कार्यकालागि रु. १ अर्ब ७३ करोड विनियोजन गरेको छु ।

## ऊर्जा विकास

१४९. कर्णालीको पानीः जनताको लगानी भन्ने ध्येयका साथ जलस्रोतमा नागरिकको लगानीलाई प्रोत्साहन गरी निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा ऊर्जाको विकासको लागि प्रदेश गुरुयोजना तयार गरिनेछ ।

१५०. नेपाल सरकारसँगको सहकार्यमा भेरी बबई बहुउद्देश्यीय आयोजना र जगदुल्ला जलविद्युत आयोजनामा लगानी गरिनेछ। दैलेखको रामगाड, रुकुमको स्यार्पु र जाजरकोटको ताक्सुगाड आयोजनाको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाइनेछ ।

१५१. नेपाल सरकारसँगको सहकार्यमा भेरी बबई बहुउद्देश्यीय आयोजनाको बाँधलाई प्रयोगगरी प्रदेश सरकारको पूर्ण स्वामित्व हुनेगरी जलविद्युत आयोजना निर्माण कार्य अघि बढाइनेछ ।

१५२. विद्युत सेवा नपुगेका स्थानहरूमा ग्रामीण विद्युतीकरण तथा सौर्य, वायु, वायोग्यास जस्ता बैकल्पिक ऊर्जा र लघु जलविद्युत आयोजनाको माध्यमबाट विद्युत सेवा उपलब्ध गराउन **कर्णाली उज्यालो कार्यक्रम** सञ्चालनका लागि रु. २५ करोड विनियोजन गरेको छु ।

१५३. ऊर्जा विकास एवं ग्रामीण विद्युतीकरण कार्यक्रमका लागि रु. ५० करोड विनियोजन गरेको छु ।

**<u>शहरी पूर्वाधार र बस्ती विकास</u>**

१५४. आधारभूत पूर्वाधार र सुविधा सहितको व्यवस्थित सहरी विकासलाई प्राथमिकता दिइनेछ । साना नयाँ सहर र बस्ती विकासको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१५५. सुरक्षित, व्यवस्थित र वातावरणमैत्री सार्वजनिक एवं निजी संरचना निर्माण सम्बन्धी कानून तथा मापदण्ड तर्जुमा गरिनेछ ।

१५६. प्रदेश राजधानी सहरको व्यवस्थित विकासका लागि सडक, खानेपानी, विद्युत, ढल, हरियाली सहित **राजधानी वीरेन्द्रनगर सहर एकीकृत विकास परियोजना** सञ्चालन गरिनेछ । नेपाल सरकारसँगको सहकार्यमा वीरेन्द्रनगर खानेपानी आयोजना अघि बढाइनेछ। प्रदेश राजधानीको एकीकृत विकासका लागि रु. ५१ करोड विनियोजन गरेको छु ।

१५७. विपन्न, दलित, विपद् पीडित जनता र छरिएको एवं जोखिमयुक्त बस्तीलाई मध्यनजर गरी **एकीकृत बस्ती विकास तथा सामाजिक रूपान्तरण कार्यक्रम** सञ्चालनका लागि रु. २५ करोड विनियोजन गरेको छु ।

१५८. दलित, विपन्न र सीमान्तीकृत अल्पसंख्यक समुदायको आवास निर्माणमा सहयोग गर्न जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**<u>प्रादेशिक सुरक्षा तथा कानून</u>**

१५९. मानव अधिकारको सर्वमान्य सिद्धान्त र मौलिक हकको संरक्षणका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरिनेछ ।

१६०. प्रदेशको एकल अधिकार र साझा अधिकारको विषयमा आवश्यक कानून तर्जुमा गरिनेछ ।

१६१. प्रादेशिक सुरक्षा व्यवस्थाका लागि प्रदेश प्रहरी सम्बन्धी कानून तर्जुमा गरी प्रदेश प्रहरीको गठन गरिनेछ । प्रदेश प्रहरीलाई थप दक्ष, जनमैत्री र व्यवसायिक बनाउन प्रहरी तालिम केन्द्र लगायत आवश्यक संरचना र पूर्वाधार विकास गरिनेछ ।

१६२. नागरिकको न्यायमा सहज पहुँच कायम गराई कानूनी राज्यको प्रत्याभूति दिन कानूनी सहायता कार्यक्रम सञ्चालन गरिनेछ ।

१६३. कारागारलाई सुधार गृहको रुपमा विकास गर्दै कैदी बन्दीलाई संघीय सरकारसँगको समन्वय र सहकार्यमा **खुला उत्पादन कारागार**को माध्यमबाट उत्पादनमूलक क्रियाकलापमा सहभागी बनाइनेछ ।

१६४. अधिकार प्राप्तिका आन्दोलनमा जीवन उत्सर्ग गर्ने शहिदको सम्झना र सम्मानका लागि यस सम्बन्धी प्रमाण, वस्तु र दस्तावेजको संग्रह सहितको शान्ति पार्क निर्माणको कार्य अघि बढाइनेछ ।

**<u>सञ्चार तथा सूचना प्रविधि</u>**

१६५. नागरिकको सुसूचित हुने संवैधानिक हकको संरक्षण र प्रवर्द्धनका लागि आम सञ्चार जगतलाई थप व्यवसायिक र मर्यादित बनाउनका लागि पत्रकार स्वास्थ्य वीमा र छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१६६. जनतासँग प्रदेश सरकार कार्यक्रम तथा लोक कल्याणकारी सूचना र विज्ञापन रेडियो तथा अन्य सञ्चार माध्यममार्फत् प्रदेशभरी प्रशारण गर्ने व्यवस्था मिलाइनेछ ।

१६७. सूचना प्रविधिको क्षेत्रमा देखिएका नवीन आयामलाई सम्वोधन गर्ने गरी डिजिटल कर्णाली गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । सरकारी कार्य सञ्चालनलाई क्रमशः प्रविधिमैत्री बनाइनेछ ।

१६८. सभ्य कर्णाली समाज निर्माणका लागि कुसंस्कार र लागु औषध दुर्व्यसनीजस्ता विसंगतिलाई निवारण गर्न सामाजिक अभियान सञ्चालन गरिनेछ । कुलतमा लागेका व्यक्तिको सुधार र पुनःस्थापनाका विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

## विपद् व्यवस्थापन तथा पुनर्स्थापना

१६९. नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । विपद् पूर्व सूचना प्रणालीको विकास गरिनेछ । यसको पूर्व तयारी, प्रतिकार्य, राहत र पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

१७०. विपद् जोखिम व्यवस्थापन कार्ययोजना तयार गरी स्थानीयस्तरमा कार्यान्वयन गरिनेछ । स्ववृद्धि प्रणालीमा आधारित विपद् कोष स्थापना र सञ्चालनमा स्थानीय तहलाई सहयोग गरिनेछ । विपद् जोखिम न्यूनीकरणका लागि सामुहिक दुर्घटना वीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७१. सडक दुर्घटनालाई न्यूनीकरण गर्न सडक सुशासन अभियान सञ्चालन गरिनेछ । गम्भिर सडक दूर्घटनामा परेकालाई जीवन रक्षाका लागि स्थल तथा हवाई माध्यमबाट शीघ्र उद्धार गरी उपचार व्यवस्था गर्न रु. २ करोड विनियोजन गरेको छु ।

१७२. बाढी, पहिरो, आगलागी लगायतका प्रकोपबाट पीडित परिवारलाई उचित राहत उपलब्ध गराइनेछ । विपद् उद्धारमा स्वयंसेवी रूपमा सहभागी हुन नागरिकलाई उत्प्रेरित गराउनुका साथै प्रशिक्षण र आवश्यक सामग्री उपलब्ध गराइनेछ ।

१७३. सुर्खेत लगायतका जिल्लाका वि.स. २०७१ सालको बाढी पीडितको आवास निर्माण कार्य सम्पन्न गर्न रु. ५ करोड विनियोजन गरेको छु ।

१७४. **कर्णाली आकस्मिक कोष**मा रु. २ करोड जम्मा गर्ने व्यवस्था मिलाएको छु । राहत सहयोग सम्बन्धी कार्यलाई एकद्वारबाट सञ्चालन गर्न **नागरिक राहत कोष** स्थापना र सञ्चालनका लागि रु. १ करोड विनियोजन गरेको छु ।

१७५. उल्लिखित विपद् व्यवस्थापन र पुनर्स्थापनाका कार्यक्रमका लागि कूल रु. १२ करोड २० लाख विनियोजन गरेको छु ।

## सुशासन र सार्वजनिक सेवा प्रवाह

१७६. प्रदेश निजामती सेवा सम्बन्धी कानून तर्जुमा गरी सार्वजनिक सेवा प्रवाहलाई अनुमानयोग्य, पारदर्शी र विश्वसनीय बनाई कर्णालीबासीको जनअपेक्षा सम्बोधन गर्न सक्षम, पारदर्शी, प्रविधिमैत्री र जनउत्तरदायी प्रशासनको विकास गरिनेछ ।

१७७. सरकारका काम कारवाहीमा नागरिकको पँहुच र पृष्ठपोषणको माध्यमबाट प्रभावकारी विकास र सेवा प्रवाहका लागि **जनतासँग कर्णाली सरकार कार्यक्रम** सञ्चालन गरिनेछ । **हाम्मा कुडा हाम्मा मुख्यमन्त्री कार्यक्रम**लाई थप प्रभावकारी बनाइनेछ ।

१७८. प्रशासनमा नवप्रवर्तन विकास गर्न प्रदेश र स्थानीय तहवीच अभ्यास, अनुभव र सिकाई आदान प्रदान तथा अनुशरण गर्न प्रोत्साहन गरिनेछ । स्थानीय तहसँग प्रदेश सरकारको प्रभावकारी सम्पर्क माध्यमका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा स्थानीय तह सम्पर्क इकाई सञ्चालन गरिनेछ ।

१७९. विकास क्रियाकलापमा जनचाहना, जनहित, जनजागरुकता, जनसहभागिता र जनस्वामित्वलाई प्राथमिकता दिइनेछ। यसका लागि सार्वजनिक सुनुवाई, जनलेखा परीक्षण र सूचनाको हकको प्रवर्द्धन गरिनेछ ।

१८०. सरकारको कार्यसम्पादनलाई नतिजामुखी एवं समयबद्ध बनाउन मुख्यमन्त्री र मन्त्री, मन्त्री र सचिव, सचिव र कार्यालय प्रमुख एवं आयोजना प्रमुखसँग साउन मसान्तभित्र कार्यसम्पादन करार गरिनेछ ।

१८१. राष्ट्रसेवकको मनोवल वृद्धि गर्न उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई **कर्णाली सेवा पुरस्कार** प्रदान गरिनेछ ।

१८२. श्रमको सम्मान गर्ने संस्कारको विकास गर्न प्रदेश सरकारबाट सञ्चालन हुँदै आएको **श्रम दिवस अभियान**लाई थप प्रभावकारी बनाइनेछ ।

**माननीय सभामुख महोदय,**

अब योजना तथा सार्वजनिक वित्त व्यवस्थापन र बजेट कार्यान्वयन सम्बन्धी विनियोजन प्रस्तुत गर्दछुः

<u>सार्वजनिक खर्चमा मितव्ययिता</u>

१८३. प्रदेशको न्यून आन्तरिक स्रोत, अन्तरसरकारी वित्त हस्तान्तरणबाट प्राप्त स्रोतमा हुने संकुचन र कोभिड-१९ महामारीको कारणले उत्पन्न परिस्थितिलाई ख्याल गर्दै आगामी आर्थिक वर्षमा उत्पादनमूलक र प्राथमिकतापूर्ण कार्यमा मात्र बजेट विनियोजन गरेको छु ।

१८४. नागरिकको अधिकतम् हितका लागि पूँजिगत खर्च क्षमता बढाउने, चालु खर्च घटाउने र प्रशासनिक खर्च कटाउने नीति कार्यान्वयनका लागि आवश्यक कानूनी, संरचनागत सुधार एवं जनशक्तिको विकास गरिनेछ । मितव्ययी, परिणाममुखी, प्रतिफलयुक्त र रोजगारमूलक विकास परियोजना कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

१८५. अत्यावश्यक वाहेक थप आर्थिक व्ययभार पर्ने गरी नयाँ संगठन संरचना स्थापना गरिनेछैन । चालु खर्चको सीमा घटाएको छु । प्रशासनिक खर्चलाई उल्लेखनीय रुपमा कटाइएको छ । आगामी आर्थिक बर्षमा एम्बुलेन्स लगायत अत्यावश्यक वाहेक कुनै पनि सवारी साधन खरिद गरिनेछैन ।

१८६. स्रोतको संकुचनलाई मध्यनजर गरी आगामी आर्थिक वर्षमा कार्यालय सञ्चालन, मर्मत, इन्धन, विविध खर्च, भ्रमण खर्च, फर्निचर, अत्यावश्यक वाहेकका गोष्ठी सेमिनार लगायतका शिरोभार खर्चमा उल्लेखनीय कटौति गरिएको छ । मन्त्री, राजनीतिक पदाधिकारी तथा कर्मचारीको अतिथि सत्कार,

सञ्चार तथा बैठक भत्ता, खाजा खर्च र जोखिम भत्ता लगायतका शीर्षकमा बजेट विनियोजन गरिएको छैन ।

१८७. प्रदेश सरकारका आधारभूत सेवा प्रदान गर्ने निकाय वाहेक अन्य कुनैपनि संघ, सस्था वा निकायलाई सञ्चालन अनुदान दिइनेछैन । संघ र स्थानीय तहबाट अनुदान प्राप्तगर्ने व्यक्ति वा संस्थालाई दोहोरो पर्नेगरी प्रदेश सरकार अन्तर्गतका निकायबाट अनुदान दिइने छैन। भ्रमण, सवारी साधन र ईन्धन लगायतका खर्चको मापदण्ड र मार्गदर्शन तयारगरी शीघ्र लागू गरिनेछ ।

१८८. सार्वजनिक स्रोतको सदुपयोग, प्रभावकारी खरिद व्यवस्थापन, मितव्ययिता र वित्तीय अनुशासनमा विशेष प्राथमिकता दिइनेछ ।

## अन्तर सरकारी वित्त हस्तान्तरण

अब म संघबाट प्राप्त हुने स्रोत एवं विनियोजन र स्थानीय तहमा हुने अन्तर-सरकारी वित्त हस्तान्तरण सम्बन्धी विवरण प्रस्तुत गर्दछुः

१८९. संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान वापत रु. ९ अर्ब ६३ करोड २९ लाख, सशर्त अनुदान वापत रु. ४ अर्ब ४९ करोड ११ लाख, संघ र प्रदेशको सहलगानीमा सञ्चालन हुने आयोजनाको लागि समपूरक अनुदान वापत रु. २५ करोड २५ लाख तथा विशेष अनुदान कार्यक्रममा रु. ४६ करोड बजेट सीमा प्राप्त भएको छ ।

१९०. आन्तरिक स्रोतको साँघुरो दायरा र संघ मार्फत् प्राप्त हुने आर्थिक स्रोतमा संकुचन भएतापनि संघीयता, सन्तुलन, सहकार्य, समन्वय र साझेदारीको मर्मलाई उच्च महत्व दिँदै मैले स्थानीय तहमा प्रदेश सरकारबाट हुने वित्त हस्तान्तरणमा वृद्धि गरेको छु ।

१९१. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा स्थानीय तहलाई अन्तर सरकारी वित्त हस्तान्तरणको माध्यमबाट वित्तीय समानीकरण अनुदान तर्फ रु. ८० करोड हस्तान्तरण गरिनेछ । आयोगबाट तोकिएको मापदण्डको आधारमा राजस्व बाँडफाँट गरी स्थानीय तहमा उपलब्ध हुने व्यवस्था मिलाएको छु ।

१९२. स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमका लागि सशर्त अनुदानतर्फ रु. ६६ करोड हस्तान्तरण हुने व्यवस्था मिलाएको छु ।

१९३. प्रदेश सरकारबाट स्थानीय तहको सिफारिशमा छनौट गरिएका तथा दुवै तहको सहलगानीमा स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रममा समपूरक अनुदानतर्फ रु. १ अर्ब ५ करोड ८० लाख हस्तान्तरण हुने व्यवस्था मिलाएको छु ।

१९४. सामाजिक र आर्थिक परिसूचकमा पछाडि परेका क्षेत्रको उत्थानगर्न स्वास्थ्य, शिक्षा, खानेपानी सरसफाई, खाद्य सुरक्षा र उद्यमशिलताका कार्यक्रममा विशेष अनुदान अन्तर्गत रु. ३५ करोड २५ लाख स्थानीय तहमा हस्तान्तरण हुने व्यवस्था गरेको छु ।

१९५. प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्यमा विकास गतिविधि सञ्चालन गर्न र यसको लाभ नागरिकसम्म पुऱ्याउन आगामी आर्थिक वर्षमा उल्लिखित शीर्षकमा वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहलाई जम्मा रु. २ अर्ब ९९ करोड ६५ लाख उपलब्ध गराइनेछ ।

## स्रोत परिचालन

१९६. दीर्घकालीन विकासको अवधारणा अनुरूप प्रदेश महत्वका उच्च प्रतिफल दिने र रोजगारमूलक आयोजनामा लगानी गरिनेछ ।

१९७. सुर्खेत विमानस्थलको स्तरोन्नति र प्रदेशको समृद्धिमा टेवा पुऱ्याउने उच्च प्रतिफल हुने जलविद्युत आयोजनामा लगानीका लागि वित्तीय व्यवस्थातर्फ रु. ७५ करोड विनियोजन गरेको छु ।

## विकास सहायता र लगानी परिचालन

१९८. प्रदेश सरकारको प्राथमिकता प्राप्त कार्यक्रम र आयोजनामा मात्र संघीय सरकारको समन्वयमा बैदेशिक सहायता परिचालन गरिनेछ ।

१९९. प्रदेशको विकास र उन्नतिको लागि स्वदेशी तथा विदेशी निजी क्षेत्रलाई आकर्षण गर्न आवश्यक नीतिगत, कानूनी र संस्थागत व्यवस्था गरी लगानीमैत्री वातावरण तयार गरिनेछ ।

२००. सार्वजनिक, निजी, सहकारी वा सामुदायिक क्षेत्रबाट सञ्चालन हुने प्रदेश महत्वको आयोजना स्थल सम्मको सडक, विद्युत लगायतका पूर्वाधार, विभिन्न निकायबीच समन्वय र शान्ति सुरक्षाको प्रत्याभूति गर्ने व्यवस्था मिलाएको छु ।

२०१. आन्तरिक तथा बाह्य लगानी आकर्षित गरी छिटो प्रतिफल प्राप्तहुने रोजगारमूलक र स्थानीय कच्चा सामग्री प्रयोगहुने आयोजनालाई प्रोत्साहन गरिनेछ ।

२०२. स्वदेशी एवं विदेशी गैरसरकारी संस्थालाई शिक्षा, स्वास्थ्य, जिविकोपार्जन र स्थानीय उत्पादन वृद्धिका क्रियाकलापमा परिचालन गरिनेछ ।

## आर्थिक योजना र तथ्याङ्क

२०३. प्रदेशको दीर्घकालीन विकासका लागि प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र तथा परिवर्तित परिस्थिति अनुसार प्राथमिकता तयगरी आवधिक योजनाको कार्यान्वयन गरिनेछ । चालु आर्थिक बर्षमा सञ्चालित आयोजनाको कार्यान्वयनमा निरन्तरता दिइनेछ ।

२०४. आवधिक योजनाको प्राथमिकतामा आधारित परियोजना बैंक तयार गरिनेछ । प्रदेशमा विकासको सन्तुलन र मध्यमकालीन खर्च संरचनामा आधारित भई बजेटको विनियोजन गरिनेछ । क्षेत्रगत प्राथमिकतामा आधारित सम्बन्धित मन्त्रालयले तयारगरेको आयोजनाहरुको सूचिका आधारमा सम्भाव्यता अध्ययन गरी आवश्यकता र प्राथमिकताका आधारमा मापदण्ड बनाई कार्यान्वयन गर्दै लगिनेछ ।

२०५. प्रदेश महत्वका आयोजना पहिचान गरी सडक, खानेपानी, सिँचाइ र जलविद्युत लगायतका ठूला पूर्वाधार विकासको सम्भाव्यता अध्ययन गरिनेछ । प्रदेशको प्राथमिकता प्राप्त र सम्भाव्यता अध्ययन भएका आयोजनालाई आयोजना बैंकमा आवद्ध गरिनेछ ।

२०६. कर्णाली प्रदेश समन्वय परिषद्, कर्णाली विकास परिषद् लगायतका संरचनाहरूलाई थप सक्रीय बनाउँदै संघ, प्रदेश र स्थानीय तहका जन-प्रतिनिधिसँगको समन्वय र सहकार्यमा योजना तर्जुमा र कार्यान्वयन गर्ने प्रणालीको विकास गरिनेछ । प्रदेश समन्वय परिषद्मा गरिएका प्रतिवद्धता कार्यान्वयन गरिनेछ ।

२०७. संघ, प्रदेश र स्थानीय तहका कार्यक्रम तथा आयोजनामा दोहोरोपना नहुनेगरी सन्तुलित रूपमा बजेट विनियोजन गरेकोछु ।

**बजेट कार्यान्वयन र अनुगमन मूल्याङ्कन**

२०८. सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनी व्यवस्था गरी बजेट विनियोजन, खर्च र प्रतिवेदनको स्वचालितप्रणाली विकास गरिनेछ ।

२०९. संघीय कानूनसँग सामाञ्जस्य कायम हुनेगरी सार्वजनिक खरीद प्रकृयालाई थप सरल,समय सापेक्ष र परिणाममुखी बनाउन यस सम्बन्धी आवश्यक कानून,संरचना र पद्दतिको विकासगरिनेछ ।

२१०. प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रम र आयोजनामा जनप्रतिनिधि र निजका परिवारजन उपभोक्ता समितिका पदाधिकारी र सदस्य हुन नपाउने गरी कानूनी व्यवस्था गरिनेछ ।

२११. बजेट कार्यान्वयनलाई सहज र प्रभावकारी बनाउन प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट भएको चौमासिक विभाजनका आधारमा कार्यक्रम सञ्चालन र बजेट खर्चगर्न विनियोजन ऐनबाटै अख्तियारी प्राप्तहुने व्यवस्था मिलाएकोछु ।

२१२. प्रतिफलयुक्त एवं प्राथमिकतापूर्ण विशेष परियोजनाहरू पहिचान गरी कार्यान्वयन गर्ने र अनुगमन मूल्याङ्कन गर्ने स्वचालित पद्दतिको विकास गरिनेछ ।

२१३. प्रदेशका नीति तथा कार्यक्रम तर्जुमा, बजेट निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा जनप्रतिनिधिको भूमिका र स्वामित्व वृद्धि गरिनेछ । विकास आयोजनाको अनुगमनका लागि जिल्ला समन्वय समितिलाई क्रियाशिल बनाउन आवश्यक कानूनी व्यवस्था र बजेटको प्रवन्ध गरिनेछ ।

२१४. बहुवर्षीय वाहेकका आयोजनाको प्रथम चौमासिक भित्र ठेक्का/टेण्डर सूचना गरिसक्ने व्यवस्था मिलाइनेछ । अनुदान तथा साझेदारीमा हुने सहयोगका लागि दोश्रो चौमासिक भित्र सम्झौता गरिसक्नुपर्ने र बैशाख मसान्तभित्र अनुदान वा साझेदारी सहयोग उपलब्ध गराइसक्ने व्यवस्था मिलाइनेछ ।

२१५. कर्णाली प्रदेश योजना आयोगलाई आयोजना मूल्याङ्कनमा प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु । प्रदेश सरकारबाट सञ्चालित आयोजनाको सहजीकरण एवं अनुगमन गर्न प्रदेश सरकारका प्रमुख सचिवको संयोजकत्वमा उच्चस्तरीय संयन्त्र गठन गरिनेछ ।

**माननीय सभामुख महोदय,**

अब माथि प्रस्तुत गरिएका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

२१६. आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्न रु. ३३ अर्ब ७४ करोड १३ लाख ५३ हजार विनियोजन गरेको छु । कूल विनियोजन मध्ये पुँजीगत खर्च रु. १९ अर्ब ६ करोड ९१ लाख २१ हजार अर्थात ५७ प्रतिशत, चालु खर्च रु. ११ अर्ब ६७ करोड ५७ लाख ३२ हजार अर्थात ३४ प्रतिशत र वित्तीय हस्तान्तरण तर्फ  रु. २ अर्ब ९९ करोड ६५ लाख अर्थात ९ प्रतिशत विनियोजन गरेको छु ।

उल्लिखित चालु खर्च अन्तर्गत कोभिड नियन्त्रण, रोकथाम र उपचारका लागि रु. ८७ करोड ४१ लाख, रोजगार तर्फका कार्यक्रममा रु २ अर्ब ५८ करोड २६ लाख र अन्य कार्यक्रम तथा प्रशासनिक खर्च रु. ८ अर्ब ५१ करोड ९० लाख ३२ हजार अर्थात कुल विनियोजनको करिब २५ प्रतिशत रहेको तथ्य सम्मानित सभा समक्ष जानकारी गराउछु ।

२१७. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. ३० करोड ६ लाख ५३ हजार,चालु आर्थिक वर्षको खर्च नभई बाँकी रहन जाने अनुमानित रकम रु. ११ अर्ब १९ करोड ९ लाख ८५ हजार,संघीय सरकारबाट राजस्व बाँडफाँड वापत प्राप्त हुन आएको रकम रु. ७ अर्ब ३९ करोड ५६ लाख, वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुन आएको रु. ९ अर्ब ६३ करोड २९ लाख र सशर्त अनुदानबाट रु. ४ अर्ब ४९ करोड ११ लाख परिचालन गरिनेछ । त्यसैगरी नेपाल सरकारबाट प्राप्त हुने समपूरक अनुदान वापत रु. २५ करोड २५ लाख र विशेष अनुदान वापत रु. ४६करोड प्राप्त हुने अनुमान गरिएको छ । साथै वैदेशिक सहायताबाट सञ्चालित हुने कार्यक्रममा रु. १ करोड ७६ लाख १५ हजार स्रोत परिचालन हुनेछ ।

२१८. आर्थिक वर्ष २०७५/७६ को यथार्थ खर्च, आर्थिक वर्ष २०७६/७७ को संशोधित अनुमान र आर्थिक वर्ष २०७७/७८ को अनुमानित आयव्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु । विषयगत मन्त्रालयहरूको चालु आर्थिक वर्षको प्रगति विवरण आजै प्रस्तुत गरेको छु ।

**माननीय सभामुख महोदय,**

अब आर्थिक बर्ष २०७७/७८ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छुः

२१९. आय-आर्जनका गतिविधि लगायत प्राकृतिक स्रोतबाट प्राप्त हुने आन्तरिक राजस्व संकलनको दायरा वृद्धि गर्ने तथा सरलीकृत कर प्रणालीको विकास गरी आन्तरिक स्रोतको परिचालनमा जोड दिइनेछ । राजस्वका स्रोतहरुको पहिचान गरी राजस्व संकलन प्रणालीलाई थप सुधार गर्दै नागरिकले तिरेको करको सदुपयोग सुनिश्चित गरिनेछ ।

२२०. कोभिड-१९ बाट प्रभावित आर्थिक क्रियालापमा लाग्ने करका दर समायोजन, छुट र सहुलियत प्रदान गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ ।

२२१. आम नागरिकको अपेक्षा र करदाताको सुविधालाई ध्यान दिदै आधुनिक र प्रविधिमैत्री कर प्रशासनको विकास गरी राजस्व संकलन वृद्धि गर्नेगरी आगामी आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमको उद्देश्यहरू देहाय अनुसार प्रस्तुत गरेको छुः

(क) करयोग्य कारोबारलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने,

(ख) आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्नेगरी कर प्रणालीलाई लगानीमैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गर्ने,

(ग) करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समन्यायिक बनाउने,

(घ) कर कानूनको पालनामा जोड दिँदै करछली तथा चुहावट नियन्त्रण गर्ने,

(ङ) गैरकर राजस्वको क्षेत्र विस्तार एवं करका दरहरूलाई समायोजन गरी राजस्व वृद्धि गर्ने।

२२२. प्रदेशमा करका क्षेत्र पहिचान गरी प्रदेश कर कानूनको उपयुक्त व्यवस्था गर्ने र छरितो कर प्रशासनिक संरचना मार्फत् कर तथा गैर कर असुली तथा संकलन कार्य प्रभावकारी र करदातामैत्री बनाइनेछ ।

२२३. कर प्रशासनलाई चुस्त छरितो र लागत प्रभावी बनाइनेछ। प्रदेशको आफ्नै संरचना स्थापना नभएसम्म संघीय सरकार तथा स्थानीय तहका संरचना मार्फत् समन्वयात्मक रुपले कर असुली गरिनेछ ।

२२४. आगामी आर्थिक वर्षमा यस प्रदेशमा लगाइने कर तथा शुल्कहरूको विवरण आर्थिक ऐनमा उल्लेख गरेको छु ।

२२५. कर्णाली प्रदेशमा स्रोतको सम्भावना, प्रदेशको राजस्व अधिकार रअर्थतन्त्रमा यस प्रदेशबाट पुग्न सक्ने योगदानको अध्ययन अनुसन्धान गरिनेछ । कर तथा गैरकर राजस्वको दायरा विस्तारको सम्भाव्यताका आधारमा दर समायोजन गर्दै जाने नीति लिइनेछ ।

**माननीय सभामुख महोदय,**

२२६. हालको विषम परिस्थिति सामान्य हुनासाथ बजेट कार्यान्वयनबाट चालु एवं निर्माणाधीन आयोजनाहरूको कार्यान्वयनमा तीब्रता आउने, रणनीतिक भौतिक पूर्वाधारको निर्माण कार्य अघि बढ्ने र नागरिकको सहज जीवनयापनको वातावरण तयार हुनेछ । यस बजेटको कार्यान्वयनबाट आगामी आर्थिक वर्षमा प्रदेशमा थप आर्थिक गतिविधिहरु नियमित भई करीब ६ प्रतिशत आर्थिक वृद्धि हासिलहुने अपेक्षा गरेकोछु ।

२२७. बजेट तर्जुमाको क्रममा स्रोत उपलब्ध गराउने नेपाल सरकार, मार्गदर्शन र सुझाव प्रदान गर्नुहुने माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, प्रदेश सभाका माननीय सभामुख तथा माननीय उपसभामुख, माननीय प्रमुख प्रतिपक्ष दलका नेताप्रति हृदयदेखि आभारी छु । बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल गरी महत्वपूर्ण सुझाव र मार्गदर्शन प्रदान गर्नुहुने सभाका माननीय सदस्यहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। यस क्रममा विभिन्न माध्यमबाट सुझाव प्रदान गर्नुहुने राजनीतिक दल, प्रदेश सभाका समितिहरू, कर्णाली प्रदेश योजना आयोग, कर्णाली प्रदेश विज्ञ समुह, स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक, निजीक्षेत्र, उद्योगी, व्यापारी, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, सञ्चार जगत लगायत सबैलाई धन्यबाद ज्ञापन गर्दछु । बजेट तर्जुमाका क्रममा सबैबाट प्राप्त भएको सहयोग बजेट कार्यान्वयनको क्रममा समेत निरन्तर रहने मेरो अपेक्षा छ ।

२२८. अन्तमा प्रस्तुत आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटको प्रभावकारी कार्यान्वयनबाट कोभिड-१९ को महामारी र सम्भावित खाद्य सङ्कटबाट कर्णालीबासीको जीवन रक्षा, श्रममूलक रोजगारीका अवसर सिर्जना, उत्पादन तथा उत्पादकत्वमा वृद्धि, जीवनोपयोगी शिक्षाको उत्थान, दिगो पूर्वाधार विकास, शान्ति सुरक्षा, सुशासन र सेवाप्रवाहमा सुधार भई शिथिल बनेको आर्थिक गतिविधि र सुस्त बनेको विकासमा पूनर्जीवन र गतिशिलता प्राप्त गरी नागरिकको अधिकतम् हित कायम हुने विश्वास लिएकोछु ।

**(मिति: २०७७ असार १ गते सोमबार)**

**धन्यवाद ।**

# आर्थिक मामिला तथा योजना मन्त्री मा. प्रकाश ज्वालाद्वारा कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७/७८ को बजेटका सन्दर्भमा उठेका प्रश्नहरुको जवाफ

**माननीय सभामुख महोदय,**

१. नेपालको संविधानको धारा २०७२ मा भएको व्यवस्था अनुसार प्रत्येक आर्थिक वर्षमा प्रदेश सभा समक्ष प्रदेश अर्थमन्त्रीले राजश्वको अनुमान, प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकमहरु, प्रदेश विनियोजन ऐन बमोजिम व्यय हुने रकमहरु, मन्त्रालयगत खर्चको रकम र प्रगति विवरण पेश गर्नुपर्ने अनिवार्य व्यवस्था रहेको छ ।

२. कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को परिच्छेद ३ को दफा ५ देखि १५ सम्म भएका व्यवस्था तथा कर्णाली प्रदेश सरकारबाट स्वीकृत बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७५ मा भएको व्यवस्था अनुसार आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले बजेट प्रस्तुत गर्दा मैले देहायका विवरण समेत प्रदेश सभामा पेश गर्नुपर्ने अनिवार्य व्यवस्था रहेको छ ।

(क) व्यय अनुमान विवरण,
(ख) चालू आर्थिक वर्षमा हासिल भएको मन्त्रालयगत प्रगति विवरण पुस्तिका,
(ग) विनियोजन विधेयक,
(घ) आर्थिक विधेयक,
(ङ) वार्षिक विकास कार्यक्रम पुस्तिका र
(च) आन्तरिक ऋण प्रस्ताव गरिएको ऋण उठाउने विधेयक ।

३. प्रदेश सभा नियमावली, २०७४ को नियम १३१ बमोजिमको मन्त्रालयगत खर्चको शिर्षकगत विवरण मैले बजेट प्रस्तुत गर्दा पेश गरेको व्यय अनुमानको विवरण (खर्च शिर्षकगत र स्रोतगत समेत) मा स्पष्ट रहेको छ। उक्त विवरणमा हरेक मन्त्रालय/सचिवालय/आयोगको खर्च शिर्षक, उक्त खर्च व्यहोर्ने स्रोत, निकासा विधि, आ.व. २०७५/७६ को यथार्थ खर्च, आ.व. २०७६/७७ को संशोधित अनुमान, आगामी आ.व. को चालू खर्च, पुँजीगत खर्च, जम्मा बजेट, स्रोत स्पष्टरुपमा खुलाईएको व्यहोरा निवेदन गर्दछु ।

४. उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था अनुसार मैले यस सम्मानित सभा समक्ष बजेट वक्तव्य, व्यय अनुमान विवरण, मन्त्रालयगत प्रगति पुस्तिका, विनियोजन विधेयक, आर्थिक विधेयक, वार्षिक विकास कार्यक्रम पुस्तिका र मध्यमकालीन खर्च संरचना पुस्तिका पेश गरेको छु।

**माननीय सभामुख महोदय,**

५. यस सम्मानित सभामा माननीय प्रमुख प्रतिपक्ष दलका नेताबाट प्रस्तुत भएका सरोकार र चासोलाई मैले सकारात्मक रुपमा लिई बजेट तथा कार्यक्रमका विषयमा थप प्रष्ट पार्ने अवसरको रुपमा वुझेको छु र उक्त सवालहरुमा जवाफ दिने अनुमति चाहन्छु ।

६. **योजना-नीति-बजेट तथा कार्यक्रम र कार्यक्रम पुस्तिका सम्बन्धमा :**

(क) आवधिक योजना हाम्रो दीर्घकालीन आकांक्षा हो, नीति तथा कार्यक्रम हाम्रो आवश्यकता हो भने बजेट हाम्रो वस्तुगत यथार्थ हो । योजनाको निरन्तरतामा आधारित नीति तथा कार्यक्रम र त्यसलाई कार्यान्वयन गर्ने माध्यमको रुपमा बजेट प्रस्तुत भएको छ । योजनाको दीर्घकालीन सोचमा आधारित भई तत्कालीन विषम परिस्थितिलाई समेत सम्बोधन गर्नेगरी महामारी, भोकमरी र रोजगारीमा सरकारका कार्यक्रम केन्द्रित गरी विकास गतिविधि अघि बढाउने दिशामा रहेको तथ्य म पुनः अनुरोध गर्दछु ।

(ख) नागरिकको जनजीवनमा दीर्घकालीन सकरात्मक असर पार्ने, सरकारी राजश्व वृद्धि गर्ने वा उल्लेखनीय आर्थिक-सामाजिक-भौतिक पूर्वाधारको विकास गर्ने आयोजना रुपान्तरणकारी आयोजना हुन् । यस सन्दर्भमा भेरी बबई बहुउद्देश्यीय आयोजना लगायतका विद्युत आयोजनाहरुमा लगानी, यस आयोजनाको बाँधलाई प्रयोग गरी विद्युत उत्पादन, सुर्खेत विमानस्थल विस्तार, स्थानीय तहको केन्द्र र जिल्ला सदरमुकाम जोड्ने सडक, पर्यटकीय मुर्मा गाउँ विकास, अन्तरप्रदेश सडक, रणनीतिक सडक, प्रदेश र जिल्ला अस्पताल स्तरोन्नति, राजधानी शहर एकिकृत विकास, कृषि क्षेत्रमा रुपान्तरणका लागि उन्नत विरुवा एवं नश्ल सुधार, जैविक मल कारखाना जस्ता प्रतिनिधिमूलक उदाहरण मात्र हुन् ।

(ग) चालु आर्थिक वर्षको कर्णाली प्रदेशको आर्थिक वृद्धिदर ३.६ प्रतिशतले रहने प्रक्षेपण बजेट वक्तव्यको बुँदा नं. १२ मा रहेको छ । साथै परिस्थिति सामान्य भई आगामी आर्थिक बर्षको आर्थिक वृद्धिदर ६ प्रतिशत रहने अनुमान बजेट वक्तव्यको बुँदा नं. २२६ मा रहेको व्यहोरा निवेदन गर्दछु ।

(घ) बजेट वक्तव्य, कार्यक्रम पुस्तिका र मध्यमकालीन खर्च संरचनाको पुस्तिका कर्णाली प्रदेश योजना आयोगका पदाधिकारी/कर्मचारीहरुको पूर्ण सहयोग र सहभागितामा तयार भएको हो र मध्यमकालीन खर्च संरचनाको पुस्तिका प्रदेश योजना आयोगबाट प्रकाशित भएको छ ।

**माननीय सभामुख महोदय,**

७. **पुँजीगत र चालू खर्च विवरणको सम्बन्धमा :**

(क) आगामी आर्थिक वर्षको कर्णाली प्रदेश सरकारको कुल बजेट, त्यसमा रहेको पुँजीगत, चालू र वित्तीय व्यवस्थाको वर्गीकरण मैले पेश गरेको व्यय अनुमानको विवरण (खर्च शिर्षकगत र स्रोतगत समेत) बाट स्पष्ट हुन्छ । म पूनः स्पष्ट गर्न चाहन्छु कि आगामी आर्थिक वर्षमा कर्णाली प्रदेश सरकारको अनुमानित बजेट, चालू आर्थिक वर्षको संशोधित अनुमान र गत आर्थिक बर्षको यथार्थ खर्च उक्त पुस्तिकाको पेज नं. १ मा रहेको छ ।

(ख) उक्त विवरण अनुसार आगामी आर्थिक वर्षमा कुल बजेट रु. ३३ अर्ब ७४ करोड १३ लाख ५३ हजार मध्ये चालु खर्च तर्फ रु. १४ अर्ब ६७ करोड २२ लाख ३२ हजार र पुँजीगत तर्फ रु. १९ अर्ब ६ करोड ९१ लाख २१ हजार रहेको छ । मन्त्रालयगत अनुमानित चालू र पुँजीगत खर्चको विवरण पुस्तिकाको पेज नं. ३, ४ र ५ मा स्पष्ट रुपमा प्रस्तुत गरिएको छ ।

(ग) कार्यक्रम पुस्तिकाले कूल बजेट अंकको प्रतिनिधित्व गर्दैन । यो केवल चालू र पुँजीगत खर्चतर्फ रहेका प्रमुख कार्यक्रमहरुको विवरण मात्र हो । बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७५ को दफा १२ (च) मा भएको व्यवस्था अनुसार मैले एकीकृत पुस्तिका प्रस्तुत गरेको छु ।

(घ) कार्यक्रम पुस्तिकामा ठूला वा साना खर्च रकम नभनी कार्यक्रमहरु उल्लेख भएका हुन्। यस पुस्तिकाले बजेट कार्यान्वयनका क्रममा हरेक मन्त्रालयले विस्तृतीकरण गरी कार्ययोजना बनाई कार्यान्वयनलाई प्रभावकारी बनाउने मार्गलाई सम्बोधन गरेको छ ।

(ङ) मन्त्रालयगत प्रगति प्रस्तुत नगरिएको भन्ने सन्दर्भमा म स्पष्ट गर्न चाहन्छु कि यस सम्बन्धी प्रगतिको विस्तृत पुस्तिका बजेट वक्तव्यसँगै माननीय सदस्यज्यूहरुलाई वितरण गरिएको छ ।

**माननीय सभामुख महोदय,**

८. **एकमुष्ट रकम राखिएको भन्ने सम्बन्धमा :**

(क) मैले यस सभामा विनियोजन विधेयक, २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु प्रस्तुत गर्दा माननीय सदस्यज्यूहरुको मार्गदर्शन बमोजिम महामारी नियन्त्रण, सम्भावित भोकमरी रोकथाम, रोजगारी सिर्जना, अधुरा आयोजना पुरा गर्ने दिशामा बजेटलाई प्राथमिकता दिएको छु ।

(ख) यस मार्गदर्शनलाई शिरोधार्य गर्दै मैले बजेट प्रस्तुत गरेको छु। कोभिड नियन्त्रण, खाद्यान्न खरिद/भण्डारण र रोजगारीमा बजेट केन्द्रित गर्दा एकमुष्ट रकम देखिएको छ, जस्तैः मुख्यमन्त्री रोजगार कार्यक्रम, कोभिड कोष र खाद्य खरिद र भण्डारण । म निवेदन गर्दछु कि यो रकम विकासमूलक पूर्वाधारमा खर्च हुने हो र यसका लागि कर्णाली प्रदेश सरकारले कार्यविधि बनाउने छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले यो कार्यविधि बनाउने कार्यमा नेतृत्व लिन्छ। यस कार्यक्रमको कार्यान्वयन कार्यक्षेत्रगत मन्त्रालय मार्फत नै हुन्छ ।

(ग) भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत रहेको रकम अधुरा आयोजना सम्पन्न गर्न र सम्भाव्यताका आधारमा नयाँ आयोजना अघि बढाउन प्रयोग हुने र यसमा माननीय सदस्यज्यूहरुको भूमिका र सहभागिता हुने नै छ ।

(घ) रोजगारमूलक पूर्वाधार विशेष कार्यक्रम विषयगत मन्त्रालय मार्फत कार्यान्वयन हुनेछ। यसको नेतृत्व र मार्गदर्शन निर्माण सम्बन्धित क्षेत्रका माननीय सदस्यज्यूहरुबाट हुनेछ ।

**माननीय सभामुख महोदय**

९. **विभिन्न बजेट शिर्षकमा रहेका रकमको सम्बन्धमा :**

(क) बजेट वक्तव्यको बुँदा नं. १५३ मा उर्जा विकास एवं ग्रामीण विद्युतीकरणमा रु. ५० करोड विनियोजन गरिएकोमा, उक्त रकम प्रदेश भित्र केही नयाँ जलविद्युत आयोजना निर्माण, ग्रामीण विद्युतीकरण र लघु जलविद्युतमा विनियोजन गरिएको छ । उक्त आयोजनाहरु कार्यक्रम पुस्तिकामा विस्तृत रुपमा जिल्लागत विवरण सहित उल्लेख भएको छ ।

(ख) बजेट वक्तव्यको बुँदा नं. ७२ मा साना सिँचाई आयोजनामा विनियोजित रकम रु. ३५ करोड मध्ये रु. ३१ करोड ४० लाख भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत र बाँकी

रकम भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत सञ्चालन हुने साना सिँचाई आयोजनाको विनियोजन गरिएको छ ।

(ग) बजेट वक्तव्यको बुँदा नं. ५१ मा उल्लिखित खाद्यान्न खरिद, ढुवानी र भण्डारणमा विनियोजन भएको ५५ करोडका सम्बन्धमा म थप स्पष्ट पार्न चाहन्छुः उक्त विनियोजनबाट रु. ४५ करोड खाद्यान्न खरिद, रु. ५ करोड ढुवानी, भण्डारणका लागि गोदाम निर्माणमा रु. ४ करोड र अन्य गोदाम मर्मत समेतका लागि विनियोजन भएको रकम समेत समावेश रहेको छ ।

(घ) बजेट वक्तव्यको बुँदा नं. १५६ मा उल्लिखत प्रदेश राजधानी वीरेन्द्रनगरको एकीकृत विकासका लागि विनियोजन भएको रु. ५१ करोड मध्य खानेपानी तर्फ रु. ८ करोड, प्लानीङ्ग क्षेत्र शहरी सडक तर्फ रु. ५ करोड, राजधानी एकीकृत पूर्वाधार विकास कार्यक्रम तर्फ रु. १५ करोड, चक्रपथ निर्माणमा ३ करोड, पुल निर्माणमा ३ करोड, सुर्खेत उपत्यका सडक तर्फ १ करोड लगायतका प्रदेश राजधानी केन्द्रित भौतिक पूर्वाधार विकासमा विनियोजन भएको छ ।

(ङ) सुर्खेत विमानस्थल विस्तारका लागि रु. ५० करोड र विभिन्न जलविद्युत आयोजनाका लागि गरिने लगानी २५ करोड गरी जम्मा रु. ७५ करोड विविध पुँजीगत खर्चमा राखिएको विषय स्थापित बजेटरी मान्यता र मापदण्डमा आधारित छ ।

(च) बजेट वक्तव्यको बुँदा नं. १९२ मा स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमका लागि सशर्त अनुदान तर्फ ६६ करोड हस्तान्तरण हुने उल्लेख भएको छ । वार्षिक विकास कार्यक्रममा उल्लिखित रकमका अतिरिक्त छोरी सुरक्षा कार्यक्रम समेत स्थानीय तह मार्फत कार्यान्वयन गर्ने गरी रु. १२ करोड ६० लाख समेत जम्मा रु. ७८ करोड ६० लाख उल्लेख भएको छ ।

**माननीय सभामुख महोदय,**

१०. वार्षिक विकास कार्यक्रम पुस्तिकामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतपूर्वाधार तर्फ रहेको रु. ५ करोड बजेट प्रदेश सरकारबाट विनियोजन भएको रकम नभई, यो रकम नेपाल सरकारले सशर्त अनुदानको रुपमा क्रियाकलाप किटान गरी वीरेन्द्रनगरमा प्रादेशिक सुशासन केन्द्रका लागि विनियोजन भई प्राप्त भएको बजेट रकम हो भन्ने विश्वास दिलाउन चाहन्छु ।

११. सार्वजनिक खर्चमा मितव्ययिताका लागि अत्यावश्यक वाहेक नयाँ संरचना नबनाउने विषयमा प्रदेश सरकार प्रतिवद्ध छ। बजेट वक्तव्यको बुँदा नं. १७८ मा उल्लिखित स्थानीय तह सम्पर्क इकाईको नयाँ संरचना बनाउने नभई, यो त केवल स्थानीय तहहरुसँगको समन्वय र सहजीकरणलाई प्रभावकारी बनाउन Focal Point तोक्ने मात्रै हो ।

१२. विभिन्न निकाय अन्तर्गत विनियोजित भएको करार सेवा शुल्क खर्च शिर्षकको रकम विगत देखि कार्यरत स्वीकृत दरबन्दी भित्रका सहायक स्तरका कर्मचारीको पारिश्रमिक रकम हो, यसबाट थप कर्मचारी भर्ना गरिने छैन ।

१३. प्रदेश सभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायतका मन्त्रालय तथा निकायमा रहेको चालु प्रकृतिका खर्चहरु वार्षिक विकास कार्यक्रम पुस्तिकामा समावेश छैनन् । उक्त निकायहरुमा भएको कूल विनियोजन र व्यय अनुमानको विवरणमा खर्च शिर्षकगत स्पष्टरुपमा देखाइएको छ ।

**माननीय सभामूख महोदय,**

१४. रोजगारमूलक पूर्वाधार विशेष कार्यक्रम मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको बजेट शिर्षकमा रहेकोमा माननीयज्यूहरुको माग र सुझावका आधारमा सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालयबाट कार्यान्वन गर्ने गरी यसलाई थप स्पष्टताको लागि पूर्वाधार विकास कार्यालयको कार्यक्षेत्रमा सारिएको र कूल बजेट रकममा कुनै थपघट नहुने व्यहोरा स्पष्ट गर्दछु ।

१५. सबै माननीय सदस्यबाट आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका सम्बन्धमा गरिएको सकरात्मक टिप्पणीबाट म उत्साहित भएको छु । पुँजीगत खर्च वढाउने, चालू खर्च घटाउने र प्रशासनिक खर्च कटाउने नीति अनुरुप बजेट प्रस्तुत गरिएको छ । नयाँ आयोजना शुरु गर्ने भन्दा क्रमागत आयोजना सम्पन्न गर्न प्राथमिकता दिइएको छ ।

१६. स्थानीय तहमा हस्तान्तरण गरिने समपूरक र विशेष अनुदान तर्फका आयोजना कानूनी व्यवस्था अनुरुप नै सम्बन्धित स्थानीय तहबाट लिखित रुपमा सिफारिश भई आएका मागमा आधारित आयोजना हुन् । सशर्त अनुदानबाट सञ्चालन हुने गरी प्रस्ताव गरिएका आयोजना सम्बन्धित मन्त्रालयबाट स्थानीय तहमार्फत कार्यान्वयन गर्न प्रस्ताव गरिएका र स्थानीय आवश्यकताका आधारमा सम्बन्धित क्षेत्रका माननीय सदस्यज्यूहरुको सुझाव बमोजिम समावेश भएका हुन् ।

१७. माननीय सदस्यज्यूहरुबाट बजेट कार्यान्वयनका सम्बन्धमा व्यक्त गरिएको चासोलाई सकारात्मक रुपले सम्बोधन गर्न आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित मन्त्रालय/निकायले कार्यान्वयन कार्यतालिका सहित कार्य योजना बनाई सक्नुपर्ने, भाद्र मसान्तभित्र प्रारम्भिक चरणका कार्यहरु सम्पन्न गरी बोलपत्र आव्हान गर्नुपर्ने भए सो समेत गरिसक्नुपर्ने, मंसिर १५ सम्म ठेक्का सम्झौता गरिसक्नुपर्ने, आर्थिक वर्षभित्र सम्पन्न हुने आयोजनाको ठेक्का सम्झौता म्याद जेठ मसान्तभित्र हुनुपर्ने, सचिव र कार्यालय प्रमुखवीच कार्यसम्पादन करार गर्नुपर्ने निर्देशन सहितको मार्गदर्शन सबै मन्त्रालय/निकायलाई पठाइनेछ । यसबाट आयोजना कार्यान्वयनमा शिघ्रता आउने मैले विश्वास लिएकोछु ।

१८. आर्थिक वर्षको संरचना परिवर्तन गर्नुपर्ने र इ-विडिङ्गको समयसीमा घटाउनुपर्ने सुझावलाई सरकारले गम्भीरताका साथ लिएको छ र यसमा उचित पहल गर्नेछ ।

**माननीय सभामुख महोदय,**

१९. यस सम्मानित सभाका माननीय सदस्यज्यूहरुको अत्यधिक वहुमत, विश्वास र भरोसाबाट गठित यस प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको रुपमा मैले बजेट तर्जुमा गर्दा प्रचलित संवैधानिक तथा कानूनी व्यवस्था, स्थापित सैद्धान्तिक आधार र मापदण्डको अवलम्बन गरेको छु । बजेट तर्जुमा र विनियोजन राजनैतिक विषय हो भने यसको तयारी र प्रस्तुति प्राविधिक विषय हो । अतः मैले पेश गरेका सम्पूर्ण विषयहरु पुस्तिकाको समग्रतामा अध्ययन गरी माननीय सदस्यज्यूहरुले आफ्नो बुझाई बनाउनु हुनेछ भन्ने मलाई विश्वास छ ।

२०. पुरानो राजनीतिक प्रणालीबाट जनताको बलिदानीपूर्ण संघर्षको माध्यमबाट हामी नयाँ राजनीतिक प्रणालीमा प्रवेश गरेका छौं । संघीयताको शासकीय ढाँचाको अवलम्बन सँगै नागरिकको जनमतबाट गठित प्रदेश सरकार क्रमिकरुपमा सैशवकाल बिताउदै परिपक्वता तर्फ उन्मुख छ । अतः यसलाई समग्रतामा बुझी इतिहासकै विषम महामारीको सामना गरिरहेका हामी सबैलाई ऐक्यवद्धताका साथ अघि बढ्ने प्रेरणा र हौसला प्राप्त हुने विश्वास लिएको छु ।

२१. हामी सबैका प्रयास इमान्दार छन् । संस्थागत क्षमता विकास र प्राविधिक पक्षमा क्रमिक रुपमा परिष्कृत र विकसित हुँदै अनुभवको कसीमा निखार आउदै जाने हो र त्यसतर्फ सरकार अग्रसर छ ।

२२. कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ माथिको छलफलमा प्राप्त भएका सुझावलाई मैले मार्गदर्शनको रुपमा लिएको छु । माननीय सभामूखज्यू तथा सबै माननीय सदस्यज्यूहरुको सक्रिय सहभागिता र सकारात्मक प्रस्तुतिका लागि हृदय देखि धन्यवाद व्यक्त गर्दछु ।

**(मितिः २०७७ असार ११ गते विहीवार)**

**धन्यवाद ।**